# बगेको खोला

(आत्मकथा)

नइ प्रकाशन

# बगेको खोला

दुर्गादेवी नेपाल

सम्पादक
इन्दिरा प्रसाई

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स: ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : पुष्पराज राई
आवरण तस्बिर सौजन्य : ज्ञानेन्द्रचन्द्र श्रेष्ठ
आवरण सज्जा : बुद्ध प्रधान
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
© सुरक्षित, २०७२ साल (2015)
मोल : पाँच सय रुपियाँ

---

**BAGEKO KHOLA**
(Autobiography by Durga Devi Nepal)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषासंसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नेपाली भाषासाहित्यमा दुर्गादेवी नेपाल नौलो नाउँ नै हो । यति हुँदाहुँदै पनि नेपालकृत कवितासङ्ग्रह 'उनैको माया' (२०७०) प्रकाशनमा आइसकेको छ ।

नेपाली साहित्यको नारीलेखनमा आधारित निबन्धलेखनमा चन्द्रकान्तादेवी, बुलु शर्मा, शान्ता श्रेष्ठको लेखनसँगै दुर्गादेवी नेपालको साहित्यलेखन अन्तर्गत 'बगेको खोला'को पनि उपस्थिति रहेको छ । नेपालको यो ग्रन्थ साहित्यकार र पाठकका लागि मात्र नभएर नेपाली समाजका लागि नै प्रेरक रहनेछ भन्ने हामीलाई लागेको छ ।

नेपाली भाषासाहित्यका नारीचुलीमध्येकी अर्की एउटी नारीचुली इन्दिरा प्रसाईको सम्पादनले 'बगेको खोला' अझ रौनकदार बनेको हाम्रो ठहर छ ।

**बगेको खोला**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **(सम्पादकीय : इन्दिरा प्रसाई)**
  मेरी आमाको 'बगेको खोला' • ११
- **लेखकीय** • २९

१. मेरा पुर्खाको कथा • ३३
२. मेरा बा पद्मलाल घिमिरेको कथा • ३७
३. मेरी आमा चित्ररेखा घिमिरेको कथा • ४०
४. मेरा मामा नारायणप्रसाद रिजालको कथा • ४५
५. मेरा सानीमा ठुलेमाहरू • ५०
६. मेरा जेठा दाजु गौरीप्रसाद घिमिरे • ५२
७. मेरा माइला दाजु गङ्गाप्रसाद घिमिरे • ५५
८. मेरा साहिँला दाजु अम्बिकाप्रसाद घिमिरे • ५७
९. मेरा कान्छा दाजु राधाप्रसाद घिमिरे • ६०
१०. मेरा दिदीहरू • ६३
११. मेरो बाल्यकाल • ७३
१२. मेरो विवाह • ७८
१३. मेरो जीवनको पहिलो शोक • ९४
१४. मलाई मैतालु पठाइयो • १०७
१५. सपनाको घर विपनाको नर्क • ११२
१६. अर्को पनि शोक पऱ्यो मलाई • १२२
१७. मेरा ससुरा नेत्रप्रसाद नेपाल • १२७

१८. मेरी सासू यज्ञमाया नेपाल • १३१
१९. मेरी जेठी सासू पवित्रादेवी नेपाल • १३५
२०. मेरा जेठाजु भरतप्रसाद नेपाल • १३७
२१. कर्कश ससुरा र देवता पति • १३९
२२. म ऋन्डै मरेकी • १४२
२३. लिम्बा पुगेको खोलो चुङवाङ नै फर्क्यो • १४८
२४. खोलो दार्जिलिङ पुग्यो • १५०
२५. पहिलो सन्तानको खुसीयाली • १५२
२६. खोलो चुङवाङ पुग्यो • १६५
२७. जेठी छोरी इन्दिरा लाटी भई • १७६
२८. फेरि म ऋन्डै मरेकी • १७९
२९. मार्गाआमासँग बस्न पुगेँ • १८१
३०. खोलो कलकत्ता पुग्यो • १८५
३१. मैले पढ्न थालेँ • १८९
३२. माइली छोरीको जन्म • १९०
३३. मलाई ग्ल्यान्ड टिबी भयो • २००
३४. कान्छी छोरीको जन्मकथा • २०७
३५. बगेको खोलो विराटनगरतिर फर्कियो • २१४
३६. डेरामा बस्दाका दिनहरू • २१६
३७. कोसी अञ्चल अस्पतालमा पहिलो पटक भर्ना हुँदा • २२१
३८. खोलो फेरि कलकत्तातिर फर्कियो • २२५
३९. खोलो विराटनगर फर्कियो • २३६
४०. जीवनमा फेरि शोक भोगेँ • २३९
४१. नरमाइलो फागु • २४१
४२. गृहनिर्माण • २४९
४३. पतिको आर्थिक सङ्घर्षका दिन • २६०
४४. मेरो जीवनमा कालो बादल • २६८
४५. जेठी छोरी इन्दिरा प्रसाई • २७८

४६. माइली छोरी कल्पना शर्मा • २८२
४७. कान्छी छोरी अल्पना शर्मा • २८४
४८. मेरो जेठो छोरो शोभन नेपाल • २८५
४९. मेरो कान्छो छोरो स्वस्तिक नेपाल • २८८
५०. मेरो धर्मकर्म • २८९
५१. मलाई आक्रमण गर्ने रोगव्याधिहरू • २९५
५२. म रोएर मात्र बसिनँ • ३०२
५३. मेरा भ्रमणहरू • ३०५
५४. खोलो अमेरिका पुग्यो • ३०९
५५. अमेरिकामा दु:खद् खबर सुन्दा • ३२१
५६. मलाई क्यासिनो पुऱ्याए • ३२४
५७. अमेरिकामा सत्यनारायणको पूजा • ३२५
५८. खोलो अमेरिकाबाट फर्क्यो • ३२८
५९. खोलो काठमाडौँ-विराटनगर-काठमाडौँ • ३३३

# मेरी आमाको 'बगेको खोला'

आफ्नै आमाका विषयमा के लेखौँ ! बडो अप्ठेरो पर्दो रहेछ । अर्काका विषयमा लेख्नुभन्दा आफ्नो विषयमा लेख्नु अप्ठेरो र अझ आफ्नो मान्छेका विषयमा लेख्न झन् अप्ठेरो पर्दो रहेछ । मेरी आमाको 'बगेको खोला' बारे लेख्ने विषयसन्दर्भ मैले आफैँ उब्ज्याएको हो । तर अहिले आफैँले लक्ष्य लिएको गन्तव्य मलाई जटिलजटिल लागिरहेको छ ।

यस लेखनमा म पहिल्याउन खोजिरहेकी छु, कहिलेदेखि चिनेँ मैले मेरी आमालाई ? मैले आफूले आफैँसँग प्रश्न गरेँ । तर खास निश्चयको जबाफ भने पाउन सकिनँ । आमा र व्यक्तिको सम्बन्ध गर्भावस्था वा भ्रूणावस्थादेखि नै हुन्छ । आमाको आचरण र खानपान अथवा आमाको सबैजसो तत्त्वहरूले सन्तानको स्वास्थ्य, स्वभाव र सम्पूर्णता निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने कुरा शास्त्रीय एवम् विज्ञानसम्मत मत पनि हो । हुन त सात पुस्ताको जिनको प्रभाव व्यक्तिमाथि पर्छ भन्ने कुरामा पनि विज्ञानका तथ्यहरू बोल्न थालिसकेको अवस्था छ । यस अर्थमा मैले आमासँगको सम्बन्धको हेक्काबारे किटानी दिन सक्तिनँ पनि ।

मेरो स्मरणतन्तुको कार्यक्षमताका हिसाबले मैले ठहर गर्नुपर्दा साह्रै शिशुकालको सम्झना भने मलाई छैन । तीन वर्ष पुग्नुअघिको उमेरको कुरा अलिअलि सम्झन्छु, आमामा त्यस बेलासम्म मेरो एकाधिकार थियो । त्यस दिन पनि मैले सधैँझैँ उभिएकी मेरी आमालाई

सारीमा समातेर भुइँमा बसाउन खोज्दै तान्दै थिएँ । मेरो लक्ष्य आमाको दूध खाने थियो । तर अचानक एक जना निकै डरलाग्दो मानिसले मलाई सो कार्यमा अवरोध पुऱ्याए । त्यस बखतसम्म मेरा कानमा त्यस्तो कर्कश र अप्रिय आवाज परेको थिएन । आमामाथिको मेरो एकाधिकारमा यस्तो बाधा पुऱ्याउने मानिसले मलाई निकै आन्दोलित पारे । त्यस्तो डरसँग पनि सामना गर्दै मैले आमालाई भुइँमा थचार्न निकै प्रयत्न गरेँ तर मेरी आमा भने मेरा लागि अपरिचित ती व्यक्तिका अनुहारमा हेरेर मुसुमुसु हाँसिरहनुभएको थियो । त्यसै बखत ती अपरिचित व्यक्तिका अनुहारमा मैले विचार पुऱ्याएर हेरेँ । उनको अनुहारलाई छपक्कै ढाकेको दारीले मलाई ती व्यक्तिप्रति झनै डर लागेर आयो । आमाले मलाई त्यसै बखत चिनाउनुभएको थियो ।

'बुबालाई भुइँ सोरेर ढोग गर्नुपर्छ ।...'

आमामाथिको मेरो एकाधिकार खोस्नका लागि आइपुगेका ती डरलाग्दा व्यक्ति मेरा बुबा हुन् भनेर थाहा पाउँदा पनि मलाई बुबाको खाँचो पर्ने उमेर नभएका कारण पनि हुन सक्छ, मलाई खुसी लागेन । बरु बुबाको उपस्थिति मेरा लागि प्रिय भएन । त्यस बेलाको डर र आतङ्कले मलाई बुबाको जीवनकालभर नै उहाँबाट त्रसित बनायो । बुबाको उपस्थिति मेरा लागि त्यति प्रिय कहिल्यै भएन । आफूले सन्तान जन्माई आफ्ना सन्तानलाई आफूले माया गर्न थालेपछि मात्रै मैले बुबाको अलिअलि महत्त्व बुझ्न थालेकी थिएँ । तर त्यो समय त्यत्ति लामो हुन पाएन । विधिले मेरा लागि मात्र नभएर धराधामकै निमित्त मेरा बुबाको उपस्थिति दीर्घकालका लागि रुचाएन ।

बुबाका बारेमा त मैले पहिले पनि लेखिसकेकी छु । आज म आमाको बारेमा लेख्ने तरखरमा छु । तर बुबाका प्रसङ्गमा आमा गाँसिन आइपुग्नु र आमाका प्रसङ्गमा बुबा गाँसिन आइपुग्नु सामान्य कुरा नै हुँदो रहेछ ! यसरी गाँसिने सम्बन्ध भत्कनाले छोराछोरीलाई निकै मानसिक पीडा पनि दिँदो रहेछ । अझ इहलीला नै समाप्त

भएको एउटाको सम्बन्धले छोराछोरी क्षणिक समयमै बिथोलिने रहेछन् तर मानवीय रूपले यसै धरतीमा रहने गरी भत्किएको दाम्पत्यसम्बन्धलाई भने छोराछोरीले सहजै पचाउन सक्ता रहेनछन् । यो पनि मैले जीवनयापनको क्रममा भोगिसकेको सत्य हो । कुनै पनि सन्तान जन्मिसकेका मातापिताको सम्बन्ध कहिल्यै भत्कनुनपरोस् भन्ने कामना भने म गर्छु, हिजोआज । भत्किसकेको सम्बन्धलाई मानसमा पनि जोड्न कति गाह्रो पर्छ– छोराछोरीलाई ! छोराछोरीका लागि बुबाआमा भन्ने सम्बन्ध अन्योन्याश्रित जस्तै हुने रहेछ । त्यसैले यस बेला मैले नचाहँदानचाहँदै पनि आमा लेख्ने क्रममा बुबा गाँसिन आइपुग्नुभएको हो ।

अर्थात् मेरी आमाले मलाई बुबा चिनाएको घटनादेखिनै मात्र आमाको पनि तस्बिर मेरो सम्झनामा कैद छ । त्यस बखत बुबा मेरा लागि खलनायक स्वरूपमा प्रस्तुत नहुनुहुँदो हो त मेरा स्मृतिमा त्यो समय पनि यसरी रहिरहने थिएन होला । अथवा मेरो स्मरणभण्डारमा आमाको परिचयबिम्ब पनि अझै निकै पछिको मात्र सङ्कलन हुन्थ्यो होला ।

मैले मेरी आमाद्वारा बुबा गणेशप्रसाद शर्मा नेपाललाई चिनाइएका त्यस बखतको घटना घटेको स्थल र यस बेलासम्म मातापिता दुवैलाई सम्झेको ठाउँ कोसी अञ्चलको धनकुटा जिल्लाको चुङवाङकै सेरोफेरोको मार्गापोखरी गाउँ थियो । जुन मेरा पिताको पैतृक थलो थियो । मेरा बुबा अध्ययनका लागि कलकत्ता प्रवास रहँदा मेरी आमा त्यहाँ, त्यसताका मलाई लिएर घरको बुहार्तन खेप्तै हुनुहुँदो रहेछ ।

पूर्वस्मृति केलाउँदा, त्यसपछि मलाई मेची अञ्चलको पाँचथर जिल्लाको लिम्बा गाउँको सम्झना आउँछ । सेतो धोती र सेतै कमिज लगाएका एक जना मानिसको छायाचित्र जस्तो पनि म सम्झन्छु । आमाबाटै निकै पछि थाहा पाएँ उहाँ हाम्रा मावलका हजुरबुबा, मेरी आमाका बुबा पद्मलाल घिमिरे हुनुहुँदो रहेछ । उहाँलाई सम्झने पनि

खास कारण 'मीठो पुवा' हो । उहाँ बेलुकीको भोजनमा भात नखाएर त्यस्तै मीठा पक्वान्न खानुहुँदो रहेछ । त्यस्तो खानेकुराको आफ्नो भागबाट 'बिहान केटाकेटीलाई दिनू' भनेर केही पक्वान्न उहाँले चोखै छुट्याएर राखिदिनुहुन्थ्यो । त्यसरी हजुरबाले राखिदिने पक्वान्नको भोलिपल्ट हामी केटाकेटीमाऊ निकै महत्त्व हुने गर्थ्यो । मैले त्यस्ता पक्वान्न पनि कुपुकुपु खान मात्रै पाएको भए मेरो स्मृतिमा अन्य शिशु बेलाका घटनाझैँ त्यस बेलाका कुराहरू पनि विस्मृत हुने थियो होला । मावल बसुन्जेलको उक्त पक्वान्नको आकर्षणपूर्ण स्मृतिले मलाई अहिलेसम्म पनि सुस्वादको स्मृतिमा पुऱ्याउँछ । त्यस बेला म बिहान उठ्नासाथ मुख धोएर हजुरबुबाले राखिदिएको पक्वान्नको खोजी गर्थें । भक्तले बिहान उठ्नासाथ भगवान्को पूजा गरेजस्तै मलाई पहिले हजुरबुबाले राखिदिएको पक्वान्न चाहिन्थ्यो । पक्वान्न थोरै मात्रामा हुन्थ्यो, सायद त्यसैले खूब मीठो हुन्थ्यो । 'सबै पक्वान्न मैले मात्र खान पाए !...' भन्ने भावना पनि मेरा मनमा जागृत हुन्थ्यो । मैले खाने पनि थिएँ होला तर मेरी आमाले 'मीठो खानेकुरा सबैलाई बाँडेर मात्र खानुपर्छ' भन्नुहुन्थ्यो । आमाको नियमका कारण म छिटो उठेका दिन घरभरिका सबै केटाकेटीलाई पक्वान्न बाँडेर बाँकी रहेको थोरै पक्वान्न मात्र खान पाउँदा पनि तृप्त हुन्थेँ । त्यसैले राति सुत्ने बेलामा पनि भोलि बिहान छिटो उठेर पक्वान्न सबैलाई बाँड्ने र आफू पनि खाने तिर्सनाले मलाई आक्रान्त पार्थ्यो । तर कुनैकुनै दिन उठ्न ढिलो हुन्थ्यो । त्यस्तो बेलामा मेरा मामाका छोराहरूले त्यस पक्वान्नबाट मेरो भाग नै नराखी सबै खाइसकेका हुन्थे । आफूले बाँडेको र अरूले भने मेरो भाग पनि नराखी पक्वान्न खाइदिएको प्रसङ्गले मलाई निकै दु:खी पार्थ्यो र त्यो बिहान म रोएरै बिताउँथेँ । मलाई त्यस बखत म छिटो उठेका बेला मेरा हातमा परेको सबै पक्वान्न मलाई खान नदिने मेरी आमासँग निकै आक्रोश उब्जन्थ्यो । जसको एक मात्र निवारणका लागि म धुमधाम रोएर आमालाई आपत् पार्दिन्थेँ । आमाले सकेसम्म मलाई फकाउनुहुन्थ्यो,

फकाउँदा पनि पार नलागेपछि मैले आमाका हातको चड्कनका चिउरा पनि खानुपर्थ्यो ।

आमासँगको मेरो परिचयक्रम यसरी झाँगिँदै गएको थियो । त्यसपछि म आमासँगको मेरो जीवनको साहचर्य कलकत्तासम्म पुगेको सम्झन्छु । धनकुटामा मेरी आमासँग म भएका समयमा आमाको त्यस बेलासम्म एक मात्र सन्तानका रूपमा खूब माया गरिएकी म पुलपुलिनु स्वाभाविक थियो । त्यसैले कलकत्ता भएका बेला म आमालाई मानिसको दर्जामै नराख्ने र बुबालाई भने राक्षसभन्दा पनि डरलाग्दो जीवका रूपमा लिने भइसकेकी थिएँ । बीस वर्षको उमेरमा मलाई जन्माएकी मेरी आमाले कलकत्ताको बसाइमा मेरा दुई बहिनीहरू कल्पना र अल्पना पनि जन्माइसक्नुभएको थियो । जजमानी गर्दै उच्चशिक्षा अध्ययन गर्ने पिताबाट हाम्रो जसोतसो आर्थिक संरक्षण भएको थियो । सम्पूर्ण गृहस्थीको बोझका साथै दुई जना दूधमुखे बच्चाको हेरचाहबाट फुर्सत नपाउने मेरी महतारीबाट मेरो बालमनले खोजेजति कुरा मैले पक्कै पनि पाउन छोडेकी थिएँ । यस्तै अभावबाट ग्रस्त मेरो मानसिकताले आफूले हेप्न सक्ने, दुक्ख दिँदा पनि केही नभन्ने आमालाई सताउने त्यस बेलाको मेरो बाललक्ष्य हुँदो हो । त्यसैले बुबाको अनुपस्थितिमा एउटा न एउटा अत्तो थापेर म आमालाई निकै सताउँथेँ ।

आमालाई यसरी दुक्ख दिएका कुराहरू पनि मेरा स्मृतिमा आउँछन् । मेरो वितण्डाबाट मेरी आमा निकै पीडित हुनुहुन्थ्यो । तर पनि मैले उहाँलाई दुक्ख दिएको कुरा बुबालाई कहिल्यै भन्नुहुन्नथ्यो । किनभने कोमल मनकी धनी मेरी आमाका लागि बुबाको मलाई प्रताडित गरेर तह लगाउने एउटै उपाय अप्रिय थियो । मेरी आमाले मैले जेसुकै गरे पनि बुबालाई पोल लगाउनुहुन्न भन्ने गाँठी कुरा बुझिसकेकी मैले बुबाको अनुपस्थितिमा निर्धक्क र निडर भएर आमालाई सताउने गर्थें ।

विराटनगरको बसाइका बेलादेखि आमासँगको सान्निध्यता भने मेरा लागि निकै प्रेरणादायी छन् । मेरी आमाले स्कुलको अनुहार नै देख्नुभएको थिएन । तर उहाँ साक्षर हुनुहुन्थ्यो । दस वर्षको उमेरमा बिहे हुनुअघि नै तीन पास बराबरको घरेलु शिक्षा भने उहाँलाई दिलाइएको रहेछ । बुबाले भने एम्. ए.(द्वय), एल्. एल्. बी. र बी. टी. सम्मको शिक्षा आर्जन गर्नुभएको थियो । तर पनि मेरा बुबाआमाबीच कहिल्यै पनि पढाइको विषयलाई लिएर कुनै विषयान्तर भएको हामीले थाहा पाएनौँ । अचम्म लाग्छ, आमाले स्कुल कलेज नपढेको कुरामा मेरा बुबा गर्व गर्नुहुन्थ्यो । 'उसले आफ्नो घरगृहस्थी राम्ररी चलाएकी छे । त्यही उसका लागि अनिवार्य शिक्षा हो । अहिले तिमीहरूकी आमा पनि मजस्तै पढालिखा भएकी भए हामी दुवै घरबाहिर हुँदा तिमीहरूको बिचल्ली हुने थियो ।' नारीपुरुषबीचको श्रमविभाजनका पुरातन कुराले मेरा बुबालाई निकै प्रभावित पारेको थियो । 'स्वास्नीमान्छेले घरव्यवहार र सन्तानको राम्रो हेरविचार गर्नुपर्छ, लोग्नेमान्छेले बाहिरबाट कमाएर ल्याउनुपर्छ' भन्ने मान्यता थियो– मेरा बुबाको । त्यस बेला त मलाई बुबाको त्यस कुरा अत्यन्त पुरातन र संस्कारीझैँ लाग्थ्यो । बुबा नारीजातिको विकासका विरोधी जस्तो पनि लाग्थ्यो । तर उमेरको यो वयमा आइपुग्दा हिजोआज मलाई बुबाको त्यही कुरा पो ठीक थियो कि जस्तो लाग्न थालेको छ । घरभित्रको एकोहोरो शोषणबाट भाग्न खोजेका नारीजाति घरबाहिर निस्कँदा दोहोरो शोषणमा परेको कुरा त हिजोआज जताततै सुनिन थालेको छ । अझ आमा र बाबु दुवै व्यस्त भइदिँदा सन्तानको मानसिकतामा परेको असरले पछिल्लो पुस्तामा फैलिरहेको विकृति पनि कतै यही परिवर्तनको मूल्य त होइन ? मलाई त्यस्तो पनि लाग्न थालेको छ ।

यो त भयो आमाले नपढेका कुरामा बुबाको कुरा तर आमा स्वयम्मा भने शिक्षित हुन नपाएकोमा निकै असन्तुष्टि थियो । अधिकांश

अशिक्षित नारीजातिमा हुने आत्महीनताबाट मेरी आमा पनि ग्रसित हुनुहुन्थ्यो भन्ने मेरो ठहर हो । त्यसैले उहाँ जहिले पनि आफूले पढ्न नपाएको गुनासो गर्दै पढ्नुपर्छ, जागिर खानुपर्छ, नत्र निकै दुक्ख पाइन्छ भन्नुहुन्थ्यो । हामी केटाकेटी भएको बेला हाम्रा घरमा प्रायजसो हरेक कुराको निर्णायक बुबा नै भएको म पाउँथेँ । घरव्यवहारका सानाठूला कुरामा निर्णय गर्न पनि बुबाकै महत्त्व हुने गर्थ्यो । बुबा नभएका बेला केही निर्णायक काम गर्नुपरे 'बुबाले के भन्नुहोला भनेर आमा हच्किनुहुन्थ्यो' । जेसुकै कुरामा पनि बुबाको सहमति हुन्छ कि हुँदैन भनेर आमा निर्णय गर्न डराउनुहुन्थ्यो । त्यसो त बुबाले आमालाई शारीरिक यातना दिएको त हामीले कहिल्यै देखेनौँ तर बुबाले रिसाएर ठूलो स्वरमा केही नकारात्मक कुरा मात्रै भनिदिँदा पनि आमालाई काण्ड पुग्थ्यो । फलस्वरूप आमा निकै पिरिनुहुन्थ्यो । ससाना कुरामा पनि आमाप्रतिको बुबाको यस्तो व्यवहारले मलाई पनि आमाको निरीहता बोध भएझैँ महसुस हुने गर्थ्यो । बुबाका अनुपस्थितिमा आमा र मबीच बुबाको आमाप्रतिको व्यवहारबारे कुरा पनि चल्थ्यो । त्यस्तो बेला आमा आफू शिक्षित नभएकै कारण बुबाद्वारा सम्मानित हुन नसकेको गुनासो गर्दै आँखाबाट तरक्क आँसु पनि खसाल्नुहुन्थ्यो । 'त्यसैले त तँलाई पनि पढ् भन्छु नि !' आँसुका बीच पनि आमा मेरो व्यक्तित्व विकास गर्न प्रयत्नरत हुनुहुन्थ्यो । त्यस्तो आमाको विरहलाग्दो अवस्था देखेपछि मलाई संसारभरिका लोग्नेमानिसहरूसँग रिस उठेर आउँथ्यो । बुबाको आमाप्रतिको यस्तो थिचोमिचोको एक मात्र कारण आमाको अशिक्षा नै हो जस्तो मलाई पनि लाग्थ्यो । 'समाजमा आफ्नो पहिचान बनाउनुपर्छ, आत्मनिर्भर हुनुपर्छ नत्र विवाह गरेपछि मैले पनि मेरो लोग्नेको यस्तै थिचोमिचो सहनुपर्छ' भन्ने चेतनाको बीजारोपण सम्भवत: त्यसै बेलादेखि ममा भएको हुनुपर्छ ।

यसरी अहिले मेरो जेजति पनि व्यक्तित्व निर्माण भएको छ त्यसको जग मेरी आमाको अशिक्षा नै हो भन्ने मलाई लाग्छ ।

दस वर्षको उमेरमा विवाह गरिदिएर चौध वर्षको उमेरमा पोइका घर मैतालु पठाइएकी मेरी आमाले फुर्सतका बेला मलाई आफ्ना कथाहरू सुनाउनुहुन्थ्यो । त्यसो त उहाँको चौध वर्षसम्म पितृगृहमा बिताइएको समय अत्यन्त सुखद थियो । आठ जना दिदीहरू र चार जना दाजुहरूकी सबैभन्दा कान्छी बहिनीका रूपमा उहाँको जन्म १९९५ सालको असोज महिनामा भएको कुरा उहाँले नै सुनाउनुभएको हो । दुर्गा थाप्ने अष्टमीका दिन जन्मेका कारण उहाँको नाउँ पनि दुर्गादेवी राखिएको कुरामा उहाँ गर्व गर्नुहुन्थ्यो । आमाले त्यसरी आफ्नो जीवनकथा मलाई सुनाउँदासुनाउँदै बिहे गरेपछि आमालाई मैतालु पठाउनुअघि नै मेरी हजुरआमाको देहावसानको घटनासम्म आइपुग्दा मेरी आमाको गह भरिएका हुन्थे । आमाको देहावसानपछि आमाकी अत्यन्त प्यारी छोरीका जीवनमा दुक्खकष्टहरू क्रमश: आउन थाले । आमाको रहरको मैतालु पठाइने छोरी दाजुभाउजूका लागि करको मैतालु पठाउनेमा परिणत भइसकेको थियो । हजुरबुबाले पूर्ववत् घरव्यवहारमा त्यति निर्णायक भूमिका नलिनुहुने कारण उहाँको उपस्थिति निमित्तनायक जस्तो मात्र थियो । कसैलाई पनि नबिझाउने, सीधासाधा जीवन बिताउने अत्यन्त भलादमीका रूपमा मेरा मावली हजुरबुबाको व्यक्तित्वबारे आमाबाटै मैले सुनेकी हुँ । मेरो स्मृतिमा हजुरबुबालाई छायाचित्रजस्तो सेतो धोती र सेतै कमिजको पहिरन मात्र सम्झन्छु, म ।

मैतालु पठाउनुको तात्पर्य तत्कालीन समयका नारीजातिलाई जन्मघरबाट झन्डै बोझ पन्छाएझैं कर्मघरतिर पठाउनु हो । मेरी आमालाई पनि मैतालु पठाइएको थियो । आमाको माइतको तुलनामा आमाको आफ्नो भनिएको घर मेरी आमाका लागि झन्डै नारकीय स्वरूपको थियो । आधारात बितेपछि सुत्नेकोठामा पुग्नुबाहेक बुहारीहरूलाई दिनभरि एकैछिन पनि आराम गर्न नदिइने हजुरबुबा नेत्रप्रसाद नेपालको कडा शासनमा उहाँ कजिन थाल्नुभएको थियो ।

दैनिक ढिकीजाँतो, मल बोक्ने, घाँसदाउरा गरेर लखतरान भएपछि खानपानमा पनि अत्यन्त निम्नकोटीको खानपान दिइँदा सुरुसुरुमा त उहाँले निल्न पनि सक्नुभएन । 'एकाबिहानैदेखि आधारातसम्म काममा खटिएपछि मीठोनमीठो केही चाहिँदो रहेनछ । त्यस्तो ढिँडो र तिहुन पनि कतिखेर पाक्छ भनेर पर्खनुपर्थ्यो, के मीठो के नमीठो ! पछिपछि त पेटभरि खान पाए पुग्थ्यो ।' आमाले चित्त भरी पारेर सुनाउनुहुन्थ्यो । खानपिन मात्र दयनीय होइन; दुर्वचन पनि बुहारीहरूका भागमा त्यत्तिकै परेका हुन्थे । 'त्यस्तो सहेर किन त्यो बूढाका घरमा बसिरहनुभएको त आमा, खुरुक्कन माइत गए भइहाल्थ्यो नि !' मैले निकै बुज्रुग हुन खोज्दै एक पटक आमालाई भनेकी थिएँ । 'घरमा दुक्ख परे पनि सुख परे पनि बस्नुपर्ने माइतीको आदेश हुन्थ्यो । 'सक्यौ भने घर खानू, नसके अरुणमा हामफाल्नू' भन्ने निर्देशनात्मक शिक्षा हामीलाई दिइएको हुन्थ्यो । दुक्ख पर्‍यो भनेर माइत जाउँला भन्ने त कल्पना नै नगरे हुन्थ्यो । माइत नगएर अन्त जौँ भन्दा पनि पढेलेखेको हुइँदैनथ्यो । त्यसैले त आइमाईमान्छेले पढेन भने नर्कको जिन्दगी हुन्छ भनेको मैले ।' त्यस्ता बेला आमा आफूले बिताएको जीवनको दुर्दशा सुनाउँदै मलाई पढ्नुपर्छ भन्ने शिक्षा दिन पनि पछि पर्नुहुन्नथ्यो ।

हुन त घिमिरेहरूको आर्थिक स्थिति नेपालहरूको भन्दा राम्रो थियो तर पनि नेपालहरूको पनि त्यति निम्नस्तरको खानपान गर्नुपर्ने खालको अवस्था भने थिएन । तर मेरा हजुरबा नेत्रप्रसाद 'बुहारीहरूलाई कुनै पनि हालतमा सुख दिनुहुन्न, नत्र मात्तिन्छन्' भन्ने सिद्धान्तका हुनुहुन्थ्यो । त्यसैले हजुरबाका धन्सारमा जति नै धान भए पनि भान्सामा बुहारीका लागि चाहिँ ढिँडो नै पाक्थ्यो । हिजोआजका हिसाबले त राम्रै गरिएको रहेछ, म कहिलेकाहीँ मेरी आमालाई पूर्वस्मृतिमा पुर्‍याउँदै भन्छु, 'त्यस बेला हजुरबुबाले तपाईंहरूलाई धन्न ! ढिँडो खुवाउनुभएछ, धानको भातसँग बेस्सरी घिउतेल खुवाएको

भए तपाईंलाई पनि डायबिटिज भइसक्ने थियो ।' आफ्नो शरीरको सानाठूला गरी दसभन्दा बढी शल्यक्रिया गराइसकेकी मेरी आमा मेरा कुरा सुनेर आफ्ना दयनीय दिनहरू सम्झँदै अमिलो हाँसो हाँसिदिनुहुन्छ ।

काठमाडौँको सिनामङ्गलको कात्यायनी मन्दिरनगिच स्थापित डा. हरिप्रसाद पोखेलको प्राकृतिक अस्पताल मलाई निकै मन पर्छ । अरू सबैभन्दा पनि त्यहाँ शरीरको मालिस ज्यादै राम्रोसँग गर्ने बहिनीहरू छन् । मैले मेरी आमालाई पनि एक पटक त्यहाँ पुऱ्याएकी थिएँ । 'दिदी ! आमा कत्ति मज्जाको हुनुहुँदो रहेछ, तर उहाँको शरीरमा मालिस गर्नचाहिँ मलाई डर लाग्यो, जताततै चिरेको दाग रहेछ ।' मालिस सकेपछि कोपिला बहिनीले भनेकी थिइन् ।

होस सम्हालेपछिका अधिकांश समय मैले मेरी आमालाई बिरामी नै देखेँ । यसको विपरीत मेरा बुबा अत्यन्त स्वस्थ हुनुहुन्थ्यो । मेरी आमा चौध वर्ष पुग्दानपुग्दै आमाकी आमा मर्नुभएको कुरा मेरै आमाबाट सुनेकीले मलाई पनि मेरी आमा म चौध वर्ष पुग्दानपुग्दै मर्नुहुन्छ जस्तो लाग्थ्यो । आमा मर्नुहोला र मेरा बुबाले शिशिर वसन्तको कथामा जस्तै सौतेनीआमा ल्याएर हाम्रो दुर्दशा होला भन्ने भयले मलाई बाल्यकालमा सताउँथ्यो, तर त्यसो भएन । आमा जतिसुकै बिरामी परिरहे पनि, अपरेसनपछिका अपरेसन गर्नुपरे पनि विधाताले उहाँलाई हामीबाट खोसेर लान सकेनन् तर बुबालाई भने छपन्नवर्षे अधबैँसे उमेरमै आफ्नो प्यारो पारे । त्यसैले समयान्तरमा 'रोगी हुँदैमा मानिस मर्दैन, निरोगी हुँदैमा मानिस बाँच्दैन' भन्ने मेरै बुबाद्वारा बारम्बार उद्घोषित उद्गार नै सत्य हुन पुग्यो ।

आमाको ममतामयी व्यक्तित्व त मैले बाल्यकालदेखि नै देख्दै आएकी हुँ, जसरी अरू पनि बालबालिकाका लागि आफ्नी आमा प्रिय हुन्छन्, मेरा लागि पनि आमा प्रिय हुनु कुनै अनौठो कुरा होइन । तर मेरी आमामा भएको उत्साह र उमङ्गचाहिँ सबैका लागि प्रेरक कुरा

हुन् । आफूले जन्माएका सन्तानलाई त हिंस्रक पशुले समेत माया गरेको देखिन्छ, त्यसैले त्यो मानव मात्रका लागि कुनै विशेष कुरा पनि होइन । तर मेरी आमाको उदात्तता अर्काले जन्माएका शिशुहरूलाई माया गर्न, लालनपालन गर्न पनि उत्तिकै अग्रसर रहेको यथार्थ मेरासामु छ । त्यहींनेरि आफूले जन्माएका छोराछोरी हुँदाहुँदै पनि पराईले जन्माएको शिशुप्रति उहाँको ममत्वको धारा देखेर म विस्मितसमेत भएकी छु । मलाई मेरी आमाको उक्त कर्मले सदैव गर्वान्वित पारेको छ ।

उहाँका सम्पूर्ण कुराहरूप्रति म सहमत र उहाँप्रति सधैँ नतमस्तक हुँदाहुँदै पनि मेरी आमाको मानसलाई त्यस युगले भिराइदिएको एउटा कुरासँग चाहिँ मेरो गहिरो असहमति छ । मेरी आमालाई पनि तत्कालीन समयका आइमाईहरूलाई जस्तै अत्यधिक पुत्रमोहले गाँजेको छ । यति उच्च विचारकी महामना नारी भएर पनि उहाँमा छोरा र छोरीप्रतिको भेद भने अन्तर्मनबाटै छ । तर त्यसलाई म उहाँको दोषको कुराभन्दा पनि पितृसत्तात्मक समयले उहाँहरूका समयका नारीजातिलाई समेत पारेको नशा हो भनेर चित्त बुझाउँछु । त्यस नशाबाट अहिलेका आधुनिक हुँ भन्ने अधिकांश नारीजातिहरू त उम्कन सकेका छैनन् भने पुरातन समयकी प्रतिनिधिपात्र मेरी आमा कसरी उम्किनु र ?

कुशल गृहणीका साथसाथै ममत्वका घडाले पूर्ण मेरी आमाको व्यक्तित्वले मलाई सधैँ प्रेरित पारेको परिप्रेक्ष्यमा बुबाको मृत्युपछिको उहाँको व्यक्तित्वले मलाई आश्चर्यको भुमरीमै पारेको थियो । ज्यादै ठूलो आर्थिक व्यवहारको थालनी गरेका मेरा बुबाले सम्पूर्ण व्यवहार मिलाउन नपाउँदै अप्रत्याशित रूपले मृत्युको सिकार हुनुभएको थियो । ठूलो भाइ शोभन पन्ध्र वर्षको मात्रै थियो । जेठी छोरी भएर पढेलेखेकी र जान्नेसुन्ने भनेकी म थिएँ तर बुबाको जग्गाजमिनको कारोबार पटक्कै नरुचाउने र सोसम्बन्धी छेउटुप्पो ज्ञान पनि मलाई थिएन । प्रजातन्त्रमा विश्वास गर्ने मेरा बुबाले आफूले गरिआएको जग्गा

खरिदबिक्रीको पेसामा संलग्न हुनैपर्ने बाध्यतामा पनि परिवारमा हामीलाई कहिल्यै पार्नुभएन । जसले गर्दा उहाँले कमाएको सम्पत्तिबाट मोजमस्ती गर्नु र उहाँले 'यहाँ औँठाछाप लगा' भन्दा त्यहीँ औँठाको छाप थिच्नुभन्दा बाहेक अरू केही पनि हाम्रो काम थिएन । त्यसैले बुबाको देहावसान हुँदा परिवारमा कसैलाई पनि उहाँले गरिआउनुभएको पेसाबारे ज्ञान थिएन । जसले गर्दा बुबाको मायाको अभाव जति हामीलाई भएको थियो; त्यसभन्दा बढी बुबाको व्यवहारको बोझले आकाश नै आमाको र मेरो टाउकोमाथि खसेको अनुभव भएको थियो । त्यसघडी मैले आफ्नो गृहस्थी चटक्कै छोडेर आमाका घरमा नै बसाइँ सारेँ र बुबाको जग्गाजमिनको व्यवहार सल्टाउन कम्मर कसेँ । दिनरात एक गरेर त्यसै काममा लागेपछि निकै कामहरू पनि पार लाग्दै गए । बुबाका जीवनकालमा बुबाका अतिप्रिय व्यक्तिहरूले पनि बुबाको असामयिक निधनको फाइदा प्रशस्त उठाए । उनीहरूका नाउँमा बुबाले विश्वास गरेर राख्नुभएका जग्गाजमिनहरू उनीहरूले फिर्ता गरेनन् । कतिपय आफन्तले पनि त्यसै गरे । अत्यन्तै गरिबीको रेखामुनि भएका आफन्तहरूलाई मेरा बुबाले उनीहरूको आर्थिक स्तर उकास्न मद्दत मात्र गर्नुभएको थिएन; उनीहरूबाट विश्वासघात हुँदैन भनेर उनीहरूका नाउँमा जग्गाजमिन पनि राख्नुभएको थियो । तर 'सम्पत्तिको मुख रातो' भनेजस्तै बुबाको निधनपछि बुबाले छोड्नुभएको डायरीका आधारमा हाम्रो सम्पत्ति माग्दा उनीहरूले हामीसँग बोलचालै बन्द गरे । हामीले प्राप्त गर्नुपर्ने सम्पत्ति हामीले नपाए पनि बुबाले तिर्नुपर्ने ऋण हामीले तिरेका थियौँ । तर ती जग्गाका कतिपय कामहरू यति धेरै जेलिएका थिए कि तिनलाई जीवनभर नै फुकाएर बस्नुपर्ने पनि थियो । जग्गाजमिनका सम्बन्धमा यति धेरै डुबेर लागेकी थिएँ कि त्यसताका सपनामा पनि म जग्गाजमिनकै हिसाबकिताब गरिरहेकी हुन्थेँ । तर त्यसरी डुब्दाडुब्दै पनि मेरो रुचिको काम नभएका कारण म आफूलाई निकै सकसमा परेको अनुभूति पनि गरिरहेकी थिएँ ।

त्यस बखत पढ्दै गरेको नाबालक भाइ, जग्गाजमिनसँग मजत्ति पनि सरोकार नराख्ने बहिनीहरू र दिनरात बुबाको अनन्तप्रस्थानको शोक मनाइरहेकी मेरी आमाका अघि जान्नेसुन्ने हुनुको मूल्य तिर्दै थिएँ, म । तर मेरा लागि कत्ति पनि रुचिकर थिएनन्, ती दिनहरू । त्यसैले बुबाको पैँतालीस दिनको पितृ अनुष्ठानिक कर्म समाप्त भएपछि मैले आमालाई 'अब तपाईंले बुबाको सबै व्यवहार आफैँ हेर्नुपर्छ' भन्ने प्रस्ताव राखेँ । पहिले त मेरो प्रस्ताव सुनेर उहाँले मलाई नै अविश्वास गरेर हेर्नुभयो । 'बुबाजस्तो पढेलेखेको मानिसले गरेको व्यवहार मैले कसरी गर्न सक्छु, तँ पढेकी मानिसलाई त गाह्रो परेको छ ।' उहाँले भन्नुभएको थियो । 'यो देशमा पढेका मानिसको कदर पनि छैन र काम पनि छैन, पैसा नै कमाउनुपर्छ भने नपढी पनि कमाउन सकिँदो रहेछ । मैले त्यत्तिका वर्ष स्कुल र विश्वविद्यालयमा पढ्ने भएर समय बर्बाद गरेछु । तेह्र वर्ष विद्यालयको र कलेजको शिक्षक हुँदा बिहानबेलुकीको छाक टार्न पनि मलाई धौ थियो । अहिले धनप्राप्तिका बारेमा मैले सोच्नु नै पर्दैन । अहिलेको मेरो पेसामा साधारण जोडघटाउ गुनाभागा भए पुगिहाल्ने रहेछ ।' विराटनगरको महेन्द्रमोरङ क्याम्पसबाट तत्कालीन स्थानीय शासकवर्गसँग मतभिन्नता र स्वाभिमानपूर्ण अडान राखेका कारण मेरा बुबाले शिक्षण पेसाबाट राजीनामा दिनुभएको थियो । त्यस बेला बुबाका यी भनाइहरू सुनिरहेकी मैले बुबाका यिनै दृष्टान्तहरूबारे सुनाएर मेरी आमालाई बुबाको सम्पूर्ण व्यवहार सम्हाल्न प्रेरित गरेँ । साँच्चै भनूँ भने त्यस बखत म जग्गाजमिनहरूबाट बेरिन लागेको अनुभूति मलाई भएको थियो र म चाँडोभन्दा चाँडो त्यो व्यवहार मेरी आमालाई बोकाएर भाग्न चाहन्थेँ । धन आर्जन गर्नु, व्यापार गर्नु मेरो रुचिको पेसा कहिले पनि भएन । लेख्नपढ्न, साङ्गठनिक गतिविधिमा लाग्न, भ्रमण आदि मेरो रुचिको विषय रहिआएको थियो । यस्तो स्वतन्त्रता मन पराउने मलाई बुबाको जग्गाजमिनको कारोबार सम्हाल्दा निकै बन्धनको अनुभूति भएको थियो । त्यसैले मैले आफ्नै मुक्तिको उपायका रूपमा आमालाई

बुबाको कारोबार सम्हाल्ने प्रस्ताव राखेकी थिएँ । मेरो प्रस्ताव सुरुमा त आमाले खेलाँची नै सम्झनुभयो तर बिस्तारै मैले प्रायजसो काममा उहाँलाई नै अग्रसर गराउन थालेपछि उहाँमा हिम्मत पनि जाग्दै आयो । अहिले सम्झँदा मलाई अचम्म लाग्छ, मेरी आमाले बुबाको व्यवहार सर्लक्क आफ्नो टाउकामा राख्नुभयो र मैले भन्दा निकै राम्ररी जग्गाजमिनको व्याख्या, विश्लेषण र पहिचानमा आफ्नो सामर्थ्य पनि देखाउन थाल्नुभयो । त्यस बखत मलाई मेरी आमाप्रति साँच्चै गर्व लागेको थियो ।

मैले मेरी आमाबाट सिक्नुपर्ने धेरै पाठहरू छन् तर कतिपय पाठहरू मैले जति नै कोसिस गरे पनि सिक्न नसक्ने किसिमका पनि छन् । मेरी आमामा भएको सहनशीलता र धैर्य त्यसमध्येका प्रमुख पाठ हुन् । उहाँले जुन सहनशीलताको पराकाष्ठा नाघेर गृहस्थी सञ्चालन गर्नुभयो र जुन धैर्यलाई कायम राख्नुभयो, त्यो ममा किमार्थ लागू हुन सकेन । अर्कातिर उहाँको उत्साह र स्फूर्तिको विषय पनि अनुसन्धानयोग्य नै छ । 'डा. साहेब ! भ्रमणशील चिकित्सक जस्तै मेरी आमालाई पनि भ्रमणशील बिरामीको दर्जामा सबै शिक्षण अस्पतालले पढ्नै पर्ने बिरामी बनाइदिनुपर्‍यो, जसले गर्दा मेरी आमालाई पनि डाक्टरलाई जस्तै हरेक अस्पतालले शुल्क तिर्नुपरोस् र आमाको विराटनगरदेखि यहाँसम्मको खर्चका लागि पनि सहज होओस् ।' मेरी आमाको दसौँ पटकमा गरिएको शल्यक्रियामा भएको गल्ती सच्याइदिने त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका महामना प्रा. डा. भोलाराज जोशीसँग मैले एक पटक ठट्यौली पारामा अनुरोधसमेत गरेकी थिएँ । मेरो उरन्ठ्याउलो प्रस्ताव सुनेर उहाँ हाँस्नुभएको थियो । तर असलमा मैले राखेको प्रस्ताव अनुचित चाहिँ पटक्कै होइन । पाँच जना छोराछोरी जन्माएकी स्वास्नीमानिस, सानाठूला गरेर दसभन्दा बढी शल्यक्रिया गरिएको र वर्तमानमा घुँडाको हड्डी खिइनुको पीडाका साथै पछिल्लो शल्यक्रियामा डा. अशोक राणाको लापरबाहीको

सजायस्वरूप हर्नियाँको पोको झुन्ड्याउन विवश मेरी आमामा भएको स्फूर्ति हेर्न मात्रै होइन; अनुकरणसमेत गर्नलायकको छ ।

हरेक दिन आफ्नो नित्यकर्म सकेर आस्था च्यानलमा रामदेव बाबाको अनुसरण गर्दै प्राणायाम र सूक्ष्म व्यायाम गर्नु उहाँको दैनिक क्रियाभित्र पर्छ । अझ आफ्ना वरिपरिकालाई समेत प्राणायामको महत्त्व बुझाउन र सिकाउन उहाँ अग्रसर हुनुहुन्छ । आमाको सीप मात्रै होइन, पुस्तौनी बिमारी पनि मलाई धेरैजसो प्राप्त भएको छ । यसै प्रसङ्गमा राजाको जेठो छोरालाई राज्यको उत्तराधिकारी बनाएको सम्बन्धमा पनि पुस्तौनी रोगहरू जेठो सन्तानले पाउने सम्भावना बढी भएपछि उत्तराधिकार पनि जेठाले पाउनु उपयुक्त रहेछ भन्ने निर्क्यौल मैले निकालेकी छु ।

अनि रोगको चुटानमा पर्नुका साथै घरायसी व्यवहारले पनि जेलिएकी मेरी आमालाई फुर्सतको समयको सदुपयोग गर्न पनि आउँछ । त्यसै झोक्राएर बस्नु अथवा फुसफुसी निदाउनुभन्दा टेलिभिजनका विभिन्न हिन्दी च्यानलहरूमा आएका सिरियलहरू हेरेर रमाउन पनि उहाँले जान्नुभएको थियो । आँखाको रेटिनाको पर्दामा खराबी आएपछि भने उहाँले टिभी हेर्न छोड्नुभएको छ । तर पनि अठहत्तरवर्षे उमेरमा पनि उहाँमा भएको जिजीविषाको चाहना लोभलाग्दो छ ।

त्यत्तिविधि शल्यक्रियापछि पनि उहाँको फुर्तिलो जीवनको रहस्य नै उहाँको संयमता नै हो जस्तो मलाई लाग्छ ।

'संसारमा मानिसभन्दा लाजमर्दो कुरा अरू केही छैन ।'
'यो संसारमा मानिसले गर्न चाह्यो भने जे पनि गर्न सकिन्छ ।'
'अर्काको कुभलो गर्ने मानिसको कहिल्यै भलो हुँदैन ।'

'आफ्नो थालमा पस्किएको भोजनलाई जेजस्तो भए पनि 'आहा आज मलाई ईश्वरले कत्ति मीठो भोजनको व्यवस्था गरिदिनुभयो' भनेर रमाएर ग्रहण गर्नुपर्छ ।'

बाल्यावस्थादेखि नै मेरी आमाले बोल्ने गरेका त्यस खालका वाणीले मलाई प्रभावित पार्ने गरेको थियो । कालान्तरमा मेरा छोरीहरू– गीताञ्जली, निकेतिका र अनुकृतिकाले पनि मेरी आमाकै छत्रछहारीमा हुर्कने सुअवसर पाए । उनीहरूलाई पनि आमाले आफ्ना ममत्वपूर्ण आदर्शले चुर्लम्म डुबाउनुभयो । "तपाईंमा आमामा हुने गुण नै छैन, आमा भनेको त 'पाञ्चालीकी आमा' मात्रै हो । (विराटनगरको पाञ्चाली भन्ने ठाउँमा आमाको घर भएकाले परोक्षमा मेरी आमालाई चिनाउन 'पाञ्चालीकी आमा' भन्ने गर्थे केटाकेटीहरू) आमा त उहाँजस्तो पो हुनुपर्छ त ।" मेरा छोरीहरू आमाप्रतिको प्रतिक्रिया अझैसम्म यसरी व्यक्त गर्छन् । आफूलाई मेटाएर सन्तानका लागि हरहमेसा सजग रहन सक्ने मेरी आमाप्रतिको उनीहरूको प्रतिक्रियाले मलाई मेरी आमाप्रति गौरवान्वित पार्छ भने तुरुन्तै मभित्र आफूप्रति हीनत्वको भावमा पनि पुऱ्याउने गर्छ । म आफू जैविक रूपमा आमा भए तापनि मेरी आमाको समकक्ष उभिन सक्ने सामर्थ्यमा पुग्न नसक्नुको पीडाबोध पनि म सुस्तरी गर्छु । सायद, मेरी आमा सम्पूर्ण रूपले आमा मात्रै हुनुभयो, त्यसबाहेक उहाँले अर्थोक केही हुन रुचाउनु पनि भएन । तर म आमासँगसँगै अर्थोक पनि हुन खोजेछु । दुवै हातमा लड्डु हुँदैन भन्छन्– जान्नेहरू । सायद, त्यसैले म आमा भइसक्ता पनि 'मम्मी' मात्रै भएँ र सम्पूर्ण आमा हुनुको साटो अर्थोकै पो हुन पुगेछु ।

मेरी आमा दुर्गादिवी नेपाल ! उहाँ मेरा लागि विश्वब्रह्माण्ड नै हुनुहुन्छ । उहाँले प्राणको बाजी राखेर मलाई नजन्माउनुभएको भए मैले यो धरती देख्न पाउने थिइनँ । यसर्थ जन्माउनु मात्र होइन; मेरो मस्तिष्कमा प्रथम पटक चेतनाको ज्योति बाल्ने पनि उहाँ नै हो । अत्यन्त कर्मशील, सहनशीलताकी प्रतिमूर्ति र समर्पित नारीका रूपमा मैले आमालाई पाएँ । मेरो जीवनको भूत, वर्तमान र भविष्यको आधारस्तम्भ नै मेरी आमा हुनुहुन्छ ।

स्कुलको ढोका नदेखेकी मेरी आमाले जे जान्नुभयो त्यो स्वअध्ययनबाट नै जान्नुभयो । मेरी आमामा भएको अदम्य साहस, उत्साह र सदासर्वदा सकारात्मक सोच मेरा लागि प्रेरक रहेको छ । आँखाले साथ दिउन्जेलसम्म समय मिलाएर दैनिक अखबार र प्रेरक पुस्तकहरू पढ्न सधैँ लालायित मेरी आमाको अक्षरप्रेमले मेरो लेखकीय व्यक्तित्व निर्माणमा पनि निकै मद्दत गरेको छ । नारीलाई हेय दृष्टिले 'आइमाई' भनिने युगकी प्रतिनिधि पात्र हुनुहुन्छ मेरी आमा । मेरी आमाले भोगेको युगमा नारी स्वतन्त्रताका कुरा 'बाइफाले' घोषित हुन्थे । पराधीन जीवन यापन गरेर कुण्ठित परिवेशमा जीवन बिताउन बाध्य मेरी आमाले मैले उपभोग गरेको स्वतन्त्रतामा कैयन् पटक आफूलाई एकाकार गराउनुभएको मैले पाएकी छु । यहाँनिर बुबा गणेशप्रसाद शर्माको प्राध्यापकीय व्यक्तित्वले पनि आमाको चिन्तन र चेतना उजागार पार्नमा भरथेग गरेको हुनुपर्छ भन्ने मलाई लाग्छ ।

'आमाले पनि आफ्नो आत्मकथा लेख्नुपर्छ' अक्षरसँगको आमाको प्रेमलाई साक्षी राखेकै बेला मेरा सहयात्री नरेन्द्रराज प्रसाईले कुरैकुरामा आमालाई भन्नुभएको थियो । आमाको अमेरिका यात्राको तारतम्यमा 'बगेको खोला' शीर्षक समेत राखेर नरेन्द्रले पुन: आमालाई लेखनका लागि प्रेरित गर्न कापी र कलम नै आमाका हातमा दिनुभएको थियो । त्यसपछि आमाले उक्त कापीमा लेख्न थाल्नुभएको थियो । थाहा पाउँदानपाउँदै उक्त कापी भरिएर अरू पनि थप कापीहरू भरिँदै गएका थिए । हामी छक्क पर्दै गएका थियौँ । लेखेर भरिँदै गएका कापीहरू देखेर हामी मात्र होइन आमा आफैँ पनि छक्क पर्नुभएको थियो । आमाभित्र भरिएका व्यथाहरू कथाका रूपमा अक्षरका माध्यमले कापीका पानाहरूमा झर्दै गएका थिए । लेख्दै गएपछि उहाँले निकास प्राप्त गर्नुभएको आनन्द उहाँको अनुहारमा प्रतिबिम्बित हुँदै गएको थियो । यसरी 'बगेको खोला' को निर्माण भएको थियो । एउटा लेखक

सन्तानका नाताले आफ्नी आमाको लेखकीय व्यक्तित्वले मलाई गौरवान्वित पारेको छ ।

हिजोआज 'घोस्ट राइटिङ' को प्रचलन पनि पर्याप्त चलेको छ । मेरी आमाको कथालाई त्यसरी लेखाउन पनि सकिन्थ्यो । तर मलाई मेरी आमाको कथा उहाँले नै लेखेर म आफैँले सम्पादन गर्ने रहर लाग्यो । मैले यस पुस्तकमा मेरी आमाको भावनालाई यथावत् राखेर उहाँको लेखनमा सामान्य सम्पादन मात्र गरेकी छु । पछिल्लो समयमा उहाँको आँखाको रेटिना खराब भएकाले उहाँलाई लेखनमा निकै अप्ठ्यारो परेको थियो । त्यस्तो बेलामा उहाँको कथा वाचन गराएर पनि लेख्ने काम भएको छ । मेरी आमाको कथाको सम्पादन कार्यले मलाई लेखक हुनुको परमानन्दमा पुऱ्याएको छ । पुस्तकको पाण्डुलिपि पढेर चकित हुने र मलाई सम्पादन कार्यमा सहयोगसमेत गर्ने कान्छी छोरी अनुकृतिकाका साथै 'बगेको खोला' को तीव्र प्रतीक्षा गरिरहेका मेरी आमाका सबै सन्तानहरूलाई पनि यस बेला म सम्झिरहेकी छु ।

वास्तवमा मेरी आमालाई यसरी लेखकका रूपमा प्रस्तुत हुन हौस्याउने मेरा सहयात्री नरेन्द्रराज प्रसाईको प्रेरक भूमिका भने सधैँ स्तुत्य छ ।

**• इन्दिरा प्रसाई**

# लेखकीय

धेरै पढेलेखेका मेरा दुलहा हुनुहुन्थ्यो । म सावाँअक्षर मात्र चिनेकी दुलही थिएँ । मेरो पढ्ने तीव्र इच्छाको त्यस जमानामा कुनै महत्त्व थिएन । पटकपटक मैले पढ्ने प्रयत्न पनि नगरेकी त होइन तर मेरो प्रयत्नलाई विधिले पनि हरेक पटक पन्छाइदियो ।

म निरक्षर होइन । त्यसैले अक्षर राम्ररी चिन्छु । स्कुले शिक्षा नपढेकी मानिसले पनि पुस्तक लेख्न सकेँ । यो कुराको श्रेय मेरा साहित्यकार छोरीजुवाइँ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईलाई छ । उनीहरूकै प्रेरणा र सहयोगका कारण यो पुस्तक तयार हुन सक्यो । मेरो उनीहरूलाई सधैँ आशिष् छ । मेरा भतिजा खगेन्द्रप्रसाद नेपालबाट भएको सहयोग पनि मेरा लागि उल्लेखनीय भएको छ । यसका साथै मेरा सबै छोरीजुवाइँहरू, छोराबुहारीहरू, नातिनातिनाहरू जसजसले यस पुस्तकलाई यस रूपमा पुऱ्याउन मद्दत गरेका छन्, ती सबैमा मेरो आशिष् छ । मेरो किताप प्रकाशन गर्ने संस्था नइ प्रकाशनलाई म विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**• दुर्गादेवी नेपाल**

# बगेको खोला

# मेरा पुर्खाको कथा

मलाई मेरा पुर्खाका बारेमा त्यति धेरै थाहा छैन । मैले त मेरा हजुरबुबालाई पनि देख्न पाइनँ । तर मेरा बाआमाले गर्नुभएको कुरा भने सम्झनामा अहिले पनि छ । त्यसैले मेरा बाआमाले भन्नुभएअनुरूप नै मैले मेरा पुर्खाहरूका बारेमा जानकारी पाएकी हुँ । मेरा बामार्फत मैले मेरा पुर्खाका विषयमा केही कुरा जानेकी थिएँ । यस सन्दर्भमा नामावली नै चाहिँ मलाई मेरा भदा लिम्बाली घिमिरे समाजका अध्यक्ष इटहरी निवासी मेघराज घिमिरेले सहयोग गरेका हुन् । जसअनुसार घिमिरे थर भएका मेरा पुर्खाहरू काश्यप गोत्री हुन् । मेरा पुर्खा उदयनारायण घिमिरे दोलखा जिल्लाको नाम्दुमा बसोबास गर्थे । उदयनारायण घिमिरले विवाहिता पत्नीलाई नाम्दुमै छोडेर साली लिएर पूर्वतिर लागेछन् । रामेछापको बाबियाखर्क हुँदै उनीहरू पाँचथर जिल्लाको लिम्बा गाविसको लुमाङ्दिन भन्ने ठाउँमा पुगेछन् । उनीहरूले त्यस बखत आफ्ना गाईबस्तुहरू सँगै लगेछन् । लुमाङ्दिन पुगेपछि उनीहरूले बास बस्ने ठाउँको खोजी गर्दा भोर्लाका लहराहरू लहराइरहेका ठाउँ भेटे । त्यही भोर्लाकै ठूलाठूला च्याप्टा लहरापातका ओतमा उनीहरू बसेका थिए ।

लुमाङ्दिनमा धेरै वर्ष बसेपछि एक दिन एक जना चुरौटे (चुरा बेच्ने मानिस)ले दोलखाको नाम्दुमा पनि चुरा बेचेको कुरा गरेपछि उदयनारायणले आफ्नी पत्नी र छोराछोरीलाई पनि लुमाङ्दिन ल्याइदिन अनुरोध गरेछन् । जसअनुसार केही वर्षपछि चुरौटेको साथ लागेर

उदयनारायणकी पहिली पत्नी र सन्तानहरू पनि लुमाङ्दिन आइपुगेछन् ।

मेरा पुर्खा उदयनारायण निकै चलाख थिए । उनको नाउँ जोडेर 'धर्मे भोटेको घिउ, उदयनारायणको स्वस्ति' भन्ने भनाइ लिम्बामा निकै प्रख्यात थियो । यस भनाइको कथा पनि रोचक छ । तत्कालीन श्री ५ गीर्वाणयुद्धविक्रम शाह देशदर्शनका लागि धनकुटा गएको समय रहेछ । राजाको दर्शन गर्न भनेर मेरा पुर्खा उदयनारायण पनि धनकुटा पुगेका रहेछन् । बाटामा उनको एक जना धर्मे भन्ने भोटेसँग चिनापर्ची भएको रहेछ । उनीहरू एकआपसमा बातचित गर्दै राजाको प्रतीक्षा गरिरहेका थिए । धर्मेले राजालाई चढाउन भनेर एक ढाकर घिउ ल्याएका रहेछन् । उनी उदयनारायणलाई घिउको ढाकर रुँगाएर केहीबेरका लागि बाहिर गएका रहेछन् । त्यसै बेला राजाको सवारी भएछ । धर्मेको घिउ रुँगेर बसेका उदयनारायणले राजालाई स्वस्ति गरेछन् । ढाकरको घिउ देखी राजा खुसी भएछन् र 'के माग्छौ माग' भनेछन् । 'सरकार ! मिक्लाजोङ खर्क पाऊँ' भनेर उदयनारायणले मागेछन् । राजाले पनि 'ल आजदेखि त्यो खर्क तिम्रो भयो' भनेछन् । यसरी धर्मे भोटेको घिउबाट उदयनारायणले आफ्नो काम गराएका रहेछन् । मिक्लाजोङ खर्क घना जङ्गल भएकाले सो लेकमा गाईगोठ राख्न निकै सुविधा हुन्थ्यो । उक्त लेक पछिसम्म पनि उदयनारायणकै सन्तानको अधीनमा थियो । अहिले उक्त मिक्लाजोङ पर्यटकीय स्थलका रूपमा रहेको छ ।

यसरी लुमाङ्दिनमा बसेका मेरा पुर्खा उदयनारायणलाई त्यहाँ पुरोहित नपाइएकाले पूजापाठ गर्न कठिन भएछ । त्यसैले उनले सङ्खुवासभाको तुम्लिङटारबाट रेग्मी थरका एक उपाध्याय ब्राह्मणलाई झिकाएका थिए । ती रेग्मीले लुमाङ्दिनमा बस्न मन नगरेपछि उनलाई आफ्नी छोरी बिहे गरिदिएर कुटुम्बेली बनाएका थिए । त्यसै गरी उनको थातबासका लागि लिम्बाकै भदौरे खर्क

पनि दिएका थिए । अहिलेसम्म पनि तिनै रेग्मीका उत्तराधिकारीहरू घिमिरेका पुरोहित छन् । घिमिरेकी छोरी बिहे गरिएकीले ती रेग्मी खलकमा घिमिरेहरूको बिहेबारी गऱ्यो भने देउदण्ड लाग्छ भन्ने गरिन्थ्यो ।

घना जङ्गल भएको लुमाङ्दिनमा त्यस बेला बाघभालु लाग्ने गर्थ्यो । तर पनि बडो साहसका साथ जङ्गल फाँडेर मेरा पुर्खाहरू गाईबस्तु र कुकुरहरू पालेर त्यहाँ बसे । त्यस ठाउँमा पछि निकै ठूलो गाउँ र बजार पनि स्थापना भयो । उदयनारायणका पाँच भाइ छोरा थिए । उनका जेठा छोरा इन्द्रलालचाहिँ लुमाङ्दिनमा नै बसे । माइला प्रेमनारायण सङ्खुवासभाको मादी मूलखर्क रैकर भन्ने ठाउँमा बसाइँ सरे । साइँला भास्कर लिम्बाकै खान्द्रुङमा बसोबास गर्न थाले । काहिँला गङ्गारामको बसोबास लिम्बाटारमा भयो र कान्छा बलभद्र पाँचथरको दुर्विम्बाको सतिखोलामा बस्न थाले । उदयनारायणका पाँच भाइ छोरामध्ये गङ्गाराम मेरा जिजुबाजे थिए । गङ्गारामका विश्वनाथ, रामनारायण, डिल्लीराम, लक्ष्मीकान्त र धर्मानन्द गरी पाँच भाइ छोरा थिए । ती पाँच भाइमध्ये रामनारायण मेरा हजुरबुबा हुनुहुन्थ्यो । मेरा हजुरबाका तीन छोराहरू पद्मलाल, कृष्णलाल र नन्दिकेशर हुनुभयो । मेरा काका कृष्णलाल लिम्बाकै भदौरेमा बस्नुहुन्थ्यो भने मेरा कान्छा काका नन्दिकेशरको बसोबास लिम्बाकै लामागाउँमा थियो । मेरा कान्छा काकाकी छोरी कृष्णमाया दिदीको दाहालसँग बिहे भयो । कृष्णमाया दिदीको छोरो रुद्र दाहालले मेरो निकै सोधीखोजी गर्छन् । मेरा बा पद्मलाल घिमिरेको घर लिम्बा गाउँ विकास समिति ७ नम्बर वडाको लिम्बाटारमा थियो ।


त्यस बेला लिम्बामा तिरो तिरेपछि जमिन पाइने भएकाले मेरा पुर्खाहरूले तिरो तिरेर आफूलाई आवश्यक जमिनको बन्दोबस्त लिम्बाटारमा गरे । मेरा जिजुबुबा गङ्गाराम घिमिरेको बसोबास

लिम्बाटारमा भयो । उहाँका पाँच भाइ छोरामध्ये मेरा हजुरबुबा रामनारायण घिमिरे माइला भए पनि मेरा जिजुबुबाको सेवा गरेर लिम्बाटारको मूलघरमा नै बस्नुभएको थियो । यही क्रममा मेरा बा पद्मलाल घिमिरे जेठा छोरा भएकाले उहाँ पनि मूलघरमा नै बस्नुभएको थियो । मेरा फुपूहरू पनि थिए भनेको सुनेकी हुँ । तर म निकैपछि जन्मिएकीले मैले कसैलाई देख्न पाइनँ ।

# मेरा बा पद्मलाल घिमिरेको कथा

मेरा बा पद्मलाल घिमिरे अत्यन्त सीधासाधा हुनुहुन्थ्यो । मेरा बा बिहान उठेर नुहाइधुवाइ सकेर पूजापाठ गर्नुहुन्थ्यो । उहाँ नित्य गीतापाठ गर्नुहुन्थ्यो । मेरा बा दिनभरिजसो 'रामायण', 'कृष्णचरित्र', 'देवीभागवत' आदि विभिन्न धार्मिक ग्रन्थहरू सिलोक हालीहाली पढ्नुहुन्थ्यो । उहाँ रातो वर्णका र पातलो तथा होचो कदका हुनुहुन्थ्यो । बाहिरफेर हिँड्दा मेरा बाले दौरासुरुवाल, अस्टकोट, कोट र टोपी लगाउँदै सेतो पटुका बाँधेर खुकुरी पनि भिर्नुहुन्थ्यो । घरमा बस्दा उहाँको पहिरन सेतो धोती र खाँडीको भोटो हुने गर्थ्यो । त्यस बेलाको चलनअनुरूप नै खास गरेर भात खाँदा उहाँ धोती फेरेर मात्रै खानुहुन्थ्यो । मेरा बाले सधैँ मसिनो धानको चामलको भात मात्र खानुभयो । त्यस बेला गरिबहरूले मात्र मकैको भात खान्थे । त्यसैले मसिनो चामलको मात्र भात खानुलाई सम्पन्नताको प्रतीक मानिन्थ्यो ।

मेरा बाले नेपाली अक्षर पढ्न राम्ररी जान्नुभएको थियो । उहाँले सरकारबाट बैदार पद पाउनुभएको थियो । निगालोको कलमले पहाडे कागजमा लेखेर मेरा बाले मलाई चिठी पनि पठाउनुहुन्थ्यो । मेरी जेठी छोरी इन्दिरा जन्मनुअघि नै मेरा बाले मलाई बाँसका कलमले पहाडे कागज भनिने नेपाली कागजमा लेख्नुभएको चिठी :



उहाँ ज्यादै नम्र स्वभावका हुनुभएकाले अरू घरव्यवहारका काम पनि उहाँले हेर्नुहुन्नथ्यो । उहाँले कहिल्यै कसैलाई ठूलो स्वर गरेर बोलाएको पनि सुनिएन । मेरा बा थोरै मात्र बोल्ने भएकाले अरूले पनि धेरै बोल्यो भने झनक्क रिसाउनुहुन्थ्यो । उहाँ गाईको सेवा गर्न मन पराउनुहुन्थ्यो । त्यसैले गाईभैँसी दुहुने र गोठालालाई अह्राउने काम मेरा बाले नै गर्नुहुन्थ्यो । लिम्बाटारको हाम्रो घरबारीमा फलफूलको रमणीय बगैँचा थियो । दुईओटा कोठेबारीमा आठ कट्ठाजति जमिनमा १५० जति फलफूलका गाही थिए । सुन्तला, कागती, निबुवा, ज्योमिर, कालज्यामीर, नाइते ज्यामीर, शङ्खुत्रो, बिमिरो,

दारिम, नासपाती, अम्बक, आँपलगायतका थरीथरीका दल राखेर उमारेका बिरुवाहरू मेरा बाले आफ्नै हातले रोप्नुभएको थियो । ती अधिकांशजसो बोटबिरुवा म जन्मनुअघि नै रोपिएका थिए । त्यसमध्ये एउटा आँपको बोटचाहिँ यति फैलिएको थियो कि, त्यसले तीनचार कट्ठा जमिन ढाकेको थियो । यो आँपको बोटचाहिँ मेरी आमाले कतैबाट ल्याएर रोप्नुभएको भन्ने कुरा मैले सुनेकी थिएँ । मेरा बाले मोही पनि आफैँ पार्नुहुन्थ्यो र हामी केटाकेटीका मुखमुखमा नौनीघिउका डल्ला हाली दिनुहुन्थ्यो । उहाँलाई दूध पनि निकै बेसरी तताएको मात्र मन पर्थ्यो । भातसँग त्यस्तै बाक्लो दूध खानुहुन्थ्यो । मैले थाहा पाउँदा हाम्रा घरमा छ ओटा भैँसी र दसबाह्र ओटा गाई दुहुना थिए । जसका कारण हाम्रा भान्सामा दैनिक चार पाथी दूध तताइन्थ्यो । सबैले दूधदही खाएर पनि दैनिक पाँचपाथे ठेकीमा मोही पारिन्थ्यो । त्यसरी मोही पारेर दिनदिनै एक धार्नी नौनी निकालिन्थ्यो । हिजोआज बजारमा बेच्ने लस्सीजस्तो बाक्लो मोही हुन्थ्यो । हाम्रा घरमा खाएर खान नसकिने गरी दहीमोही हुन्थ्यो ।

मेरा बा एक छाक मात्रै भात खानुहुन्थ्यो । उहाँलाई बेलुकीको छाकचाहिँ चामलको पीठोकै चोखो पुवा वा रोटी पकाइदिनुपर्थ्यो । बा अल्पाहारी हुनुहुन्थ्यो । मांसहारी भए पनि उहाँलाई सधैँ र धेरै मासु मन पर्दैनथ्यो । उहाँ कहिलेकाहीँ हुक्का पनि पिउनुहुन्थ्यो । ज्यादै शान्त स्वभावका मेरा बालाई पहिले खासै केही रोग थिएन । तर वृद्धावस्थामा उहाँलाई जीउभरि घाउखटिरा आयो । पन्ध्र जना छोराछोरी जन्माए पनि उहाँको अन्तिम अवस्थामा उहाँलाई सेवा गर्ने चाहिँ जेठा छोराकी साइँली पत्नी ढकालकी छोरी दुलही भाउजू भनिने इन्द्रकुमारी र माइली पत्नीको छोरो ठूले भनिने विश्वराज मात्र भए । मेरा बाको देहावसान २०२० साल असोज ८ गते शुक्रबार आश्विन शुक्लपक्ष चतुर्दशी तिथि अर्थात् जमरे औँसीको एक दिनअघि भयो ।

# मेरी आमा चित्ररेखा घिमिरेको कथा

मेरी आमा चित्ररेखाको जन्म १९५५ सालमा भएको थियो । मेरी आमाका बुबाको नाम बलभद्र रिजाल र आमाको नाउँ सुभद्रादेवी हो । मेरा हजुरबा बलभद्र रिजाल निकै धनी र नाम कमाएका व्यक्ति हुनुहुन्थ्यो । मेरा बाका तुलनामा मेरी आमा निकै बाठी हुनुहुन्थ्यो । आमाको कद बाको भन्दा अग्लो र मोटोघाटो थियो । मेरी आमा गोरो वर्णकी हुनुहुन्थ्यो । बीस हातको गुन्यू, पन्ध्र हातको पहेँलो पटुका, रातो चौबन्दी चोलो, रातै मजेत्रो, रातो फुत्तो पोते, नाकमा फुली र बुलाकी, कानमा ढुङ्ग्री र माडवारी, हातभरि राता चुरा, औँलामा असर्फीको औँठी लगाएको उहाँको पहिरन र ठाँट हेर्न लायकको हुन्थ्यो । उहाँलाई मेरा बाको पदका कारण गाउँठाउँमा बैदार्नी आमा नै भन्ने गर्थे । मेरी आमालाई त्यस बखत लिम्बा गाउँको डाँडावारि र डाँडापारि बैदार्नी आमै भनेपछि सबैले सोधीखोजी गर्थे । त्यस बखत पूर्वाञ्चलमा मेरी आमाका भाइ नारायणप्रसाद रिजालको निकै नाउँ थियो । उहाँ राणाकालको सम्मानित सुब्बा पदमा बहाल हुनुहुन्थ्यो । भाइको प्रतिष्ठा र रबाफका कारण मेरी आमामा पनि गर्वको अनुभूति थियो । मेरी आमा अड्डाअदालत जाँदा सुब्बा नारायणप्रसादकी दिदी भनेपछि प्रायजसो सबै काम फत्ते गराएर आउनुहुन्थ्यो । उहाँको स्वभाव पनि निकै खरो थियो । गाउँघरमा भएका झैझगडा मिलाउने काममा पनि मेरी आमाको निकै महत्त्व थियो । लेकबेसीमा खेतीपाती लगाउने, खेताला ज्यामी बन्दोबस्त गर्ने

र उठौती आदि काम उहाँले नै गर्नुहुन्थ्यो । मेरी आमाले सावाँअक्षर पनि चिन्नुभएको थिएन । तर उहाँ निकै नामी र खानदानी परिवारकी छोरी भएका कारण र बाठीटाठी पनि भएकाले अड्डाअदालतमा मुद्दामामिलासम्बन्धी काममा पनि आफैँ धाउनुहुन्थ्यो । मेरी आमा अत्यन्त मेहनती हुनुहुन्थ्यो । उहाँ राति कतिखेर सुत्नुहुन्थ्यो र बिहान कतिखेर उठ्नुहुन्थ्यो भन्ने मैले कहिल्यै पनि चाल पाइनँ । आमाले सधैँ पूजापाठ गरेको पनि मैले देखिनँ तर हरेक सग्राँतीका दिन मेरी आमाले सत्यनारायणको पूजा लगाउनुभएको मलाई सम्झना छ । उहाँले मैले थाहा पाउँदा नै तीन पटक सप्ताह पुराण र लघुरुद्री लगाउनुभएको थियो । घरमा भात पकाउने भान्से बाहुनको बिहे आफ्नै आँगनबाट गरी दिनुभएको थियो । भान्जा र भान्जीको पनि उहाँले नै बिहेदान गर्नुभएको थियो । आफूले जन्माएका कान्छा छोराबाहेक सबै छोराछोरीहरूको बिहेदान पनि उहाँले गर्नुभयो । उहाँ कर्मनिष्ठ हुनुहुन्थ्यो । आफ्नो घरव्यवहारका साथै गाउँघरको समेत झैझगडा मिलाउन अग्रसर रहने भएकाले उहाँलाई एकैछिन पनि फुर्सत हुँदैनथ्यो ।

मेरी आमालाई मकैको पीठोको ढिँडो, सिस्नुको फाँडो, तोरीको साग, बाक्लो मोही साह्रै मीठो लाग्थ्यो । उहाँ कहिलेकाहीँ आफैँ पनि सिस्नु पकाएर ढिँडोसँग खूब मीठो मानेर खानुहुन्थ्यो । आमाको बाहिरी दुनियाँमा जति धाक र रबाफ थियो घरपरिवारमा पनि आमासँग सबै निकै अदब गर्थे । छोराहरू, छोरीबुहारी, नोकरचाकर र हलीखेताला सबै आमाकै इसारामा चल्थे । मेरी आमाले आफ्नो घरपरिवार मात्रै होइन गाउँका सबैलाई पनि बडो अनुशासनमा राख्नुभएको थियो ।

मेरी आमा कर्मठ हुनाका साथसाथै उहाँ निकै साहसी पनि हुनुहुन्थ्यो । हाम्रो लेकमा पनि गोठ र खेती थियो । घरबाट लेकको गोठमा पुग्न झन्डै एक बिहानजस्तो लाग्थ्यो । बर्सेनिका छोराछोरीको चाँजोपाँजो मिलाएर पनि आमा लेकको खेतीको हेरचाह पनि आफैँ

गर्नुहुन्थ्यो । घरका मानिस उठ्ने बेलासम्ममा उहाँ लेकको खेतीमा पुगिसक्नुहुन्थ्यो र लेकको खेतीको काम सकेर बिहानको भात खाने बेलामा गोठबाट दही, घिउ र मोही पारेर नौनीसमेत लिएर पनि फर्किनुहुन्थ्यो । कहिलेकाहीँ त उहाँ काखको बच्चा पिठ्यूँमा बोकेर पनि हिँडडुल गर्नुहुन्थ्यो । त्यसरी अँध्यारैमा उठेर उहाँ लेकबेसी गर्नुहुन्थ्यो । एक पटक आमा घरबाट राती नै लेकको खेतीतिर जाने क्रममा मिर्मिरे उज्यालो भएको रहेछ । खोलाको किनारमा पुगेर आमा उकालो लाग्नुपर्ने थियो । त्यसै बखत खोलाको किनारामा लामो झाँक्रो फिँजाएर एउटी अजङकी आइमाई कपाल सुकाइरहेकी देख्नुभएछ । त्यस बखत बनझाँक्री र बनझाँक्रिनीका कुराहरू निकै सुनिन्थ्यो । बनझाँक्रीले मानिसलाई भेट्यो भने आफूसँग लैजान्छ र माया गरेर राख्छ, धामीझाँक्री विद्या पनि सिकाउँछ, गँड्यौलाको तरकारी पकाएर खुवाउँछ, खीर पकाएर खुवाउँछ र पारङ्गत बनाएपछि गाउँघरमा नै ल्याएर छोडिदिन्छ । त्यस्ता बनझाँक्रीले लगेर छोडेका मानिसहरू गाउँघरमा धामी भएर औषधी उपचार गर्ने खालका हुन्थे । अहिले पनि त्यस्ता धामीझाँक्रीहरू हाम्रा समाजमा पाउन सकिन्छ । तर बनझाँक्रिनीले मानिसलाई भेटी भने मार्छे र मान्छेको मासु पनि खान्छे भनिन्थ्यो । शरीरमा कुनै वस्त्र नपहिरेकी, कम्मरभन्दा तलसम्म लट्टे झाँक्रो भएकी, घुँडासम्म वक्षस्थल लत्रेकी बनझाँक्रिनीलाई त्यस दिन प्रत्यक्ष देखेपछि अब मरिने भइयो भनेर मेरी आमाको सातो नै गएको थियो रे । नजिकैको रुखको आडमा उहाँ छलिनुभयो । साहसी हुनुभएकाले आमाले बनझाँक्रिनीबाट बाँच्ने उपाय पनि पहिल्याउँदै हुनुहुन्थ्यो । 'बनझाँक्रिनीबाट बाँच्ने एक मात्र उपाय भनेको ओरालोतिर कुद्नुपर्छ । बनझाँक्रिनीका फाँचा निकै ठूला हुने भएकाले उसलाई ओरालो कुद्न गाह्रो हुन्छ, तर उकालो लागियो भने फाँचा काँधमा हालेर उसले सटासट उक्लेर मानिसलाई आहारा बनाउँछे ।' गाउँमा जान्नेसुन्नेले भनेको यो कुरा डरले आत्तिएको समयमा भएर होला आमालाई सम्झना भइसकेको थियो । त्यसैले बनझाँक्रिनीले

देखिहाली भने कतापट्टिको ओरालो कुद्ने भनेर उहाँले बाटो पनि हेर्दै हुनुहुन्थ्यो । तर त्यस दिन मेरी आमाले ओरालो कुद्नु परेन । किनभने, बिहानको घाममा केहीबेर कपाल सुकाएपछि बनझाँक्रिनी आफ्नो बाटो लागेकी थिई र मेरी आमा पनि 'धन्न बाँचियो !' भन्दै लामो सास फेरेर आफ्नो बाटो लाग्नुभएको थियो । त्यस दिन लेकबाट घर फर्केपछि आमाले यो कुरा सुनाउँदा परिवारका सबैले डरले लामो सास फेरेका थिए ।

मेरी आमालाई माइतबाट निकै दाइजोपात दिइएको थियो । मधेसको झुम्राहा (हालको मोरङ जिल्ला)मा मेरी आमालाई एक सय पचास गाईबाछा, हली र हलगोरु, कम्तिया र हरुवाचरुवाको गाउँ र बगैँचासमेत भएको झन्नै तीस बिगाहाजति खेत दाइजो दिइएको थियो । हामी सबैजसो परिवारका सदस्यहरू हरेक वर्षजसो हिउँदमा पहाडको जाडो छल्नका लागि झुम्राहाको खेतीमा जाने गर्थ्यौं । त्यस बेला पहाडबाट मधेस जाने भनेपछि हामीलाई निकै रमाइलो लाग्थ्यो । हाम्रो मधेसमा पनि गाईको थुप्रै दूध हुन्थ्यो । दैनिक चारपाँच पाथी दूध तात्थ्यो । सबैले दूध पिउनुपर्थ्यो । कुरौनी र दहीमोही, नौनीलगायत दूधबाट बनेका किसिमकिसिमका परिकार खाने काम हाम्रो हुन्थ्यो । त्यस बेला गाईको दूध बेच्ने चलन थिएन । पछि ठूल्दाजुले दुईजेर भैँसी पनि पाल्नुभएको थियो । अर्थात् चौबीस ओटा भैँसी पालेपछि चाहिँ हलुवाईलाई दूध बेचेको कुरा मलाई थाहा छ । हामी पहाड गएपछि पनि ठूल्दाइ धेरैजसो खेतीको हेरविचार गर्न मधेसमै बस्नुहुन्थ्यो । उहाँले पहाडमा हामीलाई हप्तैपिच्छेजसो दुई चौथाइ खारेको घिउ र कुरौनी पनि दुई चौथाइ नै पठाउने गर्नुहुन्थ्यो । त्यसबाहेक खेतीको तोरी पेलाएर तेल, मरमसला, लुगाफाटालगायत हाम्रा लागि आवश्यक सामग्रीहरू पहाडमा पठाउनुहुन्थ्यो ।

मेरी आमाले दाजुका छोराहरूलाई पढाउन घरैमा शिक्षकको व्यवस्था गर्नुभएको थियो । तिनै शिक्षकसँग मैले पनि तीन कक्षासम्मको

किताबी ज्ञान प्राप्त गरेकी हुँ । मेरी आमाले आफ्ना दाजु सुब्बा नारायणप्रसादको रौनकमा मेरा जेठा दाजु गौरीप्रसाद घिमिरेलाई डिट्ठा पद र साहिँलो छोरा अम्बिकाप्रसाद घिमिरेलाई हबल्दारको पद दिलाउनुभएको थियो ।

सक्रिय जीवन बाँच्नुभएकी मेरी आमाले सुत्केरी हुँदाबाहेक बिरामी भएर सुत्नुभएको कहिल्यै पनि हामीले थाहा पाएनौँ । यसबाहेक मेरी आमाको स्वास्थ्यमा कुनै तलवितल कसैलाई थाहा थिएन । तर एकै पटक अचानक मेरी आमा बिरामी पर्नुभयो । मधेसमा ल्याएर पनि सकेको उपचार गरियो र पहाडमा पनि जानेबुझे जति धामीझाँक्री सबै गरियो तर दैवको निर्णयका अघि मानिसको केही लागेन । त्यस बखत अस्पताल पनि थिएन; अहिलेका जस्ता छ्यास्छ्यास्ती डाक्टरहरू पनि थिएनन् । त्यसैले उहाँलाई खास के बिमारी लागेको भन्ने पनि किटान भएन । उहाँको पचपन्न वर्षको उमेरमा २०१० साल वैशाख ७ गते आइतबार वैशाख शुक्लपक्षको सप्तमी तिथिका दिन स्वर्गवास भयो ।

# मेरा मामा नारायणप्रसाद रिजालको कथा

मेरो जीवनमा सानै उमेरदेखि प्रभाव पारेको व्यक्तित्वको नाउँ मेरा मामा नारायणप्रसाद रिजाल हो । मेरा हजुरबा बलभद्र रिजालकी पत्नीको नाउँ रन्धातादेवी थियो । उहाँहरूका आठ ओटी छोरी र तीन छोरा जन्मिनुभएको थियो । मेरी आमा साइँली बहिनी हुनुहुन्थ्यो । मेरा हजुरबा बलभद्र रिजालचाहिँ निकै धार्मिक भावना भएका र उद्यमी व्यक्तित्व हुनुहुन्थ्यो । मेरा हजुरबाले पूर्वाञ्चलको धरानस्थित पिण्डेश्वर मन्दिरपरिसरमा अतिरुद्रनामक पुराण लगाउनुभएको थियो । त्यस बेलासम्मको सबैभन्दा ठूलो मानिने यो पुराण त्यस भेगमा सर्वप्रथम मेरै हजुरबाले लगाउनुभएको कुरा मेरा अहिलेका पुरोहित दण्डपाणी पोखरेलका बुबा ज्योतिषी पण्डित भवनाथ पोखरेलले भन्नुभएकाले मैले जानकारी पाएकी थिएँ । भवनाथ पोखरेल उक्त पुराणका धेरै वाचकहरूमध्येका एक वाचक हुनुहुन्थ्यो ।

मेरा हजुरबा बलभद्र रिजाल तत्त्वज्ञानी पनि हुनुहुन्थ्यो । उहाँले आफ्नो अन्तिम कालको पूर्वघोषणा गरेर, एक हप्ताअघि नै बनारसमा पुगेर, दाहसंस्कारका लागि चाहिने सम्पूर्ण सामग्री आफैँ किनेर, आफ्ना लागि चिता पनि आफ्नै निगरानीमा तयार गराउनुभएको थियो । तयारी भएको चितामा मेरा हजुरबा बसेर समाधि धारण गर्दै प्राणत्याग गर्नुभएको थियो । उहाँले तोक्नुभएको समयमा नै उहाँले प्राणत्याग गर्नुभएको कुरा घाटेवैद्यले पनि प्रमाणित गरेपछि उहाँको दाहसंस्कार गरिएको थियो ।

मेरा जेठा मामा बिहे गरेपछि पनि जायजन्म नभई नै स्वर्गीय हुनुभयो । उहाँकी पत्नी बालविधवाका रूपमा धेरैपछिसम्म बनारसमा जीवित हुनुहुन्थ्यो । मेरी आमाका माइला भाइको नाउँ नै नारायणप्रसाद रिजाल हो । मेरा मामा नारायणप्रसाद रिजालका तीन जना पत्नीहरू हुनुहुन्थ्यो । जेठी नन्दादेवी, माइली रत्नादासी र कान्छीको नाउँ भागीरथा थियो । नानीबाबु भनिने शिवप्रसाद तथा छोरीहरू दुर्गा, उमा र सिकिलोचनाको जन्मपछि केही वर्षमै जेठी पत्नीको निधन भएकाले मेरा मामाले ढकालकी छोरी रत्नादासीलाई माइली पत्नीका रूपमा बिहे गर्नुभएको थियो । मेरा नान्दाइले शङ्कर लामिछानेकी दिदी बुनूदेवीसँग बिहे गर्नुभएको थियो । मेरी भाउजू बुनूदेवीको स्वभाव अत्यन्तै फर्साइलो थियो । विराटनगरमा उहाँसँग बाटाघाटामा मेरो भेटघाट हुँदा उहाँले जहिले पनि उज्यालो अनुहार लगाएर मेरो हालखबर सोध्नुहुन्थ्यो । अहिले त हामी दुवै वृद्ध भइसकेकाले हाम्रो भेटघाट पनि खासै हुँदैन । वृद्धावस्थामा उहाँले निकै शोक खप्नुपरेको कुरा सुनेर मलाई धेरै दुक्ख लागेको छ । धरान घर भएकी उमा दिदीको छोरो भरत आचार्यको व्यवहार सुब्बा मामालाई सम्झाउने खालको छ ।

मेरा मामाकी माइलीपत्नीबाट जायजन्म नभएपछि ज्योतिषीहरूका सल्लाहमा मेरा मामाले कान्छीपत्नीका रूपमा भागीरथादेवीसँग बिहे गर्नुभयो । भागीरथादेवीसँग बिहे गर्नासाथ मेरी माइली माइजू रत्नादासीबाट दुर्गाप्रसाद र बद्रीप्रसाद नाउँका छोराहरूका साथै छोरीहरूको पनि जन्म भएको हो । तर मेरी कान्छी माइजू भागीरथाको भने एउटी छोरी जन्मनेबित्तिकै आमाछोरी दुवैको दु:खद् निधन भएको थियो । मेरी माइली माइजू रत्नादासीले नै मेरा मामाघरको सम्पूर्ण व्यवहार पछिसम्म पनि सञ्चालन गर्नुभएको थियो । सौम्य, सुशील र शालीन व्यवहारकी धनी उहाँको दीर्घायु भएको थियो ।

मेरा मामा सुब्बा नारायणप्रसाद रिजालका कान्छा भाइको नाउँचाहिँ विष्णुप्रसाद रिजाल हो । मेरा कान्छा मामा निकै सोझा र धार्मिक प्रवृत्तिका हुनुहुन्थ्यो । उहाँको पनि दुई बिहे भएको थियो । उहाँकी जेठीपत्नीको नाउँ दुर्गादेवी र कान्छीपत्नीको नाउँ सुभद्रादेवी थियो । दुर्गादेवीबाट नगेन्द्रप्रसादको जन्म भएको हो । दुई पटक नेपालका प्रधानमन्त्री हुनुभएका मेरा दाजु नगेन्द्रप्रसादको स्वभाव पनि अत्यन्त सरल र सौम्य थियो । मेरा नगेन्द्र दाजुको विवाह बाँस्तोलाकी छोरी आशालतासँग भएको थियो । धर्मपरायण आशालता भाउजूको मसँगको बोलीव्यवहार राम्रो थियो ।

नगेन्द्र दाजुको जन्मको केही वर्षमै मेरी कान्छी माइजू दुर्गादेवीको निधन भएकाले मेरा दाजु नगेन्द्रप्रसादको संरक्षण मेरी हजुरआमा रन्धातादेवीबाट भएको थियो । जेठी माइजूको निधनपछि बिहे गरिएकी मेरी कान्छी माइजू सुभद्रादेवीबाट दुई छोरी राधा र मञ्जु जन्मेका थिए । राधाको शङ्कर लामिछानेका भाइ लक्ष्मण लामिछानेसँग बिहे भएको हो भने मञ्जुको बिहे शम्भुप्रसाद सापकोटासँग भएको हो । मेरी मञ्जु बहिनीको स्वभाव पनि निकै राम्रो भएकाले उनीसँग भेट हुँदा मलाई निकै रमाइलो लाग्थ्यो ।

मेरी आमालाई उहाँका भाइ नारायणप्रसादले निकै आदरपूर्णको प्रेम गर्नुहुन्थ्यो । मेरा मामाले मेरी आमालाई दाइजोस्वरूप दिनुभएको मधेसको खेतीमा हामी पहाड लिम्बाबाट वर्षमा एक पटक आउने गर्थ्यौं । मेरा मामा राणाकालीन समयमा सुब्बाको दरबन्दी पाएर निकै ख्यातिमा पुग्नुभएको थियो । पूर्वाञ्चलमा त्यति बेला सुब्बा नारायणप्रसाद भनेपछि नचिन्ने विरलै हुन्थे । अत्यन्त नम्र, शिष्ट र शालीन व्यक्तित्वका धनी मेरा सुब्बा मामाले व्यापारिक सुझबुझ राखेर प्रशस्त धन पनि आर्जन गर्नुभएको थियो । आफ्ना छोराछोरी मात्र होइन, भाइका छोराछोरीलाई पनि अत्यन्त माया गर्ने सुब्बा मामाले भाइ सोझो भएकाले भाइलाई पनि सगोलमै राखेर व्यापार

गर्नुभएको थियो । दाजुभाइबीच निकै प्रेम थियो । तर भाइको स्वर्गारोहणपछि भाइका छोरा नगेन्द्रप्रसाद रिजालले अंशबन्डाको माग गर्नुभएपछि परिवारमा बुबाहरूका बीचमा सम्पत्तिको भागबन्डा गर्नुपऱ्यो । जसले गर्दा नगेन्द्रप्रसाद रिजाल एक्लै छोरा भएकाले उनलाई सम्पत्तिको धेर भाग पऱ्यो र सुब्बा मामाका तीन भाइ छोरा भएकाले सम्पत्तिको भाग थोरै पर्न गयो । अंशबन्डा सकेर बनारस तीर्थाटनमा जानुभएका मेरा मामाले पनि बनारसमा नै २०२३ सालमा छयन्नै वर्षको उमेरमा निर्वाण प्राप्त गर्नुभयो ।

मामाको असामयिक स्वर्गारोहणले मलाई त्यस बेला विराटनगर नै सुनसान लागेको थियो । मामा हुनुहुन्छ भनेर निकै आड मानेकी मलाई उहाँको अभाव पछिसम्म पनि खड्किरह्यो । मेरा सुब्बा मामाको जस्तो बोलीचाली र व्यवहार अरू कसैले पनि गर्न सक्तैनन् जस्तो मलाई लाग्छ । सुब्बा मामाको जीवनकालभरि मेरा मामाघरमा पुगेका कसैले पनि जुठो मुख नगरी फर्कन पाउँदैनथ्यो । घरमा आएका पाहुनापाछा, चेलीबेटीको हेरविचार केकस्तो छ भनेर मामा आफैँ पनि चासो लिनुहुन्थ्यो ।

मेरा मामाले मेरी आमा मात्र होइन उहाँका आठ दिदीबहिनीलाई नै निकै स्नेह र सम्मान गर्नुहुन्थ्यो । 'मेरा सबै दिदीबहिनी माइत आएका बेला उनीहरूका गोडा फुस्रा हुनुहुँदैन, मैले जस्तो खान्छु मेरा दिदीहरूलाई पनि त्यस्तै खाने व्यवस्था गर्नू ।' भनेर मामाले आफ्नी पत्नी र छोराबुहारीहरूलाई सचेत गराउनुभएको थियो । जसले गर्दा मेरा आमा र सानीमा ठुलेमाहरू माइत पुगेका बेला माइजू मात्र नभएर माइजूका बुहारीहरू पनि लाइन लागेर उहाँहरूका गोढामा तेल लगाउन आएको कुरा मेरा मामाको जीवनकालमा म केटाकेटी हुँदा आमाका साथ लागेर मामाघरमा आएको बेला मैले आफ्नै आँखाले देखेकी छु । मामाघरमा धेरै जनाको परिवार, नोकरचाकरका बथानका कारण मसिना र मोटा गरी भाँडैपिच्छेका थरीथरीका

चामलका भात पाकेका हुन्थे । तिहुनतरकारी पनि त्यस्तै । मामाको आदेशका कारण हामी त्यस बेला मावलमा बस्दा मामाले खाने किसिमकै खान्की नै खान पाउँथ्यौँ । मामाबाट पाइने अपनत्वका कारण पनि मामाको जीवनकालमा त्यस घरमा माउरीको गोलोजस्तो नाता, कुलकुटुम्ब र इष्टमित्रहरूको भीडभाड भइरहन्थ्यो । मामाघरमा भान्साघरको दाउराको चुलो प्राय: कहिल्यै निभ्दैनथ्यो । मेरा सुब्बा मामाको पौरख र ख्यातिले त्यस बेलाको पूर्वाञ्चल ढाकेको थियो ।

मेरा दाजुहरूले जे जति उन्नति प्रगति गर्नुभयो, त्यसमा मेरा सुब्बा मामाको प्रताप पनि गाँसिएको थियो । मेरा कान्छा दाजु राधाप्रसाद घिमिरेले मामाकै छत्रछायामा बसेर पढाइलेखाइ गर्नुभएको हो । मेरी आमाले मेरा मामालाई नसोधी कुनै पनि महत्त्वपूर्ण निर्णय लिनुहुन्नथ्यो ।

# मेरा सानीमा ठुलेमाहरू

मेरी जेठी ठुलेमा नर्वदादेवीको बिहे अरुणपारिका चन्द्रप्रसाद अधिकारीसँग भएको थियो । उहाँको नाति देवराज अधिकारी पूर्वाञ्चलमा निकै नाउँ चलेका मानिस हुन् । उनी धरानमा बसोबास गर्छन् । मेरी माइली ठुलेमाको बिहे पनि फौदार भनिने रमाकान्त अधिकारीसँग भएको थियो । उहाँका सन्तानहरू अहिले विराटनगर र काठमाडौँमा बसोबास गर्छन् । माइली ठुलेमाका तीन जना छोरामध्ये एक जनाको नाउँ नरोत्तम अधिकारी हो भने उहाँका कान्छा छोरा डी.पी. अधिकारी हुन् । उनी श्री ५ को सरकारका मन्त्रीसमेत भएका थिए । मेरी आमा आफ्ना दिदीबहिनीमध्ये साइँली हुनुहुन्थ्यो । मेरी काइँली सानीमाको बिहे धनकुटा जिल्ला चुङवाङका रेग्मीसँग भएको थियो । उहाँका सन्तानहरू अहिले धरानमा नै बसोबास गर्छन् । उहाँका एक जना नाति राधा रेग्मीले मेरो निकै खोजीनिती गर्छन् । मेरी अन्तरी सानीमाको बिहे ओझासँग भएको थियो । उहाँका सन्तानहरू अहिले विराटनगरमा बसोबास गर्छन् । मेरी अन्तरी सानीमाका नातिहरू बद्री ओझा र उदय ओझासँग मेरो राम्रै चिनाजाना छ । मेरी जन्तरी सानीमाको बिहे पनि ओझासँगै भएको थियो । उहाँकी एक जना छोरी शान्ताको बिहे विराटनगरमा गणेशप्रसाद आचार्यसँग भएको थियो । शान्ता दिदीलाई घरपरिवारमा मायाले 'झुल्कीदिदी' भनिन्थ्यो । मेरी झुल्कीदिदीले मलाई असाध्य माया गर्नुहुन्थ्यो । उहाँका छोरा महेश आचार्य पनि श्री ५ को सरकारका मन्त्री भएका थिए । उनी गणतन्त्र नेपालमा

पनि मन्त्री भए । दिदीकी छोरी दुर्गा घिमिरे र उनका पति जगदीश घिमिरे पनि ठूला साहित्यकार हुन् । मेरी ठूलीकान्छी सानीमाको बिहे तेह्रथुम जिल्ला सुदापका पद्मप्रसाद बजगाईंसँग भएको थियो । यिनीहरूका सन्तान सुनसरीको इटहरि तरहरामा बसोबास गर्छन् । मेरी कान्छी सानीमाको बिहे आचार्यसँग भएको थियो । उहाँका एक जना छोरा गणेश आचार्य विराटनगरमा बस्नुहुन्थ्यो । उहाँले पनि मलाई निकै माया गर्नुहुन्थ्यो । तर उहाँको छिट्टै स्वर्गारोहण भयो । उहाँकी पत्नी र एक छोरी विराटनगर कञ्चनबारीमा बसोबास गर्छन् ।

# मेरा जेठा दाजु गौरीप्रसाद घिमिरे

मेरी आमाले चार जना छोराहरू जन्माउनुभएको थियो । उमेरका हिसाबले सबैभन्दा कान्छी छोरी म भएकीले उहाँहरू सबै मेरा दाजुहरू हुनुभयो । उहाँहरूमध्ये मेरा जेठा दाजु गौरीप्रसाद घिमिरेको जन्म १९७२ सालमा भएको थियो । उहाँको न्वारनको नाउँ नन्दिकेशर थियो । उहाँ सामान्य रूपले मात्र पढालिखा हुनुहुन्थ्यो । मेरा मामा सुब्बा नारायणप्रसाद रिजालको आशीर्वाद र मेरी आमाका प्रयत्नले मेरा जेठा दाजु सरकारको डिट्ठासम्म हुनुभएको थियो । आमाको अनुशासनमा बस्नुभएका मेरा जेठा दाजुको गाउँठाउँमा निकै इज्जत थियो । उहाँले चार बिहे गर्नुभएको थियो । मेरा जेठा दाजुको गुरागाईंकी छोरीसँग पहिलो बिहे भएको थियो । अत्यन्त कर्मठ मेरी यी भाउजूको असामयिक निधन भएको थियो । गाउँठाउँमा विरोधीहरूले उजुरबाजुर गरेपछि मेरा दाजुहरूलाई ज्यानमुद्दा पनि यिनै भाउजूका काण्डमा लागेको थियो । तर पछि सो मुद्दा निराधार भयो र मेरा दाजुहरूले अदालतबाट सफाइ पाउनुभएको थियो । जेठी पत्नी गुरागाईंकी छोरीबाट माइला वा ग्वामे नाउँ गरेको छोरो पनि थियो । ऊ सानै उमेरमा भारत गएको थियो । मेरो त्यो भदा उतै प्रहरीमा जागिरे छ भनेको सुनेकी थिएँ । ऊसँग उसका बुबाको किरिया गर्नका लागि ऊ नेपाल आएको बखतमा मेरो भेट भएको थियो ।

मेरा जेठा दाजुकी माइली पत्नी सुवारकी छोरी हुनुहुन्थ्यो । उहाँबाट जन्मेको छोरो जेठो भएकाले उसको बोलाउने नाउँ ठूले र

खास नाउँचाहिँ विश्वराज हो, ठूलेकी एउटी बहिनी पनि छन् । ठूले र मैले सँगसँगै मेरी आमाको दूध खाएका थियौँ । उनले मेरी आमाको एकापट्टिको दूध खान्थे र म अर्कापट्टिको दूध खान्थेँ । त्यसरी नै ठूले र मैले दूध खाइरहेका बेला एक पटक आमाले 'छि: भाइको जुठो दूध खान्छेस्' भनेर जिस्क्याउनुभएको थियो । त्यसपछि मैले पनि 'छि: थु:' भनेर आमाको दूध खान चटक्कै छोडेकी रै'छु । म त त्यस बेला अढाइ वर्षकी थिएँ रे, यो कुरा म ठूली भएपछि आमा र भाउजूहरूले भनेर मैले थाहा पाएकी हुँ । जेठो नाति भएकाले हुनुपर्छ मेरी आमाले ठूलेलाई अति माया गर्नुहुन्थ्यो । उहाँले ठूलेलाई पढाउन भनेर नै घरमा मास्टरको व्यवस्था गर्नुभएको थियो । आमाले तिनै मास्टरसँग मलाई पनि पढ्न लगाउनुभएको थियो । मैले ठूलेसँगसँगै जति पढ्न पाएँ मेरो पढाइलेखाइ पनि त्यत्ति नै मात्र भयो । ठूलेले पनि खासै पढ्न सकेनन् । उनी पनि घरगृहस्थीमै लागे । ठूले र म दौँतर भएकाले मलाई उनको माया पनि धेरै लाग्छ र उनको सम्झना पनि आइरहन्छ । अहिले उनी मधेसको दूधेमा बस्छन् । उनी कहिलेकाहीँ मलाई भेट्न आउँछन् ।

मेरा जेठा दाजुकी साहिँली पत्नी ढकालकी छोरीबाट एउटा छोरो हरिप्रसाद जन्मेका थिए । हरि मोरङको विराट चोकमा व्यवसाय गर्थे । उनको पनि स्वर्गारोहण भइसक्यो । उनका दुइटा छोरा छन् । साहिँली भाउजूबाट जन्मेका तीन छोरी सुलोचना, सावित्रा र रीता आआफ्नो घरव्यवहार गर्छन् ।

मेरा ठूल्दाजुकी कान्छी पत्नी राईकी छोरी हुन् । कान्छी भाउजूबाट तीन छोरा रामकुमार, कृष्ण र लक्ष्मण तथा एक छोरी कमला छन् । जेठा छोरा डा. रामकुमारले रेडियोलोजीमा पि.एच्. डी. गरेका छन् । उनी शिक्षण अस्पताल महाराजगन्जमा रेडियोलोजी विभागका विभागीय प्रमुख छन् । रेडियोलोजीमा उनलाई नेपालको चिकित्सा क्षेत्रले विशिष्ट स्थानमा राखेको पाइन्छ । उनको स्वभाव

पनि निकै नै नरम र शिष्ट छ । उनकी पत्नी ममता पनि सेन्टमेरी स्कुलमा पढाउँथिन् । ममताको स्वभाव पनि उनको नाउँसँग मिल्ने किसिमको छ । अत्यन्त सहयोगी, सरल र शिष्ट राममममताका एक छोरो उत्कृष्ट र एक छोरी सत्यम् रातो बङ्ला स्कुलमा पढ्थे । हाल उनीहरू क्यानडा र भारतमा पढ्दै छन् ।

मेरा ठूल्दाजुका सबै छोराहरू र छोरीको मधुमल्ला र काठमाडौँमा आआफ्ना घरबार छन् ।

मलाई निकै माया गर्ने मेरा जेठा दाजुले जीवनको अन्तिम समयलाई व्यवस्थित पार्न सक्नुभएन । मेरी आमाले व्यवस्थित पारिदिनुभएको व्यवहार पनि मेरा दाजुको अस्थिर जीवनशैलीका कारणले धराशयी भयो । धेरै पत्नी विवाह गर्नाका कारण र लेनदेनमा अव्यावहारिकताका कारण उहाँको वृद्धावस्था सुखमय हुन सकेन । २०५३ साल असार २६ गते कृष्णपक्ष पञ्चमी तिथिमा ८१ वर्षको उमेरमा उहाँको स्वर्गारोहण भयो ।

# मेरा माइला दाजु गङ्गाप्रसाद घिमिरे

मेरा माइला दाजु गङ्गाप्रसाद घिमिरेको जन्म १९८४ साल वैशाख महिनामा भएको हो । उहाँ पनि सामान्य शिक्षाप्राप्त हुनुहुन्थ्यो । तर पनि अत्यन्त चलाख हुनुहुन्थ्यो । अदालती कामकाजमा लाग्न सक्ने ज्ञान थियो उहाँको । उहाँले पनि तीन बिहे गर्नुभयो । खतिवडाकी छोरी जेठी भाउजूबाट तीन भाइ छोरा छन् । जेठो शङ्कर, माइलो माधव र कान्छो नगेन्द्र हो । शङ्कर र माधव भएर धरानमा मोटरको वर्कसप र मोटर पार्टस्को व्यापार गर्छन् । कान्छो नगेन्द्र अहिले अमेरिकामा छन् । जेठो शङ्कर धेरै वर्ष नेपाल विद्युत् प्राधिकरणमा कार्यरत रहे । विराटनगरमा जागिर खाउन्जेल शङ्कर मेरै घरमा भाडामा बसेका थिए । सेवाअवधि पूरा गरी माथिल्लो तहको अधिकृत पदबाट उनले अवकाश लिएका हुन् । शङ्करले आचार्यकी छोरी रेनुकासँग बिहे गरेका छन् । उनका एउटा छोरो अनिस र एउटी छोरी शस्मिता छन् । माधवले गौतमकी छोरी दमन्तासँग बिहे गरेका छन् । उनका पनि एक छोरा मृदुल र एक छोरी मिरिक्षा छन् । कान्छो नगेन्द्रले उप्रेतीकी छोरी हेमा भनिने हरिमायासँग बिहे गरेका छन् । उनका दुई छोरी अनु, रिजु र एक छोरा समृद्ध छन् ।

मेरा माल्दाजुले आचार्यकी छोरीसँग दोस्रो बिहे गर्नुभयो । माइली भाउजूबाट जेठो भोला, माइलो रामहरि, साइँलो सुरेन्द्र र कान्छो योगेन्द्र गरी चार छोरा र तीन छोरी सीता, गीता र कोपिला छन् ।

माल्दाजुले आचार्यकी छोरीसँगै तेस्रो बिहे गर्नुभयो । कान्छी भाउजूबाट तीन छोरा राजेन्द्र, देवराज र दीर्घराज भए । यीमध्ये कान्छा छोरा नाउँ मात्रले दीर्घ भयो र उनको इहलीला असमयमै समाप्त भयो । मेरा माइला दाजुले मुद्दामामिलामा धेरै समय बिताउनुहुन्थ्यो । उहाँको जीवनको पछिल्लो समय सुखद थिएन ।

मेरा माइला दाजुको अरू व्यवहार जेसुकै भए पनि उहाँले मलाई चाहिँ निकै माया गर्नुहुन्थ्यो । विराटनगरमा मेरो घरमा आएर उहाँ निकै लामो समयसम्म पनि बस्नुहुन्थ्यो । धर्मकर्मका बारे पनि उहाँलाई निकै ज्ञान थियो । मलाई ज्ञानगुनका कुरा पनि निकै सिकाउनुहुन्थ्यो । उहाँलाई विविध जडीबुटीका बारेमा पनि निकै ज्ञान थियो । तर ती जडीबुटीका बारेमा उहाँले कसैलाई पनि सिकाउनुभएन । जसले गर्दा उहाँको ज्ञान उहाँसँगै खरानी भयो । उहाँको निधनभन्दा अघि निकै बिरामी परेर उहाँलाई विराटनगर अस्पतालमा जँचाउन ल्याइएका बेला उहाँको इच्छाअनुसार उहाँको कान्छीपट्टिको जेठो छोरो राजेन्द्रले मेरा घरमा लिएर आएका थिए । उहाँसँग मेरो अन्तिम भेट पनि त्यही रहेछ । २०६२ साल जेठ २९ गते ज्येष्ठ शुक्लपक्ष नवमी तिथिका दिन ७८ वर्षको उमेरमा उहाँको स्वर्गारोहण भयो । मेरा माल्दाजुका सबै नौ जना छोराहरूको अमेरिका, काठमाडौँ, विराटनगर, धरान, इटहरी र पाँचथरमा आआफ्ना घर छन् ।

# मेरा साहिँला दाजु अम्बिकाप्रसाद घिमिरे

मेरा साहिँला दाजु अम्बिकाप्रसादको जन्म १९८६ सालमा भएको हो । त्यस बेलाको चलनअनुसार साधारण पढालिखा मेरा साहिँला दाजु निकै चलाख हुनुहुन्थ्यो । उहाँ अत्यन्त साहसी पनि हुनुहुन्थ्यो । मेरा साहिँला दाजुको मानिसहरूसँगको व्यवहार कुशलता पनि अनुकरणीय मानिन्थ्यो । उहाँका घरमा उहाँद्वारा गरिएका अतिथिसत्कार पनि चिरस्मरणीय हुन्थे । मेरा मामा नारायणप्रसाद रिजालको पहुँच र साहिँला दाजुको क्षमताका कारण मेरा साहिँला दाजुले मेची अञ्चलका तत्कालीन बडाहाकिम सन्तवीर लामालाई रिझाएर हबल्दारको पद पनि पाउनुभएको थियो । सहृदयी व्यक्तित्व हुँदाहुँदै पनि उहाँले जालीफटाहाहरूको दोहोलो काढ्नुभएका कतिपय घटना मेरा स्मृतिमा अहिले पनि ताजै छन् । मलाई अत्यन्त माया गर्ने मेरा साहिँला दाजुले अरूलाई दण्डसजाय गरेको मैरै आँखाले देखेका कारण म पनि उहाँसँग निकै डराउँथैं । तर उहाँले मलाई सधैँ माया मात्र गर्नुभयो । साइँली भाउजूले पनि मलाई जहिले पनि माया मात्र गर्नुभयो ।

मेरा साहिँला दाजुले पनि दुई बिहे गर्नुभयो । वास्तवमा मेरा साहिँला दाजुले ढकालकी छोरी आफ्नी जेठी पत्नीलाई अत्यन्त माया गर्नुहुन्थ्यो । एक पटक मेरी साहिँली भाउजू निकै बिरामी पर्नुभयो । त्यस बेला ज्योतिषीले साहिँली भाउजूको सौतेनी ग्रह छ, दाजुले उहाँलाई सौता हाल्नेबित्तिकै उहाँ निको हुनुहुन्छ भनेछन् । साँल्दाजुले पनि ज्योतिषीले भनेजस्तै हतारहतार न्यौपानेकी छोरी खोजेर बिहे

गर्नुभयो । साँच्चै ज्योतिषीले भनेजस्तै भएर मेरी जेठी साहिँली भाउजू निको हुनुभयो । जेठी साहिँली भाउजूका लागि औषधीका रूपमा बिहे गरिएकी मेरी कान्छी साहिँली भाउजूसँग मेरा साँल्दाजुको पछिसम्म सम्बन्ध पनि भएन । कान्छी साहिँली भाउजूबाट एउटी छोरी भगवतीको जन्म भएको थियो । भगवतीको पनि २०६७ सालमा स्वर्गारोहण भयो । भगवतीका तीन छोरी र एउटा छोरो धिरज छन् ।

मेरी जेठी साहिँली भाउजूबाट तीन छोरा र तीन छोरीको जन्म भएको थियो । जेठी छोरी महालक्ष्मीको झापा बुधबारेका खड्ग प्रसाईंसँग बिहे भएको छ । उनका तीन भाइ छोरा र एउटी छोरी छन् । बाल्यकालमा नै टाइफाइडको प्रकोपले शारीरिक विकास नभएकी र श्रवणशक्तिसमेत न्यून भएकी माइली छोरी सरस्वती अविवाहित भएकीले अहिलेसम्म मेरी साहिँली भाउजूको हेरविचार गरेर बसेकी छन् । कान्छी छोरी महाकालीको साहित्यकार दुर्गा दाहालसँग बिहे भएको छ । महाकालीका दुई छोरा र एउटी छोरी छन् ।

मेरा साँल्दाजुका जेठा छोराको नाउँ विपिन घिमिरे हो । उनले रुसबाट कलाकारितासम्बन्धी अध्ययन गरेका हुन् । उनी अहिले ललितकला क्याम्पसमा क्याम्पसप्रमुख छन् । उनको विवाह गैरिपिपलीकी छोरी शकुन्तलासँग भएको छ । उनका एक छोरा रुपिन र एक छोरी रेनासा छन् ।

मेरा साँल्दाजुका माइला छोरा नवीनले त्रिभुवन विश्वविद्यालयबाट एम्.ए. पास गरेका छन् । उनी नेपाल सरकारका गृहसचिव पनि भए । उनले स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला अधिकारी, अध्यागमन विभागका प्रमुखजस्ता सरकारका महत्त्वपूर्ण जिम्मेवारी सफलताका साथ पूर्ण गरेका छन् । मेरा भदा नवीन नेपालको प्रशासनिक वृत्तमा अत्यन्त निष्कलङ्क छवि भएका व्यक्ति मानिन्छन् । उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सदस्य छन् । उनले झापाका वृहस्पति प्रसाईंकी छोरी रेखासँग विवाह गरेका छन् । उनका दुई

छोरा छन् । त्यति ठूलो हाकिम भएको मेरो भदा नवीन उनका घरमा म पुगेका बेला स्वयम् मेरो खातिरदारी गर्न अघि सर्छन् । उनकी पत्नी रेखा पनि अत्यन्त व्यवहारकुशल छिन् । कार्यालयको काममा पूर्वाञ्चलतिर आउँदा पनि नवीन मलाई भेट गरेर मात्रै फर्कन्छन् । मेरा साइँला दाजुले मप्रति जुन स्नेह राख्नुभएको थियो त्यसलाई उनले अलिकति पनि घटाएको म पाउँदिनँ ।

मेरा साँल्दाजुका कान्छा छोराको नाउँ जीवन हो । उनले स्नातक तहसम्मको अध्ययन गरेका छन् । उनको बिहे सुवेदीकी छोरी उषासँग भएको हो । उनका दुई छोरा र एक छोरी छन् । जीवन खिस्टियन धर्ममा प्रवेश गरेका छन् । सो धर्मअन्तर्गत रहेर सामाजिक कार्यमा उनी संलग्न छन् । मेरा भदा जीवनको भौतिक स्वरूप निकै मात्रामा मेरा साँल्दाजुको जस्तै छ । जीवन र उनकी पत्नी उषाले पनि मलाई निकै माया गर्छन् ।

मेरा साँल्दाजुका सबै छोराछोरीले मलाई निकै माया गर्छन् । खास गरेर म उनीहरूका घरमा जाँदा उनीहरूले ठूलै हर्षबढाइँ गर्छन् ।

मेरा साँल्दाजुलाई युवाअवस्थादेखि नै किसिमकिसिमका रोगहरू थिए । उहाँ अत्यन्त सोखिन जीवनयापन गर्नुहुन्थ्यो । अत्यन्त परिष्कृत जीवनशैली भएका उहाँको अनुशासन पनि निकै कडा थियो । सन्तानलाई पनि उहाँले आफ्नो अनुशासनमा निकै खार्नुभएको थियो । अतिथिहरूको स्वागतसत्कारमा पनि उहाँको शैली उत्कृष्ट थियो । मीठोमसिनो खानु उहाँको दैनिक जीवनचर्या थियो । उहाँ जतिन्जेल बाँच्नुभयो; निकै सानपूर्णको जीवन बाँच्नुभयो । मेरा साँल्दाजुको ५७ वर्षमै २०४४ साल चैत ७ गते चतुर्थी तिथिमा स्वर्गारोहण भयो ।

मेरा साँल्दाजुका तीन छोराका काठमाडौँमा आआफ्ना घर छन् । मेरी साइँली भाउजू भने माइली छोरी सरस्वतीसँग माइलो छोरो नवीनकै रोहबरमा बस्नुहुन्छ ।

# मेरा कान्छा दाजु राधाप्रसाद घिमिरे

मेरा कान्छा दाजुको जन्म १९८८ साल साउन १० गते भएको हो । उहाँको न्वारनको नाउँ यज्ञप्रसाद हो । मेरा कान्छा दाजु राधाप्रसाद घिमिरे जन्मँदाको घटना अचम्मको छ । मेरी आमालाई सुत्केरी बेथा लागेछ, निदानसेकमा बच्चोभन्दा पहिले साथी (सालनाल) झरेछ । अब आमा र बच्चो दुवैको ज्यान नरहने अनुमान गरिएछ । त्यसैले त्यस बेलाको चलनअनुसार धामीझाँक्री र पूजापाठ गरिएछ । सबैले सुत्केरीको मृत्युकै अनुमान गरिसकेका थिए । धामीझाँक्रीबाट पूजापाठ चलिरहेकै थियो । अचानक बाहिर निस्केको सालनाल पुन: गर्भाशयतिर प्रवेश गरेछ र त्यसको केहीबेरमा मेरा दाजु राधाप्रसादको जन्म भएछ । यस घटनापछि सामान्य अवस्थामा साथी पनि बाहिर निस्केर आमाको र बच्चाको ज्यान बाँचेको कुरा मैले सुनेकी हुँ ।

मेरा कान्छा दाजुको प्रारम्भिक शिक्षा लिम्बामै भएको हो । मेरी आमाको इच्छाअनुसार मेरा कान्छा दाजुले सुरुदेखि नै मामा नारायणप्रसाद रिजालको संरक्षणमा बसेर सम्पूर्ण शिक्षादीक्षा प्राप्त गर्नुभयो । मेरा ठूल्दाजु र मेरा मामाकै सल्लाहमा मेरा कान्छा दाजुले इलाहबादबाट बी.ए. पास गर्नुभयो । त्यस जमानामा बी.ए. पास गरेको मान्छे भनेको नेपाली परिवेशमा धेरै पढेका मानिन्थे । सानैदेखि विराटनगर मामाघरमा बसोबास भएकाले मेरा कान्छा दाजुको रहनसहन, बोलीचाली पनि सहरिया काँटको भयो ।

उहाँले विराटनगर निवासी सापकोटाकी छोरी सुभद्रासँग प्रीति गाँसेर २०११ सालमा बिहे गर्नुभयो । उहाँका तीन जना छोराहरू छन् । जेठो पारस घिमिरेले एम.बी.ए. पढेका छन् । परराष्ट्र मन्त्रालयका जागिरे उनी हाल म्यानमारका लागि नेपालका राजदूत छन् । उनले उप्रेतीकी छोरी प्रवीणासँग बिहे गरेका छन् । उनीहरूकी एउटी छोरी अनुज्ञा छिन् । उनको पनि डा. ज्ञवालीसँग बिहे भएको छ । हाल अनुज्ञा र उनका पति अस्ट्रेलियामा छन् ।

मेरा कान्छा दाजुका माइला छोरा दीपकको ढकालकी छोरी बिनुसँग विवाह भएको थियो । उनीहरूको एउटा छोरो राज छन् । बिनु निकै असल थिइन् । तर विधाताले उनलाई पृथ्वीमा धेरै दिनसम्म राखेनन् । उनको स्वर्गारोहण भएपछि दीपकले ममतासँग लगनगाँठो कसेका छन् ।

मेरा कान्छा दाजुका कान्छा छोरा पङ्कज हुन् । उनको पराजुलीकी छोरी दुर्गासँग बिहे भएको हो । पङ्कजका एक छोरा रविन र एक छोरी एलिन छन् ।

मेरो कान्छा दाजु राधाप्रसाद घिमिरे श्री ५ वीरेन्द्रकालीन पञ्चायत कालमा श्री ५ बाट मनोनीत सांसद पनि हुनुभयो । त्यस बेला मेरा मामाका छोरा नगेन्द्रप्रसाद रिजाल प्रधानमन्त्री हुनुभएको थियो । नगेन्द्र दाइको मन्त्रिमण्डलमा मेरा कान्छा दाजु शिक्षा तथा सञ्चार राज्यमन्त्री पनि हुनुभएको थियो । संसारका ताजाताजा घटनाहरूबारे जानकारी राख्नका लागि पत्रपत्रिका र रेडियो, टिभीसँग धेरै सम्बन्ध राख्ने मेरा कान्छा दाजु विराटनगरमा सम्मानित व्यक्तित्वका रूपमा चिनिनुहुन्छ । पुस्तक पढ्नमा पनि उहाँ निकै समय बिताउनुहुन्थ्यो । विराटनगरका धेरैजसो सङ्घसंस्थामा संलग्न भएर बुद्धिजीवीका रूपमा उहाँले धेरै काम गर्नुभएको छ ।

मेरा पतिले कलकत्तामा अध्ययन समाप्त गरेपछि कलकत्तैमा जागिर खाने इच्छा गर्नुभएका बेला २०१९ सालमा मेरा कान्छा

दाजुले ठूलो आग्रह गरेर हामीलाई विराटनगर ल्याउनुभएको थियो । त्यस बेला हाम्रा लागि विराटनगर नौलो र परचक्री ठाउँ थियो । मेरा कान्छा दाजु र कान्छी भाउजूले त्यस बेला हामीलाई निकै स्नेह गरेर केही दिनसम्म आफ्नै घरमा राख्नुभएको थियो । र पछि उहाँकै नजिकमा डेरा गरेर हामी बस्यौँ । त्यसपछि बिस्तारैबिस्तारै उहाँकै संरक्षणमा हामीले विराटनगरमा आफ्नो अस्तित्व निर्माण गरेका हौँ । मेरा लागि मेरा कान्छा दाजुभाउजूले मातापिताको भूमिका बिर्साउनुभएको थियो । खास गरेर उहाँहरूकै कारण चाडपर्वमा मैले टुहुरीजस्तो हुनु परेन । मेरी कान्छी भाउजू सुभद्रा घिमिरेको २०७१ साल मङ्सिर ३ गते द्वादशी तिथिमा उपचारका क्रममा भारतको राजधानी दिल्लीमा स्वर्गारोहण भयो । दिल्लीबाट उहाँको शवयात्रा गरी विराटनगरको सिङ्गियाघाटमा दाहसंस्कार भयो । जीवनभर आफ्नै हातले काम गरेर बाँच्न सफल मेरी कान्छी भाउजूको स्वाभिमान कहिल्यै झुकेन । साठी वर्षको दाम्पत्यजीवनबाट एक्लिएर वृद्धावस्थामा कष्टकर विदुर जीवन बिताउन बाध्य मेरा कान्छा दाजुले मलाई धेरै माया गर्नुहुन्छ । मेरा कान्छा दाजुलाई वृद्धावस्थामा शोक भोग्न लेखेको रहेछ । कान्छी भाउजूको स्वर्गारोहण भएको तीन महिनामै उहाँको कान्छो छोरो पङ्कजको २०७१ साल फागुन १० गते असामयिक निधन भयो । मेरा कान्छा दाजु विराटनगरको आफ्नो घरमा बस्नुहुन्छ र उहाँको जेठो छोरो पारसको घर काठमाडौँको गौरीघाटमा छ ।

# मेरा दिदीहरू

मेरी आमाले एघार ओटी छोरी जन्माउनुभएको थियो । एघार ओटी छोरीमध्ये बिहेदान गरेका चाहिँ दस ओटी छोरी हुन् । आमाका सबै सन्तानमध्ये मचाहिँ कान्छी छोरी हुँ । यसरी सबैभन्दा कान्छी छोरी भएका कारण मलाई मेरा बुबाआमाले धेरै माया गर्नुहुन्थ्यो र त्यसैले गर्दा म मेरा माइतमा सबैद्वारा पुलपुल्याइएकी थिएँ ।

मेरी जेठी दिदीको जन्म १९६६ सालमा भएको हो । उहाँको नाउँ गङ्गामाया हो र उहाँको पाँचथर, टोखाका चौलागाईंसँग बिहे भएको थियो । उहाँ पन्चानब्बे वर्षसम्म बाँचेर २०५१ सालमा स्वर्गारोहण हुनुभयो । जेठी दिदीका सन्तान झापा दमकतिर छन् ।

मेरी माइली दिदीको जन्म १९६८ सालमा भएको हो । उहाँको बिहे पाँचथर, तिल्केनीका दाताराम चौलागाईंसँग भएको थियो । उहाँका चार ओटी छोरी छन् । छोरीका छोराहरू बेलाबखत मलाई भेट्न आइरहन्छन् ।

साहिँली दिदी हरिकुमारीको जन्म १९७० सालमा भएको हो । उहाँको बिहे पाँचथर, लिम्बाका धर्मानन्द बाँस्तोलासँग भएको थियो । मेरी साइँली दिदीका दुई बहिनी छोरी र एक जना छोरा थिए । उहाँकी जेठी छोरी झुमा मभन्दा सात महिना जेठी हुन् । झुमाको खास नाउँ डबलीमाया हो । साँल्दिदीको छोरो यज्ञप्रसाद मभन्दा दुई वर्षजति साना हुन् तर उनी मेरा सहपाठी हुन् । पहाडको

बसोबासमा आफन्तले नै सामन्ती भएर लखेटेपछि उनले आफ्नो थातथलोमा टिकिखान सकेनन् । त्यसैले देशभित्र गरिखान नसक्दा उनी मुगलान पस्न बाध्य भएका थिए । आचार्यकी छोरीसँग विवाह गरेका यज्ञप्रसाद भारतको आसामतिर पलायन हुँदा उनकी पत्नी गर्भवती थिइन् ।

एक मात्र छोरो यज्ञप्रसाद बिदेसिएको कारण मेरी साइँली दिदीको मन वैरागिएको थियो । यसै कारण मेरी साहिँली दिदी चालीस वर्षअघि भारत आसाममा भएको छोरो यज्ञप्रसादको खोजीमा जानुभएको थियो तर उहाँ फेरि फर्केर आउनुभएन । धेरै वर्षसम्म पनि उहाँ जीवित हुनुहुन्छ वा हुनुहुन्न त्यसको खुट्पत्तो पनि हामीलाई थिएन । हालसालै अर्थात् २०७२ सालको वैशाख महिनामा अचानक उहाँको छोरो यज्ञप्रसाद आँखाको उपचार गराउन भनेर आसामबाट नेपालको मोरङ जिल्लामा भएको आँखा अस्पतालमा आएका बेला उनी फुमाका घरमा आइपुगेका थिए । असमयमै अत्यन्त वृद्धावस्थामा पुगेका र दुवै आँखाका ज्योति गुमाएका यज्ञको अवस्थाले मलाई अति दु:खी तुल्याएको थियो । यज्ञका अनुसार मेरी साइँली दिदीको स्वर्गारोहण भएको पनि पन्ध्र वर्ष भइसकेको रहेछ । यज्ञका छोरा गङ्गाप्रसाद बाँस्तोला झापा जिल्लाको एमालेका कार्यकर्ता हुन् । गङ्गाले पचास वर्षपछि भेटेका पिताको आँखाको उपचार गराउने र सश्रद्धा उनलाई आफैँले स्याहारसुसार गरेर राख्न खोजेका थिए । तर यज्ञलाई यताभन्दा उता आसामकै मायाले तान्यो र आँखाको मोतीबिन्दुको अपरेसनपछि आँखा देख्ने भएर उनी उतै फर्केका छन् ।

मेरी साइँली दिदीकी कान्छी छोरी मनमाया विवाहको वर्षदिनमै विधवा भएकी थिइन् । उनले त्यसपछि भोटे जातिका युवकसँग प्रेम विवाह गरेकी थिइन् । उनका दुई छोरा थिए । 'म आमालाई खोजेर, धेरै धन कमाएर ल्याउँछु है !' साइँली दिदी प्रवासिएकै समयमा छ-सात वर्षका छोराहरूलाई छोडेर मनमाया पनि आसामतिर लागेकी

थिइन् । तर उनी पनि फर्किनन् । त्यसपछि ती दुई छोराहरूलाई उनीहरूकै पिताका आफन्तले भुटानतिर लगेका थिए ।

फुमाको बिहे जनकलाल रिजालसँग भएको हो । फुमा नातामा मेरी छोरी भए पनि उनको र मेरो उमेर मेल खाएका कारण र उनको स्वभाव पनि अत्यन्तै सहृदयी भएका कारण मेरो हित्तचित्त मिलेको छ । मलाई अप्ठ्यारो परेको बेला उनी मेरा लागि जुनसुकै सहयोग गर्न पनि तयार हुन्छिन् । मेरो वृद्धावस्थामा मैले आफैँले जन्माएको सन्तान बराबरी भएर उनले मेरो सेवा गरेकी छिन् । दुई छोराको जन्म भए पनि फुमाको वैवाहिक जीवन सुखद भएन । फुमाले छोराहरूको शिक्षादीक्षा र जीवनयापनका लागि धेरै सङ्घर्ष गरेकी छिन् । सामन्ती आफन्तहरूबाट सहयोगको साटो शोषण भोगेकी एक्ली आइमाई फुमाले नेपाली समाजमा निकै ठूलो सङ्घर्ष गरेर आफ्ना दुई छोराहरूलाई खुट्टा टेकाएकी हुन् । अहिले वृद्धावस्थाकी फुमालाई उनका कान्छा छोराबुहारी भवानी र विन्दाले अत्यन्त माया र सम्मानका साथ हेरविचार गरेर राखेका छन् ।

फुमाको जेठो छोरो देवी रिजाल विद्युत् प्राधिकरणमा जागिरे छन् र उनको बिहे ढकालकी छोरी आनन्दकुमारीसँग भएको हो । उनीहरूका दुई छोरा छन् । फुमाको कान्छो छोरो भवानी रिजाल पनि विद्युत् प्राधिकरणमै जागिरे छन् । भवानीले मसँगै बसेर बी.ए.पास गरेका हुन् । मेरा पतिको असामयिक निधन भएपछि उनले निकै वर्षसम्म मलाई जग्गाजमिनका सम्बन्धमा अड्डाअदालतको काममा सहयोग गरे । अहिले पनि भैपरिआएको काममा उनले मलाई सघाउँदै आएका छन् । उनको बिहे ढुङ्गानाकी छोरी विन्दासँग भएको छ । उनीहरूका दुई छोरा साइमन र संरक्षण विद्यालयमा अध्ययनरत छन् ।

मेरी काइँली दिदी भयरूपाको जन्म १९७४ सालमा भएको हो । उहाँलाई बिहे गरेर गोतामेलाई दिइएको थियो । मैले उहाँलाई

कहिल्यै देखिनँ । देख्नु त परै जाओस्; उहाँका बारेमा खासै चर्चा पनि कसैले गरेको मेरो माइतीमा सुनिँदैनथ्यो । सट्याकसुटुक उहाँका बारेमा जिब्रो दबाएर कुरा गरेको मात्र मैले सुनेकी हुँ । मेरी काइँली दिदीकी सासू निकै जन्ड थिइन् रे । सासूको बुहार्तन खप्न नसकेर मेरी काइँली दिदी माइतमा नै बस्नुहुन्थ्यो रे । माइतमै रहँदाबस्दा मस्त युवती उहाँको गर्भ रहन गएछ । त्यो कुराको सुइँको पाउनासाथ उहाँलाई कसैसँग जिम्मा लाएर डाँडा कटाइएको रहेछ । त्यसरी डाँडा कटाएपछि उहाँले कहिल्यै माइत आउन पनि पाउनुभएन र उहाँको हालखबर सोधखोज पनि माइतीले कहिल्यै नगरेका रहेछन् । एक किसिमले जिउँदै मरेतुल्य मेरी काइँली दिदीलाई त्यसैले गर्दा मैले कहिल्यै नदेखेकी रहिछु । ती नदेखेकी मेरी काइँली दिदीका बारेमा मलाई नरमाइलो लाग्थ्यो । उस जमानामा छोरीको जिन्दगीको नरमाइलो कथा सम्झँदा अहिले पनि मेरो मन अमिलो हुन्छ । मेरी ती दिदीका सन्तानका बारेमा पनि मलाई केही जानकारी हुने कुरै भएन ।

मेरी अन्तरी दिदीको जन्म १९७७ सालमा भएको थियो । उहाँलाई पनि गोतामे थरमै दिइएको हो । गोतामे थरलाई स्वाँर पनि भनिँदो रहेछ । अहिले उहाँको घर सलकपुरमा छ । उहाँका तीन छोरी र एउटा छोरो छन् । जेठी छोरीले माइतमै बसेर आमाको र भाइको हेरविचार गरिन् । माइली छोरी पनि सलकपुरमै बस्छिन् । कान्छी छोरी देवकी र जुवाइँ कृष्णप्रसाद गजुरेल मलाई भेट्न आइरहन्छन् । दिदीको छोरो राजेश पनि मेरो सोधीखोजी गर्छन् । राजेशकी पत्नी मीना इजरायलमा कार्यरत छिन् ।

मेरी जन्तरी दिदीको जन्म १९७९ मा भएको थियो । उहाँको बिहे पनि तिल्केनीका चौलागाईंसँगै भएको हो । उहाँका तीन भाइ छोरा र एक बहिनी छोरी थिए । त्यसमध्ये छोरी अल्पायुकी भइन् । मेरी जन्तरी दिदीको बोली प्रस्ट थिएन ।

अरू सबै दिदीहरूभन्दा म माथिका तीन ओटी दिदीहरूसँग मेरो हिमचिम बढी रह्यो । वास्तवमा ठूला दिदीहरू र मेरो उमेरका बीचमा धेरै नै फरक भएका कारण अधिकांश मेरा दिदीहरूको म जन्मनुअघि नै बिहेदान भइसकेको थियो । पहाडको त्यस बेलाको चलनअनुसार बिहे भएर गएका चेलीबेटी हत्तपत्त माइत आउन पनि पाउँदैनथे । त्यसो हुनाले मैले मेरा बिहे भैसकेका दिदीहरूसँग सम्बन्ध राख्न पनि पाइनँ । तीज र दसैँमा आएका दिदीहरू पनि मेरा लागि पाहुनाजस्ता हुन्थे र म उनीहरूसँग ऋयामिन्नथेँ । त्यसैले ठूलीकान्छी दिदी, मैना दिदी र सानिकेटी दिदीहरूसँग मात्र मेरो घनिष्ठता भयो । अऩ ठूलीकान्छी दिदीसँग चाहिँ मेरो निकै गहिरो सम्बन्ध थियो ।

१९८१ मा जन्मेकी मेरी ठूलीकान्छी दिदी बालकुमारी बाल्यकालमै दुर्घटनामा पर्नुभएको थियो । उहाँ पाँच वर्षकी हुनुहुँदा गाईबस्तुलाई खोले पकाउने आगोमा परेर डढ्नुभएको थियो । उहाँको त्यस बखत कम्मरमुनिको भाग निकै नराम्रोसँग डढेको थियो । त्यस बेलाको पहाडको ठाउँमा जडीबुटीबाहेकको औषधी हुन सकेन । त्यसपछि खुनी छोरी भनेर मेरा बाआमाले बाँस्तोला थरका गरिब र सोझो केटो खोजेर उहाँको बिहे गरिदिनुभयो । मेरा बाआमाले मेरी ठूलीकान्छी दिदीलाई घरबारी दाइजो दिएर माइतीको नजिकै राख्नुभएको थियो । मेरी ठूलीकान्छी दिदीले सात छोरा र एक छोरी जन्माउनुभयो । त्यसमध्ये चार छोरा र एउटी छोरी अहिले पनि छँदै छन् । जेठो वासुदेव, माइलो चिरञ्जीवी, साइँलो निरञ्जन र कान्छो बद्री हुन् भने एउटी छोरी वृन्दा हुन् ।

ठूलीकान्छी दिदी र मबीच साह्रै नै प्रगाढ सम्बन्ध थियो । म चौध वर्ष पुग्दानपुग्दै मेरी आमाको स्वर्गारोहण भएकाले मलाई आमाको निधनपछि आमातुल्य माया मेरी ठूलीकान्छी दिदीले नै गर्नुभएको थियो । म सानै हुँदादेखि नै दिदीका घरमा केही

मीठोमसिनो पाक्यो भने भिनाजु आफैँ मलाई लिन आउनुहुन्थ्यो । मेरी दिदीले मेरा मुखमा आफूले पकाएको मीठो कुरा नहाली उहाँ खानु नै हुन्नथ्यो । हुन त ठूलीकान्छी दिदीले अरू सबै दाजुदिदीहरूलाई पनि आफूले पकाएको मीठो खानेकुरा खुवाउनुहुन्थ्यो । ठूलीकान्छी दिदीको घर हामी सबै दिदीबहिनी दाजुभाइहरूको मीठो खाने र रमाइलो गर्ने थलो थियो । तर पनि ठूलीकान्छी दिदीको विशेष स्नेहपात्र म थिएँ । मलाई उहाँले अरूलाई भन्दा धेरै माया गर्नुहुन्थ्यो ।

हाम्रो परिवार विराटनगरमा जमेपछि मैले नै मेरा पतिसँग अनुरोध गरेर मेरी ठूलीकान्छी दिदीको परिवारलाई पनि विराटनगरमा झिकाएकी थिएँ । त्यसभन्दा पहिले मैले ठूलीकान्छी दिदीको माइलो छोरो चिरञ्जीवीलाई आफैँसँग राखेर स्कुलमा पढाउन थालेकी थिएँ । चिरञ्जीवीलाई मेरा आफन्तहरूले निकै दुक्ख दिएको मैले आँखैले देखेकी थिएँ । तर त्यस बेला मेरो आफ्नै अवस्था नै राम्रो थिएन । जसले गर्दा मैले चिरञ्जीवीलाई केही सहयोग पनि गर्न सकेकी थिइनँ । तर मेरा पतिले विराटनगर कलेजमा पढाउन थालेपछि र पाञ्चालीमा हाम्रो आफ्नै घर निर्माण भएपछि मैले मेरी दिदीको एउटा छोरालाई भने पढाइदिने विचार गरेर चिरञ्जीवीलाई लिम्बाबाट झिकाएकी थिएँ ।

चिरञ्जीवी हामीले सोचेजस्तै नै भए । उनी अत्यन्त मिहेनती थिए । घरमा आइपरेका काम सघाएर पनि मिहेनतका साथ पढेर उनले मेरा पतिको मन पनि जितेका थिए । अनुशासित र मर्यादित उनले मलाई सधैँ मातृवत् व्यवहार गरे । मेरा तीन छोरी मात्र भएका बेला छोराको रहर पनि मैले चिरञ्जीवीबाटै पूरा गरेकी थिएँ । चिरञ्जीवीले मेरा छोरीहरूको पठनपाठनमा पनि मद्दत गर्थे । खास गरेर इन्दिरालाई प्रवेशिका परीक्षा उत्तीर्ण गराउनमा उनको योगदान छ ।

चिरञ्जीवी हामीसँग बस्न थालेपछि कान्छी दिदी पनि विराटनगर आउन थाल्नुभएको थियो । मेरा भिनाजुको स्वर्गारोहण भइसकेको कारण पनि मेरी दिदीको परिवारले पहाडमा दुक्ख पाइरहेको हामीले थाहा पायौँ । त्यसपछि मैले उहाँहरूको परिवारलाई नै विराटनगरमा झिकाएकी थिएँ । चिरञ्जीवीको इमानदारीताबाट प्रभावित मेरा पति र मैले मेरी कान्छी दिदीको परिवारबाट पनि सोही अपेक्षा गर्नु स्वाभाविकै थियो । मधेसमा भयो भने छोराहरूले पनि पढ्न पाउँछन् र केही उन्नति पनि गर्लान् र आफूले पनि दिदीको माया पाइन्छ भन्ने मेरो इच्छा थियो ।

पहाडबाट मधेस आएर केही महिनासम्म त उनीहरूको परिवार हाम्रै घरमा बसे । जेठो छोरो वासुदेवको बिहे भइसकेको थियो । त्यस बेला मेरा पतिले विराटनगरको जतुवा कठकुप्पामा निकै खेतहरू किन्नुभएको थियो । तिनै खेतमा खेतीपातीको हेरविचार गर्नका लागि वासुदेवलाई मेरा पतिले जिम्मा दिनुभयो । मेरा पतिले उनीहरूका लागि तिनटोलियामा घर बनाइदिनुभयो । मेरा पति परोपकारी स्वभावका हुनुभएकाले र मेरी ठूलीकान्छी दिदी धेरै असल हुनुभएकाले त्यस बखत मेरा पतिले आफूले सकेको सहयोग गरेर उनीहरूको थातबास मिलाउनुभएको थियो ।

विराटनगरमा स्थायी बसोबास गरेको झन्नै पाँच वर्षपछि मेरी दिदीको पुरानो डढेको घाउ बल्झ्यो । सो घाउको स्थानीय चिकित्सकहरूले उपचार गर्दा केही पार नलागेपछि मेरा पतिकै पहलमा मेरी दिदीलाई उपचारका लागि कलकत्ता पुऱ्याइयो । त्यहाँका चिकित्सकहरूका अनुसार उहाँको सो घाउमा क्यान्सर भइसकेको थियो । तर पनि उपचारको निकै प्रयत्न गरियो । दैवको लीलाका अघि केही लागेन र २०२६ सालको असार महिनामा उहाँको विराटनगर तिनटोलियास्थित आफ्नै निवासमा निधन भयो । मातृवत् स्नेह प्रदान गर्ने मेरी दिदीको स्वर्गारोहणले मलाई यो संसार नै शून्य लागेको

थियो । दिदी बिते पनि दिदीका छोराछोरी छन् भनेर मैले चित्त बुझाएँ । उनीहरूले पनि मलाई सानीमा नभनेर आमा नै भन्थे । वासुदेवलाई मेरा पतिले आफैँले जन्माएको जेठो छोरोसरह माया र विश्वास गर्नुभएको थियो । तर संसारमा सबै कुरा आफूले चाहेजस्तो हुँदैन रहेछ । त्यतिविधि विश्वास गरिएका मेरा ती छोराहरूले आफ्नो विश्वास कायम राख्न सकेनन् । मैले र मेरा पतिले खन्याएको सम्पूर्ण माया, प्रेम र विश्वासको उनीहरूले दुरुपयोग गरेको पनि पाइयो । मेरा पतिको असामयिक निधन भएपछि मैले जुन रूपमा वासुदेवबाट सहयोग पाउनुपर्थ्यो, त्यो पाउन सकिनँ । त्यसपछि उसको र मेरो सम्बन्धमा पनि कटुता आयो । तर माइलो छोरो चिरञ्जीवी र उसकी पत्नी निर्मलाले भने मसँग एकनासको सम्बन्ध राखेका छन् । साइँलो निरञ्जन पनि बिहे गरेर काठमाडौँतिरै बसोबास गर्छन् । उनले पनि मलाई माया गर्छन् । चिरञ्जीवी र निर्मला दुवै जना क्याम्पसमा पढाउँथे । चिरञ्जीवी क्याम्पसप्रमुख पनि भएका थिए । उनी मदन भण्डारी कलेजका सञ्चालक समितिका अध्यक्ष पनि हुन् । एमालेसँग सम्बद्ध उनी विविध राजनीतिक र सामाजिक सङ्घसंस्थामा आबद्ध छन् । उनीहरूको छोरो सुलक्षण नेपाली सेनामा कर्णेल छन् र बुहारी इन्जिनियर रञ्जना पनि निकै शीलवती छिन् । सुलक्षण र रञ्जनाको एउटा छोरो आयुष छन् । मेरी कान्छी दिदीको साइँलो छोरो निरञ्जन पनि क्याम्पसमा पढाउँछन् । केटाकेटी उमेरदेखि नै अत्यन्त लगनशील र शान्त निरञ्जनका पनि एउटी छोरी र एउटा छोरो छन् ।

१९९० सालमा जन्मनुभएकी मेरी लखन्तरी दिदी चन्द्रकला बराललाई माइतमा सबैले मैना भनेर बोलाउँथे । मैनाको बिहे पाँचथर, जीतपुरका चन्द्रप्रसाद बरालसँग भएको हो । उहाँको घर अहिले झापाको बिर्तामोडमा छ । मेरी मैना दिदीका दुई छोरा र छ बैनी छोरी छन् । छोराहरूमध्ये जेठो बद्री बराल व्यापार गर्छन् ।

कान्छो छोरो लीला बरालले विराटनगरमा बसेर पढेका हुन् । उनी पेसाले पत्रकारिता गर्छन् । मेरी मैना दिदीको वृद्धावस्था सुखमय हुन सकेन । उहाँलाई अल्जाइमर रोगले पनि गाँजेको छ र उहाँ जेठो छोराको संरक्षणमा बस्नुभएको छ । उहाँका छोरीहरूले उहाँको हेरविचार गरेका छन् ।

१९९२ सालमा जन्मेकी मेरी मन्तरी दिदी (जसलाई हामी सबैले सानीकेटी दिदी भन्ने गरेका छौँ) को बिहे पाँचथरकै छ नम्बर बुधबारेका रामप्रसाद आचार्यसँग भएको हो । सानीकेटी दिदी र मेरो उमेरमा धेरै फरक नहुनाले हाम्रो बाल्यकाल साथसाथै बितेको हो । त्यस बेला अहिलेजस्तो घरघरमा चर्पीको व्यवस्था भएको थिएन । केटाकेटी अवस्थामा दिसा बस्ता हामी दुई दिदीबहिनी सँगै बस्थ्यौँ । त्यसरी बस्ता दिसा पुछ्ने सेउला र धुने पानी लोटामा अघिल्तिर राखेर एकअर्काको अनुहार हेराहेर गर्ने पारेर आमनेसामने फर्केर बस्थ्यौँ । अनि दिसा गरेको बेला एकअर्काको अनुहारको भाव कस्तो कस्तो हुन्थ्यो विचार गरिरहन्थ्यौँ । त्यसपछि सो कर्म सकिएर धोईपखाली भएपछि दुवैले एकअर्कालाई 'तैँले दिसा गर्दा तेरो अनुहारको भाव यस्तो बनाएकी थिइस्' भनेर एकअर्कालाई गिल्ला गर्थ्यौँ ।

अहिले दिदीको घर मोरङ ताराबारीमा छ । भिनाजु धेरै असल हुनुहुन्थ्यो । तर उहाँको पनि लामो आयु भएन । उहाँका चार छोरा र दुई छोरी जन्मेका हुन् । जेठो छोरो पाण्डुको २०६४ सालमा निधन भयो । माइलो विष्णु धेरै वर्ष विदेशमा बसेर फर्केका छन् । मेरी सानीकेटी दिदी ताराबारीमा विष्णुसँगै बस्नुहुन्छ । साइँलो छोरो शम्भु र बुहारी सरस्वतीले नेपालमा पनि राम्रो जागिर खाएर घरजम गरेका थिए तर अमेरिकी सरकारको डी.भी. परेर उनीहरू दुइटा छोरासमेत चेपेर अमेरिका गएका छन् । शम्भु नेपालमा हुँदा मलाई निकै माया गर्थे । उनको गाडीमा राखेर मलाई काठमाडौँका ठाउँठाउँमा पुऱ्याइदिन्थे । अहिले उनी नहुँदा मलाई उनको निकै खाँचो महसुस

भएको छ । मेरी सानीकेटी दिदीको कान्छो छोराको नाउँ सुमन हो । उहाँकी जेठी छोरी कुन्ता पनि निकै असल छिन् । अत्यन्त भद्र एवम् पौरखी यज्ञप्रसाद खतिवडासँग बिहे भएकी कुन्ताले केही वर्षसम्म मेरी दिदीलाई आफैँसँग राखेर हेरविचार गरेकी थिइन् । दुई छोरा अभिषेक र आशिषकी आमा कुन्ता अहिले काठमाडौँमा बसोबास गर्छिन् । मेरी सानीकेटी दिदीकी कान्छी छोरीको नाउँ गोमा हो । गोमाको घर इटहरीमा छ ।

# मेरो बाल्यकाल

मेरी आमाले जन्माउनुभएका पन्ध्र जना सन्तानमध्ये सबैभन्दा कान्छी छोरीका रूपमा मेरो जन्म १९९५ साल असोज १६ गते दुर्गाअष्टमीका दिन बिहानको समयमा भएको हो । सबैभन्दा सानी छोरी भएकाले मलाई मेरा बुबाआमाले धेरै माया गर्नुहुन्थ्यो । त्यस बेलाको चलनअनुसार रजस्वला नभई छोरीको कन्यादान दिनु ठूलो धर्म मानिन्थ्यो । त्यसैले मेरा सबै दिदीहरूको पाँचसात वर्षकै उमेरमा बिहेदान गरिएको थियो । 'म यो मेरी कान्छी छोरीलाई ठूली हुन्जेल पाल्छु, यसको पन्ध्र वर्ष नपुगी बिहे गर्दिनँ' मेरा सन्दर्भमा मेरी आमाले भन्नुहुन्थ्यो । म धेरै माया गरिएकी छोरी भएकीले मलाई पढाइलेखाइतर्फ पनि उन्मुख गराइएको थियो । त्यसो त मलाई पढ्न भनेपछि असाध्यै मन पर्थ्यो । बासँग बसेर बाले 'रामायण' पढेको सुन्दासुन्दै र हेर्दाहेर्दै मैले नेपाली सावाँअक्षर चिनिसकेकी थिएँ ।

मेरा कान्छा दाजु विराटनगर मामाघरमा बसेर पढ्नुहुन्थ्यो । छुट्टीमा उहाँ घरमा आएका बेला म उहाँसँग अङ्ग्रेजी सिकाइमाग्थेँ । उहाँले पनि मलाई अङ्ग्रेजीका शब्दहरू कापीमा लेखेर कण्ठ गर्न लगाउनुहुन्थ्यो । म ती शब्दहरू चाँडोभन्दा चाँडो कण्ठ गरेर दाजुलाई सुनाउँथेँ । त्यस बेला कान्छा दाजुसँग सिकाइमागेर मैले अङ्ग्रेजी शब्दहरू सिक्न पाएँ । कान्छा दाजु पढाइमा जान्ने हुनुहुन्थ्यो । मलाई पनि कान्छा दाजुजस्तै पढाइमा जान्ने हुन मन लाग्थ्यो र आमासँग 'म पनि मामाघरमा बसेर पढ्छु नि' भनेकी थिएँ । तर 'छोरीमान्छेले

घरबाहिर बसेर पढ्नुहुन्न' भनेर आमाले मलाई सम्झाउनुभएको थियो । हाम्रा घरबाट पन्ध्र मिनेटको बाटोमा डाँडागाउँमा डाँडाको स्कुल भनेर एउटा स्कुल थियो । 'म पनि त्यो स्कुलमा पढ्छु नि, आमा !' भनेर आमासँग अनुरोध गरेकी थिएँ ! 'आम्मै नि, तिमीले किन यस्तो कुरा गरेकी ? छोरीमान्छेले स्कुल जानुहुँदैन ।' आमाले मलाई फेरि पनि यसरी सम्झाउनुभएको थियो ।

म नौ वर्ष लागेँ । मेरा ठूल्दाजुको छोरो ठुले, ठुल्दिदीको छोरा साइँलो, साइँली दिदीको छोरो यज्ञप्रसाद बाँस्तोला र मेरा लागि समेत भनेर धनकुटाबाट एक जना शिक्षक झिकाइयो । खासमा मेरी आमाले आफ्नो जेठो नाति ठूलेलाई पढाउन शिक्षक झिकाउनुभएको हो । घरमा आफ्नै उमेरको भदा ठूलेलाई पढाउन थालेपछि मैले पनि 'आमा म पनि भाइहरूसँग पढ्छु नि ! मलाई पनि पढाउन भनिदिनू' भनेर जिद्दी गरेँ । अनि आमाले मास्टरलाई भनिदिनुभयो । त्यसपछि मलाई पनि मास्टरले समूहमा मिसाए । उनले हामी चार जनालाई पढाउन थाले । उनले हामीलाई दैनिक तीन समय बिहान, दिउँसो र बेलुका पढाउँथे । हामीले नौ महिनासम्म उनीसँग त्यही रीतले पढ्यौँ । त्यस बेलाको दुई र तीन कक्षाको पढाइ हामीलाई पढाइयो । तर त्यसैबीचमा हाम्रा सर घर गए, आएनन् । जसले गर्दा हाम्रो पढाइ बन्द भयो । मलाई पढ्न पनि खूबै आउँथ्यो तर मैले त्यसपछि लामो समयसम्म पढ्न पाइनँ । अर्थात् मेरो औपचारिक शिक्षा त्यसपछि बन्द नै भयो ।

म सानो हुँदा मेरो माइती सम्पन्नताको चुलीमा थियो । मेरा माइतीमा प्रशस्त मात्रामा गाईभैँसी, बाखापाठा हुन्थे । दाजुहरूका आआफ्ना घोडा थिए । छसात जना नोकरको काम तिनै वस्तुभाउको स्याहारसुसार गर्न ठिक्क थियो । धेरै माउ दुहुना गाईभैँसी भइरहनाले घरमा दूधदहीको कहिल्यै कमी हुँदैनथ्यो । ठूलाठूला कराहीमा दूध तताइन्थ्यो । तीनपाथे वा पाँचपाथे ठेकीमा दिनहुँ मोही पारिन्थ्यो ।

मोही पनि हिजोआज नाउँ चलेका होटेलमा बेचिने लस्सीजस्तो बाक्लो मोही भयो भने मात्र हामी खान्थ्यौँ, नत्र मोही बस्तुलाई खान दिइन्थ्यो । दैनिक नौनी र खारिएको घिउले गर्दा भँडारमा काठका हर्पे भरिभराउ घिउ हुन्थे । मौरीका घारहरू पनि प्रशस्तै हुन्थे । जसले गर्दा महको कहिल्यै कमी हुँदैनथ्यो । आफ्ना घरमा बाखापाठा पालिएका हुन्थे । त्यस बेला अहिलेजस्तो मासु किन्ने चलन थिएन । कसैले गाउँमा खसी काटेको छ भने साँप्रा नै ल्याउने चलन थियो । कतिपय गाउँलेले मेरी आमालाई मुखेनी भनेर मान्नका लागि पनि आफ्ना घरमा पाठो वा खसी काटेका बेला कोसेलीका रूपमा मासु नै ल्याइदिन्थे । त्यसबाहेक कुनै छोराछोरीले मासु खान मन लाग्यो भन्नासाथ मेरी आमाले तुरुन्त खसी काट्न लगाउनुहुन्थ्यो ।

मेरा माइला दाजु र साहिँला दाजु कहिलेकाहीँ गाँजा पनि खानुहुन्थ्यो । गाँजाको लहडमा उहाँहरूले कहिलेकाहीँ राती खसी काटेर बिहान हुन्जेलसम्ममा पोलेर नै सिङ्गै खसी खाइसक्नुहुन्थ्यो । हामी केटाकेटीहरू बिहान उठ्दा आँगनमा खसीको टाउको, आन्द्राभुँडी र भुत्ला देखेर राती खसी काटेको रहेछ भन्ने थाहा पाउँथ्यौँ ।

मेरो माइतमा फलफूलको पनि दुक्ख थिएन । हाम्रो आँप र सुन्तलाको बगैँचा नै थियो । पचाससाठीभन्दा बढी नै सुन्तलाका बोट थिए, दसबाह्र गाछी कागती थिए भने त्यत्तिकै बोट निबुवा र ज्यामिर थिए । त्यसबाहेक बेलाइती (अम्बा), नास्पाती, आँप र अरू किसिमकिसिमका फलफूलहरू हाम्रा बगैँचामा हुन्थे । एउटा ठूलो आँपको बोट थियो, त्यसमा छ सातहजार आँप फल्थ्यो । सुन्तला र आँप हामी बोटैमा चढेर पाकेको र गुलियो रोजीरोजी पेटभरि खान्थ्यौँ । हामी बिहानदेखि बेलुकीसम्म फलफूल खाइरहन्थ्यौँ । मैतालु नपठाउन्जेल पेट फलफूलले नै भर्ने भात थोरै खाने मेरो बानी नै थियो ।

एक पटकको कुरा हो । सुन्तलाको बोटमा चढेर सधैँझैँ मैले सुन्तला खाएँ । सुन्तलाले अघाइसकेपछि बोटबाट ओर्लिन खोज्दा

सुन्तलाको काँडा मेरो दाहिने हत्केलाको बीचबाट निकै गहिरोसँग छेडिएर गएछ । काँडाले छेडेर छालाको निकै भित्रसम्म पुगेका कारण मलाई दुखेको थिएन । तर रगतको धारो बगेपछि म आत्तिएँ । रगत देखेर भन्दा पनि अब आमाले मार्नुहुन्छ भन्ने डरले म त्यस बेला रुन पनि थालेँ । मेरो हालतले मेरो माइतीमा त्यति बेला कोकोहोलो नै मच्चियो । मेरो हत्केलामा निकै गहिरो घाउ भएको थियो । त्यस बेला तुरुन्त एकमुठी काँचो सिम्रिक मेरो चिरिएको हत्केलामा हालियो । झन्डै एक महिनापछि मात्र त्यो मेरो घाउ निको भयो । तर अचम्म गरी भएको त्यस घाउले त्यसै बेला मेरो हत्केलामा भाग्यरेखा निर्माण भएको थियो । त्यसरी घाउ भएर बनेको रेखा अहिले पनि मेरो हत्केलामा भाग्यरेखाकै समकक्षी भएर रहेको देखिन्छ ।

मेरो माइतमा मेरी आमाको निकै हैकम भएको र मचाहिँ मेरी आमाकी निकै प्यारी छोरी भएकीले मलाई अचाक्ली नै माया गरिन्थ्यो । मलाई धेर माया गरेको देखेर मेरा दिदीहरूले पनि ईर्ष्या गर्नुहुन्थ्यो र उहाँहरू बाआमासँग चित्त पनि दुखाउनुहुन्थ्यो । मलाई मेरा बाआमाले प्यारो गरेर 'कान्छी नानी' भन्नुहुन्थ्यो । मेरा माइतमा सबै दाजुभाउजू, दिदीभिनाजु र अरू सबैले पनि मलाई सोही सम्बोधन गर्नुहुन्थ्यो । सो सम्बोधन गर्दा पनि अत्यन्त प्यारो गरेर, निकै लामो लेघ्रो तानेर मलाई बोलाइन्थ्यो । कसैले त्यही सम्बोधनमा पनि अलि झर्केको स्वरमा अथवा अलि ठूलो स्वरमा बोलायो भने मेरो चित्त दुखिहाल्थ्यो । 'ए कान्छी !' भनेर कसैले मलाई लेघ्रो नतानी बोलाउँदा गाली गरिएको जस्तो मैले बुझ्थेँ र म तुरुन्तै रुन पनि थालिहाल्थेँ । वास्तवमा मेरा बाआमाको अतिशय मायाका कारण म छिट्टै रिसाउने खालकी पनि थिएँ । अनि मलाई कसैले हप्काएको वा चित्त दुखाएको कुरा मेरी आमाले थाहा पाउनुभयो भने मलाई त्यसरी बोलाउने मानिसको उहाँले सातो लिनुहुन्थ्यो । त्यसैले मलाई कसैले पनि हपारेर वा ठूलो स्वरले बोलाउने हिम्मत गर्दैनथे ।

त्यसरी बोलाउने काम बरु मेरी आमाबाटै कहिलेकाहीँ हुन्थ्यो । मैले कुनै काम बिगारेँ भने मलाई मेरी आमाले कुनै गाली गर्नु पर्दैनथ्यो । सधैँ बोलाउने गरेको भन्दा फरक आवाज पारेर, अलि ठूलो आवाजले आमाले बोलाउनु मात्र भयो भने पनि म डरले रुन थालिहाल्थेँ ।

यसरी मेरो बाल्यकाल अत्यन्त पुलपुलिएर बितेको थियो । मैले कहिल्यै कुनै काम गर्नु पर्दैनथ्यो । म दाजुहरूसँग बसेर बाघचाल खेल्ने, तास खेल्ने गर्थें । मेरा बाले नित्य गर्नुहुने पाञ्चायन पूजाका लागि चन्दन घोट्ने, फूल टिप्ने, पूजाभाँडा माझेर चोखोपानी राख्ने र साँझ बत्ती बाल्ने काम मैले दैनिक रूपमा गर्नुपर्थ्यो । यसबाहेक कुनै दिन मैले आफूले खाएका थालबोटुका माझ्न रहर गरेँ भने पनि मेरा भाउजूहरूले मलाई हतारहतार जुठेल्नोबाट हटाउनुहुन्थ्यो । वास्तवमा मलाई मेरा भाउजूहरू कुनै काम लगाउन पनि आमाको डरले सक्नुहुन्नथ्यो । गाईबाखा चराउन पनि म रहरले लुकीलुकी जान्थेँ । घाँस काट्न पनि मलाई रहर लाग्थ्यो । आमाका आँखा छलीछली म घाँस काट्न पनि जान्थेँ । मैले आमाबाका लागि कहिलेकाहीँ तरकारी वा अचार बनाउँथेँ । मैले गर्ने काम भनेको त्यत्ति मात्र हुन्थ्यो ।

मेरी आमाको जीवनकालसम्मको मेरो बाल्यकाल असाध्यै रमाइलो थियो । मलाई सबैभन्दा रमाइलो फलफूलका रुखमा चढेर फलफूल खाँदा लाग्थ्यो । त्यस बेला मलाई निकै ठूलो रुख चढ्न पनि डर लाग्दैनथ्यो । आँपको मौसममा म आँपका रुखमा कर्द बोकेर चढ्थेँ अनि पेट भरिन्जेलसम्म पाकेका आँप खान्थेँ । त्यो आँपको रुख निकै ठूलो थियो । कहिलेकाहीँ माल्दाजु एउटा हाँगामा बसेर आँप खानुहुन्थ्यो भने अर्को हाँगामा म हुन्थेँ । दुवै दाजुबहिनी बात मार्दै पाकेका आँप टिप्दै अघाउँजी खान्थ्यौँ । आहा ! त्यस बेला कस्तो आनन्द आउँथ्यो !

# मेरो विवाह

म नौ वर्षकी मात्र थिएँ । एक दिन हाम्रा घरमा एक जना मानिस आए । 'ती को मानिस हुन् ?' मैले मेरी आमासँग जिज्ञासा राखेकी थिएँ । 'तँ सानु मानिसलाई केको खोजीनिधी चाहियो !' मेरी आमाले मलाई अलि ठूलो स्वरमा भन्नुभयो । म चुप लागेँ । पछि मेरा भाउजूहरू र दिदीहरूका बीच चर्चा भएको मैले पनि सुनेँ । ती मानिस त धनकुटाको चुङवाङबाट आएका ज्योतिषी बाजे रहेछन् । तिनी त केटी खोज्दै हिँडेका रहेछन् । मभन्दा माथिका दुई जना दिदीहरू मैना दिदी र सानीकेटी दिदीको बिहे गर्न बाँकी थियो । तिनले मेरा दिदीहरूलाई पनि हेरेर गएछन् । त्यसै वर्ष मेरी मैना दिदीको बरालसँग बिहे भयो । त्यसको अर्को वर्ष सानीकेटी दिदीको पनि आचार्यसँग बिहे भयो । अर्थात् ती ज्योतिषी बाजे फर्केको दुई वर्ष भइसकेको थियो । म पनि दस वर्ष पुगेर एघार वर्ष लागेकी थिएँ । तिनै ज्योतिषी बाजे फेरि पनि हाम्रा घरमा आए । उनीसँग मेरी आमाको कुराकानी भएको थियो । ज्योतिषी बाजेको खानपान सकिएपछि मलाई मेरी आमाले 'ल्वाङसुपारी लिएर आइज' भन्नुभयो । आमाको आज्ञा शिरोपर त छँदै थियो तर अब म कसरी अपरिचित मानिसका अघिल्तिर जाने भन्ने समस्या मेरा अघि आइपरेको थियो । तर 'म सक्तिनँ, म जान्नँ' जस्ता नकारात्मक जबाफ हामीले हाम्रा आमाबाका अगाडि राख्ने त्यो जमाना थिएन । आफ्ना मातापिताले भनिसकेपछि ती वाक्य हाम्रा लागि ढुङ्गाका अक्षरजस्तै बलिया हुन्थे र तिनको

हामीले जसरी पनि पालना गर्नुपर्ने हुन्थ्यो । त्यसैले आमाको आदेश त मैले पालना गर्नु नै पर्ने थियो तर ती मानिसका अघिल्तिर कसरी जाने भन्ने मात्र मेरो समस्या थियो । त्यसैले मैले एउटा रातो मजेत्रो ओढेँ र आधा मुख छोपेँ अनि ल्वाङसुपारी लिएर आमाबा र ती ज्योतिषी बाजे बसेका ठाउँमा गएँ । मलाई लाज र डर लागेको थियो । त्यसैले मैले त्यहाँ कसैको मुख पनि नहेरी टेबुलमा ल्वाङसुपारीको रिकापी राखेर फनक्क फर्के । एकैछिनमा 'सुकुमेल लिएर आइज' भन्ने फेरि आमाको आदेश आयो । मैले पनि पहिलेकै जसरी लगिदिएँ ।

त्यति बेला ज्योतिषी बाजेद्वारा मलाई वधूका रूपमा ठहर गर्नका लागि त्यहाँ बोलाइएको रहेछ । 'तपाईंकी कान्छी छोरी मेरा छोरालाई दिनुहोस्' ज्योतिषी बाजेले भनेछन् । 'अहँ हुँदैन, म मेरी कान्छी छोरी जसतसलाई दिन्नँ । मैले बडो सुखसयलमा माया गरेर हुर्काएकी मेरी काखकी कान्छी छोरीलाई अहिलेसम्म मैले केही काम पनि लगाएकी छैनँ । झ्यालमा बसेर जीवन बिताउने ठाउँमा मात्र उसलाई दिन्छु ।' मेरी आमाले भन्नुभएछ । ज्योतिषी बाजेसँगका कुराकानीमा मेरी आमाले उनका चार जना पत्नीहरू छन् भन्ने पनि थाहा पाइसक्नुभएको रहेछ । 'तपाईंका तीनचार जना पत्नीका गोडा मिच्न पनि मेरी कान्छी छोरीले सक्तिन । कोदालो खन्न, भाँडा माझ्न पनि सक्तिन, भैगो यस्ता कुरा नगर्नुस् ।' मेरी आमाले भन्नुभएछ । 'त्यस्तो केही गर्नुपर्दैन, तपाईंकी छोरीलाई झ्यालमा बसेर खान पुग्छ, मेरा घरमा नोकरचाकरको कमी छैन । चार ओटी सासूको खुट्टा मिच्नु पनि पर्दैन, एउटी सासूको मात्रै चाकर गर्नुपर्छ, हजुर !' ज्योतिषी बाजेले भनेछन् । 'मेरो छोरो सुनको टुक्रा हो, मेरा घरमा सुनको लिस्नु छ । मलाई त्यो लिस्नुमा टेक्ने लक्ष्मीका रूपमा हजुरकी छोरी चाहिएको हो हजुर !' ज्योतिषी बाजेले पुनः भनेछन् । तर मेरी आमाले मान्नुभएन । त्यस बखत आमाको र ज्योतिषी बाजेका बीचका कुरा म दस वर्षकी कान्छी

नानीलाई के थाहा र ? म त खेल्नमा मस्त थिएँ । मलाई शोक न सुर्ता भोक न भकारीजस्तै थियो । मलाई थोरै खानुपर्थ्यो, मीठो खानुपर्थ्यो । दिनभरि खेलेर बिताउनुपर्थ्यो ।

मेरा दिदीहरू बाख्रा चराउन गएका ठाउँमा म पनि कहिलेकाहीँ भागेर जान्थेँ । त्यस बेला मेरी मैना दिदी र दिदीका साथीहरू भएर पुतली खेल्थे । भुम्राका पुतली बनाइएका हुन्थे । दिदीहरूले पुतलीको बिहा गर्थे । दिदी र दिदीका साथीहरू त्यस्तो बिहेमा बेहुलापक्ष र बेहुलीपक्ष भिन्नाभिन्नै बन्थे । त्यस्तै एक पटक पुतलीको बिहाको खेलमा दिदी र म बेहुलीपक्ष र दिदीका साथीहरू बेहुलापक्ष भएका थियौँ । बेहुलापक्षकाहरू बेहुली लिन आउने भनेर हामी बेहुलीपक्षकाहरू निकै व्यस्त थियौँ । जन्ती आउने भनेर हामीले धुसुरका पत्ता टिपेर, दमकनेका सिन्काले दुनाटपरी गाँसेर, धूलोमाटोको दालभात अचार बनाएर राखेका थियौँ । यत्तिकैमा बेहुला लिएर जन्ती आइपुगे । हामीले पनि बेहुलाबेहुली जग्गेमा राखेर टीकाटाला गर्‍यौँ । उनीहरूले कपडाकै डोली बनाएर भुम्राको बेहुलालाई बोकेर ल्याएका थिए । बिहेको भतेर सकेपछि बेहुली अन्माउने तर्खर भयो । बेहुली डोलीमा हाल्ने बेलामा 'बेहुलीलाई डोलीमा हालेर म अन्माउँछु' भनेर म अघि सर्दासर्दै मेरी दिदीले बेहुलीलाई डोलीमा हालिहाल्नुभयो । अब मैले बेहुली अन्माउन नपाएको कारण म रुन थालेँ । उता जन्तीले पत्ताको पेपे बाजा बजाउँदै बेहुली लिएर गए । मचाहिँ रुँदारुँदा गरेँ । दिदीहरूलाई म रोएपछि निकै कठिन भयो । बहिनी रुवाएको कुरा आमाले थाहा पाउनुभयो भने दिदीहरूको सातो लिने कुराले पनि उहाँहरू निकै डराउनुभएको थियो । त्यसैले मेरा दिदीहरूले मलाई किसिमकिसिमले फकाउनुभयो । 'अर्कोपल्टको बिहेमा तँलाई नै बेहुलीकी आमा बनाउँला' भन्नुभयो । त्यसपछि मात्र बल्लबल्ल म फकिएकी थिएँ ।

पुलपुलिएकी मलाई सानो कुराले पनि धेरै चित्त दुखाउँथ्यो । म छिट्टै चित्त दुखाउने र रुने स्वभावकी थिएँ ।

त्यसै ताका एक पटकको कुरा मेरा सम्झनामा आउँछ । कान्छा दाजु विराटनगरबाट पहाड घर लिम्बामा आउनुभएको थियो । एक दिन आमा र कान्छा दाजुबीच मेरै बारेमा चर्चा भइरहेको थियो । 'आमा ! कान्छी नानी पनि अब त ठूली भइन्, अब यिनको पनि बिहे गर्नुपर्छ' कान्छा दाजुले आमासँग भन्नुभएको थियो । 'दुक्ख नहुने, सुख पाउने ठाउँबाट र धनीले माग्न आए भने मात्र कान्छी नानीलाई दिन्छु' आमाले भन्नुभएको थियो । 'त्यस्तो को आउला र ?' कान्छा दाजुले भन्नुभएको थियो । 'मेरी छोरी राजाको छोरालाई दिन्छु' मेरी आमाले भन्नुभएको थियो । 'आमा ! राजा त छेत्री मात्रै हुन्छ' कान्छा दाजुले हाँस्तै भन्नुभएको थियो । 'मेरी कान्छी छोरीले सुख पाउँछे भने छेत्रीकै छोरालाई भए पनि दिन्छु ।' मेरी आमाले जबाफ दिनुभएको थियो । यस्ता सबै कुरा बुझ्ने मेरो त्यो उमेर थिएन तर पनि मेरै विषयमा गरिएको कुराकानी मैले सुनेकी थिएँ । त्यस बखत आफूभन्दा ठूला मानिस बसेका ठाउँमा घरका केटाकेटी र बुहारीहरूले जानु हुँदैनथ्यो । त्यसैले त्यस दिनको त्यो आमा र दाजुका बीचको कुराकानी पनि मैले उहाँहरू दुवैले मलाई नदेख्ने ठाउँबाट सुनेकी थिएँ । मलाई आमाले त्यतिको माया गर्नुहुन्थ्यो तर पनि ठूलाबडा बसेको ठाउँमा गएर उभियो भने 'लबस्तरी, लाज हुँदैन, यसरी कुरा सुन्न' भन्नुहुन्थ्यो । त्यसैले आमाबा वा दाजुहरू बसेर कुराकानी भएका ठाउँमा जान मलाई डर लाग्थ्यो । त्यसैले त्यस दिन मेराबारे भएको कुराकानी सुन्दा पनि म उहाँहरूसामुन्ने थिइनँ ।

मलाई दाजुहरूले पनि धुमधाम माया गर्नुहुन्थ्यो । आमाद्वारा अतिशय माया गरिएकी हुनाले पनि दाजुहरूले धेरै माया गर्नुहुन्थ्यो । त्यसैले दाजुभाउजूहरू, दिदीहरू सबैकी म कान्छी नानी थिएँ । कहिलेकाहीँ कसैले मलाई 'कान्छी नानी' नभनेर 'ए कान्छी !' भनेर अलि ठूलो स्वरमा बोलायो भने मलाई हकारेजस्तो लाग्थ्यो । अनि म ठस्स परेर बस्थेँ । मेरो अनुहार देखेर आमाले 'किन अँध्यारो मुख

पारिस् ?' भन्नुहुन्थ्यो । 'मलाई फलानाले हकारेर बोलाउनुभयो' म रुन्चे भएर जबाफ दिन्थेँ । 'मेरी काखकी छोरीलाई किन हकारिस् ?' आमाले मलाई हप्काउनेलाई हप्काउनुहुन्थ्यो । त्यसरी आमाले उनीहरूलाई हप्काउनासाथ म खुसी हुन्थेँ र मेरो अनुहार उज्यालो हुन्थ्यो । म खुसी भएपछि मेरी आमा पनि खुसी हुनुहुन्थ्यो ।

यसरी साह्रै पुलपुलिएर मेरो बाल्यकाल बितेको थियो । मलाई बाल्यकालमा दुक्खकष्ट भनेको के हो भन्ने पनि कहिल्यै थाहा भएन । सबैभन्दा कान्छी छोरी हुनुका कारण बाआमाबाट धेरै माया गरिएकी त थिएँ थिएँ, परिवारमा सबैबाट पनि माया गरिएकी थिएँ । मेरा ठूल्दाजुसँगको एक पटकको संवाद अहिले पनि मलाई सम्झना छ । त्यस बेला मेरो उमेर यस्तै पाँचछ वर्षको हुँदो हो । मध्याह्नको समय थियो । मेरा ठूल्दाजु आराम गरेर भुइँ ओछ्यानमा सुतिरहनुभएको थियो । म त्यतै कतै ढुनुमुनु खेलिरहेकी थिएँ ।

'ए कान्छी नानी ! ए मधेसे !' मेरा ठूल्दाजुले मलाई मायालु आवाजले भन्नुभएको थियो । म अलि रातो वर्णकी भएकी हुनाले मलाई मेरा ठूल्दाजुले माया गरेर मधेसे भन्नुहुन्थ्यो ।

'हजुर !'

म दाजुसमक्ष पुगेर बोलेकी थिएँ ।

'मेरा कपालबाट जुम्रा भेट्टा त !'

ठूल्दाजु मेरा काखमा टाउको राखेर सुत्नुभएको थियो र मलाई टाउकामा हुँदै नभएका जुम्रा खोज्न लगाउनुभएको थियो ।

'ए मधेसे !' दाजुले मलाई पुन: भन्नुभएको थियो । मैले पनि पुन: 'हजुर !' भनेकी थिएँ ।

'तँ काली छस्, तँलाई मधेसमा लगेर कालो मधेसेसँग बिहे गर्दिन्छु ल !' दाजुले सोध्नुभएको थियो । 'ल' मैले उत्तर फर्काएकी

थिएँ । तर त्यति बेला दाजुलाई र मलाई अर्थात् हामी दुवैलाई थाहा थिएन अर्को तीनचार वर्षपछि मेरो बिहाको आयोजना मधेसमै हुनेछ र भविष्यमा मैले मधेसमै घरजम गर्नेछु ।

म दस वर्ष पुगेकी मात्र थिएँ; मेरा जेठा दाजुले नै मेरो बिहेको टुङ्गो गर्नुभएछ । वास्तवमा मेरा ठूल्दाजु मधेस फुम्राहामा भएका समयमा तिनै ज्योतिषी बाजेले आफ्ना छोराका लागि मलाई माग्न जानुभएछ । ज्योतिषी बाजेका मीठामीठा कुरामा अलमलिनुभएका मेरा जेठा दाजुलाई बहिनीको बिहे गर्ने नगर्ने भन्ने बारेमा अलमल भएछ र मेरा दाजुले मेरा सुब्बा मामासँग राय लिन पुग्नुभएछ । 'केटाले कति पढेको छ ?' मेरा मामाले प्रश्न गर्नुभएछ ।

'दस किलास पढेको छ ।' दाजुले जबाफ फर्काउनुभएछ ।

'ए, दस किलास पढेको केटो हो भने दिए हुन्छ– भान्जीलाई' मेरा सुब्बा मामाले भन्नुभएछ । त्यसपछि मेरा ठूल्दाजुले मेरो बिहेको कुरा छिन्दिनुभएको रहेछ ।

एक दिन मेरा माल्दाजुले आमालाई एउटा चिठी पढेर सुनाउनुभएको मैले थाहा पाएँ । उक्त चिठी मेरो बिहेको कुरा छिनिसकेर ठूल्दाजुले मेरी आमालाई पठाउनुभएको दुई हात लामो चिठी रहेछ । त्यस बेला जतिजति माल्दाजुले चिठी पढ्नुहुन्थ्यो आमा त्यत्तित्यत्ति रुँदै गरेको मैले देखेकी थिएँ । चिठीका केही हरफ सुने पनि मैले केही बुझिनँ, आमा रुँदै गरेको मात्र देखेँ । 'आमा किन रुनुभएको' भनेर सोधेँ पनि, तर आमाले 'केही होइन' भनेर मलाई अलमल्याउनुभयो । म दस वर्षकी फुच्ची, पुलपुलिएर हुर्केकी केटीलाई के थाहा त्यस बेला मेरै चर्चा भइरहेको रहेछ ।

त्यसपछि घरमा निकै चहलपहल सुरु भयो । मेरो भदा ठूलेको व्रतबन्धको कुरा सुनिन थाल्यो । २००५ साल माघ वसन्तपञ्चमीका दिनको साइत जुराइएको रहेछ । सो दिन बिहानको समयमा ठूलेलाई

भिक्षा दिने र बेलुकी मेरो गोडा धुने तिथि तय गरिएको रहेछ । तर म यी सबै कुराबाट अनभिज्ञ थिएँ । मेरी आमाका आँखा भने त्यसपछि मैले कहिल्यै ओबाना देखिनँ । कहिले बासँग रुँदै गरेको देख्छु, कहिले दिदीहरूसँग रुँदै गरेको देख्छु । 'आमा के भयो ?' कहिलेकाहीँ आमालाई सोध्यो भने पनि 'केही होइन, त्यसै ...' आमाले भन्नुहुन्थ्यो । 'आमालाई के भएछ, किन हिजोआज सधैँ रुनु मात्र हुन्छ ?'

खेल्न र खानमै मस्त बाल अवस्थाबाट फुर्सत हुँदा म सोच्ने गर्थें । 'शोक न सुर्ता भोक न भकारी'को त्यस बेलाको मेरो अवस्थामा मैले सबै कुरा काँ बुझ्न सक्नु र ?

'माघ लागेपछि हामी सबै मधेस जाने भयौँ' एक दिन मेरी आमाले भन्नुभयो । 'किन आमा ?' मैले कुतूहल भाव व्यक्त गरेकी थिएँ ।

'ठूलेको व्रतबन्ध गर्ने ।' आमाले भन्नुभएको थियो । यो कुरा थाहा पाएर त्यस बेला म कत्ति रमाएकी थिएँ । 'ठूलेको व्रतबन्ध ! आहा कस्तो मजा आउने भयो नि आमा !' मैले आमालाई पनि भनेकी थिएँ । तर त्यस बेला आमाले मलाई केही पनि भन्नुभएन । बरु आमा फेरि पनि रुनुभएको थियो । 'ठूलेको व्रतबन्धको कुरामा आमा किन रुनुभएको होला ?' त्यस बेला मेरो बालमनमा लागेको थियो ।

हाम्रो मधेसको खेती झुम्राहाका लागि हामी हिँड्ने दिन नजिकिन लागेको थियो । सबै तयारी हुँदै थियो । हामी केटाकेटी कहिले मधेस पुग्ने भनेर दिन गन्न लागेका थियौँ । घर रुङ्ने मानिसको बन्दोबस्त गरेर घरका सबैजसो सदस्य मधेसका लागि हिँड्ने तयारी भयो । बाआमा, दाजुभाउजूहरू, दिदीहरू र चारपाँच जना भरियाहरूसमेत गरेर हामी झन्नै सोह्रसत्र जनाको जत्थामा थियौँ । हाम्रो यात्रामा घोडा पनि थिए । जुन एउटा घोडा बाले चढ्नुभएको थियो । कोही बिरामी परेर हिँड्न नसक्ने भए भने उसलाई घोडामा चढाउने योजनाका लागि पनि घोडाको व्यवस्था थियो । मेरी सानीकेटी दिदी

र म बाको छेउछाउमा हिँड्थ्यौँ र 'बा हाम्रो खुट्टा दुख्यो' भन्थ्यौँ । अनि बाले हामीलाई घोडामा पालैसँग चढाउनुहुन्थ्यो । हाम्रो पछिपछि लागेका एक जना दाजु पनि घोडामा हुनुहुन्थ्यो । उहाँचाहिँ आमासँग सँगै हुनुहुन्थ्यो । यसरी हामी हिँडिरहेका थियौँ । हामी आधा बाटो पुगेपछि अचानक पानी पर्न लाग्यो । पानी पनि मुसलधारे परेको थियो । जसले गर्दा सँगै हिँडेका यात्रुहरू चिलबिल भइयो । कोही कता, कोही कता पुगियो । बा र हामी दिदीबहिनी अनि दुई जना भरियासमेत टाँडीमा बास बस्यौँ । हाम्रा जीउका सबै लुगाहरू भिजेका थिए । हाम्रा चिसा लुगा फेर्ने लुगाहरू पनि अर्कै भरियाले बोकेका थिए । बाले आगो बाल्नुभयो र सबैले आगो ताप्तै जीउका लुगा सेकायौँ । हामीसँगै भएका भरियामध्ये एउटा भरियाले कुरौनी र चिउरा बोकेका थिए, त्यस रात हामी सबैले त्यही खायौँ । भरियाहरू बाहिर पटाङ्गिनीमा सुते । हामी अगेनाको डिलवरिपरि सुत्यौँ । एउटा गुन्द्रीमा हामी दुइटी दिदीबहिनीलाई बाले सुत्ने व्यवस्था मिलाइदिनुभएको थियो । बाले एउटा खास्टो बोक्नुभएको रहेछ । हामी दुइटीलाई त्यही ओढाइदिनुभयो । दिनभरि हिँडेर थाकेका हामी बालबच्चा पेटमा केही हालेपछि थपक्क सुतेका थियौँ । त्यस रात आमाहरूको समूहचाहिँ हामी बास बसेको ठाउँबाट अऊै पर्तिर टाँडीको फेदी, जसलाई जल्किनी भन्थे, त्यहीँ पुगेर बास बस्नुभएको रहेछ । घरबाट यात्राको योजना बनाउँदा हामी सबै त्यस रात जल्किनीमै पुगेर बास बस्ने सल्लाह पनि हामीबीच भएको रहेछ । तर हामी केटाकेटी हिँड्न नसक्ता र मुसलधारे पानीले पनि बाधा पारेकाले हाम्रो बास छुट्टिएको रहेछ ।

भोलिपल्ट बिहान घाम निकै माथि नै पुगेपछि हामीहरू पनि आमा भएठाउँ जल्किनीमा पुगेका थियौँ । त्यस बेला त्यहाँ कुनै भाउजू भात पकाउँदै हुनुहुन्थ्यो, कुनै भाउजू भिजेका लुगा घाममा सुकाउँदै हुनुहुन्थ्यो । आमाचाहिँ गफ गरेर बस्नुभएको थियो । हामी

पुगेपछि आमाले एकछिनसम्म सुमसुम्याउनुभयो । 'मेरी काखकी छोरीलाई चिसो लाग्यो होला' आमाले भन्नुभएको थियो । केहीबेरमा भात खाने बेला भयो र हामी सबैले भात खायौँ । भात खाइसकेपछि बाटो लाग्ने तरखर भयो । जल्किनीबाट मधुमल्ला दुई घण्टाको बाटो थियो र मधुमल्लाबाट झुम्राहा पनि दुई घण्टाको बाटो थियो ।

हामी मधुमल्ला पुगेपछि ठूल्दाजुले गोरुगाडी पठाइदिनुभएको रहेछ । त्यसैले मधुमल्लामा हाम्रा लागि गोरुगाडी तयारी अवस्थामा थियो । तीन ओटा गोरुगाडीमा हामी सबै चढेका थियौँ । आमा, दिदीहरू र म एउटा गोरुगाडीमा थियौँ । बा र दाजुहरू घोडामा हुनुहुन्थ्यो । ठूल्दाजु पनि मधुमल्लामा हामीलाई लिन आउनुभएको थियो । त्यहाँको बजारमा ठूल्दाजुले एउटा सिलिकको हरियो र रातो मिश्रित पच्चीस रुपियाँको सारी र झुनाको रातो पछ्यौरा किन्नुभएको रहेछ । 'हेर यो तेरो बिहेका लागि किनेको, कति राम्रो छ ।' मैना दिदीले मलाई ती कपडा देखाउँदै भन्नुभयो । 'अँ नकरा..' मैले रिसाएजस्तो र लाज मानेजस्तो गरी भनेकी थिएँ । त्यस बेला दिदीले मलाई जिस्काएको जस्तो मात्र लागेको थियो । तर पछि पो मैले थाहा पाएकी थिएँ, त्यस बेला दिदीले भनेको कुरा साँचो रहेछ, त्यो सारी र पछ्यौरा त मेरै बिहाका लागि किनिएको रहेछ ।

त्यस दिन गोरुगाडीमा चढेरै हामी हाम्रो खेतीघरमा पुग्यौँ । जीवनमा पहिलो चोटि गोरुगाडीमा चढेका कारण हामी केटाकेटीलाई खूबै रमाइलो भएको थियो । तर त्यत्रो उकालोओरालो हिँडेका कारण हामी केटाकेटी त थङ्थिलो नै भएका थियौँ । घर पुग्नासाथ ठूल्दाजुले 'तँ बिहा गर्न आएकी' भनेर मलाई जिस्क्याउनुभयो । 'तँ व्रतबन्ध गर्न आएको' भनेर ठूलेलाई पनि जिस्क्याउनुभयो । दाजुले जे भने पनि हाम्रो मुख लाग्ने चलन थिएन । चुप लागेर मुख छोपेर बस्थ्यौँ । 'नानी, तँ चुप लाग्' केटाकेटीलाई जिस्क्याएको कुरा मन नपराएर बरु आमाले नै ठूल्दाजुलाई भन्नुभएको थियो ।

हामी पुगेको केहीबेरमा भाउजूले आमा, दिदी र मेरा लागि खुट्टा धुने नुन हालेको तातो पानी ल्याउनुभयो । भाउजूले दिदी र मेरो खुट्टा धोइदिनुभयो । टनटनी दुखेको खुट्टा त्यसरी तातोपानीमा चोपल्नेबित्तिकै सन्चो भइहाल्यो । केहीबेरमा भान्सेबाजेले भात पाकेको सूचना ल्याए । सबै जनाले भात खायौँ । थाकेर लोत भएका कारण त्यस रात भात खाइसक्नासाथ सुतेका हामी एकै चोटि बिहान मात्रै बिउँझियौँ ।

भोलिपल्टदेखि बिहा र व्रतबन्धको तयारी धमाधम सुरु भयो । त्यस बेलासम्म मलाई पनि मेरो बिहा हुने अरे भन्ने थाहा भएको थियो । केटासँग बिहा हुने भन्छन्, को केटा होला ? कस्तो केटा होला ? भन्ने पनि मनमा आउँथ्यो । किन बिहा गर्न लागेको होला ? मनमा लाग्थ्यो । तर ठूला मानिससँग यी प्रश्न सोध्ने आँटै हुँदैनथ्यो । त्यस जमानामा केटाकेटी उमेरकी छोरी बाआमाले जसलाई दिए पनि जहाँ दिए पनि चुप लागेर जानुपर्थ्यो ।

अब पर्सिको दिन बिहे; भोलि कसार बटार्ने दिन ! सेलरोटी पकाउने भन्ने पनि हल्लखल्ल छ । गाउँका मानिसहरू पनि आउँदै जाँदै गर्दै थिए । हाम्रो खेतीका कम्तिया (खेतीको हेरविचार गर्ने मुख्य मानिस) धिमालहरू थिए । तिनीहरू पनि आएका थिए र हामीले के सहयोग गर्ने भनेर सोधीखोजी गरिरहेका थिए । 'मालिककी कान्छी छोरीको बिहे, जेठो नातिको व्रतबन्ध' भनेर उनीहरू त धुमधाम हर्षबढाइँमा थिए । कसैले चिउरा कुटेर ल्याउँदै थिए । कसैले दही जमाएर ल्याउँदै थिए । कसैले सेल पकाउने चामल कुटेर ल्याउने भएका थिए । कस्तो रमाइलो भइरहेको थियो । मानिसहरू घरमा आएका, घरमा पनि मीठोमसिनो खानेकुराहरू पाकिरहेको थियो । तर आमाको अनुहारमा त्यति खुसी थिएन । 'भाइको व्रतबन्धमा तँ पनि आउनेजानेलाई रोटी र कसार बाँड्' आमाले मलाई पनि काम दिनुभएको थियो । त्यसपछि म पनि

फुरुङ्ग परेर आएका सबैलाई रोटी, कसार, जुलेपी र अचार भाग लगाउन थालेँ । बेहुलापाटी पनि गाउँमा आइसके भन्ने कुरा गर्थे । नजिकै एक जना मधेसेको घरमा उनीहरूको बसोबासको व्यवस्था गरिएको कुरा पनि त्यहाँ चर्चा थियो । त्यस बेला उनीहरूका लागि खानापिना सामग्रीको व्यवस्था, खाना पकाउने मानिसको व्यवस्था र उनीहरूका लागि आवश्यक ओढ्नेओछ्याउने व्यवस्था पनि हाम्रै पक्षले गरेका थिए । त्यसरी केटापक्ष आफ्नो घरबासबाट निकै टाढा आएर बिहे गर्नुलाई कुम्लेबिहे भनिन्थ्यो । यसरी केटापक्ष कुम्लेबिहे गर्न आउँदा केटीपक्षले नै सबै कुराको सकेसम्मको व्यवस्था गर्नुपर्थ्यो । त्यसैले त्यस बखत त्यहाँ बेहुलापक्षका लागि विवाहसम्बन्धी सबै कुराको व्यवस्था मेरा माइतीद्वारा खुकुलैसँग गरिएको थियो ।

२००५ साल माघ महिनाको सरस्वतीपूजाको दिन थियो । बिहान ठूलेको व्रतबन्ध कार्यक्रम धुमधाम रमाइलो भयो । मैले पनि भिक्षा दिएँ । व्रतबन्ध सकिएपछि सबैले मीठामीठा पक्वान्न खायौँ । खानपिन हुँदाहुँदै पनि एक थरी मानिसहरूले हतारहतार जग्गे बनाउन थालेका थिए । केही आइमाईहरूको झुन्ड बरनीको टपरी गाँस्न जुटेको थियो । केही मानिसहरू जन्ती आएपछि बेलुकी खुवाइने खानपिनको बन्दोबस्तमा लागिसकेका थिए । मेरा दिदीहरूले मलाई पनि राम्रो सारी लगाइदिए । रातो धागोले तालुमा कपाल बाटिदिएका थिए । राम्रो सिलिकको सारी, झुनाको रातो मजेत्रो, पहेँलो पटुका बाँधेर म पनि फुरुङ्ग परेकी थिएँ । दिदीहरूले त्यसरी महत्त्व दिएर सिँगारपटार पारिदिएका कुराले मलाई आश्चर्यमिश्रित रमाइलो लागिरहेको थियो । मलाई चिन्ता केही कुराको थिएन । त्यसरी मलाई किन सिँगारेका होलान् भन्ने पनि थाहा थिएन । बिहा भनेको यस्तै रमाइलो हुँदो रहेछ, राम्रो लुगा र मीठो खान पाइँदो रहेछ जस्तो पनि मलाई लागिरहेको थियो ।

'नानी तँ यहाँ बस् ल' मलाई सिँगारपटार गरेर लुगागहना पनि लगाइसकेपछि मेरा दिदीहरूले एक ठाउँमा राखिदिएका थिए । एक त त्यस जमानामा आफूभन्दा ठूलाले जे भने पनि जबाफ नफर्काई मान्ने चलन थियो । अर्को कुरा आफूलाई त्यसरी राम्राराम्रा लुगाफाटा लगाइदिएकाले पनि मैले केही पनि भन्न सकिनँ । दिदीहरूले राखिदिएको ठाउँमा ज्ञानी भएर बसिरहेँ । बेलुकी घाम अस्ताउने बेला पनि भइसकेको थियो । अचानक त्यसै बेला बाजा बजेको सुनियो । सबैले जन्ती आए भनेर हल्लाखल्ला गरे । त्यसै बेला ठूल्दाजु पनि 'ए जन्ती आइसके' भनेर हस्याङफस्याङ गर्नुभयो । मैले पनि सबैसँग लहैलहै गरेर 'जन्ती आए' भनेछु । त्यसै बेला ठूल्दाजुले 'तेरो बेहुलो आएको हो । ल ल यसलाई पनि जन्ती देखाइदेओ' भन्नुभयो । अनि मैले पनि जन्ती हेरेँ । सबै जना जन्ती आएको कुराले खुसी थिए । तर मलाई त केही पनि लागेन; हर्ष न बिस्मात ! मात्र अचम्म लागिरह्यो ।

बेहुलापक्षका लागि बाजा बजाउने दमाईं र अरू पनि मानिसहरू मेरा ठूल्दाजुले पठाउनुभएको रहेछ । बेहुलापक्षका मानिस त जम्मा सात जना मात्र थिए । जन्तीको स्वागत गरेर बरनी गरेपछि उनीहरूलाई खानपिन गराइयो । खानपिन सकेपछि जग्गेमा बेहुलालाई राखेपछि बेहुलीलाई ल्याउने खबर आयो । मेरी मैना दिदीले मलाई पिठ्यूँमा बोकेर जग्गेमा पुऱ्याउनुभयो । मेरी आमाले 'बहिनी डराउँछे तैँले बैनीलाई एकैछिन पनि नछोड्नू' भन्नुभएकाले मैना दिदी पनि मेरै छेउमा बस्नुभयो ।

मलाई जग्गेमा निकाल्नेबित्तिकै गोडा धुने बेला भैगयो । माघको महिना श्रीपञ्चमीका दिनको बिहे । गोडा धुन थालेपछि म त जाडोले लगलग काम्न लागेछु । एकसरो चोलो र फुनाको मजेत्रोले जाडो थाम्न सकेनछ । मसँगै भएकी मैना दिदीले म कामेको देखेपछि हत्तपत्त घरभित्र गएर दोलाईं ल्याएर मलाई ओढाइदिनुभयो । त्यसपछि बल्ल मलाई न्यानो भएको थियो । सारै सानी भएकीले पनि सबै

घटना त मलाई सम्झना छैन । तर बेहुलापक्षको लुगा र गहना लगाउने समयको सम्झना छ । बेहुलाले ल्याएका लुगा र गहना लाउने समय भयो । बेहुलाले ल्याएका लुगा बेहुलीका हातमा हाल्नुपर्छ 'हात थाप बेहुली' भनेको सम्झना छ । मैले पनि हात थापेँ अनि बेहुलाले एउटा कपडाको पोको मेरो हातमा हालिदिए । अनि दिदीले मलाई लिएर भित्र जानुभयो । त्यसपछि त्यस बेलाको चलनअनुसार बेहुलाले ल्याएका बाहिरी, मझौली र भित्री सबै तीन ओटै सारी अनि तीन ओटै चोलो एउटा पटुका दुई ओटा मजेत्रो मलाई लगाइदिनुभयो । बेहुलापक्षले दिएका लुगा लगाएर जग्गेमा आएपछि उनीहरूले ल्याएका सुनका गहना पनि मेरा हातमा हालिदिए । सुनका गहनाका हकमा चार तोलाको फूल तालुमा कपाल बाटेको ठाउँमा लगाइयो । पाँच तोलाको तिलहरी, तीन तोलाको नौगेडी, चार तोलाको बाला, कानमा टप र ढुङ्ग्रीसमेत थियो । साथै खुट्टामा साठी तोला चाँदीको कल्ली मलाई लगाइदिइएको थियो । यति कपडा र गहना पहिरिएपछि त म हिँड्नै नसक्ने भएकी थिएँ । जग्गेमा बस्न त मलाई गाह्रो भएन तर जग्गे घुम्ने बेलामा चाहिँ मलाई दिदीले बोकेर घुमाउनुभएको थियो ।

जाडोमा मलाई खापैखाप लुगा लगाइदिएकाले न्यानो भएको थियो । मलाई त झुपुझुपु निद्रा लाग्न थालेको थियो । मैले त बिहे पनि बुझेकी थिइनँ । मलाई त त्यो सबै कुरा रमाइलो खेलजस्तो लागेको थियो । तर मेरा बेहुला मभन्दा पाँच वर्ष ठूला भएकाले उहाँलाई बिहेको रमाइलोले छोएको थियो । अझ दार्जिलिङमा दस कक्षासम्म पढ्नुभएकाले पनि मेरा बेहुला अलि लाज नमान्ने खालका हुनुहुँदो रहेछ । जग्गेमै मलाई 'बेहुली नानी' भनेर बोलाउन थाल्नुभएको थियो । त्यस बेला त्यसरी बेहुलाले बेहुलीलाई सबैका सामु जग्गेमै बोलाउनु भनेको निकै अचम्मको र लाजमर्दो कुराजस्तो हुन्थ्यो । मेरा बेहुलाले त्यसरी मसँग बोल्न खोजेको देखेर मेरा माइतीपट्टिका सबैलाई निकै लाज लागेको थियो । मेरी दिदीले मेरा कानमा बेहुलाले

ल्याइदिएको टप लगाउन नसकेपछि, 'खोइ बेहुली नानीको टप म लगाइदिन्छु, चुरा पनि म लगाइदिन्छु' भनेर मेरा बेहुला अघि सर्नुभएको थियो । गाउँमा त्यसरी बेहुला नबोल्ने भएकाले सबैलाई मेरा बेहुलाको व्यवहार अनौठो लागेको थियो । बेहुलाको यस्तो व्यवहारले त्यस बेला सबै गलल्ल हाँसेका थिए ।

जग्गेको कार्यक्रम सकिएपछि मलाई दिदीले आराम गर्न भनेर भित्र कोठामा लग्नुभयो । बेहुलालाई कता लगे थाहा छैन । म कुन बेला निदाएँ थाहा छैन । तर बिहानै दिदीले मलाई उठाउनुभयो । नित्यकर्म सकेर दिदीले मलाई कोरीबाटी गरेर एउटा बाहिरी सारी मात्र लगाइदिनुभयो । गहनाचाहिँ सबै लगाउँदा म पहेँलपुर भएकी थिएँ । त्यसरी नयाँ सारी र भरमार गहनाले पुरिएकीले म खूब खुसी थिएँ । आमाले मलाई आफूसँग पनि लिँदै घरवरिपरि घुमाउँदै घरमा भएका पाहुनाहरूलाई नमस्कार गर्न लगाउनुभयो । म खुसीले गद्गद हुँदै दिदीसँग पनि सबै घर घुमेर सबैलाई नमस्कार गर्दै हिँडें ।

बिहानको खानपिन पनि सकियो । भरे बेहुलापक्ष उनीहरूका घरमा पुगेपछि त्यहाँ उनीहरूले खुवाउने जन्तेबाखाको सबै व्यवस्था पनि प्रचलनअनुरूप बेहुलीपक्षबाटै गरियो । त्यसपछि बेहुली अन्माउने बेला भयो । कोरीबाटी गरेर बेहुलीलाई ठीकठाक पारियो ।

मेरी आमा र बाले हामी बेहुलाबेहुलीलाई टीका लगाइदिनुभयो । एक जना दाजुले बेहुला र अर्का दाजुले बेहुली बोकेर जग्गे घुमाउनुभयो । त्यसपछि बाजावालाहरू बाजा बजाउँदै अघि लागे । बेहुलाले 'म आफैँ हिँड्छु' भनेपछि अलि बाहिर निस्केपछि बेहुलालाई बोकिएन तर म सानी पनि हुनाले र बेहुलाहरू बस्ने घर नजिकै भएकाले मलाई माल्दाजुले बोकेर नै बेहुलाको घरसम्म पुऱ्याउनुभयो ।

बाजावालाहरू नाच्दै बाजा बजाउँदै थिए । बेहुलापक्षका मानिसहरू थपडी मारीमारी हाँस्दै थिए । मलाई भने न हाँस नै

उठेको थियो न म रोइ नै राखेकी थिएँ । बरु अचम्म मानेकी थिएँ । 'मलाई यो के गरेको होला' भनेजस्तो भएको थियो । बेहुलाका लागि तय गरिएको घरमा जन्ती पुगेको थियो । त्यहाँ भएका धेरैजसा मानिसहरू अपरिचित थिए । तर मेरो भदा ठूले पनि त्यहाँ आएका थिए । मैना दिदी र सानीकेटी दिदी पनि त्यहाँ आउनुभएको थियो । दिदीहरूसँग होइन, बेहुला केटाका छेउमा मलाई राखिएको थियो । कहिल्यै नदेखेको, नबोलेको, हिजो मात्र परपरबाट अलिअलि देखेको मानिससँग मलाई राखिएको थियो । म अलमल्ल परेकी थिएँ । त्यहाँ पनि हाम्रै घरका बाहुनबाजेले भात पकाएका थिए । सबै जनाले जन्तेबाखो खान लागेका थिए । मेरा दिदीहरूले 'भात खाने बेला भयो' भनेर मलाई भात खाने बेलाका लुगा फेराइदिनुभयो । मलाई र मेरा बेहुलालाई पनि भात खान दिएका थिए । मलाई भुँडेभाग भनेर दुईदुई ओटा टपरामा भात दिए । मलाई खान मन थिएन । अलिअलि खाएँ । सबै मानिसहरूले हाँस्तै खुसी हुँदै भात खाए । दिदीहरू र ठूलेले पनि खाए । त्यसपछि मेरा दिदीहरू फर्कनुभयो ।

बेलुकी बेहुलाका घरका मानिसहरू एउटै कोठामा जम्मा भएर सुत्ने तरखर गर्न लागेका थिए । त्यस कोठामा एउटा खाटजस्तो थियो । त्यसैमा मेरा लागि र मेरा बेहुलाका लागि ओछ्यान लगाइएको थियो । मलाई निद्राले छोपेको थियो । ओछ्यानमा पस्नासाथ म तुरुन्त निदाइहालेँ । कुन बेला म बिउँझिँदा 'मेरो माया लाग्छ ?' मेरा बेहुलाले मलाई सोधेको सम्झना छ । 'लाग्छ' मैले पनि उत्तर फर्काएकी थिएँ । त्यसपछि फेरि म निदाएछु । बिहान मेरा दिदीहरू आएर मलाई उठाउँदा मात्र म बिउँझिएछु । मेरा बेहुला त कुन बेला उठिसकेर चिया पनि खाइसकेछन् । 'बहिनी नियाँस्री होली, नित्यकर्म गराएर लुगागहना लगाइदिनू' भनेर आमाले बिहानै दिदीहरू पठाउनुभएको रहेछ । आमाले अह्राएजसरी नै दिदीहरूले मलाई ठीकठाक पारिदिनुभयो । त्यस दिन पनि दिदीहरू मसँग नै दिनभरि बस्नुभयो । बेलुकी उहाँहरू फर्किनुभयो ।

बिहे भएको तेस्रो दिनमा ससुराज्यूले सिलापूजा गराउनुभयो । त्यस दिन पनि बिहानै मेरा दिदीहरू आएर मलाई सबै सहयोग गर्नुभएको थियो । बिहानको भात खाने गरी आमाले बोलाउनुभएकाले मेरा ससुरा र बेहुलाका साथमा म पनि हाम्रो घरमा गयौँ । मेरी आमाले मलाई आफ्नो छेउमा राख्नुभयो, सुमसुम्याउनुभयो ।

त्यसपछि आमाले मेरा ससुरा र बेहुलालाई खानपिन गराएर बिदा गर्नुभयो । तर मलाई त पठाउनुभएन । म ढुक्क भएँ । मलाई मेरा दिदीहरूले बेलाबेलामा भन्नुहुन्थ्यो । 'बिहे भएपछि अर्काको घरमा जानुपर्छ । त्यहाँ धेरै दुक्ख दिन्छन् । यसले कसरी घर गरेर खान्छे होली ?' त्यसैले त्यस बेला बेहुलासँग मलाई नपठाइँदा दिदीहरूले भनेको कुरा सत्य नभएको कुराले मलाई ढुक्क लागेको थियो । 'अब तीन वर्षका लागि ढुक्क भयो ।' मेरी आमाले पनि बेहुला र उनका पितालाई बिदा गरेपछि भन्नुभएको थियो ।

# मेरो जीवनको पहिलो शोक

बिहे भए पनि माइतमै बस्न पाएकाले मलाई केही खास फरक परेको थिएन । यत्ति हो, बिहे भएपछि मैले रातो धागोले कपाल बाट्ने, सिउँदोमा सिन्दूर लगाउने र निधारमा टीकाचाहिँ लाउनुपर्थ्यो । त्यसरी लगाउँदा मलाई रमाइलो लाग्थ्यो । अरू कुरामा म उस्तै मेरी आमाकी काखकी छोरी भएर सुखसयलमै मस्त थिएँ । मेरी आमाको मप्रतिको माया मेरो बिहेपछि झनै बढेको थियो । क्रमिक रूपले दिनहरू घट्दै जाँदा अब कान्छी छोरीको बिदाइको समय आउन लाग्यो भन्ने उहाँलाई पीडा हुन्थ्यो । कहिलेकाहीँ मलाई अँगालोमा हालेर उहाँ रुनु पनि हुन्थ्यो । मेरै विषयमा धेरै चिन्ता गरेर हो कि किन हो मेरो बिहेको एक वर्षपछिदेखि मेरी आमाको स्वास्थ्यमा गडबडी सुरु भयो । त्यस्ती महसुर मेरी आमा अचानक कमजोर हुन थाल्नुभएको थियो ।

मेरो बिहे र ठूलेको व्रतबन्ध सकिएपछिको केही समय मधेसमा बसेर हामी पहाड लिम्बा घरमै फर्क्यौं । पहाडको घरगाउँका सबै मानिसले मलाई 'ओहो ! कान्छी नानीको पनि बिहे भएछ !' भनेर जिस्क्याउँथे । म कान्छी नानी केही कुराको शोकसुर्ता थिएन । म आफ्नै दुनियाँमा मस्त थिएँ । बेलाबखतमा आमा बिरामी परेको कुराले चिन्ता लाग्थ्यो, तर एकैछिन मात्र, किनभने निको भइहाल्छ नि ! आमालाई भन्ने मात्र नै लाग्थ्यो । अरू अनिष्टका कुरा मेरा मनमा कहिल्यै आएनन् । त्यस बेलासम्म अनिष्ट भनेको के हो भन्ने

पनि मलाई थाहा थिएन । आमाबा मर्नुहुन्छ भन्ने कुरा पनि मेरो ज्ञानमा छँदै थिएन । मलाई त म सधैँकी यस्तै कान्छी नानी भएर बाआमाको काखमा बसेर मीठोमीठो खान, राम्रोराम्रो लाउन पाउँछु भन्ने मात्र थियो । तर आमा भने दिनदिनै रोगाउँदै जान थाल्नुभएछ । जति नै रोगाए पनि आमाले कान्छी छोरीलाई घर पठाउँदा यो यो दिनुपर्छ भन्ने हिसाब भने गर्न छोड्नुहुन्नथ्यो । 'मेरी कान्छी छोरीलाई मैतालु पठाउँदा यो यो चीजबीज चाहिन्छ' भनेर जोहो गर्नुहुन्थ्यो । तर आमा बिरामीले निकै सारो हुनुभयो । जसले गर्दा हामी फेरि मधेस नै झर्ने निर्णय भयो । त्यसैले पहाडमा एक वर्षजति बसेपछि जाडो छल्न पनि हुने गरी हाम्रो मधेस ओर्लने तयारी भयो ।

हामी मधेस ओर्लनुपर्ने अर्को कारण पनि थियो ।

मेरी आमा त्यसै वर्षको भाइटीकामा सुब्बा मामालाई टीका लगाइदिन भनेर विराटनगर आउनुभएको थियो । मैले 'म पनि आमासँग जान्छु नि' भन्दा आमाले 'तँ त अलि दिन अझै मसँग बस्छेस्, यो छोरीलाई यसै वर्ष घर पठाउनुपर्छ' भनेर मैना दिदीलाई साथ लिएर मामाघर आउनुभएको थियो । त्यसै बखतमा विराटनगरमा ००७ साले आन्दोलनमा लागेका क्रान्तिकारी काङ्ग्रेसहरूले हेलिकोप्टरबाट मामाघरमा पर्चा छरेका थिए रे; त्यसरी क्रान्तिकारीहरूको पर्चा मामाघरमा छरिँदा त्यहाँ निकै आतङ्क भएको थियो रे । त्यसरी पर्चा छरेको केही दिनमा नै गाडी लिएर काङ्ग्रेसका नेताहरूले आएर 'तपाईंलाई बीपीले लिन पठाउनुभएको' भनेर मामालाई अपहरण शैलीमा लिएर मोटरमा हालेछन् । त्यसै बेला मामाकी एउटी छोरीचाहिँ 'म पनि मेरो बुबासँगै जान्छु' भनेर जिद्दी गरेर रुवावासी गरेपछि आन्दोलनकारीले ती छोरीलाई पनि बुबासँगै लिएर गएछन् । तर तीनचार घण्टामा नै मामालाई फिर्ता ल्याइदिएका रहेछन् । टाढाबाट यो घटना सुनेकाले गर्दा पनि मेरी आमालाई काङ्ग्रेससँग निकै डर लागेको रहेछ ।

त्यो २००७ सालको समय थियो । सातसाले क्रान्तिको बेला भएकाले पूर्वी पहाडैभरि भरखरै निस्केको काङ्ग्रेसको आतङ्क थियो । कहिले हूलका हूल काङ्ग्रेस घरघरमा पसेर लुटपाट मच्चाउँथे त कहिले बिहेको बाजा बजाउँदै आउँथे । मानिसहरू कसको बिहे आएछ भनेर हेर्न थाल्थे । तर ती लुटाहा काङ्ग्रेसले लुटपाट मच्चाउन आएका हुन्थे । त्यस्ता लुटाहाका डरले आतङ्कित भएका कति आइमाई मानिसहरू काङ्ग्रेसका हूल देख्नासाथ आआफ्ना बालबच्चा पाखामा राखेर आफू खोलामा हाम फालेर आत्मदाह पनि गर्थे । त्यसैले त्यस्तो बेलामा त्यहाँ बस्ता आइमाई केटाकेटीको ज्यान र इज्जतको सुरक्षा नहुने विषयमा हाम्रो घरसल्लाह भएको रहेछ । फलस्वरूप साँल्दाजु र माल्दाजु गाउँका मानिसहरू वरिपरि पहरेदार राखी पहाडमै बस्ने हुनुभयो । बाँकी घरका अरू हामी सबै परिवार मधेस ओर्लने भयौँ । त्यसैले २००७ सालको मङ्सिर महिनामा हामी पहाडबाट मधेस झर्ने निधोमा पुग्यौँ ।

हाम्रो यात्रा अघि बढेको थियो । आमा बिरामी हुनुभएकाले उहाँलाई डोलीमा हालेर बोक्ने व्यवस्था गरियो । डोली बोक्ने डोलेहरू दस जना थिए । सामलतुमल बोक्नका लागि भरिया, भातभान्साका लागि भान्सेबाजे र अरू काम सघाउने मानिससमेत गरेर पन्ध्र जना थियौँ । मज्जाले हिँड्न सक्नेका लागि लिम्बाबाट एक घण्टा मात्र लाग्ने कम्पुटार भन्ने ठाउँमा त्यस दिन हाम्रो जत्था चार घण्टामा पुगेको थियो । त्यहाँ हाम्रो बाको भोटे जातिका मीतछोराको घर थियो । हामी त्यस रात त्यहीँ बास बस्ने भयौँ । हामी पुग्नासाथ मीतदाइले हामीलाई कुराउनी र चिउरा खान दिए । अनि मीतदाइकै घरबाट दिइएको चामल र तरकारी हाम्रा भान्सेबाजेले पकाए । त्यस रात सबैले बेलैमा भात खाएर सुत्यौँ । अनि बिहान सबेरै उठेर बाटो लाग्यौँ । खोलीगाउँमा पुगेर बिहानको भात पकाएर खायौँ । त्यसै साँझ हामी हाम्रो मधेस झुम्राहामा पुग्यौँ ।

ठूल्दाजुले हाम्रा लागि भात पकाउन लगाउनुभएको रहेछ । थाकेर हत्तु भएको बेला सबैले आनन्दले भात खायौँ । अनि आमाले नुन हालेको तातोपानीले खुट्टा धोयो भने सन्चो हुन्छ भनेर धुन लगाउनुभयो । त्यसपछि आआफ्ना ओछ्यानमा गएर सुत्यौँ ।

बिहान उठेपछि ठूल्दाजुले सबैलाई 'एकएक गिलास दूध खाओ' भनेर व्यवस्था गरिदिनुभयो । ठूल्दाजुले त्यस बेला मधेसको हाम्रो घरमा एक सय पचासभन्दा बढी गाईबस्तु पाल्नुभएको थियो । हिजोआजका मिठाई बनाउने होटेलमा तताएजस्तै बढेमाका कराईमा त्यहाँ दूध तताइन्थ्यो । प्रत्येक पटक तीन जना मानिस त गाई दुहुने कामका लागि मात्र व्यवस्था गरिएको हुन्थ्यो । हुन त हामीलाई पहाडमा पनि खानलाउन दुक्ख थिएन । आमाले लेकमा पनि गाईगोठ राख्नुभएको थियो । तर पहाडमा भन्दा पनि मधेसमा बढी राम्रो व्यवस्था थियो । मधेसको त्यस बेलाको मौसम पनि ठिक्कको थियो । गर्मी पनि थिएन र हामीलाई पहाडको जस्तो जाडो पनि थिएन ।

हामी आएको केही दिनमै कुम्राहामा आमाको उपचार पनि सुरु भएको थियो । डाक्टर भनिने एउटा कम्पाउन्डरले आमालाई आएर जाँच्यो । उसले आमालाई चिनीको बिमारी लागेको हो भन्ने ठहर गऱ्यो । 'सुईं दिएर निको पार्छु' भन्यो । त्यसपछि उसले आमालाई दैनिक सुईं दिन थाल्यो । तर उसले सुईं दिँदादिँदै आमाको पाखुरा निकै दुख्न थाल्यो । निकै टनटन गरेर सुत्नबस्न नसकेपछि ठूल्दाजुले अर्को त्यस्तै डाक्टर झिकाउनुभयो । डाक्टर भनिए पनि त्यो पनि कम्पाउन्डर नै थियो । तर पहिलेको भन्दा जान्ने मानिन्थ्यो । पछिल्लो डाक्टरले आमाको पाखुरामा सुईं हानेको ठाउँमा पाकेको ठहर गऱ्यो र त्यसको अपरेसन गर्नुपर्छ भन्ने निर्णय सुनायो ।

डाक्टरको निर्देशनअनुसार भोलिपल्ट आमाको अपरेसन हुने भयो । निर्धारित समयमा डाक्टर आयो । आमालाई तीनचार जना बलिया मानिसले समातेपछि उसले काठको बीँड भएको एउटा चक्कुले

आमाको दुखेको पाखुरा चिऱ्यो । त्यहाँबाट उसले एक मानाजति पीप रगत निकाल्यो । आमा घाउ दुखेकाले डाँको छोडेर रुनुभएको थियो । आमा रुनुभएकाले हामी छोरीहरू पनि आमासँगै रोएका थियौँ । त्यसपछि सोही डाक्टरले दिनहुँ आमाको त्यो घाउमा एक हात गज कोचेर एक महिनासम्म ड्रेसिङ गरेको थियो । त्यसरी ड्रेसिङ गर्दा पनि धेरै दुखेर आमा दिनहुँ रुनुहुन्थ्यो । अनि आमा रोएको देखेपछि हामी पनि आमा सँगसँगै रुन्थ्यौँ ।

एक महिनापछि पहिलेको घाउ निको भयो । तर अर्को पाखुरामा पहिलेको जस्तै गरी दुख्न थालेको थियो । पहिले सुईं दिएको पाकेको हो भन्ने टुङ्गो भएको थियो । यसपाली ठूल्दाजुले अर्को निकै राम्रो ठहरिएको डाक्टर ल्याउनुभएको थियो । त्यस बेला जति नै राम्रो डाक्टर भने पनि नेपालका गाउँमा डाक्टर पाइँदैनथ्यो । त्यसरी डाक्टर भनिएका सबै नै कम्पाउन्डर हुन्थे । तर त्यो पछिल्लो डाक्टर अरूभन्दा जान्ने रहेछ । किनभने, त्यसले आमाको अपरेसन गर्नुअघि अपरेसन गर्ने चक्कु एउटा भाँडोमा सफा पानीमा हालेर पकाउन लगायो । अझ पाकेको चक्कु कसैले पनि हातले नछुनू भनेर पनि उर्दी लायो । त्यसैले चक्कु पाकेपछि उसका अघि पकाएको भाँडो नै ल्याइयो । उसले आमाको अपरेसन गर्न थाल्यो । ऊ जति नै जान्ने भए पनि ऊसँग पनि मासु मार्ने औषधीको सुईं थिएन । त्यसैले यसपाली पनि आमालाई तीनचार जना बलियाबलिया मानिसले समातेपछि उसले आमाको पाखुरा चिऱ्यो । आमा दुखाइले डाँको छोडेर चिच्च्याईचिच्याई रुनुभयो । हामी छोरीहरू पनि आमा सँगसँगै रोयौँ । हाम्री आमालाई त्यसरी दुखाउने डाक्टरलाई पनि हामीले मनपरी गाली गऱ्यौँ ।

यो घाउलाई पनि एक महिनासम्म पहिलेको घाउजस्तै गरी डाक्टरले ड्रेसिङ गऱ्यो । आमाको घाउ त त्यसपछि निको हुने क्रममा गयो तर आमालाई चिनीको बिमारले भने निकै गलाउँदै

लग्यो । मधेसमा गर्मी पनि बढ्न थाल्यो । त्यसैले आमा पनि 'अब मलाई गर्मी हुन थाल्यो । म पहाडै जान्छु । यहाँ बसिरह्यो भने मेरो घाउ पनि निको हुँदैन' भन्न थाल्नुभयो ।

त्यसपछि हामी पूर्वी पहाड पाँचथर जिल्लाको लिम्बा गाउँमा भएको हाम्रो घरमा पुग्यौँ । तराई आएको जस्तै गरी हामी पहाड फर्केका थियौँ । पहाडको घरमा पुगेपछि आमा निकै ढुक्क हुनुभएको थियो । आफूले निर्माण गरेको घरद्वार, आफूले रोपेका बालीबिरुवाका माऊमा बस्ता उहाँ निकै खुसी हुनुहुन्थ्यो । तर उहाँको चिनी रोगले उहाँलाई दिनदिनै जसो गलाएको थियो । आमालाई कान्छा छोराको बिहे गरेर बुहारी भित्र्याउने र म कान्छी छोरीलाई धुमधामसँग मैताल पठाउने रहर थियो ।

यो २०१० साल वैशाख महिनाको कुरा हो । सोही महिनामा मलाई घर साइत पठाउने कुरा थियो । यो १० गतेका दिनको कुरा हो । आमालाई त्यस दिन पँधेरामा गएर नुहाउन मन लागेर बासँग अनुमति माग्नुभएछ । 'कान्छीलाई साथी लिएर जा न त' बाले भन्नुभएछ । त्यसैले आमा र म पँधेरातिर लाग्यौँ । 'बैदार्नी आमै आज धेरै दिनमा कता हिँड्नुभयो ?' त्यस दिन बाटाभरि भेट भएका मानिसहरूले सोधेका थिए । 'आज मलाई सबैसँग भेट गर्दै सबैतिर हेर्न मन लागेर हिँडेकी' आमाले जबाफ दिनुभएको थियो । आमाछोरी कुरा गर्दागर्दै हामी पँधेरामा पुग्यौँ । त्यस दिन आमाले मसँग पनि सधैँभन्दा धेरै कुरा गर्नुभयो । पँधेरोभन्दा अलि तलतिर हाम्रो खेतमा दुलही भाउजू खेताला लिएर मकै गोडाउँदै हुनुहुँदो रहेछ, आमाले त्यो पनि हेर्दैहेर्दै हिँड्नुभयो । पँधेरामा माइली भाउजू लुगा धोइरहनुभएको थियो । हामीले नुहाएपछि हाम्रा लुगा पनि उहाँले नै धोइदिनुभयो । नुहाइसकेर हामी आमाछोरी डुल्दैडुल्दै घर आइपुग्यौँ । घर आइपुग्नासाथ आमाले 'भोक लाग्यो' भन्नुभयो । भान्सेबाजे बिदा लिएर उनको घर गएका थिए । दुलही भाउजू नछुने हुनुभएकाले मैले भात पकाउनुपर्ने

थियो । 'मलाई मीठो पकाउन आउँदैन । आमालाई के पकाएर खुवाउनु होला' जस्तो मलाई लाग्यो । 'म सिकाइदिन्छु, तोरीको गुन्द्रुकमा माड हाल् अनि आलुको मसेप्रा पका' आमाले अह्राउनुभयो । अनि आमाले भान्सामै बसेर मलाई सिकाउनुभयो र मैले आमाले भनेजस्तै गरी पकाएँ । भात पाकेपछि आमाले 'बालाई पनि भात खान बोला' भन्नुभयो । प्रायजसो बाले बेलुकी भात खानुहुन्नथ्यो । तर त्यस दिन दुलही भाउजू पर सरेकीले अरूथोक पकाउने मानिस छैनन् भनेर बाले पनि भातै खाने हुनुभएको थियो । मेरा माइतमा बेलुकीको भात साँझ नपरी खाने चलन थियो । आमा र बा भात खान बसिसकेपछि, 'साँल्दाजुलाई पनि भात खान बोला' आमाले भन्नुभएको थियो । म खुर्र कुदेर साँल्दाजुका घरमा गएँ, 'आमाले भात खान बोलाउनुभएको छ साँल्दाजु' भनें । साँल्दाजु पनि झट्टै आउनुभयो । भान्सामा बसिसकेपछि, 'मासु छैन, छैन भने मेरामा पक्कु लगाएको मासु छ, जाऊ जाऊ कान्छी नानी पक्कुको भाँडै लिएर आऊ, भाउजू घरमा छैन, ई साँचो लिएर जाऊ ।' भनेर साँचोको झुत्तै मलाई दिनुभयो । म पनि साँचो लिएर गइहालें र पक्कुको भाँडो नै लिएर आएँ । पक्कु तताएर सबै जना खान तयार भयौँ । मेरो ठूल्दाजुको जेठो छोरो ठूले आमाको जेठो नाति भएकाले आमाले साह्रै माया गर्नुहुन्थ्यो । ठूलेलाई पनि भात खान बोलाउँदा ऊ रिसाएर भात खान नआउने भयो । 'खाने बेलामा रिसायो भने अलच्छिन लाग्छ ।' आमाले भन्नुभएको थियो । तर पनि उसले मानेन र हामीले मात्र भात खायौँ । 'आज मेरी कान्छी छोरीले पकाएको कस्तो मीठो' भन्दै खुसी भएर आमाले भात खानुभयो । भात खाइसकेर साँल्दाजु आफ्नै घरतिर जानुभयो । आँगनकै पल्लो छेउमा साँल्दाजुको घर हाम्रा घरकै नजिकै थियो । माल्दाजुको घरचाहिँ बारीको पल्लो छेउमा अलि पर थियो । बाआमा ठूल्दाजुसँग बस्नुभएको थियो, कान्छा दाजु बाहिरतिरै पढ्दै हुनुहुन्थ्यो, उहाँको घरजम नै भएको थिएन । म कान्छी छोरी बिहे भएर पनि मैतालु नपठाएकी हुनाले आमाकै काखमा झैँ थिएँ ।

भात खाइसकेर आमा जहिले पनि केहीबेर दलानमा ढल्किनुहुन्थ्यो । त्यहाँ एउटा राडीमाथि तन्ना ओछ्याएर सिराने पनि हालेको हुन्थ्यो । आमा सधैँजसो त्यहीँ केहीबेर ढल्केपछि माथि कोठामा गएर सुत्नुहुन्थ्यो । त्यस दिन पनि त्यस्तै भयो । बा पनि सधैँजस्तै आफ्नै कोठामा मास्तिर उक्लनुभयो । म पनि आफ्नै कोठातिर लागेँ । आमा सधैँझैँ त्यस दिन पनि तल्तिर दलानमै ढल्कनुभयो । म जहिले पनि सुत्नुअघि आमाबालाई काजुकिसमिस खान पुऱ्याउँथेँ । ठूल्दाजुले मधेसबाट आएपिच्छे जहिले पनि बाआमालाई दिनू भनेर काजुकिसमिस एकएक किलो ल्याइदिनुभएको हुन्थ्यो । त्यस दिन पनि रिकापीमा काजुकिसमिस लिएर बाआमाको कोठामा गएँ । कोठामा बा मात्रै हुनुहुँदो रहेछ । 'आमा तलै निदाएजस्ती छ ।' बाले भन्नुभएको थियो । अनि मैले तल गएर हेरेँ, आमा दलानमै सुतिरहनुभएको रहेछ र दुलही भाउजू आमाको गोडा मिचिरहनुभएको रहेछ । मैले 'आमा ! आमा !' भनेर बोलाएँ । आमा बोल्नुभयो, 'माथि जौँ सुत्न' आमालाई मैले भनेँ । 'एकछिनपछि जान्छु ।' आमाले भन्नुभयो । तर मैले मानिनँ र भाउजू र म भएर आमालाई समात्दैसमात्दै माथि लग्यौँ । बिमारी भएपछि आमालाई रिँगाटा लाग्थ्यो त्यसैले भऱ्याङमा समातेर तलमाथि गराउनुपर्थ्यो ।

आमासँग ठूले सुत्थ्यो । म आफ्नै कोठामा सुत्थेँ । त्यस रात आमालाई आमाको कोठामा पुऱ्याएर मैले आमाका हातमा काजुकिसमिसको रिकापी राखिदिएँ । आमाले 'तिमी पनि खाऊ न नानू' भनेर मलाई पनि दिनुभयो । केहीबेर आमासँग बसेपछि म पनि सुत्न भनेर आफ्नो कोठामा गएँ ।

हामी छुट्टिएको एक घण्टा जति भएपछि नै आमालाई बिमार लागेछ । बाले हतारहतार साँल्दाजुलाई बोलाउनुभएछ । अनि माल्दाजु र नजिकै भएका दिदीहरू साँल्दिदी र ठूली कान्छी दिदीहरूलाई पनि बोलाइसकिएको रहेछ । मलाई पनि बोलाइयो । मस्त निद्राबाट

बिउँझाइएकी मैले एकैछिन त केही कुरै बुझ्न सकिनँ । दिदीहरू र भाउजूहरू रुवावासी गर्न थालिसकेका रहेछन् । आमाले मुठी बटार्नुभएको रहेछ । दाह्रा पनि किट्नुभएको थियो । आमाको बोली पनि बुझिन छोडेको रहेछ । आमाको त्यस्तो अवस्था र दिदीभाउजूहरूको रुवावासी देखेपछि म पनि 'मेरी आमालाई के भयो ?' भनेर रुन थालेँ ।

त्यस बेला ठूल्दाजु मधेसमै हुनुहुन्थ्यो । उहाँलाई लिनका लागि राति नै मानिस पठाइयो । आमाका लागि जपपाठ गर्ने पण्डितहरू बोलाएर जपपाठ राति नै सुरु गरियो । तीनचार जना बाहुनहरू, धामीहरू पनि राति नै आइपुगे । कुनै धामीले बोका भने बोका नै तुरुन्त भाकल गरियो, कसैले कुखुराको भाले भाकल गर्नुपर्छ भने त्यो पनि तुरुन्त गरियो । तर जतिसक्दो गर्दा पनि केही लागेको थिएन । आमाको अवस्था झनझनै बिग्रँदै गएको थियो । बेलुकी नौ बजेदेखि बिमार लागेको आमाको बिहान बाह्र बजेदेखि वाक्य नै बस्यो । त्यसपछि भने सबै जना आत्तिन थाले । साँल्दाजु र माल्दाजु त कोठाभित्र गएर रुँदारुँदै बेहोस हुनुभएछ । उहाँहरूलाई पानी छ्यापेर होसमा ल्याउनुपरेको रहेछ । बिहान उज्यालो भएपछि आमालाई सबै जना भएर डसनासमेत नै बोकेर तल दलानमा ओराले । 'बालाई सोध्, पर्सि म जाने साइत कस्तो छ ? मैना आई ?' आमाले एकाएक प्रश्न गर्नुभयो । तर त्यसपछि भने आमाले पटक्कै बोल्नुभएन । आमाले नबोल्नुभएपछि 'आमा, एक चोटि त बोल्नुस् न' भन्दै म रुन थालेँ । 'बिरामी आमाका छेउमा बसेर नरो' भनेर साँल्दाजुले मलाई हकार्नुभयो । 'काखकी छोरी हो रुन्छे त' बाले मेरो पक्ष लिएर साँल्दाजुलाई भन्नुभयो । बाको सहानुभूति पाएपछि म झन् भक्कानिएर रुन थालेँ । 'नरो कान्छी नरो, तेरी आमालाई निको भइहाल्छ नि !' भनेर बाले मलाई फकाउनुभयो । बाले त्यसो भन्नुभएपछि मलाई पनि आमालाई निको हुन्छ भन्ने आशा लागेर आयो । तर आमाले बिस्तारै पानी पनि निल्न छोड्नुभयो । धामीझाँक्री, पूजापाठ, जपतप केहीले पनि काम गरेको थिएन ।

ठूल्दाजु पनि आइपुग्नुभएन । त्यसै राति नौ बजे आमाको प्राणपखेरु उडेर गयो । अब आमा मर्नुभयो भन्ने थाहा पाएपछि हामी सबै छोराछोरी कङ्कलाशब्द गरेर रुन थाल्यौँ । कोही मुड्कीले छाती बजार्दै, कोही लडीबुडी गर्दै रुँदारुँदै बेहोस भए, घरमा कोकोहोलो मच्चियो । 'आमालाई छुनु हुँदैन' भनेर हामीलाई छुन पनि दिएनन् । आमाको वरिपरि सबै आमालाई रुँगेर बसे । म पनि रुँदारुँदै कतिखेर निदाएछु, एकै चोटि बिउँझिँदा बिहान भइसकेछ ।

चारैतिरबाट मानिसहरू जम्मा भइसकेछन् । आमाको लासलाई खोलामा लैजाने तयारी गर्न थालिएको थियो । टाढाटाढाका दिदीहरू पनि आइपुग्नुभएको रहेछ । तर ठूल्दाजु अझै आइपुग्नुभएको थिएन । कान्छा दाजु इलाहावादमा पढ्दै हुनुहुन्थ्यो । उहाँलाई खबर पठाइएको थियो, तर उहाँलाई पर्खन मिल्दैनथ्यो । किनभने अहिलेजस्तो फोनको, मोबाइलको त्यो जमाना थिएन । भारतको इलाहावादमा त्यस बेला खबर पुऱ्याउन नै धेरै दिन लाग्थ्यो । अनि खबर पाएपछि त्यहाँबाट कान्छा दाजु आइपुग्न पनि निकै दिन लाग्थ्यो ।

'अब ढिलो गर्नु हुँदैन, लास उठाउनुपर्छ' भन्न थाले । त्यसपछि फेरि एकपल्ट रुवावासीको कोकोहोलो मच्चियो । जति रोए पनि केही हुनेवाला थिएन । आमाको आत्माले शरीर छोडिसकेको थियो । त्यसैले सांसारिक नियम पालना नगरी हुन्थेन । मलामीका रूपमा वारिपारि गाउँका धेरै मानिसहरूको भीड हाम्रो आँगनभरि जम्मा भइसकेको थियो । माल्दाजु र साँल्दाजु अनि सबै नातेदारहरूका साथमा अरू सबै मलामीसमेत भएर आमाको लास लिएर गए ।

नए खोलामा आमाको चिता बनेको थियो । माल्दाजुले आमालाई दागबत्ती दिनुभएको थियो । आमाको लास आधा जलिसकेपछि ठूल्दाजु पनि आइपुग्नुभएछ ।

त्यस दिन तीन जना दाजुहरू मुडुलै सेता कपडा बेरेर घरमा आइपुग्नुभयो । दाजुहरूको रूप देखेपछि हामी घरमा भएका दिदीबहिनीहरू पुन: कोकोहोलो मच्चाएर रुन थाल्यौँ । 'हाम्री आमालाई कहाँ छोडेर आउनुभयो ?' हामी रोयौँ, करायौँ । 'आमा ! आमा !' भन्दै हामी केटाकेटी जति लडीबुडी गरेर रोयौँ । त्यस बेलासम्म मलाई पनि 'आमा नफर्किने बाटामा जानुभएको हो' भन्ने कुरा पनि राम्ररी थाहा थिएन । 'हेर् कान्छी नानी ! नरो, आमा भगवान्का घर जानुभयो, अब कहिल्यै आउनुहुन्न, तैँले आजदेखि मलाई नै आमा भन्, तेरा लागि जे गर्नुपर्छ सबै म गर्छु' ठूल्दाजुले मलाई भन्नुभएको थियो । आमा नआउने बाटामा नै जानुभएको कुरा ठूल्दाजुका कुरा सुनेपछि मात्रै मलाई पक्का भएको थियो । ठूल्दाजुले त्यस बेला भनेजस्तै मलाई सधैँ माया गर्नुभयो । तर आमाको जस्तो माया त कसले पो गर्न सक्छ र ? हुन त मलाई सबै दाजुहरू, दिदीहरू र भाउजूहरूले पनि सधैँ माया गरिरहनुभयो । तर मैले सानै उमेरमा आमा गुमाएको कुराले होला मलाई सधैँ आमाको मायाको खाँचो भइरह्यो ।

आमाको तेह्र दिनसम्म गरिने काम सुरु भयो । आमालाई सम्झ्यो कि मेरो मन भक्कानिएर आउँथ्यो । आमाको त्यो प्यारो बोली अब मैले कहाँ सुन्न पाउँथेँ । तर अब आमा कहिल्यै नआउने बाटामा गइसक्नुभएकाले म के पो गर्न सक्थेँ र ? एक्लै भयो कि आमाको सम्झना आउँथ्यो । कतैबाट आमा आइ पो हाल्नुहुन्छ कि भनेर बाटो हेर्थें, म । यो सबै सपना पो हो कि भनेर आफूलाई चिमोट्थेँ पनि । तर सबै कुरा सपना होइन, साँचो थियो । मेरी प्यारी आमा सधैँका लागि यस धर्तीबाट हराउनुभएको थियो । मेरी आमाको आत्मा भगवान्को पासमा पुगेको थियो र शरीर जलेर खरानी भएको थियो । त्यो खरानी पनि नए खोलामा बगिसकेको थियो । त्यसपछि मेरी आमा सम्झनामा मात्र रहनुभयो ।

सधैँभरि को पो कसका लागि रोएर बस्ने रहेछ र ? मैले पनि अब संसार यस्तै रहेछ । आमाबिनाको पनि संसार हुँदो रहेछ भन्ने मन बनाएँ । सबैको घाउमा बिस्तारै खाटा बस्तै गयो ।

तेह्र दिनभित्रमा टाढाटाढाका दिदीहरू पनि आइपुग्नुभएको थियो । तर कान्छा दाजु आइपुग्नुभएन । आमाको तेह्र दिनको काम सकेपछि सबै दिदीहरू आआफ्ना घर फर्के । अब आमाबिनाको घर वनजस्तो भयो । घरकी लक्ष्मीको अवसान भएपछि घर सुनसान भएको थियो । आमा हुँदा त्यही घर जताततै भरिभराउ लाग्थ्यो, आमा नभएपछि त्यही घर जताततै खालीखालीजस्तो भएको थियो । रानोबिनाको घार भयो हाम्रो घर । आमाबिनाकी टुहुरी भएँ म पनि । दिदीहरू पनि बिदा भएर गएपछि त मलाई आमाको अभावले झन् धेरै सतायो । दिदीहरू हुन्जेल त एउटी न एउटी दिदीको नजिकमा गएर म आमाको अभाव पूरा गर्न खोज्थेँ । दिदीहरूले पनि कान्छी बहिनी, आमाकी काखकी छोरी भनेर माया गर्नुहुन्थ्यो । अनि म मन बुझाउने गर्थें ।

आमा खसेको एक महिनापछि कान्छा दाजु आइपुग्नुभयो । हाम्रो सनातन धर्मको मृत्युसंस्कारअनुसार कुनै छोराले तेह्र दिनभित्र आमाबाको क्रिया गर्न सकेको छैन भने उसले एक्लै भए पनि सो क्रिया सम्पन्न गर्नैपर्छ । जसअनुसार कान्छा दाजुले पनि एक्लै तेह्र दिनसम्म झोक्रेर बस्नुपऱ्यो । उहाँले पुरोहितसँग गएर पँधेरामा भात पकाएर खानुभयो । तेह्र दिनको काम सक्नुभयो । बिचरा ! मेरो कान्छा दाजु ! उहाँलाई कत्ति पीर पऱ्यो होला !

आमाको जीवनकालमा कान्छा दाजु घरमा आएको बेला घरमा पर्व आएको जस्तो हुन्थ्यो । 'मेरो पढ्न परदेशमा बसेको कान्छो छोरो घर आएको छ ।' खुसीले आमाका भुइँमा खुट्टा हुँदैनथे । हर्कबढाइँ गरेर आमाले कहिले खसी काटेर पक्कु लगाउनुहुन्थ्यो । कहिले सेल पकाउन लगाउनुहुन्थ्यो । कहिले खीर पकाउन लगाउनुहुन्थ्यो । घरै

रमाइलो हुन्थ्यो । आमा खुसी भएर यताउति गर्न थालेपछि हामीलाई पनि रमाइलो हुन्थ्यो । भँडारमा डालाका डाला सेलरोटी र अनरसा हुन्थे । कान्छा दाजु बसुन्जेल भान्सामा पक्कु टुट्दैनथ्यो । चुलोमा सुकुटी लगाइराखेको हुन्थ्यो । कान्छा दाजु घरमा हुन्जेल दसैँको बेलाजस्तै रमाइलो हुन्थ्यो ।

मेरा कान्छा दाजुलाई खाजामा नौनी र चिउरा पनि खूब मन पर्थ्यो । 'कान्छी नानी !' मलाई कान्छा दाजुले बोलाउनुहुन्थ्यो । 'हजुर !' म तुरुन्त हाजिर हुन्थेँ । 'मलाई नौनी चिउरा ल्याऊ, अलिकति चिउरा, चिउराभन्दा धेरै चिनी र चिनीभन्दा धेरै नौनी हालेर ल्याऊ' भनेर अह्राउनुहुन्थ्यो । त्यसरी अह्राउँदा हातको इसाराले अड्कलेर देखाउनुहुन्थ्यो । म पनि दाजुकी आज्ञाकारी बहिनी भएर त्यसरी नै नौनीचिउरा ल्याइदिन्थेँ । र कान्छा दाजु नौनीमा डल्लो पारेर चिउरा खानुहुन्थ्यो । यी आमाका जीवनकालका सुखका दिन थिए । अब आमा नभएपछि यी सबै कुरा सपनासरि भएका थिए । हुन त ठूल्दाजुले पनि कान्छा दाजुलाई माया गर्नुहुन्थ्यो । बा पनि हुनुहुन्थ्यो तर आमाको जस्तो त कसले पो गर्न सक्थ्यो र ! आमाको देहावसानका कारण कान्छा दाजु त्यस बेला पहाडमा बसुन्जेल कहिल्यै उज्यालो अनुहारले बस्नुभएन । छोरामान्छे भएकाले उहाँले हामी छोरीमान्छेजस्तो कङ्कलाशब्द गरेर रुन पनि सक्नुहुन्नथ्यो । तर उहाँलाई आमा नभएको पीडाले धेरै नै सताएको थियो । उहाँको पहाडको संसार नै ध्वस्त भएको थियो । आमाको मायाले तानेर पहाडमा उहाँलाई वर्षमा एकदुईपल्ट ल्याइपुऱ्याउँथ्यो । तर अब ममतामयी आमा नै यस संसारमा हुनुहुन्नथ्यो । कान्छा दाजुको पढाइ पनि सकिएको थिएन । त्यसैले आमाको पैँतालीस दिनको काम सकेर कान्छा दाजु फर्कनुभयो ।

# मलाई मैतालु पठाइयो

यो संसारमा जे भए पनि बाँच्ने मानिसले सहनु नै पर्ने रहेछ । आमा बितेको पनि अब छ महिना भयो । छ महिनासम्म मैले पनि चोखो खाएँ । छोरीको जात भनेको यस्तै हो जस्तो पनि मलाई लाग्यो । आमाको छ महिनाको काम सकेर मलाई घर साइत पठाउने कुरा सुरु भइसकेको थियो । आमा बित्नुभएको कारण जुठो परेको आमाबाको घरबाट पठाउनु हुँदैन भनेर मेरी कान्छी दिदीका घरबाट मलाई पठाउने टुङ्गो पनि गरिसकिएको थियो ।

बिहे भएकी आइमाईमाथि उसका लोग्नेपक्षका मानिसको हक लाग्ने कुरा हुन्थ्यो । केटापक्षकाले 'हाम्री बुहारी पठाइदिनू' भनेपछि पठाउनै पर्ने थियो । बिहे भएकी छोरी माइत राख्नु हुँदैन भन्ने मान्यता अझै पनि छ ।

मेरी आमा खस्नुअघि नै मेरा ससुरा नेत्रप्रसाद नेपालले मलाई लिन भनेर अग्रिम खबरै नगरी चार जना भरिया र साइँला फुपाजु ससुरा रामविलाश चापागाईंलाई पठाउनुभएको थियो । त्यस बेला मलाई लिन आउने मानिसहरूलाई आमाले खूबै सत्कार गरेर खानपिन गराउनुभयो । उनीहरू पनि एक रात बसेर फर्के । 'मेरा सम्धीले मलाई मेरी कान्छी छोरी यत्तिकै पठाउँछे भन्ने सोच्नुभयो कि क्या हो ? नेपालले खबरै नगरी छोरी लिन पठाउनुभएछ । मैले जेठी छोरीलाई सोह्र ओटा भरिया गरेर मैतालु पठाएकी थिएँ । यो मेरी कान्छी छोरीलाई म धुमधामसँग घर पठाउँछु । भन्दिनू सम्धीलाई ।'

उनीहरूलाई रित्तै फर्काउने बेलामा मेरी आमाले मेरा ससुराका लागि खबर पठाउनुभएको थियो ।

त्यस बेला मलाई लिन आए भन्ने थाहा पाएपछि म त लुकेको लुक्यै गरेँ । अब मलाई लान्छन् भन्ने डरले म त अत्तालिएकी थिएँ । आमाले उनीहरूलाई बिदाइ गरेपछि मात्र म बल्ल लामो सास फेर्दै बाहिर निस्केर निर्धक्क भएर आमाको वरिपरि रमाएर बसेकी थिएँ ।

तर मेरो भाग्यमा आमाले धुमधामले घर पठाउन लेखेको रहेनछ । आमाको जीवनकालमा मलाई घर पठाएको भए मेरो कत्रो ठाँटबाँट हुने थियो । तर आमाको स्वर्गारोहण भएको छ महिना पुग्नासाथ मलाई घर पठाउने भए । मेरा ससुराले तारन्तार मलाई घर पठाइदिनू भन्ने खबर पठाइरहेकाले मेरा बा र दाजुहरूलाई अब मलाई माइत राखिरहन उचित लागेन ।

मेरी कान्छी दिदी मलाई माया गर्ने दिदीको नाउँ हो । उहाँको वास्तविक नाउँ जे भए पनि उहाँलाई हामी सबै सानाहरू कान्छी दिदी नै भन्थ्यौँ । उहाँले सधैँ मलाई माया गर्नुभयो । आमा नभएपछि आमाको माया मैले सधैँ उहाँबाटै पाएँ ।

कान्छी दिदीको घर मेरा बाआमाले नै बनाइदिनुभएको थियो । भिनाजु पनि असाध्यै सीधा र भलादमी हुनुहुन्थ्यो । उहाँकै घरबाट मलाई मैतालु पठाउने साइतको काम गरिने निधो भयो । मङ्सिर दस गतेका दिनको साइत जुरेको थियो र सोहीअनुसार मेरा ससुरालाई खबर गरिएको थियो ।

त्यसअनुसार मेरा ससुराले मलाई लिन पहिले पठाइएका मेरा कान्छा फुपाजु ससुरा र भरियाहरूकै साथमा मेरा साइँला देवर अग्निप्रसाद नेपाललाई पनि पठाउनुभएको थियो । मेरा साइँला देवरसँग मेरै माइला काका कृष्णलालकी छोरी कुन्तादेवीको बिहे भएको थियो । उहाँ मेरी दिदी हुनुहुन्थ्यो । उहाँलाई पनि मैतालु पठाउन लागिएको

रहेछ । माइतका साइनाले उहाँ मेरा भिनाजु भए पनि पतिका घरको साइनाले उहाँ मेरा देवर हुनुभयो । उहाँले पनि मलाई 'भाउजू' नै भन्नुहुन्थ्यो र म पनि उहाँलाई 'नानी' नै भन्थेँ । मेरा साइँला नानी अत्यन्त इमानदार र भलादमी हुनुहुन्थ्यो । उहाँले कसैलाई कहिल्यै बिझाएको मलाई थाहा छैन । मलाई पनि उहाँले सधैँ आदर, सम्मान र यथोचित माया गरिरहनुभयो ।

२०१० साल मङ्सिर १० गते मलाई विधिवत् घर पठाइयो । मेरी दुलही भाउजू र कान्छी दिदी भएर सेलरोटी, चिउरा, कसार, धुले अचार, छ्याँटा, तितौरा, आलुका मसेप्रा मेरा लागि घर पठाउने सामग्रीका रूपमा तयार गर्नुभएको थियो । दुईतीन जोर नयाँ लुगा ठूल्दाजुले मधेसबाट किनेर ल्याइदिनुभएको थियो । यसबाहेक मलाई चाहिने सिरक, डसना, दरी, सिराने भएको गुन्टा र टिनको बाकससमेत गरेर मलाई घर पठाउने बन्दोबस्त भएको थियो । यी सामग्रीबाहेक हाम्रा जमानामा छोरीलाई सुनका गहना दिने चलन थिएन । मलाई माइतमा बस्ता एक जोर टप लाउन दिइएको थियो । मलाई घर पठाउने बेलामा दुलाहापट्टिकै गहना लगाउन लगाएर त्यो टप पनि खोलेर माइतीले नै राखेका थिए । मेरो बिहेमा गोडधुवा ८० रुपियाँ भएको थियो, त्यो पनि ककसले कता पुऱ्याए, मलाई थाहै भएन । मलाई मात्र होइन; मेरा कुनै दिदीहरूलाई पनि माइतीले खासै सम्पत्ति दिएका थिएनन् । त्यस बेला हामी छोरीलाई माइतीले सम्पत्ति दिने चलन थिएन ।

बिहान दसएघार बजेतिर मलाई मेरी कान्छी दिदीका घरबाट साइत गरेर ठूल्दाजु, भाउजू र दिदीभिनाजु भएर बिदा गरे । त्यसरी नचिनेका मानिसहरूसँग म कहिल्यै घरबाट एक्लै कतै नगएकी हुनाले अचम्ममा परेकी थिएँ । भरियाहरूमा एक जनाचाहिँ मगर जातकी आइमाई पनि थिइन् । दुई जना मेरा लागि भरिया, दुई जना मेरी दिदीका लागि भरिया, मेरा फुपाजुससुरा, मेरा साँल्नानी र मेरी

दिदी, म र तिनै मगर्नी दिदी गरेर यात्रामा नौ जनाको डफ्फा थियो, हाम्रो ।

म र मेरी दिदी हिँड्न नसक्ने भएकाले नए खोलाको बगरमा नै त्यस रात बास बस्नुपऱ्यो । त्यहाँ पुग्दा राति भइसकेको थियो । अन्धकारमा छ्यामछ्यामछुमछुम गर्दै लुगाफाटा ओछ्याएर लहरै सुत्यौँ । छेउछेउमा लोग्नेमानिसहरू सुते । हामी दुइटी मैतालु र ती मगर्नी दिदीलाई बीचमा सुताए । त्यहाँ डाँका लाग्छ भन्थे, त्यसैले सबै डरले चुपचाप थिए । केही बोल्नुपरे पनि साउती मात्रै गर्थे । मैले पन्ध्रसोह्र तोला सुनका गहना लगाएकी थिएँ । मेरा फुपाजुससुराले मेरा गहना खोल्न लगाएर सबै उहाँकै पटुकामा बाँधेर कम्मरमा कस्नुभएको थियो । कतिखेर उज्यालो हुन्छ भनेर आँखा चिम्लिँदाचिम्लिँदै निदाइएछ ।

भोलिपल्ट बिहान उठेर नित्यकर्ममा लाग्यौँ । मलाई हिजो माइतीघरबाट हिँड्नेबित्तिकैदेखि पिसाब लागेको थियो । लाजले भन्न नसकेर रोकेको रोक्यै थिएँ । बिहान मात्र बल्ल हलुका भएकी थिएँ । त्यस दिन पनि दिनभरि हिँडेर राति बास बस्यौँ । कहाँ बस्यौँ अहिले सम्झन सकेकी छैनँ । तर त्यस रात बास बसेको बेलाको भने मलाई अहिले पनि सम्झना छ, 'भोलि घर पुगिन्छ, मेरा बेहुला कस्ता होलान् ? मैले चिन्छु कि चिन्दिनँ होला । बिहामा त देखेको हो तर राम्रो याद छैन, फेरि अहिले त दार्जिलिङबाट आउनुभएको छैन अरे । मलाई कसले माया गर्छ होला ? सासू कस्ती छिन् होली ? ससुरा कस्ता छन् होला ? घरमा नन्दआमाजू, देवरजेठाजु कस्ता कस्ता छन् होला ? सौतेनी सासूहरू पनि छन् भनेको सुन्छु । मलाई कस्तो गर्छन् होला ?' म तेह्रवर्षे किशोरीका मनमा अनेक कुरा खेल्न थालेको थियो । मलाई डर पनि लागिरहेको थियो । दिदीहरूले उनीहरूका आआफ्ना घरका सासूससुराहरूले दिएका अनेकानेक सास्तीका कुरा सुनाएका थिए । त्यसैले पनि मलाई जतिजति घर नजिक आइपुग्न लाग्यो भन्ने थाहा भयो, त्यतित्यति नै डर लागिरह्यो ।

साथमा दिदी त थिइन् । यसो कुरा गरौँ न भन्दा पनि मुख खासै लाग्दैनथ्यो । काकाकी छोरी भए पनि हाम्रो दिनदिनैको भेटघाट थिएन । त्यसैले मनका कुरा गर्न धक लाग्ने हाम्रो सम्बन्ध थियो । माइतको साइनोले मभन्दा उनी तीन वर्षले दिदी भए पनि घरको साइनोमा उनी मेरी देउरानी नै थिइन् । तर मैले उनलाई सधैँ दिदी नै भनेँ ।

हामी जहाँसम्म पुग्ने भनेर हिँडेका थियौँ त्यहाँसम्म त पुग्नै पर्थ्यो । म जति नै डराए पनि मलाई नै पनि मेरो घर भनिएको ठाउँ हेर्ने पनि उत्सुकता नै थियो । अब घर आइपुग्ने बेला भएछ, त्यसैले मेरा फुपाजुससुराले उहाँले बोकिदिनुभएका सबै गहनाहरू ‘लौ लगाऊ’ भनेर मलाई दिनुभयो । हिँड्न सक्तिनँ भनेर खुट्टामा लगाउने साठी तोलाका कल्लीबाहेक सबै गहना मैले लगाएँ ।

मार्गापोखरी आइपुग्यो । साइँला देवरको घर त्यहीँ रहेछ । त्यसैले देवर, दिदी र उहाँका सामान बोक्ने दुई जना भरियाहरू त्यहीँ बसे । हामी बाँकी पाँच जना हाम्रो घर चुङवाङ लाग्यौँ । साइँला देवरको घरबाट हाम्रो घर दस मिनेट जति टाढा रहेछ ।

# सपनाको घर विपनाको नर्क

घरमा हामी पुग्दा त्यहाँ धेरै जना मानिस हुनुहुँदो रहेछ । मेरी सासू यज्ञमायाले निकै खुसी भएर मलाई भित्र्याउनुभएको थियो । सासूले मेरो मुख हेर्ने, सासूसँग चुल्ठो जोर्ने, सासूबुहारी भएर मानापाथी भर्ने, सासूका गोडामा पैसा राखेर ढोग्ने इत्यादिकर्म मलाई सिकाउँदै भित्र्याउने सबै नियम पुऱ्याउनुभयो । त्यसपछि दुलही हेर्न आएका बडेमा सासू, काकीसासू, सौतेनी सासूहरू, फुपूसासूहरूसँग ढोगभेटको कार्यक्रम भयो । अनि मलाई मेरी सासूले नन्ददेवर सबैसँग परिचय गराउनुभयो । माइतबाट ल्याएका खानेकुरा मैले सबै सासूलाई नै जिम्मा लगाइसकेकी थिएँ । सासूले नै सबैलाई सो खानेकुरा खान दिनुभयो । खानेकुरा खाइसकेपछि नजिक घर हुनेहरू आआफ्ना घर फर्के, टाढाटाढाकाहरू यतै बस्ने भए ।

त्यस रात भात कान्छी सासूले पकाउनुभयो । कान्छी सासू म जत्रै हुनुहुन्थ्यो । त्यस बेला ससुरा र मेरा बेहुला दार्जिलिङमै हुनुहुँदो रहेछ । त्यसैले घरमा आइमाई र केटाकेटीहरू मात्रै रहेछन् । भात पाकेपछि फुपूसासू, सासू, नन्ददेवर सबैले भात खाए । सबैले खाएपछि कान्छी सासू र मैले पनि खायौँ । भात खाइसकेका सबै जना सुत्नका लागि भनेर माथिल्लो तलामा उक्ले । भान्सामा कान्छी सासू र म मात्रै भयौँ । सबैले भात खाएका भाँडा एक डोको भयो । अब भाँडा कसरी माझ्ने ? मलाई निकै समस्या परेको थियो । सधैँ माइतमा 'कान्छी नानी' भएर जुठो भाँडा नछोएकी मान्छे अब घरमा 'नौकरानी'

हुन लागेकी थिएँ । भाँडा पनि काँ माझ्ने ? ठहर गर्न सकेकी थिइनँ । चुलैमा जुठा भाँडा माझ्न थालेकी थिएँ । मेरी सासूले 'दुलही तल मझेरीमा ओरालेर माझ्' भन्नुभयो । अनि भाँडा तल ओरालेँ । त्यसपछि कान्छी सासू र म भएर भाँडा माझ्न थाल्यौँ । 'यी म माझ्छु, तँ पकाएका भाँडा बाहिर लगेर माझ्' थालबोटुका समातेर कान्छी सासूले मलाई अह्राउनुभयो ।

एक त जीवनमा पहिलोपल्ट भाँडा माझ्नुपरेको छ त्यो पनि नयाँ ठाउँमा, अझ अँध्यारोमा लगेर 'पकाएका चाहिँ भाँडा माझ्' भन्दा मलाई निकै सकस भयो । राख्न त एउटा कुपी बालेर बाहिर राखिदिइएको थियो । तर कहिल्यै भाँडा नमाझेकी, सबैकी कान्छी नानी भएर माइतमा पुलपुलिएकी मैले जुठेल्नुमा बसेर जुठा भाँडा माझ्दा मलाई हुनसम्म चित्त दुखेको थियो । तर त्यहाँ अपरिचितहरूका माझमा मेरो चित्त दुखाइको केही अर्थ थिएन । त्यसैले अब मेरो भाग्य यस्तै हुने भो भनेर मैले आफ्नो न्वारनदेखिको ज्ञान लगाएर भाँडा माझेँ ।

मैले बल्लबल्ल भाँडा माझी सकेर चुलो पोतेपछि धन्दा सकिएको थियो । त्यसपछि बुहारीको खास धर्मको काम सासूका गोडामा तेल लगाउनुपर्ने थियो । सासूले 'भो' नभनुन्जेल तेल लगाउनुपर्दो रहेछ ! त्यसपछि छ जना नन्ददेवरहरूका र कान्छी सासूका खुट्टामा पनि तेल घस्न लगाए । लोग्ने घरमा भएको भए लोग्नेका खुट्टामा पनि तेल लगाउनुपर्ने रहेछ ! तर त्यस बेला मेरा लोग्ने घर नभएकाले त्यस दिन लोग्नेलाई तेल लाउनुपरेको थिएन । तेलको प्रसङ्गमा पनि एउटा कुरा सम्झिँदा मलाई अहिले हाँस उठ्छ, मेरा ससुरा घरमा भएका बेला कहिलेकाहीँ दुईपट्टि दुइटी सासूलाई सुताएर आफू बीचमा ससुरा सुतेको हुनुहुन्थ्यो । बुहारीले ससुराका गोडा छुनु हुँदैनथ्यो, तर सासूहरूका गोडाका बीचमा भएका ससुराका गोडा टुकीको उज्यालोमा ठम्याउन मलाई बडो कठिन हुन्थ्यो । त्यसरी सासूहरू र ससुरा सुतेका ठाउँमा गएर सासूहरूका गोडामा तेल

घस्न मलाई निकै लज्जास्पद र कठिन काम लाग्थ्यो । तर जेजस्तो परिस्थिति भए पनि मैले सासूहरूका गोडा पहिचान गरेर तेल घस्नै पर्थ्यो ।

तीन दिनको बाटो हिँडेर आएकी म बुहारीको कर्ममा आइपरेको घरधन्दाको सबै काम सकेर सुत्नका लागि ओछ्यानमा पसारिँदानपसारिँदै मलाई निद्राले ऱ्याप्प पारेको थियो ।

भोलिपल्टदेखि घरधन्दा, पराल बोक्ने, भकारो सोर्ने, खेतमा मल ओसार्ने, बारीमा डल्ला फुटाउने, ढिकीजाँतो गर्ने, आली लगाउनेजस्ता विविध काम गर्नुपर्ने कुरा थाहा पाउँदै गएँ । मेरा माइतमा त यस्ता काम हलीखेतालाले गर्थे । भात पकाउने पनि भान्सेबाजे थिए । भाँडा माझ्ने पनि मान्छे राखिएको थियो । कहिलेकाहीँ केही काम गर्नै परे पनि भाउजूहरूले मलाई केही काम गर्न दिनुहुन्नथ्यो । आमाको जीवनकालसम्म त मैले एउटा गिलास माझेको पनि आमाले थाहा पाउनु हुँदैनथ्यो । नत्र भाउजूहरूले आमाको खप्की खानुहुन्थ्यो । त्यसैले मैले रहरले भाँडा माझ्छु भनेँ भने पनि भाउजूहरूले आमाको डरले मलाई जुठा भाँडा छुन पनि दिनुहुन्नथ्यो । माइतमा गरेको चैनको साटो माइतकी कान्छी नानीको अब यस्तै हबिगत हुने रहेछ भन्ने पनि मलाई थाहा भयो । तर अब के गर्नु र ? खुरुखरु आफूलाई अह्राएका काम गर्नुबाहेक केही गर्न सकिने अवस्था पनि थिएन ।

म घरमा भित्रिएको एक हप्ता भएको थियो । एक दिन बिहानै मेरी कान्छी सासू र म पराल बोक्न गएका थियौँ । हामी भात खाने बेलामा घर फर्किंदा घरमा नचिनेका मानिसहरू देखिए । 'को पाहुना आएछन्' भन्ने लाग्यो । हामी पुग्दा भान्सामा उनीहरूले भात भर्खरै खाइसकेका रहेछन् । अब हामी खाने भनेर भान्सामा म पनि पसेँ । मेरी सासू चुलैमा हुनुहुँदो रहेछ । 'जुठा भाँडा ओराल्' सासूले मलाई भन्नुभयो । मैले सबै थालबोटुका तल ओराल्न थालेँ । 'त्यो माइलाले खाएको थालचैँ नओराल्, तैँले त्यसैमा खानू' सासूले भन्नुभएको

थियो । मेरा दुलहालाई घरमा सबैले माइला भनेर सम्बोधन गर्छन् भन्ने कुरा मैले थाहा पाइसकेकी थिएँ । त्यसैले त्यस बेला मेरा दुलहा पनि घरमा आउनुभएको कुरा मैले बुझेँ । दुलहाको उपस्थितिको कुरा थाहा पाएपछि मेरो मन रोमाञ्चित भयो । डर र खुसी एकै पटक लागेर आयो । 'पाहुना भनेको त मेरै दुलहा पो आएका रहेछन् ।' सासूले थाल तल नओराल् भन्दानभन्दै मैले त्यो थाल पनि तल ओरालेकी रहेछु । अनि सासूले भनेको मानेर ओरालिसकेको थाल फेरि मास्तिर राख्न लागेकी थिएँ । 'तल ओरालेपछि माथि ल्याउनु हुँदैन अब तलै राख्' सासूले भन्नुभएको थियो । 'तल्तिर मास्तिर, तल्तिर मास्तिर' भन्दै मेरा जेठाजुले मलाई जिस्क्याउँदै दुवै भाइ त्यहीं अलि परतिर बसेर मरीमरी हाँस्न थाल्नुभएको थियो । मैले त्यसरी हाँसिरहेका मानिसहरूपट्टि सासूले नदेख्ने गरी चोरेर हेरेँ । एक जना दारीकपाल पालेका र एक जना नपालेका रहेछन् । 'तेरा दुलहाले त बाट्न हुने गरी कपाल पालेका छन् ।' केही समयअघि कसैले भनेको सम्झेँ र दुईमध्ये दारीकपाल पालेका चैँ मेरा दुलहा हुन् भन्ने टुङ्गो गरेँ । नत्र कसरी चिन्नु र ? बिहेमा देखेको कुरा सपनाजस्तो छ । घरमा आइपुगेपछि दुलहा नै थिएनन् । अनि देखेको बेलामा पनि धक फुकाएर टाउको उठाएर हेर्न थाल्यो भने 'लाज नभएकी नकच्चरी' को पगरी पाइहालिन्थ्यो ।

त्यसपछि दिनभरि भित्रबाहिर गर्दा केही पटक चोरेर दुलहाको मुख पनि हेरेँ । दुलहा घरमा आएको कुराले भित्रैदेखि रमाइलो लागेको थियो । दिनभरि कामधन्दा गर्दागर्दै बित्यो । बेलुकी भएपछि सधैँजस्तै भान्साको धन्दा सकियो । अनि दुइटी सासूहरू, चार ओटी नन्दहरू र दुई जना देवरहरूका गोडामा तेल लगाइसकेर लोग्नेका गोडामा पनि तेल लगाउन म पुगेकी थिएँ । 'तिमी धेरै थाकेकी छौ, मलाई लगाउनु पर्दैन ।' मेरा दुलहाले भन्नुभएको थियो । 'मेरो लोग्नेले मलाई माया गर्ने रहेछन् ।' घरमा आएपछि पहिलो पटक आफूलाई माया गर्ने आफ्नो मान्छेको कुरा सुनेर म खुसीले दङ परेकी थिएँ ।

त्यसपछि पन्ध्र दिनसम्मको मेरो संसार साह्रै रमाइलो भयो । मैले उहाँबाट धेरै माया पाएँ । मलाई त्यस बेला लाग्थ्यो, मेरो लोग्नेजस्तो माया गर्ने लोग्ने संसारमा अरू कसैको पनि हुन सक्दैन ।

मेरो दुलहा पन्ध्र दिनका लागि मात्र आउनुभएको थियो । यसैबीच एक दिन उहाँहरू दाजुभाइ धनकुटा बजार घुम्न जानुभएको थियो । फर्केर आएपछि– 'ठाना मेरो आनाजाना बजारैमा घर्छ, ज्यालखान मेरो ससुराली कुन सालेको डर्छ' भन्दै गाना गाउन थाल्नुभयो । मेरा फुपूसासूका छोरा यज्ञप्रसाद अधिकारी पनि उहाँहरूसँगै आउनुभएको थियो । मानिसका सामु के भनेको हो भनेर पनि मैले सोध्न सकिनँ । 'आमा ! मेरा जेठानहरू गौरीप्रसाद घिमिरे, गङ्गाप्रसाद घिमिरे र अम्बिकाप्रसाद घिमिरेहरूलाई ज्यानमुद्दा लाग्यो रे । उनीहरूलाई धनकुटाको जेलमा हालेको छ रे । मेरा जेठानहरू जेलमा आउँदा पनि बडाहाकिमको सवारीजस्तै तीनै जना तीन ओटा घोडामा चढेर अघिपछि भरियालाई भएभरका गुन्टा र सामलतुमल बोकाएर जेलभित्र पसे अरे ।' मेरा दुलहाले उहाँकी आमासँग कुरा गरेको मैले पनि सुनेँ । मेरो मनमा यो कुराले भुइँचालो गयो । मलाई दाजुहरूको माया त लाग्यो तर त्योभन्दा पनि 'ठूल्दाजु त जेल पर्नुभएपछि मलाई अब कसले माइतबाट लिन पठाउँछ' भन्ने चिन्ता पऱ्यो । ठूल्दाजुले मलाई यता पठाउने बेलामा 'तँलाई दस दिनमा लिन पठाउँछु, कान्छी नानी !' भन्नुभएको थियो । माइतको सुखको कल्पना गर्दै म घरको दुक्खका दिन औँलामा गन्दै बिताउँदै थिएँ । यहाँ जति नै दुक्ख गरे पनि मलाई ठूल्दाजुले लिन पठाएपछि त यी दुक्ख भोग्नु पर्दैन भन्ने आशाले मैले सबै दुक्ख सहिरहेकी थिएँ । तर अब मेरो दुक्खका दिन नजाने भए 'अब मलाई लिन पठाउँदैनन्, लिन पठाउँछु भन्ने दाजु नै जेलमा परेपछि कसले पठाउँछ र ?' भन्ने कुराले मलाई धेरै पीर पऱ्यो । त्यसैले म मेरा कोठामा गएर रुन थालेँ ।

'तिम्रा दाजुहरू धेरै दिन जेलमा बस्तैनन् । धनकुटाको बडाहाकिम तिम्रा मामा नारायणप्रसाद रिजालका मीत हुन् रे ।' मेरा दुलहाका कुराले मलाई धेरै सान्त्वना दियो र मैले मनमा शान्ति लिएँ । वास्तवमा मेरा दुलहाले भन्नुभएको कुरा नै सत्य साबित भएको थियो । मेरा दाजुहरूले धेरै दिन जेलमा बस्नु परेन । मेरा दाजुहरूलाई शत्रुले हालेको मुद्दामा उहाँहरूकै जित भएको थियो । अदालतबाट मेरा दाजुहरूलाई निरपराध घोषित गरिएको थियो । आफ्नो माइतीको विजयमा मलाई धुमधाम खुसी लागेको थियो ।

मेरा दुलहाको पनि दार्जिलिङ फिर्ने दिन आयो । अनि म रुन थालेँ । त्यस रात म धेरै रोएँ । मेरो त्यो रुवाइ पनि 'मेरा दुलहा नभएपछि अब मलाई कसले माया गर्छ' भनेर नै थियो । 'किन रोएको ? म आउँदै जाँदै गर्छु नि ! तिमीले आफूभन्दा ठूलासँग मुख नलाग्नू, अह्राएको काम सकेको गर्नू, आफूभन्दा सानालाई माया गर्नू' भनेर मेरा दुलहाले मलाई सिकाउनुभयो । 'तिम्रो सम्झनाका लागि यो एउटा औँठी म लाउँछु' भनेर मेरो औँलाबाट झिकेर एउटा औँठी उहाँले लगाउनुभयो ।

भोलिपल्ट सबैसँग बिदा भएर उहाँ जानुभयो । मलाई मेरा दुलहा हिँडेपछि त्यो घर नै बिरानो लाग्यो । मलाई पनि उहाँसँगसँगै जान मन लाग्यो । तर त्यो सम्भव थिएन । त्यस बेला लोग्नेको मायाको साटो घरको बुहार्तन मेरा भागमा परेको थियो ।

मेरी सासूसँग म जम्मा तीन महिना बसेँ । ससुराकी जेठी पत्नीका तर्फबाट एक छोरा र चार छोरीको जन्म भइसकेपछि जन्मनुभएका कारण मेरा पति मेरी सासूको पहिलो सन्तान भए पनि ससुराका तर्फका छोराको हिसाबले माइला छोरा भनिनुभएको हो भन्ने पनि मैले थाहा पाएकी थिएँ ।

मेरी जेठी सासू छुट्टिएर अलग्गै बस्न थालिसक्नुभएका कारण पनि म मेरी सासूका लागि जेठी बुहारी थिएँ । मलाई मेरी सासूले धेरै

माया गर्नुहुन्थ्यो । त्यस अवधिमा मेरी सासूले मलाई काम सिकाउने र लुकाएर मीठो खानेकुरा खान दिने गर्नुहुन्थ्यो । ठूलो परिवार भएका कारण र बुहारीका भागमा मीठो खानेकुरा नपर्ने चलनले गर्दा मेरो पेट प्राय: भोकभोकै हुन्थ्यो । माइतमा मीठोमीठो खानपिन गरेकी मलाई मेरो भागमा परेको नमीठो खानेकुरा घाँटीबाट छिराउन नै गाह्रो हुन्थ्यो । यो कुरा मेरी सासूले बुझ्नुहुन्थ्यो । त्यसैले अरूका आँखा छलेर मेरी सासूले मेरो पोल्टामा घिउचिनी र चिउरा हालिदिनुहुन्थ्यो । 'यो नखाईकन नै मर्छे होली ।' उहाँले मेरो पीर गर्नुहुन्थ्यो । 'नाडी पनि भाँडा मस्काउँदामस्काउँदै पिटिक्क भाँचिन्छन् जस्ता छन्' भनेर मेरा नाडी हेर्दै चिन्ता गर्दै खुइय... ! काढ्नुहुन्थ्यो । त्यस बेला म पातली पनि साह्रै नै पातली थिएँ । मेरी सासू म भित्रिँदा नै निकै कमजोर हुनुहुन्थ्यो । उहाँ बिरामी जस्तो लाग्थ्यो । प्राय: उहाँ खोकिरहनुहुन्थ्यो । पहाडको ठाउँमा उहाँको दबाईपानी पनि भएको जस्तो मलाई लाग्दैन । उहाँको हेरविचार गर्ने पनि त्यहाँ कोही थिएन । 'त्यसलाई सन्चो पनि छैन, त्यसका छोराछोरी पनि बर्स्यौनीका ससाना छन् । उतै गएर काम सघाइदेओ' भनेर मार्गाआमाले नै बरु माइत आएका आफ्ना छोरीहरूलाई चुङवाङको हाम्रो घरमा पठाइदिनुहुन्थ्यो । त्यसरी कति पटक अधिकार्नी माइली आमाजू हाम्रा घरमा आएर भातभान्सामा पसेर मीठोमसिनो पकाएर हामी सबैलाई खान दिनुहुन्थ्यो । सौताप्रति पनि मार्गाआमाको अत्यन्त उदार र सहयोगी भावना देखेर मलाई त्यस बेला अचम्म लाग्थ्यो ।

म चुङवाङ पुगेको तीन महिनापछि मेरा ससुरा र सासू धरान जाने हुनुभयो । मेरा दुलहा नभए पनि माया गर्ने सासू घरमा भएका कारण मैले चित्त बुझाएकी थिएँ । तर अब सासू पनि जाने भनेपछि मलाई पीर पऱ्यो । ससुरा त मलाई घरमा भएको भन्दा नभएको नै मन पर्थ्यो । मेरो ससुराको स्वभाव निकै कडा थियो । बुहारीहरूसँगको बोलीवचन पनि ज्यादै नमीठो थियो । तर मलाई चाहिँ उहाँले अरू

बुहारीलाई जति नराम्रो वचन गर्नुहुन्नथ्यो । 'यो मेरी बुहारी लच्छिनकी छे' मानिसहरूका अघिल्तिर पनि मेरो बयान गर्नुहुन्थ्यो । म ठूलो खानदानकी छोरी हुँ भन्ने कुरा पनि मेरा ससुराले बेलाबखत अरूलाई समेत भन्नुहुन्थ्यो । त्यस बेलाका सुब्बा नारायणप्रसाद रिजालकी भान्जी र डिट्ठा गौरीप्रसाद घिमिरेकी बहिनी आफूले बुहारी बनाउन पाएकोमा उहाँ गर्वित हुनुहुन्थ्यो । तर मेरा ससुराले मेरो जति नै बयान गरे पनि मलाई ससुरासँग डर लाग्थ्यो । ससुरा घरबाहिर जानेभन्दा पनि सासू पनि सँगै जाने भनेको सुन्नासाथ म रुन थालेँ । अब मलाई कसले माया गर्छ भन्ने लाग्यो । 'नरो दुलही नरो, म छिट्टै आउँछु । खानेकुरा राम्ररी बनाईतुल्याई गर्नू, केटाकेटीहरूलाई पनि खान दिनू, तैँले आफूले पनि खानू ।' सासूले मलाई फकाएर भन्नुभएको थियो ।

सासूससुरा बिदा भएर जानुभयो । कान्छी सासू र म ठूला मानिस थियौँ र बाँकी चार ओटी नन्द र दुई जना देवरहरू थिए । मेरी सासूले भँडारको साँचो जेठी (अन्तरी) नन्दलाई दिनुभएको थियो । त्यसैले अब अन्तरी नन्दको खटनपटनमा हामीले काम गर्नुपर्थ्यो । सासूले केटाकेटीको हेरविचार गर्नू, खुवाइपियाइ गर्नू भन्नुभएको थियो । तर ती केटाकेटी त मलाई नै बेच्ने खालका रहेछन् । उनीहरू त बातैपिच्छे 'राँडी' र 'मोरा' बाहेक नबोल्दा रहेछन् । मेरा माइतमा त कामी, दमाईं, सार्कीजस्ता दलित जातहरूद्वारा मात्र प्रयोग गरिने यी शब्दहरू मेरा नन्द र देवरहरूका मुखमा त रामनाम जत्तिकै आउने रहेछन् । म त सुरुसुरुमा उनीहरूको बोलीवचन सुनेरै छक्क परेकी थिएँ ।

अन्तरी नन्दको खटन खानुपर्ने र उनैको अह्रनअनुसार काम गर्नुपर्ने थियो– मैले र मेरी कान्छी सासूले पनि । उमेरका हिसाबले अन्तरी नन्द पनि मेरो र मेरी कान्छी सासूकै हाराहारीकी थिइन् । तर दर्जाले उनी नन्द थिइन् । जसअनुसार उनले हामीलाई गाईको

गोबर डोकामा बोकेर बारीमा छर्ने काम लगाउँथिन् । मेरो माइतमा त यस्तो काम पनि दमिनी, कमिनी जस्ता अछूत जातकाले गर्थे । तर यहाँ त आफैँ गर्दा रहेछन् । यसबाहेक कहिले जाँतोमा मकै पिँध्ने, कहिले ढिकीमा धान कुट्ने गर्नुपर्थ्यो । घाँस काट्ने, दाउरा काटेर ल्याउन खुर्पा र डोको बोकेर जङ्गल जाने, कहिले परालका भारी, कहिले धानका भारी बोक्ताबोक्तै चुङवाङमा मेरो तीन महिना बितिसकेको थियो ।

त्यसै बेला मलाई बाले लिन पठाउनुभएको खबर आयो । मेरा माल्दाजु अड्डाको काम परेकाले धनकुटा आउनुभएको रहेछ । त्यस बेला मेरा बाले 'कान्छी नानीलाई पनि लिएर आउनू' भन्नुभएको रहेछ । त्यसैले माल्दाजुले मेरा दाजुहरू नाता पर्ने दुई जना केटाहरूलाई 'कामविशेषले व्यस्त भएकाले म आउन पाइनँ, बहिनीलाई लिन भाइहरू पठाएको छु, बहिनीलाई बिदा दिएर यिनीहरूको साथ लगाएर पठाइदिनुहोला ।' माल्दाजुले मेरा ससुरालाई सम्बोधन गरेर यस्तो चिठी पठाउनुभएको रहेछ ।

मेरी सासूले जाने बेलामा 'तँलाई माइतीबाट लिन आए भने जानू' भन्नुभएको थियो । घरमा कोही ठूला मानिस थिएनन् । अब कसलाई सोधेर, बिदा मागेर जानुजस्तो भयो । तर हाम्री जेठी सासू मार्गाआमालाई यस्तो कुरामा सोधेर उहाँसँग अनुमति लिने हाम्रो घरको चलन थियो । त्यसैले मैले पनि मार्गाआमासँग नै सोधेकी थिएँ । 'माइतबाट लिन आए भने जा न त !' मार्गाआमाले भन्नुभएको थियो । उहाँले मलाई बिदा मात्र दिनुभएन, बाटामा चाहिने खाजासामल पनि हाल्दिनुभएको थियो ।

माइतबाट घर आउँदा तीन दिन लागेको बाटो माइत जाँदा मलाई दुई दिन मात्रै लाग्यो । हर्षको हिँडाइले मानिसलाई कत्ति जोस दिँदो रहेछ । 'माइत जानुपऱ्यो भने आइमाईले तीन हातका पोथ्रा पनि फटफटी नाघ्छन्' भनेको सुनेकी थिएँ । मलाई त्यो कुरा हो जस्तो लाग्यो ।

आमालाई अघि लगाएको छ महिनामा म धनकुटा पतिको घर मैतालु पठाइएकी थिएँ । त्यहाँ चार महिना बसेर पुन: पाँचथर माइत आइपुगेकी थिएँ । आमाबिनाको घर सुनसान थियो । तर मलाई माया गर्ने मेरा बा त्यहाँ हुनुहुन्थ्यो । 'मेरी काखकी प्यारी छोरी आई' भनेर बा खुसीले गद्गद हुनुभयो । दाजुभाउजू, दिदीहरू सबै खुसी भए । दुक्खको भवसागर तरेर पुन: सुखको संसारमा आइपुगेको अनुभूतिले पनि मलाई थप खुसी दिएको थियो ।

म पुगेको दुई महिनामा आमाको वर्षदिनको काम आइपुग्यो । सबै दाजुहरू भेला भए, दिदीहरू पनि आए । आमाको बरखी पनि सकियो । दिदीहरू आआफ्ना घर फर्किए । बाको साथी छोरी म मात्रै थिएँ । आमालाई अब साँच्चै नै बिदा गरेको जस्तो लाग्यो । आमा भएको भए मलाई कति माया गर्नुहुन्थ्यो भनेर कल्पना गर्दै म बाले नदेख्ने गरी रुन्थेँ । बाले पनि मलाई धेरै माया गर्नुहुन्थ्यो । तर आमाको मायाको अभाव मलाई हुन्थ्यो । अरू त सबै ठूलाठूला भइसकेका थिए, तर म त आमाकी सबैभन्दा कान्छी छोरी, म मात्रै टुहुरी भएँ भन्ने मलाई लाग्थ्यो । हुन त आमाबाबुका लागि सबै छोराछोरी सानै हुन्छन् । मेरी आमाले ठूल्दाजु चालीस वर्षको हुँदा पनि नानी नै भन्नुहुन्थ्यो । ठूल्दाजुलाई आमाले एकदम सानो नानीलाई अह्राएजसरी काम अह्राउनुहुन्थ्यो ।

# अर्को पनि शोक पऱ्यो मलाई

म माइतमा बाको मायामा लुटुपुटु भएर बसिरहेकी थिएँ । अचानक मेरा घरबाट मेरी सासूको स्वर्गारोहण भएको खबर आयो । यो २०११ साल असार महिनाको कुरा थियो । पहाडमा असार, साउन महिनामा बाटो लाग्नु भनेको ज्यान जोखिममा पार्नु जत्तिकै मानिन्छ । असारको झरीका कारण खोलानाला उर्लेका हुन्छन् । त्यसैले मेरा बा र ठूल्दाजुले 'यस्तो बेला नजा, यही काम गरे पनि हुन्छ' भन्नुभयो । तर मैले मानिनँ ।

'यहाँ काम गर्नु पर्दैन, कान्छी नानी तँ तेरो घरै गएर मिसिई, सासूको काम गर्ने भनेको जिन्दगीमा एक पटक हो, पछि तैँले म गर्छु भन्दा पनि पाउँदिनस् । तैँले उतै जानुपर्छ । मैले सिकाएको नभन् । म उतै जान्छु भन् ।' मलाई त के थाहा हुन्थ्यो र तर मलाई मेरी कान्छी दिदीले यो कुरा सिकाउनुभएको थियो । कान्छी दिदीले सिकाउनुभए अनुसार नै मैले 'म जान्छु कि जान्छु' भनेपछि मेरा लागि यात्राको व्यवस्था मिलाइयो ।

ठूल्दाजुले एउटा भरिया, एक जना निकै बलियो मानिस मेरी ठूल्दिदीका जेठाजु नाता पर्ने (जसलाई हामी कान्छाउ भन्थ्यौँ) मानिस, मेरी साइँली दिदीको छोरो यज्ञप्रसाद बाँस्तोलालाई मसँग जान बन्दोबस्त गरिदिनुभयो । मसमेत गरेर हामी चार जनाको टोली बन्यो । सासू खस्नुभएको पाँच दिनमा लिम्बाबाट हामी हिँड्यौँ । त्यस रात टोखामा पुगेर ठूल्दिदीका घरमा बास बस्यौँ । त्यस रात रातभरि पानी पऱ्यो ।

दिदीले सबेरै भात पकाइदिनुभएको रहेछ खाएर बाटो लाग्यौँ । दिदीका घरबाट आधा घण्टाजति ओरालो हिँडेपछि खोलामा पुगियो । खोलामा बाढी आएर अलल्लेको भएको रहेछ । ती बलिया कान्छाउले मेरा दिदीका छोरालाई पिठिउँमा बोकेर खोला तारे । त्यसपछि मलाई पनि 'आइज तँलाई पनि बोकेर तार्छु' भने । मलाई लाज लाग्यो । 'होइन मलाई हातमा समातेर तार्नू' मैले भनेँ । त्यस्तो डरलाग्दो मोटो अग्लो लोग्नेमानिस ! मलाई त हातमा समात्दा पनि जीउ नै सिरिङ्ग भयो । खोलाभित्र पसेको एकैछिनमा खोलाको पानीको वेगका अघि मेरा खुट्टा लुला भएछन् । मैले त खुट्टै टेक्न सकिनछु । मलाई त खोलाले बगाउनै आँटेछ । कान्छाउले मलाई हुत्तै पारेर पाखा निकाले । मेरा लुगा सबै भिजेका थिए ।

'झन्नै सासू भेट्न पुगिस् नि केटी !' कान्छाउले भने, 'आइज ढाडमा बस' त्यसपछि म खुरुक्क बसेँ । 'मेरो घाँटीमा समा' उनले भने । मैले उनले भनेजस्तै गरेकी थिएँ । लाजसरममा लाग्न खोज्दा झन्नै खोलाले बगाएको थियो । त्यसपछि मेरो लाजसाज सबै हराएको थियो । लाज मानेर काज नचल्ने भएपछि के गर्ने ? त्यस बेला ती कान्छाउले मलाई त्यसै गरी दस ओटा जति खोला र जँघार तारेका थिए ।

त्यसपछि हामी तमर खोलाको गडतीरैगडतीर लाग्यौँ । असारे झरी कहिले चर्को घाम लाग्छ । 'छोरीको जन्म, कठै कहिले दुक्ख नदेखेकी कान्छी नानी, एक दिनको बाटो पनि नहिँडेकी कान्छी नानी, यस्ता दिनमा पनि अब ता घरमाइती गर्नै पऱ्यो' तिनै कान्छाउले लामा सुस्केरा तानेर भनेका थिए । उनका कुरा सुनेर मलाई पनि आफूले दुक्ख पाएकामा नरमाइलो लाग्यो । तर जे भए पनि अब यस्तै थियो जिन्दगी भन्ने पनि मैले बुझ्दै गएकी थिएँ । त्यस रात याक्चनामा बास बस्यौँ । खोलामा भात पकाएर खानु थियो । तमरको धमिलो पानीमै भात पकायौँ । नजिकै गाउँबाट एउटा कराई मागेर ल्याइएको

थियो । पहिले भात पकाएर ढुङ्गामा रुमाल ओछ्याएर खन्याएपछि त्यसै कराईमा भोल पकाइयो । अनि जङ्गलबाट पात टिपेर ल्याइयो । त्यही पात ढुङ्गामाथि ओछ्याएर हामीले भात खाएका थियौँ । त्यसपछि त्यही गाउँमा पराल राख्ने कटेरो (खोल्मा) मा गुन्द्री मागेर त्यही ओछ्याएर सुतेका थियौँ । कान्छाउले भनेजस्तै यस्तो दुक्खको यात्रा मैले जीवनमा पहिलो पटक गरेकी थिएँ । उहिल्यै आमासँग मधेस पहाड गर्दा कत्रो सुखले गरेको यात्राको सम्झना भयो मलाई । त्यस बेला भातभान्सा बनाउने भान्से र भान्साका सरसामग्री बोक्ने भरिया नै छुट्टै लिएर हिँड्ने गरेको सम्भेकी थिएँ । ओढ्ने-ओछ्याउनेको पनि सम्पूर्ण बन्दोबस्त हुन्थ्यो । अघिल्लो पटक मैतालु भएर घर जाँदा पनि सबै सामानको बन्दोबस्त थियो । यसपाली अचानक बनेको यो यात्रामा कुनै पनि बन्दोबस्त नहुँदा म साह्रै दुक्खीदरिद्री भैँ भएँ भन्ने मलाई लागेको थियो ।

त्यस दिन बिहानीपख कुखुरा बास्ता नै हामी त्यहाँबाट हिँड्यौँ । घर पुग्ने दिन सासू खसेको आठ दिन भएको थियो । त्यस दिन मैले छेत्रबास बस्नुपर्ने दिन भएकाले केही खानु हुँदैन भने । तर हिँड्नुपर्ने दिनभरिको बाटो छ । मूलघाटको उकालो धेरै लामो छ । अरूले त मूलघाटमा भात खाए । तर मैले त केही खान नहुने भनेर खाइनँ । उनीहरूले भात खाइसकेपछि हामी मूलघाटको उकालो उक्लिन थाल्यौँ । आधाजति उकालो उक्लेपछि म धेरै गलेजस्तो भएछु । कान्छाउले एउटा भुइँकटहर किनेर ल्याए । अनि काटेर 'लु खा' भनेर खान दिए । त्यस बेला मलाई त्यो भुइँकटहर अमृतजस्तै लाग्यो र ती कान्छाउ भगवान्जस्तै । भोक र थकाइले गलेर भुत्तक्क भएकी मलाई त्यति भुइँकटहर खाइसक्नेबित्तिकै तागत आयो ।

त्यसपछि हामी त्यहाँबाट हिँड्यौँ । चार बजे हामी चुङवाङको घरमा पुग्यौँ । मेरा दुलहा पनि त्यसै दिन दार्जिलिङबाट आइपुग्नुभएको

रहेछ । मेरा दुलहा र देवरहरू सबैले सेता कपडा बेरेको र उनीहरूका मुडुला टाउका देखेर मलाई रुन मन लाग्यो । माइतमा पनि आमालाई अघि लाएको एक वर्ष भएको थियो । 'घरमा त माया गर्ने सासू हुनुहुन्छ भन्ठानेकी थिएँ, उहाँलाई पनि अघि लाएँ ।' भन्ने वेदना मेरो मनमा आयो र म खूब रोएँ । आमा नभएको माइती त सुनसान भइसकेकै थियो; अब सासू नभएको घर पनि सुनसान भएको थियो । तर सबै मेरो भाग्यको खेल र भगवान्को खटन हो भन्ने लाग्यो मलाई र आफ्नो मन बुझाएँ । रोएर बसेर मात्र पनि हुँदैनथ्यो । थाकेर त्यत्ति टाढाको बाटो हिँडेर आएकी भनेर माया गर्ने पनि त्यहाँ कोही थिएन । बुहारी हो, सकेसम्म काम लगाउनुपर्छ भन्ने नै सबै थिए । त्यसैले आँसु पुछेर घरधन्दामा लाग्नु नै मेरो त्यस बेलाको काम थियो । त्यसैले म कामधन्दामा लागेँ । त्यस दिन मेरा दुलहा र म एकै दिन छेत्रबास बसेका थियौँ ।

बेलुकी सबै जना भएर काँचो केरा काटे । मैले घिउमा नुन नहाली भुटेँ र सबैलाई खान दिएँ । सबैलाई खुवाइसकेपछि उब्रेको मैले पनि खाएँ । थकाइले गलेर कतिखेर निदाएँ । त्यस बेलुकी मलाई पुऱ्याउन आउने मेरी साइँली दिदीको छोरो, ती कान्छाउ र भरियाले कहाँ के खाए, कहाँ सुते मलाई केही थाहा भएन । भोलिपल्ट उनीहरूले 'अब हामी जान्छौँ' भनेर मसँग बिदा मागेका थिए ।

त्यस दिन सासू बितेको नौ दिन भएको थियो । म जेठी बुहारी, सबै कामधन्दामा लाग्नु परिगयो । तर मेरा दुलहा पनि त्यहीँ भएकाले र धेरै दिनपछि उहाँको मुख देख्न पाएकोमा, उहाँको बोली सुन्न पाएकोमा जति दुक्ख गर्दा पनि मलाई केही जस्तो लागेको थिएन । मेरा दुलहा पनि धेरैजसो मलाई नै यो सामान चाहियो बुढिया, त्यो चाहियो बुढिया भन्दै सामान लिन आउने गर्नुहुन्थ्यो । त्यसरी दुलहाको सेरोफेरोमा काम गर्न पाउँदा मलाई रमाइलो लागेको थियो ।

त्यसरी नै दुक्खका दिन कटाउँदाकटाउँदै तेह्र दिनको काम पनि सकियो । सबै जना बिदाबारी भएका थिए । मेरा दुलहा र देवरहरू भएर पुरोहितलाई दान गरिएका सरसामान उनको घरैमा पुऱ्याउन गए ।

त्यस दिन सबैले नुन हालेको खानेकुरा खाए र गलेको जीउ बिसाएका थिए । तर मैले त थकाइ लाग्यो भन्ने पनि कोही थिएन । देख्ने पनि कोही थिएन । जेठी बुहारीको जिम्मेवारी बोकेकी मैले घरको सबै कामधन्दा सकेर सुत्नका लागि ओछ्यानमा पुग्दा त्यस रात १२ भन्दा बढी नै बजेको हुनुपर्छ ।

# मेरा ससुरा नेत्रप्रसाद नेपाल

नेपाल थर भएका घृतकौशिक गौत्री वंशमा मेरो विवाह भएको हो । अध्ययनका लागि प्रायजसो भारततिर हुनुभएका कारण मेरा पतिलाई नै पनि आफ्नो पुर्ख्यौलीका बारेमा त्यति धेरै कुरा थाहा थिएन । त्यसैले मैले पनि मेरा पतिको पुर्ख्यौलीका बारेमा खासै धेरै कुराहरू जानकारी पाएकी थिइनँ । मेरा पतिबाट जानकारी पाएका केही कुरा र मेरा ससुराका कान्छा काका लक्ष्मीकान्तका माइला छोरा मेरा देवर गजेन्द्रप्रसाद नेपालबाट प्राप्त जानकारीका आधारमा मैले यहाँ मेरा पतिका पुर्ख्यौलीको केही विवरण प्रस्तुत गरेकी छु ।

मेरा पतिका पुर्खाहरूका दुई परिवार चैनपुरको आँखिभुइँबाट हिँडेका रहेछन् । तीमध्ये एक परिवार चैनपुरबाट नजिकै रहेको धनकुटा जिल्लाकै छुम्लिङ भन्ने गाउँमा बसेका रहेछन् । अर्का परिवारचाहिँ चुङवाङमा बसोबास गर्न थालेछन् । चुङवाङमा आइपुगेका रूपनारायणका श्रीहर्ष, कर्णखर, दीनानाथ र लक्ष्मीकान्त नाउँ गरेका छोरा भएछन् । तीमध्ये मेरा ससुराका पिता दीनानाथ हुनुभयो । उहाँहरूमध्ये जेठा श्रीहर्षका सन्तान भएनन् । माइला कर्णखरकी एक छोरी मात्र भइन् । कान्छा लक्ष्मीकान्तका चार भाइ छोरा तुलसीप्रसाद, ध्रुवप्रसाद, अग्निप्रसाद र रामप्रसाद भए । लक्ष्मीकान्तका जेठा छोरा तुलसीप्रसादका तीन भाइ छोरामध्ये कृष्णप्रसादको बसोबास मोरङको रङ्गेलीमा छ । तुलसीप्रसादका माइला छोरा गजेन्द्रप्रसाद र कान्छा छोरा तेजप्रसादको बसोबास इटहरीमा छ । लक्ष्मीकान्तका माइला

छोरा ध्रुवप्रसादका छोरा गणेशप्रसादको धरान र इटहरीमा घर छ । लक्ष्मीकान्तका साइँला छोरा अन्दाजी सय वर्षका अग्निप्रसादको बसोबास हरकपुर १३, केरौनमा छ । अग्निप्रसादका तिलकप्रसाद, प्रेमप्रसाद, रेवतीप्रसाद, शान्तिप्रसाद, श्रीप्रसाद, लेखनाथ र नगेन्द्रप्रसाद गरी सात भाइ छोरामध्ये तीन भाइ छोरा मात्र अहिले जीवित छन् । तुलसीप्रसादका कान्छा छोरा रामप्रसादका सन्तान भएनन् ।

१९६४ साल फागुन १३ गते मङ्गलबार जन्मिनुभएका मेरा ससुरा नेत्रप्रसाद नेपाल उहाँका बुबा दीनानाथ नेपालका एक मात्र छोरा हुनुहुन्थ्यो । धनकुटा जिल्लाको चुङवाङमा घरबास भएका उहाँको मुख्य पेसा खेती थियो । तर ज्योतिषमा उहाँको निकै पकड थियो । उहाँले गरेका ज्योतिषीय भविष्यवाणी अकाट्य हुन्छन् भन्ने कुरामा मानिसहरूको विश्वास थियो । उहाँका निकै नामी र मानी किसिमका जजमानहरू थिए ।

त्यसो त मेरा बूढा ससुरा दीनानाथकै पालादेखि पूर्वी पहाडका अन्य ब्राह्मण समुदायजस्तै मेरा ससुरा पनि चिना, टिप्पन र पूजापाठ गर्नका लागि दार्जिलिङतिर जानुहुँदो रहेछ । खेतीपातीका समयमा धनकुटामै बस्ने र खेतीपातीबाहेकको समयमा जजमानी पेसामा संलग्न हुनका लागि दार्जिलिङ जाने भएकाले उहाँको आमदानी राम्रै हुने रहेछ । सामान्य पढेलेखेका, उहाँ निकै टाँठोबाठो र कुरा गर्न ज्यादै सिपालु हुनुहुन्थ्यो । मेरा जेठा दाजु गौरीप्रसादलाई कुराकानी गरेर रिझाएर नै उहाँले आफ्ना छोराका लागि मलाई माग्नुभएको थियो । त्यस बेलाका पूर्वाञ्चलका नामी सुब्बा नारायणप्रसादलाई कुटुम्बेली पार्न पाए आफ्नो पनि हैसियत बढ्ने सोचेर उहाँले आफ्ना छोराको बिहे मसँग गराउनुभएको रहेछ ।

ज्योतिषका सन्दर्भमा उहाँले पूर्वी पहाडका साथै धरान, विराटनगरमा पनि ख्याति कमाउनुभएको थियो । उहाँका काठमाडौँमा पनि जजमानहरू थिए ।

मानिसहरूलाई प्रभाव पार्न सक्ने किसिमको वाणी थियो उहाँको । उहाँलाई धनकुटाको चुङवाङको घरबास निकै मन परेको थियो । उहाँसँग पैसा भएका बेला उहाँ खेत किन्नुहुन्थ्यो । तर धेरैजसो उहाँले बन्धकी खेतहरू किन्नुभएको थियो । 'बाले जति बेला धनकुटामा बन्धकीका खेतहरू किन्नुभएको थियो, त्यति बेला मधेसमा जग्गा किन्नुभएको भए हामी निकै नाफामा जाने थियौँ ।' हामी विराटनगरमा बसोबास गर्न थालेपछि मेरा पतिले मलाई भन्नुभएको थियो । जग्गाजमिनका सन्दर्भमा उहाँको प्रायजसो मुद्दामामिला भइरहन्थ्यो । त्यसैले आफ्नो कुनै एउटा छोरो लेखनदास वा वकिल भइदिए आफूलाई सजिलो हुने थियो भन्ने उहाँको विचार थियो । त्यसैले मेरा पतिलाई विद्याआर्जन गर्ने क्रमको प्रारम्भिक अवस्थामै उहाँले 'किन धेरै पढ्नुपर्‍यो, लेखनदास भइस् भने भइगो' भन्नुभएको थियो । तर मेरा पतिले थप विद्या आर्जन गरेपछि उहाँले 'अब वकिल बन्' भन्नुभयो । तर मेरा पतिले वकालतलाई नभएर शिक्षणलाई पेसा अपनाउनुभयो । जुन कुरा मेरा ससुरालाई त्यति मन परेको थिएन ।

कट्टेल, आचार्य, दाहाल, सुवेदी गरी झन्डै आधा दर्जन बढी थरका उहाँका ससुराली थिए । आफूलाई मन परेकी कन्यासँग बिहे गर्न उहाँ साम, दाम, दण्ड, भेद नीति अपनाउनुहुन्थ्यो । लगभग सात ओटीभन्दा बढी पत्नी र उपपत्नीहरूसँग लगनगाँठो कस्नुभएका उहाँको स्वास्थ्य गतिलो थियो । उहाँका पत्नीहरूमध्ये मादीका दाहालकी छोरी देवीमाया नेपाललाई साइँल्यामा भनिन्थ्यो । उहाँ निकै सोझी हुनुहुन्थ्यो । उहाँका कुनै सन्तान जन्मिएनन् । कान्छ्यामा भनिने सुवेदीकी छोरी मनकुमारी नेपालका भने चन्द्रप्रसाद नेपाल र कमल नेपाल नाउँका दुई छोरा र तीन छोरी छन् । मेरा चन्द्र देवरको घरबास धरानमा छ । कुल मिलाएर विवाहिता पत्नीहरूबाट मेरा ससुराका आठ छोरा र एघार छोरी जन्मेका थिए । कान्छ्यामा पछि पनि मेरा ससुराले अरू पत्नीहरूको व्यवस्था गर्नुभएको थियो तर ती

स्थायी भएनन् । मेरा ससुराको वृद्धावस्था कान्छ्यामासँगै बितेको थियो । छयानब्बे वर्षको उमेरमा २०६० साल मङ्सिर २१ गते अन्नपूर्ण पूर्णिमाको अघिल्लो दिन अर्थात् शुक्लपक्षको चतुर्दशी तिथिका दिन मेरा ससुराको स्वर्गारोहण भएको थियो ।

समग्रमा भन्नुपर्दा मेरा ससुराको स्वभाव त्यति निको थिएन । तर मलाई भने उहाँले राम्रो गर्नुभएको थियो । म पनि उहाँले गर्नुभएका गालीगलौजलाई पितृप्रसाद सम्झेर चित्त दुखाउँदिनथेँ । 'यो माइली बुहारी खानदानकी छोरी, भान्जी हो, यसको स्वभाव पनि खानदानी छ, यो मेरी लच्छिनकी बुहारी हो ।' उहाँले बारम्बार मेरा बारेमा अरूसँग पनि राम्रो कुरा गर्नुहुन्थ्यो । उहाँको जीवनकालमा म उहाँलाई भेट गर्न जाँदा पनि धेरै खुसी भएर मलाई आशिष् दिनुहुन्थ्यो । 'केही काम गर्दा पनि यो भाउजूलाई सोधेर गर्नू, यसलाई सोधेर गरेको काम फत्ते हुन्छ । यसलाई भित्र्याएपछि मैले धेरै मुद्दा पनि जितेँ ।' मेरा देवरहरूलाई मेरा ससुराले भन्नुहुन्थ्यो । मैले छोरो शोभनलाई लिएर उहाँलाई भेट्न जाँदा पनि उसलाई सम्झाउनुहुन्थ्यो, 'तैँले तेरी आमाको राम्रो सेवा गर्नू, आमालाई सोधेर मात्र काम गर् है नाति ! अनि सफल हुनेछस् ।'

# मेरी सासू यज्ञमाया नेपाल

धनकुटा जिल्लाको सिंबुवा गाउँका नरोत्तम आचार्य तथा हरिकला आचार्यकी छोरी यज्ञमायालाई मेरा ससुराले दोस्री पत्नीका रूपमा बिहे गर्नुभएको थियो । गर्भका बच्चा धमाधम खेर गएपछि ज्योतिषीका सल्लाहले मेरी सासूले माइतमै बच्चा जन्माउनुपर्ने भयो । त्यसै कारणले मेरा पति गणेशप्रसादको जन्म १९९० साल वैशाख ८ गते एकादशी तिथिमा सिंबुवाको पीपले गाउँमै भएको थियो । मेरा पतिको न्वारनको नाउँ शिवप्रसाद थियो ।

त्यसपछि उहाँले देवीप्रसाद, विष्णुप्रसाद र मेदिनीप्रसाद नामका छोराहरू जन्माउनुभयो । साथै चार ओटी छोरीहरू जन्माउनुभयो । मेरी अन्तरी नन्दको बिहे पराजुलीसँग भएको थियो । उहाँहरूको बसोबास झुम्काको सिंगिया गाउँमा छ । मेरी खन्तरी नन्दको बिहे ढकालसँग भएको हो र उहाँहरू अहिले विराटनगरमै बसोबास गर्नुहुन्छ । मेरी कान्छी नन्दको बिहे लम्सालसँग भएको थियो । उहाँहरू पनि अहिले विराटनगरमा बस्नुहुन्छ । कान्छी नन्दको नाउँ पनि इन्दिरा हो । उहाँ धेरै वर्षदेखि बिरामी हुनुहुन्छ । तर उहाँका पतिले मेरी नन्दको राम्रो हेरविचार गरेर राख्नुभएको छ । अहिले उहाँहरूको छोरा अशेषले मातापिताको सेवा गरेर पुत्रधर्म निर्वाह गरेका छन् ।

त्यस बेलाको रहनसहन, खानपान र बर्सेनिका सन्तानको जायजन्म र सुत्केरी बेलाको हेरचाहकै कमीले हुनुपर्छ मेरी सासू रोगाउनुभएको थियो । उहाँलाई श्वासप्रश्वाससम्बन्धी रोग लाग्यो र

उहाँको २०११ साल असार १५ गते शुक्लपक्ष तृतीया तिथिका दिन चालीस वर्षको उमेर पुग्दानपुग्दै स्वर्गारोहण भयो ।

मेरी सासूपट्टिबाट माइला र ससुराका सन्तानमध्ये काइँला देवर विष्णुप्रसादलाई राजयक्ष्मा रोग लागेको थियो । उहाँको दार्जिलिङ र कलकत्तामा निकै उपचार गराउँदा पनि निको हुन सकेन । उहाँको ३० वर्षको उमेरमा २०२२ साल चैत ८ गते निधन भयो । बाँस्तोलाकी छोरी उहाँकी पत्नी देवकुमारीले युवाअवस्थामा नै वैधव्य बेहोरेर लालाबाला नवीन र मुनालाई हुर्काइन् । नवीनको ढकालकी छोरी शोभासँग बिहे भएको छ र उनीहरूका तीन छोरी छन् । मुनाको भद्रपुरका पराजुलीसँग बिहे भएको छ ।

आफ्ना भाइबहिनीलाई मेरा पतिले धेरै माया गर्नुहुन्थ्यो । त्यसमध्ये पनि मेरा काइँला देवर बिरामी भएकाले पनि उहाँलाई मेरा पतिले निकै माया गर्नुहुन्थ्यो । उहाँको उपचारका लागि पनि मेरा पतिले निकै कोसिस गर्नुभएको हो । तर विधाताका अघिल्तिर मेरा पतिको केही लागेन । देवरको स्वर्गारोहणपछि मेरी काइँली देउरानी र उनका छोराछोरीलाई हामीले सकेको मद्दत पनि गरेका हौँ । नवीनलाई पढाउने कुरामा पनि मेरा पतिले सक्दो सहयोग गर्नुभएको हो । मेरा पतिको स्वर्गारोहणका बेला शोभन एक्लै भएको र स्वस्तिकको व्रतबन्ध पनि नभएकाले नवीनले पनि किरियापुत्रीको रूपमा शोभनलाई साथ दिएका थिए । तर नवीनले मेरा पतिले विश्वास गरेर उनका नाउँमा राखिदिएको जग्गाजमिनका सन्दर्भमा भने मेरो चित्त दुखाउने काम गरे ।

मेरी सासूले जन्माएका मध्ये साइँला र ससुराका सन्तानको हिसाबले अन्तरे देवर देवीप्रसाद निकै सोझा र अलि एकोहोरो स्वभावका हुनुहुन्छ । चौलागाईंकी छोरी उहाँकी पत्नी रेनुकादेवी पनि उहाँकै जस्तो स्वभावकी थिइन् । उनीहरूका सन्तान भएनन् । मेरी अन्तरी देउरानीको म अमेरिकामा भएको समय २०६४ साल असोज ६ गते

निधन भयो । मेरा अन्तरे देवर केही वर्षदेखि मेरा चन्द्रप्रसाद देवरको संरक्षणमा हुनुहुन्छ ।

मेरी सासूको असामयिक निधन भएका कारण सानासाना मेरा नन्द र देवरहरूको लालनपालनमा म पनि सहभागी भएकी थिएँ । मेरी सासूका सन्तानका हिसाबले कान्छी नन्द र कान्छा देवरको बिहेदान पनि मैले नै गरिदिएकी हुँ । कान्छी नन्दको पढाइ बलियो हुन सकेन तर कान्छा देवर मेदिनीप्रसादले पढाइमा निकै मिहेनत गर्नुभयो । कान्छा देवर केटाकेटीदेखि नै मसँग बस्नुभएकाले मलाई उहाँप्रति विशेष स्नेह छ । म पहिलो पाला सुत्केरी हुँदा मलाई भात पकाएर खान दिने कान्छा देवरलाई मेरा पतिले पनि निकै माया गर्नुहुन्थ्यो । उहाँले पिएच.डी.सम्मको पढाइ पूरा गर्नुभएको छ । उहाँ त्रिभुवन विश्वविद्यालयका प्राध्यापक हुनुभयो । उहाँले कलेज र विश्वविद्यालयका लागि इतिहास विषयका थुप्रै किताबहरू लेख्नुभएको छ । उहाँका साहित्यिक किताबहरू पनि प्रकाशित छन् । उहाँकी पत्नी मथुरा नर्सिङ क्याम्पसकी प्राध्यापक हुन् । उनका छोराहरू वशिष्ठ, पशुपति र अश्विनी हुन् । मेरा कान्छा देवरको घर विराटनगरको अमरटोलमा छ ।

मेरी सासू अत्यन्त नरम स्वभावकी हुनुहुन्थ्यो । उहाँका माइती पनि सिंबुवाका आचार्य भनेपछि निकै धनीमानी र नामी थिए । अहिले मेरी सासूका माइती खलकका आचार्यहरू बसाइँ सरेर सुनसरी जिल्लाको इनरुवाका आचार्य टोलमा बसोबास गर्छन् । मेरा काइँला मामाससुराका माइला छोरा दुर्गाप्रसाद आचार्य हाम्रो घर पाञ्चाली, विराटनगरमा हाम्रै संरक्षणमा बसेर मोरङ क्याम्पसमा मेरी छोरी इन्दिराको सहपाठी भएर पढेका हुन् । मिहिनेती मेरा दुर्गा देवर नेपाल सरकारका अधिकृत छन् । अहिले आर्थिक रूपबाट निकै समृद्ध बनेका दुर्गा देवरले बेलाबखत मसँग भेट हुँदा म र मेरा पतिप्रति श्रद्धा अभिव्यक्त गर्छन् ।

मेरी सासूलाई उहाँको बिहेमा निकै दाइजोपात दिइएको थियो भन्ने चर्चा मैले सुनेकी हुँ । उहाँलाई दाइजोका रूपमा धरानमा घडेरीसमेत दिइएको थियो भन्ने पनि मैले सुनेकी हुँ ।

मैले मेरी सासूसँग धेरै बस्न पाइनँ । तर पछि म घरमा बसेका बेला गाउँघरमा उहाँका बारेमा सबैले भनेको सुनेकी थिएँ, असल स्वभाव भएकी, सीधासाधा हुनुहुन्थ्यो रे– मेरी सासू । धनीकी छोरी भएर पनि घमन्ड नगर्ने खालकी हुनुहुन्थ्यो रे, उहाँ । म पहिलो पाला मैतालु भएर घरमा आउँदा मात्र हो, मैले सासूलाई भेटेको । सासूले मैले पहिलो पटक भाँडा माझ्न लागेको बेला मेरो नाडी समातेर भन्नुभएको हिजोजस्तो लाग्छ– 'कसरी माझ्छे होली यस केटीले यी डङ्गुर भाँडा, हे भगवान् ! यसका नाडी त यी भाँडा माझ्दामाझ्दै पिटिक्क भाँचिएलान् जस्ता छन् ।'

# मेरी जेठी सासू पवित्रादेवी नेपाल

मैले कहिल्यै बिर्सनु नहुने अर्को नाउँ मेरी ससुराकी जेठी पत्नी अर्थात् मेरी जेठी सासू पवित्रादेवी पनि हो । उहाँलाई सबैले मार्गाआमा भन्थे । उहाँको बसोबास चुङवाङको मार्गापोखरीमा थियो । त्यसैले उहाँको नाउँ नै त्यस ठाउँको नाउँसँग जोडिएको थियो ।

छ वर्षका मेरा ससुरा र सात वर्षकी पवित्रादेवीको बिहे भएको थियो रे । मेरी बूढीसासूले आफू बीचमा सुतेर छोराबुहारीलाई आफ्नो दायाँबायाँ सुताउनुहुन्थ्यो रे । बाल्यकालका साथीजस्ता भएर हुर्केका पतिपत्नीका बीचमा बाल्यकालमा बालझगडा भइरहन्थ्यो रे । उहाँहरूबीच कुटाकुट पनि हुन्थ्यो रे । आमाले छोराबुहारीको झगडाको फैसला गरिरहनुपर्थ्यो रे । मेरी जेठी सासूलाई हामी सबै मार्गाआमा भन्थ्यौँ । मार्गाआमा साह्रै असल हुनुहुन्थ्यो ।

मार्गाआमाले बेलैमा ससुरासँग छुट्टिएर आफ्नो बन्दोबस्त मार्गापोखरी भन्ने ठाउँमा गर्नुभएको थियो । त्यसैले उहाँलाई मार्गापोखरीकी आमा भन्दाभन्दै मार्गाआमा भन्न थालिएको रहेछ । त्यसरी मूलघरबाट छुट्टिएर आफ्नो अलग्गै बन्दोबस्त गर्नुभए पनि मार्गाआमा हाम्रो चुङवाङका घरमा ससुरा भएका बेला आएर रात बिताउने गरी बस्नुहुन्थ्यो । उहाँहरू सौता सौताका बीचमा पनि अत्यन्त सुमधुर सम्बन्ध थियो । त्यसै गरी मेरा ससुरा पनि कहिलेकाहीं मार्गा घरमा गएर रात बिताउनुहुन्थ्यो ।

मार्गाआमाले भरतप्रसाद र अग्निप्रसाद नामका छोराहरू र चार छोरीहरू जन्माउनुभएको थियो । म गङ्गेखायलमा बसेको बेलामा मलाई अभर परेको अवस्थामा मेरी जेठी सासूले मलाई ठूलो भरथेग गर्नुभएको छ । मलाई आपत् परेको त्यस बेला मेरो जीवनमा उहाँ नभइदिनुभएको भए मेरो के हालत हुन्थ्यो होला ? मलाई अहिले सम्झँदा पनि कहाली लागेर आउँछ ।

हामी विराटनगरमा घर बनाएर बसेपछि पनि उहाँ बेलाबेला हामीसँग आएर बस्नुहुन्थ्यो । आफ्नो जीवनको धेरजसो समय उहाँ कान्छा छोरा अग्निप्रसादसँग नै बस्नुभयो । मार्गाबाट उहाँहरू दमकको छेउमा ढुक्कुरपानी भन्ने ठाउँमा बसाइँ सर्नुभएको थियो । २०४१ सालको दसैँको फूलपातीको अघिल्लो दिन अर्थात् आश्विन शुक्लपक्ष षष्ठी तिथिका दिन उहाँको स्वर्गारोहण भयो ।

मेरा साइँला देवर अग्निप्रसादसँग मेरा काकाकी छोरी मेरी दिदी कुन्तादेवी घिमिरेको बिहे भएको हो । मेरा साइँला देवर अग्निप्रसादको पनि व्यवहार निकै राम्रो छ । उहाँका गोपाल, आनन्द, खगेन्द्र, हीरा र सुमन नाम गरेका छोरा छन् । उहाँको साइँलो छोरो खगेन्द्र नेपालको निजामती सेवाको शिक्षा विभागको उच्च तहमा कार्यरत छन् । उनले पनि पिएच. डी. गरिसकेका छन् । उहाँका अरू छोराहरू पनि आआफ्नो अध्यवसायमा जुटेका छन् । विराटनगरमा स्वास्थ्यसेवामा कार्यरत मेरा भतिजा सुमनले मलाई बिसन्चो भएका बेला सधैँजसो सेवा गरेका छन् । मेरा सबै भतिजाहरूले मलाई धेरै माया गर्छन् । उहाँकी जेठी छोरी कमलाको असामयिक निधन भयो । मेरा साइँला देवरकी कान्छी छोरी विमलाका पतिको पनि असामयिक निधन भएको थियो । विमलाको एक मात्र छोरो सूर्यप्रकाश पाठक अमेरिकी सरकारको छात्रवृत्ति पाएर अमेरिकाबाट पिएच.डी.गर्दै छन् ।

# मेरा जेठाजु भरतप्रसाद नेपाल

मेरा पतिका जेठा दाजु भरतप्रसादको जन्म १९८४ साल मङ्सिर १२ गते भएको थियो । आफ्ना पिताका साथ दार्जिलिङ जानुभएका मेरा जेठाजुले दार्जिलिङमै शिक्षा लिनुभयो । उहाँले दार्जिलिङमै सरकारी नोकरी पनि गर्नुभयो । सुदापका ढकालकी छोरी देवीमायासँग बिहे गर्नुभएका उहाँका तीन छोरा र दुई छोरी जन्मिएका थिए । उहाँको जेठो छोरो विमलको विराटनगरमा हामीसँगै पढ्न बसेको बेला पाञ्चालीको पोखरीमा डुबेर दुःखद् मृत्यु भएको थियो । मेरा जेठाजुको र मेरा पतिको एकअर्कामा ज्यादै प्रेम थियो । दाजुभाइको असीम प्रेम रामलक्ष्मणजस्तो थियो । मेरा पतिलाई असाध्यरोग लागेको कुरा थाहा पाएपछि मेरा जेठाजु निकै विचलित हुनुभएको थियो । मेरा पतिको जर्दापान खाने आदत थियो । त्यसैले उहाँको रोगको कारकतत्त्वका रूपमा त्यही कालाजर्दा हुनुपर्छ भन्ने डाक्टरी मान्यता थियो । तर मेरा जेठाजु पूर्णरूपले सात्त्विक व्यक्ति हुनुहुन्थ्यो । मेरा पतिको निधन भएको चार वर्षपछि उहाँलाई पनि आश्चर्यजनक रूपमा मेरा पतिकै समानप्रकृतिको रोगले आक्रमण गऱ्यो । त्यसैका कारण उहाँको २०५० साल वैशाख २३ गते बुद्धपूर्णिमाका दिन स्वर्गारोहण भयो । उहाँका सन्तानहरू विनोद, रविन, विमला र विजया दार्जिलिङमा नै स्थायी बसोबास गर्छन् र आआफ्ना अध्यवसाय गर्छन् । मेरी जेठानीको स्वभाव पनि अत्यन्त राम्रो थियो । उहाँले मलाई आफ्नी सहोदरा बहिनीको जस्तो माया गर्नुहुन्थ्यो । म अमेरिका

गएको बेला २०६४ साल कात्तिक १२ गते कृष्णपक्षको चौथी तिथिमा मेरी जेठानीको स्वर्गारोहण भयो ।

मेरा जेठाजु र मेरा पतिबीच विमात्रीभाव कहिल्यै आएन । उहाँहरूबीचको प्रेम सबै दाजुभाइका लागि उदाहरणीय थियो । मेरा जेठाजु भरतप्रसादको यथोचित सहयोग र सद्भावनाका कारण मेरा पतिलाई दार्जिलिङमा आफ्नो शैक्षिक जीवन सञ्चालन गर्न महत्त्वपूर्ण योगदान पुगेको थियो । मेरा पतिले गरेको उन्नतिप्रगतिमा सधैँ गर्व गर्ने मेरा जेठाजुको कुनै पनि बोलीवचन मेरा पतिले पनि कहिल्यै उल्लङ्घन गर्नुभएन ।

# कर्कश ससुरा र देवता पति

चुङवाङको मेरो घरमा मैले जेठी बुहारीको जिम्मेवारी पाए पनि मलगायत मेरा अरू देउरानीहरूमाथि शासनचाहिँ मेरा ससुराको नै चल्थ्यो । त्यस बेला काम गर्दागर्दा आधारातमा मात्र सुतेको भए पनि एकाबिहानै कुखुरा बासेपछि पनि सुतिरहनु भनेको हामीले ज्यादै ठूलो अपराध गरेसरह मानिन्थ्यो । मेरा ससुरा बेलुकी छिट्टै सुत्नुहुन्थ्यो र स्वाभाविक रूपमा बिहान सबेरै उहाँको निद्रा खुल्थ्यो । उहाँ आफू उठेपछि बुहारीहरू उठेका छैनन् भने प्रत्येक बुहारीलाई उसका माइतीको नाउँ गाँसेर गाली गर्नुहुन्थ्यो । हरेक छोराका कोठाका अघिल्तिर पुगेर नानावली फलाक्दै उहाँको बिहान बित्थ्यो । घरभरिका मानिसले सुन्ने गरी गरिने त्यस्तो बेइज्जतीका शब्दावली भरिएका गालीगलौजबाट बच्नका लागि हामी बुहारीहरू निद्रा नपुगेकै अवस्थामा पनि हतारिएर ओछ्यान छोड्थ्यौँ । रात निकै बितेपछि मात्र सुत्न पाइने र आधारातमै उठ्नुपर्दा दिनैभरि मौका परे पनि एकैछिन झपक्क सुत्न पाए पनि हुन्थ्यो जस्तो लाग्थ्यो । एकपटक त म काइँली र अन्तरी देउरानीहरूसँग ढिकी कुटिराखेको बेला 'पिसाब फेरेर आउँछु' भनेर गएँ । अनि परालको कुन्यूमा गएर सुतेँ । 'माइली खोइ त ?' अचानक कान्छ्यामाको आवाज कानमा परेपछि म झसङ्ग भएर बिउँझेकी थिएँ । त्यस दिनको त्यो मीठो निद्रा मैले कहिल्यै बिर्सेकी छैनँ ।

बिहान उठेपछि घर बढार्ने, दैलोअगेनु पोत्ने, घरबाट आधा घण्टा टाढाको पँधेराबाट पानी लिन डोकामा गाग्री बोकेर हिँड्नेजस्ता

काम बुहारीहरूले गर्नुपर्थ्यो । यसबाहेक धान कुट्ने, मकै पिँध्ने, मल बोक्ने, पराल बोक्नेजस्ता कामहरू पनि हाम्रै भागमा पर्थ्यो । सारांशमा भन्नुपर्दा घरभित्रका र घरबाहिरका समेत यति धेरै काम हामीले गर्नुपर्थ्यो कि अहिलेका घरेलु नोकरले पनि त्यति काम गर्दैनन् । अऋ गजबको कुरा त के भने, त्यत्तिविधि काम गरेपछि पनि हामीसँग राम्रो वचन बोल्ने र हामीलाई सामान्य खानेकुरा खान दिनेसम्म त हुनुपर्थ्यो नि ! तर त्यसो पनि हुँदैनथ्यो । घरमा जति नै धानको चामलको छेलोखेलो भए पनि हामी बुहारीहरूलाई चाडपर्वबाहेक चामलको भात खान दिइँदैनथ्यो । बुहारीहरूलाई मीठो खान दियो भने मात्तिन्छन् र टाउकामा टेक्छन् अनि लाएअह्राएको काम गर्दैनन् भन्ने मान्यता राखिन्थ्यो । त्यस बेला बुहारी भनेको एक किसिमको बँधुवा मजदुरजस्तै थियो ।

मेरा दुलहा मसँगै बसुन्जेल मेरा ससुराको शासन सहनका लागि मलाई पनि गाह्रो हुँदैनथ्यो । एउटा माया गर्ने मानिस आफूसँग भएपछि जस्तै दुक्खकष्ट पनि सहजै सहन सकिँदो रहेछ । मलाई पनि त्यस्तै हुन्थ्यो । तर मेरी सासू बितेपछि मासिकको काम सकेर मेरा दुलहा दार्जिलिङ फर्कनुभयो ।

त्यस बेला मलाई साह्रै नै पीर पऱ्यो । तर मेरा दुलहाले हिँड्नुअघि नै मलाई सबै कुरा राम्ररी सम्झाउनुभएको थियो । 'हेर अब यी केटाकेटीको जिम्मेवारी तिम्रो पनि हो । यिनीहरूको बुद्धि छैन, यिनीहरूले केही भने पनि तिमीले मनमा नराख्नू । यिनीहरूलाई आमाले गर्ने माया गर्नू । आमाबिनाका टुहुराहरूलाई कहिल्यै हेलाँ नगर्नू । राम्रो गर्ने मानिसको आफैँ सबै भलो हुन्छ । मानिसले नहेरेर केही हुँदैन, भगवान्ले तिमीले राम्रो गरेको हेरेर तिम्रो मूल्याङ्कन गर्नेछन् ।' तर माइतकी कान्छी नानी भएर पुलपुलिएर हुर्केकी मलाई नन्ददेवरका 'राँडी' जस्तो असभ्य बोलीचाली सुनेर हुनसम्म रिस उठ्थ्यो । उनीहरूको मुखमा अपशब्दबाहेक केही

हुँदैनथ्यो । उनीहरू मलाई 'ए ! घिमिरेकी छोरी राँडी !' भनेर बोलाउँथे । तर मेरा दुलहाको सल्लाह मानेर मैले त्यस बेला आफ्नो रिस सबै दबाएकी थिएँ । मैले दुलहाको वचनलाई त्यस बेला मात्र होइन अहिलेसम्म पनि पालना गर्दै आएकी छु । त्यसैले नै हुनुपर्छ मेरा नन्ददेवरहरूले अहिले पनि मलाई आमासमानकै मान दिँदै आउनुभएको छ ।

त्यस बखत मेरा दुलहा र मेरा ससुरा सँगसँगै दार्जिलिङ जानुभएको थियो । त्यस बेला मेरा ससुराले घरमा भएको धान सबै बेचेर हिँड्नुभएको थियो । घरमा भएकी कान्छी स्वास्नी र टुहुरा केटाकेटीले के खान्छन् भन्ने पनि उहाँले कुनै ध्यान राख्नुभएको थिएन । धन्न मेरा काइँला देवर विष्णुप्रसादका साथमा मेरा दुलहाले बाको आँखा छलेर दिनुभएको केही रुपियाँ रहेछ । त्यसै रुपियाँले देवरले नै हिले बजारबाट काँचा मकै किनेर ल्याउनुभएको थियो । हामीले भदौदेखि त्यही मकै ढिकीमा कुटेर त्यसैको फ्याप्लो खाएर ज्यान बचायौँ ।

मेरी सासू खसेको छ महिनाको काम गर्ने समय भएको थियो । त्यसैले मेरा ससुरा र मेरा दुलहा पनि दार्जिलिङबाट फर्कनुभएको थियो । दुलहा घरमा आएपछि मेरा लागि नर्कजस्तो घर पनि स्वर्गजस्तो रमाइलो हुन्थ्यो । मेरा दुलहा मसँगै बसुन्जेल मलाई कुनै कुराको पीर पनि पर्दैनथ्यो र रिस पनि उठ्तैनथ्यो । आफूलाई माया गर्ने मानिस आफूसँग भएपछि कुनै कुराको वास्ता पनि लाग्दो रहेनछ । तर छ महिनाको काम सकेर ससुरा र दुलहा दुवै जना फेरि दार्जिलिङतिरै लाग्नुभएको थियो । त्यसपछि पुन: मेरा घरको नारकीय जीवन सुरु भएको थियो ।

# म झन्डै मरेकी

मेरा दुलहा दार्जिलिङ फर्किनुभएकाले मलाई संसारै नरमाइलो लागिरहेको बेला अचानक मलाई ज्वरोले समात्यो । ज्वरो पनि कस्तो भने भूखण्डको ज्वरो । म दिनदिनै हिँड्न पनि नसक्ने भएँ । गहतको झोल र धानको भात मलाई खान दिन्थे तर म एक गाँसभन्दा बढी खान सक्तिनथेँ । म भित्ता समातेर बाहिर भित्र गर्थें । म त्यसरी बिरामी भएको कुरा लिम्बामा मेरा बाका कानमा पुगेछ । अनि एक दिन मेरो माइतबाट कोही आएको खबर मैले पाएँ । म भित्ता समातेर बाहिर आएँ । मेरो भदा ठूलेलाई आफ्ना सामुन्ने देखेपछि म भक्कानिएर रुन थालेँ । त्यस बेला मलाई 'अब म मर्छु होला । म मरेको खबर सुनेर मेरा बा दाजुहरू पनि दुःखी हुनुहुन्छ होला । मेरा दुलहाले पनि पीर गर्नुहुन्छ होला । तर दुलहाले त अर्को बिहे गरिहाल्नुहुन्छ होला ।' भन्ने तर्कना आउँथ्यो । अचानक माइतबाट आएको भदालाई देख्दा मेरो हर्षको र आफू अशक्त बिरामी भएको पीडाका रूपमा बलिन्द्रधारा आँसु बगे । 'बालाई कस्तो छ ?' मैले रोइसकेर आँसु पुछ्दै ठूलेलाई सोधेँ । 'राम्रो छ' ठूलेले भनेका थिए । 'बाले तपाईंलाई लिन पठाउनुभएको, कान्छी दिदी ! जौँ ।' ठूलेले फेरि पनि भनेका थिए । 'म हिँड्न सक्तिनँ भाइ ।' मैले पुनः गहभरि आँसु पारेर असमर्थता जनाएँ । 'मैले तपाईंलाई बोक्ने मानिस नै लिएर आएको छु ।' उनले फेरि पनि भनेका थिए । त्यसपछि भने ममा भित्रैदेखि एकाएक शक्ति सञ्चार भएर आयो । 'अब माइत जान पाएँ भने त म बाँच्छु' भन्ने मनमा आएको थियो ।

माइत जान पाउनु पनि त्यस बेला मेरा लागि त्यत्ति सजिलो थिएन । मेरा दुलहा घरमा हुनुहुन्थेन । घरमा ससुरा पनि हुनुहुन्थेन । हामी सगोलमा केटाकेटी मात्रै र ठूला भनेको काइँला देवर विष्णुप्रसाद मात्रै हुनुहुन्थ्यो । 'पर्दैन, किन जानुपर्‍यो ?' विष्णुप्रसादले भन्नुभएको थियो । मैले जेठी सासूसँग सोधेकी थिएँ । 'खुरुक्क जा, यहाँ बिरामी भएर केही नखाएर मर्नै लागिसकिस् । बाबुले लिन पठाउनुभएको छ । म दिन्छु बिदा, जा ।' जेठी सासूले यसरी बिदा दिनुभएको थियो । त्यस बेला जेठी सासूले मलाई बिदा मात्र दिनुभएन उहाँले त मेरा लागि बाटामा चाहिने खाजासामल पनि हालिदिनुभएको थियो । भरियाले मलाई बोक्ने डोको काटेर बोक्न हुने पनि पार्न लगाइदिनुभएको थियो । आशीर्वादका साथ उहाँले मलाई बिदा गर्नुभएको थियो ।

त्यसपछि दुई जना भरियाले पालोपालो बोक्तै मलाई चार दिन लगाएर मेरो माइत लिम्बा पुर्‍याएका थिए । माइतमा पुगेर बाको मुख देख्नेबित्तिकै मलाई क्वाँक्वाँ रुन मन लाग्यो । म मन फुकाएर बालाई समातेर रोएँ । बा पनि मलाई समातेर रुनुभयो । मेरो हरिबिजोग देखेर त्यस बेला नरुने पनि कोही थिएन । कुन्तकी दुब्लीपातली मैयाँ म, झन् तीन महिनासम्मको ज्वरोले थला परेको मेरो काया नाममात्रको थियो । 'झन्नै मरिछे ! मेरी छोरी !' भनेर मेरा बालाई पनि मेरो माया लागेर आयो । दुलही भाउजूले पनि मेरो अवस्था देखेर आँसु चुहाउनुभएको थियो । केहीबेर सुस्ताएपछि बाले मलाई 'के खान मन छ कान्छी नानी' भन्नुभएको थियो । 'सोल्लरसँग भात खान्छु' मैले भनेकी थिएँ । भाउजूले हत्तपत्त गरेर सोल्लर र भात पकाउनुभएको थियो । पाक्नासाथ मेरी भाउजूले मेरा लागि भात पस्कनुभएको थियो । मैले खपाखप खाएकी थिएँ । त्यो भात खाएपछि मेरो अलि सास आएको थियो । त्यसपछि म सुतेकी थिएँ । माइतीघरमा पुगेकी मलाई धेरै दिनपछि आरामको

निद्रा लागेको थियो । माइतमा बाको काखमा आइपुग्दा आफूलाई निकै सुरक्षित ठानेर पनि होला मलाई निकै आनन्द लागेको थियो । 'अब भने म बाँच्छु, मर्दिनँ' मैले ठानेकी थिएँ ।

मेरा बाले मेरा लागि दैनिक परेवाको मासु, कहिले खसीको मासु, कहिले पोलेर कहिले पकाएर, मैले जस्तो खान्छु भन्थेँ त्यस्तै, जे खान्छु भन्थेँ त्यस्तै खाने व्यवस्था गरिदिनुभएको थियो । सासू बितेको खबर सुन्नुअघि नै माइतमा मासु खाएर म घर गएकी थिएँ । घरमा सासू खसेपछि लसुन, प्याज, मासु खान बारेको थियो । म बिरामी नपरुन्जेल त त्यत्ति मेरो मनले मासु खोजेको थिएन तर बिरामी परेपछि भने मेरो ध्यानमा मासु मात्रै आउँथ्यो । म चुङवाङ घरमा भएका बेला मलाई यति धेरै मासुको तिर्सना हुन्थ्यो कि चराचुरुङ्गी जे मेरा आँखाअगाडि आए पनि समातेर चपाऊँ जस्तो हुन्थ्यो । तर माइतमा पुगेपछि मेरा बाले मलाई दिनै नबिराई मासु खुवाएपछि म छिट्टै तङ्ग्रिन थालेकी थिएँ ।

त्यसैताका पाँचथर जिल्लाको नापीको हाकिम भएर मेरा ठूल्दाजुका मीत काका तेह्रथुमबाट आउनुभएको थियो । उहाँ हाम्रै घरमा बस्नुभएको थियो । 'ल ! कान्छी छोरी बिरामी रहिछे, अब म यसलाई मासु खुवाउँछु' उहाँले भन्नुभएको थियो । नभन्दै भोलिपल्टदेखि मेरा लागि उहाँले पठाएको मासु घरमा आउन थाल्यो । त्यस बेला अहिलेजस्तो जता भन्यो उतै मासुका पसल हुँदैनथे । मासु खानेले कि त गाउँमा काटेको छ भने किनेर वा अन्नसँग साटेर अथवा पैँचोमा मासु ल्याउनुपर्थ्यो । अथवा क्षमता हुनेले आफैँ खसी काट्नुपर्थ्यो । दिनदिनै ताजा मासु खान पाउनु भनेको त्यस बेला निकै ठूलो कुरा थियो । ती काका नापीका कामले गाउँगाउँ जानुहुन्थ्यो । त्यसरी गाउँमा जाँदा जुन गाउँको नापी गर्नुपर्ने हो त्यहाँका धनीमानीले उहाँको स्वागतका लागि खसी काटेर भोज गर्थे । त्यसैले त्यस बेला ती काकाले पनि मेरा लागि मासु पठाउन सक्नुभएको थियो ।

मलाई मासु खान मन पर्छ । हाम्रो जमानामा बाहुनीहरूले कुकुरा खाने चलन थिएन । कुखुरा तल्लो जातले मात्रै खान्थे । हामीलाई सानैदेखि कुखुरा खानु हुँदैन भनेर सिकाइएको हुन्थ्यो । त्यसैले कुखुरा र कुखुरा खाने मानिसप्रति नै घृणाको भावना मभित्र पनि थियो । त्यस कारण हामीले खाने गरेको मांसहारमा खसी र परेवा नै पर्थ्यो । यसबाहेक मेरा साँल्दाजुले सिकार गरेर ल्याएको ढुकुर, कालिज, हरिण, मृग, मुजुर, चित्तल र घोरलका मासु पनि मैले खाएकी छु । दबाई हुन्छ भनेर मैले भालुको पित्त पनि खाएकी थिएँ ।

मेरा बाले नै मलाई खसीको मासु र परेवा खुवाएर तङ्ग्र्याएको भए पनि ती काकाले पठाएको मासु खान पाउँदा म थप रमाएकी थिएँ । तर एक दिन बिहान मासुभात खाइसकेपछि अचानक मेरो घाँटी दुख्न थालेको थियो । अलिअलि गरेर मेरो घाँटीको दुखाइ बढ्दै गएको थियो । धेरै नै दुख्न थालेपछि मैले बालाई भनेकी थिएँ । बाले 'ल्वाङ चुस्' भनेर दिनुभएको थियो । तर मेरो घाँटी दुख्न निको भएको थिएन । त्यसपछि अचानक मेरो घाँटीको दुखाइ कानमा सरेको थियो । अब मेरो दाहिने कान मरुञ्जेल दुख्न थालेको थियो । त्यस रातभरि मेरो कान दुखेर म सुत्न पनि सकेकी थिइन् । झिसमिसे बिहानै बाले ठूलेलाई धामी लिन पठाउनुभएको थियो । म त कान दुखेर रोइरहेकी थिएँ । पहाडमा त्यस बेला डाक्टर देखाउने चलन थिएन । डाक्टर हुँदा पनि हुँदैनथे । भइहाले पनि कम्पाउन्डर हुन्थे । तर कम्पाउन्डरलाई देखाउनुभन्दा त्यस बेला सकेसम्म धामीलाई नै देखाउने चलन हुन्थ्यो ।


'खानेकुरामा भेदेको रहेछ' धामीले थालमा अक्षता लिएर जोखाना हेरिसकेर भनेका थिए । 'चिनेजानेकै, अलि परको नाता पर्ने मानिसले नै पो रहेछ है... !' भनेर उनले किटानी दिए । त्यसपछि बाले धामीसँग संवाद गरेर केही प्रश्नहरू सोध्नुभएको

थियो । धामी र बाका बीच केहीबेर कुराकानी भएको थियो । त्यसपछि धामीले भनेअनुसारका सामग्रीहरू बाले जुटाइदिनुभएको थियो । धामीले मन्त्र पढ्दापढ्दै मलाई निकै सन्चो हुँदै आएको थियो । अहिले सम्झँदा पनि अचम्म लाग्छ, धामीले कुनै औषधी नै नखुवाई र कानमा केही नहालीकनै, धामी बसेकै भरमा त्यस दिन मेरो कान दुख्न छोडेको थियो ।

त्यसपछि म माइतमा निकै आनन्दका साथ बसेँ । म चुङवाङबाट लिम्बा आउँदा लौरो टेकेर मात्र भित्रबाहिर गर्न सक्थेँ । अब बिस्तारै बिनालौरो पनि हिँडडुल गर्न सक्ने भएकी थिएँ । हाड र छाला मात्र भएको मेरो शरीरमा पनि क्रमशः मासु थपिन थालेको थियो ।

यसैबीच सासूको वर्षदिनको काम पनि आयो । 'भर्खरै बिरामीबाट उठेकी छस्, राम्ररी तङ्ग्री पनि सकेकी छैनस्, नजा ।' बाले मलाई भन्नुभो र म चुङवाङ गइनँ । त्यस समयमा मेरा दुलहाले मलाई चिठी पठाइरहनुहुन्थ्यो । मेरा दुलाहा दार्जिलिङमा हुन्जेल पनि उहाँको चिठी मेरा नाउँमा आउने गर्थ्यो र धनकुटाबाट पनि लिम्बामा उहाँको चिठी मेरा नाममा आइरहन्थ्यो । कहिले हुलाकबाट र कहिले कुनै मानिसका हातमा हातेचिठी पनि आउँथ्यो । त्यसरी दुलहाको चिठी पाउँदा मलाई हुनसम्मको खुसी लाग्थ्यो । मलाई पनि माया गर्ने मानिस यो संसारमा छन् भन्ने लाग्थ्यो । उहाँले लेखेको चिठीमा पनि मलाई खूबै माया गरेर लेखिएको हुन्थ्यो । अरू कुनै कुनै चिठीमा त उहाँबाट पाँचदस रुपियाँ पनि खामेर पठाइएको हुन्थ्यो । दुलहाको त्यस्तो माया पाउँदा मलाई आफू साँच्चै भाग्यमानी जस्तो लाग्थ्यो ।

मेरी जेठी छोरी इन्दिरा जन्मनुअघि मेरा दुलाहाले मलाई पठाउनुभएका चिठीमध्येको एउटा चिठी यस्तो थियो :



मेरा दुलहाको चिठीबाटै मैले चुङवाङ घरको खबर पनि थाहा पाएकी थिएँ । मेरा दुलहा आफ्नी आमाको बरखीमा आएका बेला बरखी सकेर अन्तरी बहिनीको बिहा पनि सकेर फर्किनुभएको कुरा पनि दुलहाकै चिठी पढेर मैले चाल पाएकी थिएँ । यसरी एक वर्षसम्म माइतमा बसेर निकै बलियी भएपछि म पनि घर फर्केकी थिएँ ।

# लिम्बा पुगेको खोलो चुङवाङ नै फर्क्यो

मेरा चैनका दिन फेरि सकिएका थिए । माइतमा एक वर्षसम्म जति नै आनन्दले बसे पनि अब घरमा बिजोगका दिन सुरु भएका थिए । माइतमा जति नै सुख भए पनि छोरीको जातले पोइको घर नगई हुँदैनथ्यो । त्यसैले म पनि भारी मन लिएर चुङवाङ पुगें । मेरो जीवनरूपी खोलो चुङवाङबाट बग्दैबग्दै लिम्बा पुगेको थियो । लिम्बामा एक वर्ष कलकल बगेर फेरि चुङवाङ नै फर्केको थियो ।

चुङवाङमा मेरो सहारा भनेको दुलहाको कहिलेकाहीँ आउने चिठी मात्रै थियो । मेरा दुलहाले कहिलेकाहीँ पठाउने गर्नुभएको चिठीको प्रतीक्षामा म चुङवाङको सास्ती खेपिरहेकी थिएँ । मेरा दुलहाले मलाई अर्तीबुद्धि दिएर चिठी लेख्नुहुन्थ्यो । त्यस बेला म धेरै रिसाउँथें । मलाई रिस उठेपछि म राति भोकै सुत्थें । यो कुरा थाहा पाएर, 'भोकै कहिल्यै नसुत्नू । घिउचिनी मुछेर भए पनि खानू ।' मेरा दुलहाले मलाई भन्नुभएको थियो । त्यसैले म भोकै सुत्न लाग्दा पनि दुलहाले भनेको कुरा सम्झन्थें र घिउचिनी मुछेर खान्थें र मात्रै सुत्थें ।

हाम्रा घरमा मीठो खानेकुराको त कहिले पनि मुख देख्न पाइँदैनथ्यो । मीठो खानेकुराको चाहनाले मेरो आँतै हरहर हुन्थ्यो । त्यस बेला हामीले मीठो खान पाउने भनेको कसैको घरमा पर्म लगाउन जाँदा मात्रै हो । त्यसरी पर्म लगाउन जाँदा खाजाको रूपमा चाम्रे र गुन्द्रुक खान दिन्थे । त्यस्तो खानेकुरा हाम्रा लागि त्यस बेला अमृतसमान हुन्थ्यो । त्यसरी काम गर्न त्यस्ता घरमा फेरिफेरि पनि

बोलाए हुन्थ्यो भनेर हामी बुहारीहरू कल्पिन्थ्यौँ । त्यसरी बोलाउने कहिले मार्गाआमाको र कहिले कान्छी फुपूसासूको घर हुन्थ्यो । मार्गाआमाले र फुपूसासूले मलाई निकै माया गर्नुहुन्थ्यो । मेरा घरमा त माया गर्ने सासूलाई मैले अघि लगाइसकेकी थिएँ । मेरा दुलहा परदेशमा हुनुहुन्थ्यो । मेरा ससुराको खटनमा बुहारीहरूलाई दसैँ र तीजबाहेक अरू बेला चामलको भात खाने व्यवस्था थिएन । त्यस बेला मलाई सेतो चामलको फरफराउँदो भात खान पाए त निस्तै पनि कति मीठो हुन्थ्यो जस्तो लाग्थ्यो । माइतमा रानीसुखमा हुर्केकी मैले घरमा हिजोआजका नोकर्नीभन्दा पनि तल्लोस्तरको दुक्खकष्टमा जीवन बिताउनुपरेको थियो । त्यही पनि लोग्नेको मायाको आडमा सबै दुक्खकष्ट सहेकी थिएँ ।

# खोलो दार्जिलिङ पुग्यो

'दुर्गा ! तिमीलाई साह्रै गाह्रो भयो भने दाजुका साथ लागेर तिमी आए हुन्छ । बाले बिदा दिनुभएन अथवा बा घरमा हुनुहुन्न भने मार्गाआमासँग बिदा मागेर आए हुन्छ ।' मेरा जेठाजु भरतप्रसाद नेपालका हातमा मेरा दुलहाले पठाउनुभएको चिठीको अंश हो यो । मेरा दुलहाको यस्तो चिठी पाएपछि मेरो खुसीको कुनै सीमा नै भएन । मलाई कतिखेर दार्जिलिङ पुगौँजस्तो भयो । त्यस बेला मेरा ससुरा घरमा हुनुहुन्थेन । त्यसैले मेरा दुलहाको चिठी बोकेर म मार्गाआमाका घरमा पुगेँ र सबै कुरा भनेँ । 'आफ्ना बूढाले बोलाएपछि कसैलाई सोध्नु पर्दैन, तँ जा ।' मार्गाआमाले खुसीसाथ मलाई बिदा दिनुभयो ।

२०१४ साल वैशाख महिनामा म मेरा जेठाजु भरतप्रसाद नेपालका साथ लागेर दार्जिलिङको लक्ष्य लिएर हिँडेँ । त्यस जमानाका हामी जेठाजुबुहारी ! जेठाजु पनि बुहारीसँग धेरै बोल्न अप्ठ्यारो मान्नुहुन्थ्यो । मैले त झन बोलिरहनु नै भएन । यात्रामा भएका हामीलाई अरूतिर त खासै अप्ठ्यारो परेन तर सिलिगुडीमा पुगेपछि रिक्सामा चढ्नुपर्ने भयो । जेठाजुलाई छुनु हुँदैन पाप लाग्छ भन्ने मलाई पनि थाहा थियो । जेठाजुलाई पनि थाहा थियो । रिक्सामा बस्दा त अब छुइने भयो भनेर म रिक्सामा चढ्न अनकनाएँ । 'रिक्सा, मोटर, पानीमा छूत लाग्दैन, बस ।' मेरा जेठाजुले बीचमा आफ्नो कपडाको झोला राखेर मलाई आफू रिक्सामा चढिसकेपछि भन्नुभएको

थियो । अब मैले म चढ्दिनँ भन्ने पनि ठाउँ थिएन । म पनि लाजले भुतुक्क हुँदै रिक्सा चढेँ । सानो रिक्साको सिटमा जति नै खुम्चिएर बस्ता पनि जेठाजुलाई छोइयो । तर के गर्नु ? उपाय थिएन ।

पहिलो पटक रिक्सा, मोटर, ठूलाठूला घरहरू, पक्की सडक, रेल देखेर छक्क पर्दैपर्दै म दार्जिलिङ पुगेकी थिएँ । तर त्यस बेला मलाई बाटाघाटामा जेसुकै देखे भेटे पनि अरू कुनै कुरासँग मतलब थिएन । मेरो दुलहासँग कतिखेर भेट होला भन्ने मात्रै मेरो उद्देश्य थियो । दुलहालाई भेट्दाको सुखद अनुभूतिको कल्पनाले मात्रै पनि म रमाएकी थिएँ । चुङवाङको कष्टकर जीवनबाट उम्कन पाएको खुसी पनि त्यसमा गाँसिएको थियो । त्यसरी अचानक दुलहालाई भेट्ने अवसर पाउँला भन्ने पनि मैले सोचेकी थिइनँ । जे होस्, मेरो जीवनरूपी खोलो अब दार्जिलिङ पुगेको थियो ।

# पहिलो सन्तानको खुसीयाली

मेरा जेठाजुले मलाई दार्जिलिङको दोरगा बजारमा भएको उहाँको घरमा पुऱ्याउनुभएको थियो । त्यहाँ मेरी जेठानीदिदी देवी नेपाल हुनुहुन्थ्यो । उहाँले पनि मलाई रमाएर स्वागत गर्नुभयो । त्यस बेला उहाँका दुई छोरा विमल, विनोद र एक छोरी सीता थिए । मेरा कान्छा देवर मेदिनीप्रसाद नेपाल पनि त्यहाँ पढ्दै हुनुहुन्थ्यो । त्यहाँ आठ जनाको परिवार थियो । मेरा दुलहाले भरखरै बी.ए. पास गरेर बिटी पढ्न थाल्नुभएको रहेछ । उहाँ त्यस बेला दार्जिलिङमा पढ्दै जजमानी पनि गर्नुहुन्थ्यो ।

पहाडमा अत्यन्त कष्टकर जीवन बिताएकी मेरा लागि दुलहाका साथमा बसेर दार्जिलिङको जीवनशैलीमा घरधन्दा गर्नु अत्यन्त सजिलो भएको थियो । पहाडमा त्यत्तिविधि काम गर्दा पनि भरपेट खान नपाएकी म दार्जिलिङमा पेटभरि चामलको भात खान पाउँदा पहिलेपहिले त सपना देखेजस्तै भएकी थिएँ । भात पकाउने, भाँडा माझ्ने, लुगा धुनेबाहेकका केही काम त्यहाँ थिएन । ती काम पनि मेरी जेठानी र म दुवै दिदीबहिनी मिलीजुली गर्थ्यौं । त्यसरी नै दुई महिना बित्यो ।

म दार्जिलिङ पुगेको दुई महिना बितेपछि भने मलाई असाध्यै अल्छी लाग्न थाल्यो । मलाई जति बेला पनि निद्रा मात्रै लाग्न थाल्यो । मलाई घरको काम गर्न पनि मन लाग्न छोडेको थियो । त्यसरी मैले काम नगरेर खाएको मात्रै कुराले मेरी जेठानीलाई रिस उठ्नु पनि स्वाभाविकै थियो । उहाँले आफ्ना तीनतीन जना लालाबाला

स्याहारेर भातभान्साको पनि आफैँले व्यवस्था गर्नु उहाँका लागि कठिन थियो ।

मेरा जेठाजुले पनि मलाई धेरै माया गर्नुहुन्थ्यो । जेठाजुको स्वभाव पनि निकै भलादमी थियो । उहाँ थोरै बोल्नुहुन्थ्यो र अप्रिय बोल्नुहुन्नथ्यो । 'माइलामाइली र काले (मेदिनी देवरको प्यारो नाउँ) अब डेरा सर, असनटोलीमा मैले तिमीहरूका लागि घर हेरिदिएको छु ।' मेरा जेठाजुले एक दिन मेरा दुलहासँग भन्नुभएको थियो ।

त्यस बेला पहाडबाट आएर जेठाजुको दोरगा बजारको घरमा म बसेको पनि छ महिना भइसकेको थियो । अब म गर्भिणी भएकी हुँ भन्ने कुराको पनि टुङ्गो भइसकेको थियो । त्यसै सालको दसैँ दोरगा बजारमा मानेर हामी असनटोलीमा सर्ने भयौँ । त्यस डेरामा चाहिने सबै सामग्रीहरू भाँडाकुँडा, ओढ्नेओछ्याउने सबै जेठाजु र जेठानीले नै हामीलाई दिनुभएको थियो ।

एघार वर्षका कान्छा देवरसमेत लिएर मेरा दुलहा र म असनटोलीको डेरामा पुगेका थियौँ । हाम्रो नयाँ घरजम सुरु भएको थियो । मलाई मेरो पनि आफ्नो गृहस्थी छुट्टै सुरु भएकोमा खुसी लागेको थियो । तर म भने दिनदिनै गल्दै गएकी थिएँ । मलाई केही गर्न जाँगर चल्दैनथ्यो । पहाडमा घाँस र दाउराको भारी बोकेकी, मलको डोको बोकेकी र ठूलाठूला गाग्रीमा आधा घण्टाको बाटोबाट पानी ओसारेकी मलाई दार्जिलिङमा घरभित्र बसेर स्टोभमा तीन जनाका लागि भात पकाउन, भाँडा माझ्न, लुगा धुन पनि निकै गाह्रो भएको थियो । मैले पहिलो पालो पेट बोकेकी थिएँ, के हो ? कसो हो ? कसलाई सोध्ने ? आमा र सासू दुवै अघि लगाइसकेकी थिएँ । अब त्यहाँ मलाई माया गर्ने भनेको मेरा दुलहा मात्रै हुनुहुन्थ्यो । सबै कुरा दुलहालाई भन्न पनि लाज लाग्थ्यो । भनेरै पनि दुलहालाई के थाहा होस् र ? अहिलेको जस्तो गर्भिणी भएको कुरा सबैलाई भन्दै हिँड्ने जमाना पनि त्यो थिएन । सानो परिवारमा मैले कुनै झैझमेला

बेगरको जीवन बिताउन पाएकी थिएँ । मेरो शारीरिक अवस्थाले गर्दा त्यस्तो स्वर्गीय सुखका दिनमा पनि मलाई रमाइलो लागेको थिएन । मान्छेको शरीर बलियो नभएपछि केही कुराले पनि खुसी दिँदो रहेनछ भन्ने मलाई त्यसै बेला थाहा भएको थियो ।

मेरा त्यस बेलाका साथी भनेको धेरजसो कान्छा देवर मेदिनी नै हुनुहुन्थ्यो । तर उहाँ पनि पढ्न जाने र जजमानी गर्न जानुहुने हुँदा म धेरजसो घरमा एक्लै नै हुन्थेँ । मेरो शरीरमा एकदमै कमजोरी थियो । अहिले सम्भँदा अचम्म लाग्छ, हिजोआज पेट बोकेका आइमाईलाई कति धेरै स्याहारसुसार गरिन्छ, यो खानुपर्छ, ऊ खानुपर्छ भन्छन् । हिजोआज त रेडियोले पनि सिकाउँछ । तर त्यस बेला त न आफूलाई केही थाहा थियो न त कसैले केही सिकाएकै थियो । अरूले खाने साधारण खानपिन नै मैले पनि खान्थेँ । पेटमा भएको बच्चाका लागि पनि गर्भिणीले तागतिलो खानेकुरा अरू बेलाभन्दा धेरै खानुपर्छ भन्ने कुरा मलाई कसैले सिकाएनन् । त्यसैले त्यस बेला म दुलहा र देवरले खाएभन्दा पनि थोरै खान्थेँ । कहिले खानेकुरा मीठो लाग्दैनथ्यो, कहिले चित्त बुझ्दैनथ्यो । अझ अज्ञानताका कारण पनि त्यस बेला म राम्रोसँग खाँदिनथेँ । त्यसैले दिनदिनै धेरै कमजोर हुँदै गएकी थिएँ ।

'तँलाई तेरी जेठानीले भोलि खीर खान बोलाउनुभएको छ' एक दिन मेरा दुलहाले खबर ल्याउनुभएको थियो । भोलिपल्ट जेठानीको निम्तो मान्न म जसबजार गएँ । मेरी जेठानी पौरखी हुनुहुन्थ्यो । त्यस बेला मेरी जेठानीले जसबजारमा दोकान थाप्नुभएको थियो । त्यस दोकानमा पानसुपारी, चनाको तरकारी, कहिले खीर र कहिले सेल पकाएर उहाँले बेच्नुहुन्थ्यो । उहाँ जाँगरिली हुनुहुन्थ्यो । त्यस दिन पनि मलाई उहाँले पेटभरि खीर खान दिनुभएको थियो । त्यस बेला मीठो खानेकुरा टन्नै खान पाएर खुसी हुँदै म घर फर्केकी थिएँ । हुन त अहिलेजस्तो ट्याक्सी चढ्ने त्यो जमाना थिएन । असनटोलीबाट जसबजार पुग्न मलाई आधा घण्टा लाग्थ्यो । अरूलाई आधा घण्टा

लाग्ने बाटो मलाई त्यस बेला एक घण्टा लाग्थ्यो । कमजोरीले गर्दा र गर्भिणी भएका कारण म छिटोछिटो हिँड्न सक्तिनथेँ । हुन त प्रायजसो चोकबजारबाट मैले नै घरका लागि सरसामान किनेर ल्याउनुपर्थ्यो । त्यसरी किनमेल गर्न पनि मलाई एक घण्टा लाग्थ्यो ।

हामी असनटोलीमा नयाँनयाँ बसेका थियौँ । त्यसै बेला सडकमा म निस्केको बेला एउटी आइमाईले मलाई नमस्कार गरेकी थिइन् । उनले नमस्कार गरेपछि मैले पनि नमस्कार फर्काएकी थिएँ । तर मैले उनलाई चिनेकी थिइनँ । तर आफूलाई नमस्कार गरेपछि उनलाई पनि त नमस्कार गर्नै पऱ्यो भन्ने सोचेर मैले पनि उनलाई नमस्कार फर्काएकी थिएँ । 'यिनी को रहिछिन् ? मैले नचिनेकी तर मलाई चिन्ने ?' मलाई लागेको थियो । यो क्रम निरन्तर केही समयसम्म चलेको थियो । तर बिस्तारै मैले थाहा पाएकी थिएँ, उनले त बाटामा हिँड्ने सबैलाई नमस्कार गरिरहने रहिछिन् । उनको दिमागी हालत त्यति ठीक रहेनछ । यो कुरा थाहा पाएपछि भने म उनको अनुहारमा नहेरी, उनको नमस्कारको जबाफ पनि नदिई सटासट हिँड्न थालेकी थिएँ ।

असनटोलीमा हामी बसेको त्यो घर कलकत्ताको बङ्गालीको कोठीको चौकीदारको क्वाटर थियो । त्यहाँ हामीले लिएको कोठा ठूलो थियो । हामीलाई त्यहाँ अरू कुराको त सुखै थियो तर जँड्याहा चौकीदार बूढोका कारण भने निकै समस्या थियो । ती सार्की जातका चौकीदार बूढाको जेठो छोरो बुलु भने निकै असल र भलादमी मानिस थिए । चौकीदार बूढाले अरू बेला त केही गर्दैनथे तर तलब थापेर आएको दिन भने रक्सीले मातेर उत्पात मच्चाउँथे । त्यसरी मातेर आउँदा उनले बाटैदेखि घरका छानामा ढुङ्गाले हानेर कराउँथे । भाडामा बसेका सबैलाई नाउँ बोलाउँदै गाली गर्थे । बूढाले आफ्नो कोठामा पुगेर आफ्नी बूढीलाई र साना छोराछोरीलाई कुटेर खेद्थे । उनका परिवारका सदस्यहरू उनको आतङ्कबाट डराएर भाग्थे र

उनले नभेट्ने ठाउँमा गएर लुकेर बस्थे । ती बूढामान्छे उनको जेठो छोरो बुलुसँग भने डराउँथे । त्यस्तो बेलामा बुलु पनि काम गर्न गएका हुन्थे । बुलु कामबाट नफर्कुन्जेल त्यहाँ बूढाले आतङ्क मच्चाउँथे । त्यस बेला मेरा दुलहा पनि प्रायजसो राति निकै ढिलो घर फर्किनुहुन्थ्यो । मेरा साना देवर र म पनि ती बूढाको डरले एकै पोको परेर बस्थ्यौँ । अझ बुलु कामबाट नफर्किउन्जेल त हामी सबै डेरावालहरू एउटै कोठामा जम्मा भएर बस्थ्यौँ । त्यस्तो आतङ्क मच्चाइरहेका ती जँड्याहा बूढा उनको जेठो छोरो बुलु घरमा आइपुग्नासाथ शान्त हुन्थे । बेलाबेलाको ती जँड्याहा बूढाको आतङ्कबाहेक त्यस घरमा अरू सबै कुरा राम्रो थियो ।

माघ महिनाको अन्तिम समयको कुरा हो, मलाई निकै बिसन्चो भयो । के हो ? किन हो ? पहिलो पाला बच्चा जन्माउने ? कसरी जन्माउने ? के हुन्छ होला ? मलाई केही थाहा छैन । डर मात्रै लागेको छ । सोध्ने मानिस पनि कोही छैन । त्यस दिन मैले मेरा दुलहालाई आफूलाई निकै बिसन्चो भएको कुरा भनेँ । उहाँले आफ्नी एक जना नर्स साथीलाई लिएर आउनुभयो । ती नर्सले मलाई जाँचिन् र अब मलाई 'सुत्केरी बेथा लाग्न सुरु भएको हो' भनिन् । तर पनि मैले दुई दिनसम्म घरको काम गरिरहेँ । त्यसपछि चाहिँ मैले काम गर्न सकिनँ । झन्डै पाँच दिन मलाई सुत्केरी बेथा लाग्यो ।

२०१४ साल फागुन ३ गते शुक्रबार बिहान दस बजे मलाई निकै नै बिसन्चो भयो । म रुन थालेँ । गाडी बन्दोबस्त गरेर मेरा जेठाजु, जेठानी र मेरा दुलहा भएर मलाई अस्पताल लगे । भिक्टोरिया अस्पतालमा मलाई भर्ना गरियो । त्यस बेला त्यस अस्पतालमा देवकुमारी सिन्हा ठूलो पदमा काम गर्नुहुन्थ्यो ।

देवकुमारी सिन्हाले मेरा दुलहालाई भाइटीका लगाउनुभएको थियो । उहाँले मलाई पनि माया गर्नुभयो । प्रायजसो भेटघाट भइरहे पनि म गर्भिणी भएको कुरा मेरा दुलहाले देउकी दिदीलाई नभन्नुभएको

रहेछ । त्यस जमानामा अहिलेजस्तो गर्भवती भएको कुरा छरस्ट पार्ने चलन पनि थिएन । गर्भवती भएको कुरा गर्न लाज मानिन्थ्यो । मेरा दुलहाले पनि त्यसै कारण देउकी दिदीलाई भन्नुभएको थिएन होला । तर त्यस दिन दिदीले मेरा दुलहाको झाँको झार्नुभएको थियो, 'बाहुन ! बूढी गर्भवती छे भनेको भए म भिटामिन दिन्थेँ । हेर, आमाको गति यस्तो छ, सन्तान कस्तो होला !' त्यस बेला मेरो हरिबिजोग देखेर उहाँले बिस्मात मान्नुभएको थियो ।

त्यस बखत म निकै डराएकी थिएँ । अस्पतालमा गर्भवती आइमाईसँग नर्सहरूले दुर्व्यवहार गर्छन् भन्ने कुरा मैले सुनेकी थिएँ । त्यसैले म पीडाले कराएँ भने पनि नर्सहरूले गाली गर्लान् भन्ने मलाई डर थियो । तर त्यसो भएन । मलाई त नर्सहरूले 'बोजूलाई धेरै दुखेको छ ।' भन्दै निकै मायालु पाराले व्यवहार गरे । बाहुन बाजेकी पत्नी भएकैले होला मलाई नर्सहरूले निकै माया गरे । अनि देउकी दिदीसँगको चिनाजानीले पनि हुन सक्छ, त्यहाँ मैले नर्सहरूको निकै हेरविचार पाएकी थिएँ ।

त्यसै दिनको बेलुकी भारतीय समयअनुसार सात बजेर पन्ध्र मिनेट जाँदा मैले छोरी जन्माएँ । मेरा पतिका इष्टमित्र रणवीर लामा (जसलाई सबैले लामाबाबु भन्थे) की छोरी उमा लामा पनि त्यसै अस्पतालमा सिनियर नर्स थिइन् । मेरी छोरी जन्मेको थाहा पाएर उनी पनि मलाई हेर्न आइन् र छोरी हेरेर भनिन्, 'बोजू ! छोरी जन्मी भनेर चित्त नदुखाउनु है ! छोरी होइन; लक्ष्मी जन्मिएकी हुन् ।' मलाई उमाले सम्झाएर भनेकी थिइन् । तर मलाई भने त्यस बेला खुसी लागेन, मेरी छोरीले पनि मैले जस्तै दुक्ख गर्नुपर्छ, बच्चा पनि जन्माउनुपर्छ, कत्ति हन्डर खानुपर्छ भनेर मलाई दुक्ख नै लागेको थियो । हुन पनि त्यस जमानामा छोरीमान्छे भएर जन्मनु धेरै दुक्ख पाउनकै लागि हुन्थ्यो । अझ 'पहाडमा बुहारी र मधेसमा गोरु हुनु नपरोस्' पनि भन्थे । तर पनि मैले चित्त बुझाएँ । तर अहिले लाग्छ,

उमाले त्यस बेला भनेको कुरा साँचो रहेछ, मेरी जेठी छोरी उनले भनेजस्तै लक्ष्मी नै जन्मिएकी रैछिन् ।

'हेर यी बाहुनबाजेले गर्दा शिशु पनि कत्ति दुब्ली मुसीजस्ती जन्मिई ।' देउकी दिदीले मेरी छोरी हातमा बोकेर भन्नुभएको थियो । दुई किलो पचास ग्राम तौलकी सानी थिइन्, मेरी छोरी । प्रसिद्ध साहित्यकार देवकुमारी थापाका हातले सर्वप्रथम छोइएकी मेरी छोरी पनि पछि गएर साहित्यकार नै हुनेछिन् भन्ने कुरा मलाई त्यस बेला थाहा थिएन ।

देउकी दिदीले ढिला भए पनि विराटनगरका रिटायर्ड मेजर बबुरसिंह थापासँग बिहे गर्नुभएको थियो । त्यसैले दार्जिलिङमा गाँसिएको देउकी दिदीसँगको हाम्रो सम्बन्ध विराटनगरमा दिदी आएपछि झनै गाढा भयो र दिदीको स्वर्गारोहणसम्म पनि त्यो सम्बन्ध उस्तै रह्यो । देवकुमारी थापाले मलाई जहिले पनि सहोदर भाइकी पत्नीप्रति गर्ने माया गर्नुभएको छ । उमेरले असी वर्ष पार गरिसक्दा पनि देउकी दिदीको शरीर निकै अशक्त भएको थियो तर उहाँको दिमागले भने अन्तिम समयसम्म पनि राम्ररी काम गरिरहेको थियो । २०६८ सालमा मेरी देउकी दिदीले पनि देह बिसाउनुभएको थियो ।

मैले इन्दिरालाई जन्माएको त्यसै बेलुकी मेरी जेठानी दिदीले मलाई मुगको जाउलोमा घिउ हालेर ल्याइदिनुभएको थियो । त्यो जाउलो मैले खूब मीठो गरेर खाएकी थिएँ । भोलिपल्ट मेरा दुलहाले मलाई हाम्रो डेरा असनटोली लिएर जानुभयो । मेरो दूध नआएकाले छोरीका बुबाले नै खुसी हुँदै छोरीलाई काखमा राखेर चम्चाले गाईको दूध खुवाउनुभएको थियो । मेरा लागि पनि भात पकाएर मेरै दुलहाले खान दिनुभयो । सुत्केरी भएकी मलाई त्यस बेला खूब भोक लाग्थ्यो । मेरा दुलहाले बी.टी. पढ्न जानुपर्थ्यो र त्यस बेलाको हाम्रो एक मात्र आमदानीको काम जजमानी गर्न पनि जानुपर्थ्यो । त्यसैले मेरा दुलहा मेरो हेरविचार मात्र गरेर घर बस्न पाउनुहुन्नथ्यो । मेरा दुलहा नभएका बेला मेरो हेरविचारको जिम्मा मेरा बाह्रवर्षे देवर मदनको

थियो । मैले पानी नछुउन्जेल देवरले पकाएर दिएकै खाएँ, केटाकेटी मानिसले पकाएको खानेकुरा जस्तो भए पनि नखाएर के गर्ने ? भोक लागेको हुन्थ्यो ।

त्यसैबीच मलाई अचानक कामज्वरो आउन थाल्यो । त्यसैले पनि छोरीको न्वारन छिट्टै गर्ने सल्लाह भयो । मेरी जेठी छोरीको न्वारन सात दिनमा गर्ने निर्णय भयो । न्वारन गर्ने पुरोहित बोलाइयो । मेरा दुलहालाई छोरी जन्मेको खुसीयालीमा आफूसँग पढ्ने साथीहरूलाई बोलाएर खुवाउन मन लागेछ । त्यसैले मेरी जेठानीसँग सल्लाह गरेपछि उहाँले साथीहरू बोलाउनुभएको थियो । न्वारनको दिन मेरी जेठानी छिट्टै आउनुभयो अनि आलुदम र हलुवा पकाइदिनुभयो । त्यस दिन मेरा दुलहाले झन्नै पचास जनाजति साथीहरू बोलाउनुभएको थियो । सबै जना भएर खानेकुरा खाए र मेरी छोरीलाई आशिष् दिए । 'बाजेको घरमा लक्ष्मी आएकी हुन्' उनीहरूले पनि भनेका थिए । पुरोहितले मेरी जेठी छोरीको नाउँ 'भ' बाट राखिनुपर्ने बताएका थिए । न्वारनको नाउँ चिनामा मात्रै शोभा दिन्छ भनेर प्राय: बोलाउने नाउँ अर्कै राखिन्थ्यो । मेरी छोरीको बोलाउने नाउँ दार्जिलिङमा राखेकै थिएन । मार्गाको घरमा म छोरी लिएर बसेको बेला ज्योतिषी पण्डित भवनाथ पोखरेलले उनको नाउँ राख्नुभएको थियो । राम्री, चञ्चल र बाठी बालिका देखेर 'यो नानी त पछि इन्दिरा गान्धीजस्तै हुन्छे । यसको नाउँ इन्दिरा राख्नू' भन्नुभएको थियो । तर उनका बुबाले त उनलाई कहिल्यै इन्दिरा भन्नुभएन । उहाँले उनको नेपाली राष्ट्रियता झल्कने नाउँ 'च्याउँकी' राख्नुभएको थियो । पछि त्यही नाउँलाई उहाँले आधुनिकीकरण गरेर चीनका नेतासँग मिल्ने गरी उनलाई 'चाओ' भनेर बोलाउनुहुन्थ्यो । 'मेरी जेठी छोरीको नाउँ नेपाली राष्ट्रियता झल्कने नाउँ 'च्याउँकी', भारतीय शैलीको नाउँ 'इन्दिरा' र चीनियाँ शैलीको नाउँ 'चाओ'' भनेर मेरा पतिले सबैलाई सुनाउनुहुन्थ्यो ।

त्यसै त म सुत्केरी, त्यसमा पनि मलाई कामज्वरो आउने भएपछि त्यस बेला मलाई असाध्यै कमजोरी भएको थियो । राति म निदाएपछि केही चाल पाउँदिनथें । न्वारन गरेपछि छोरीलाई दूधदानीमा दूध खुवाउन थालेका थियौँ । कमजोरीका कारण पनि मेरो दूध आउँदैनथ्यो । राति छोरी भोकाएर रुँदा पनि म केही थाहा पाउँदिनथेँ । त्यस्तो बेलामा छोरीका बुबाले स्टोभ सल्काएर दूध तताएर छोरीलाई दूधदानीमा दूध खुवाएको कुरा पनि मलाई केही थाहा हुँदैनथ्यो । भोलिपल्ट मेरा दुलहाले र देवरले यो कुरा सुनाएपछि मात्रै मैले थाहा पाउँथेँ । तर मलाई त्यस कुराले धेरै खुसी दिन्थ्यो । मेरा दुलहाले आफ्नी छोरीलाई त्यसरी स्याहारेको कुराले मलाई उहाँले छोरीलाई माया गरेको अनुभूति हुन्थ्यो ।

मलाई पनि बिस्तारै ज्वरो निको हुन थाल्यो । बाइस दिनमा पानी छोएँ र त्यसपछिदेखि भने आफैँ भात पकाउन थालेँ । बल्ल मैले लोग्नेमानिसले पकाएको बेढङ्गको खानेकुराबाट मुक्ति पाएकी थिएँ । त्यसपछि मुखको स्वाद पनि फेरिएको थियो ।

मेरी छोरी सानी पातली थिई, भोक लागेपछि मात्र रुन्थी । पेटभरि दूध खुवाएपछि ढुक्कले सुत्थी । नानी सन्तोषी भएकीले एक दिन मेरा दुलहाले मलाई सिनेमा हेर्न जाने प्रस्ताव राख्नुभयो । मेरा पतिले मलाई सिनेमा त दोरगा बजारमा बसेका बेला पनि दुईतीन पटक देखाइसक्नुभएको थियो । तर असनटोलीमा आएपछि भने हामी दुई जना सिनेमा हेर्न गएका थिएनौँ । दुलहासँग सिनेमा हेर्न जान मलाई पनि मन पर्‍यो । 'म नानी बोक्न पनि सक्तिनँ, नानी रुन्छे पनि होली ?' मैले दुलहासँग भनेकी थिएँ । 'नानी म बोकिहाल्छु, रोई भने पनि म फकाइहाल्छु नि ।' मेरा दुलहाले मलाई जबाफ दिनुभएको थियो । त्यसैले मैले दुलहाको प्रस्ताव स्वीकार गरेँ । मेरा दुलहाले छोरी बोक्नुभयो र हामी दुई जना सिनेमा हेर्न गयौँ । मलाई डर लागिरहेको थियो । कतै नानी उठेर रुने पो हो कि भनेर, तर घरबाट

हिँडेपछि सुतेकी नानी सिनेमा सकेर हामी घर आएपछि मात्र उठी । त्यस रात धेरै दिनपछि मलाई निकै रमाइलो लाग्यो ।

तर मेरो रमाइलो धेरै दिनसम्म टिकेन । त्यसैताका मेरा ससुरा पहाडबाट हामी भएका ठाउँमा आउनुभयो । 'तिमीहरू मेरा घरमा भएका मध्ये जेठा छोराबुहारी, मलाई तीर्थ जान मन लाग्यो । तिमीहरूले पहाड घरमा गएर घर रुँगिदियौ भने मात्र मैले तीर्थ जान पाउँछु । टाढाको बाटो जाँदा फर्केर पनि आइन्छ कि आइँदैन, केही भन्न सकिँदैन ।' मेरा ससुराले मेरा दुलहालाई भन्नुभएको थियो । 'बा ! म पहाड जान्नँ, म अब कलकत्ता गएर एम्. ए. पढ्ने विचारमा छु ।' मेरा दुलहाले जबाफ दिनुभएको थियो । 'ठीकै छ, तँ पढ्न जालास् नि, म तँलाई खर्च पनि दिन्छु । बुहारीलाई पहाडघरमा लगेर राखिदे, अनि तँ कलकत्ता जा ।' मेरा ससुराले भन्नुभयो । 'नाइँ म त पहाडघरमा बस्न जान्नँ ।' मैले मेरा दुलहासँग भनेकी थिएँ । मलाई पहाडघरको नाउँ लिँदै त्यहाँ पाइने सास्तीको कल्पनाले नै पनि तर्साएको थियो । 'जौँ न हिँड, म पनि जान्छु ।' मेरा दुलहाले मलाई फकाउनुभयो । दुलहा पनि मसँगै बस्ने भनेपछि म पहाडघरमा पनि जान राजी भएँ ।

ससुराबाजेले साइत निकालेपछि हामी चुङवाङ घरको लक्ष्य लिएर दार्जिलिङबाट हिँड्यौँ । ससुराले 'जेठा दाजुसँग बसेर पढ्' भनेर मेरा कान्छा देवर मदनलाई दोरगा बजारमा जेठाजुसँग जिम्मा लगाउनुभएको थियो । त्यस बेला हाम्रो यात्रामा मेरी छोरीसमेत एकाघरका हामी चार जना थियौँ तर हाम्रो मण्डलीमा भने अरू तीन जना पनि हुनुहुन्थ्यो । मेरी माइली फुपूसासू, मेरी साइँली फुपूसासूकी छोरी र मेरी कान्छीसासूका भाइ पनि हाम्रो यात्रामा हामीसँगै हुनुहुन्थ्यो । अरूभन्दा पनि मेरी बालविधवा माइली फुपूसासूचाहिँ अलि अनौठो खालकी हुनुहुन्थ्यो । उहाँ सन्न्यासी नै हुनुहुन्थ्यो । उहाँलाई हामी सबै जनाले माईआमा भन्थ्यौँ । उहाँले सधैँ सेता लुगा लगाउनुहुन्थ्यो । मानिसहरू उहाँमा दैवीशक्ति पनि आएको छ भन्थे । उहाँले धरानको

फुङ्रेमा शिवमन्दिरको स्थापना गरेर आजीवन भक्तिनीकै रूपमा जीवनयापन गर्नुभएको थियो ।

२०१५ सालमा हामी दार्जिलिङबाट नेपाल आउँदा भारतको विहार राज्य छिचोलेर आउनुपर्थ्यो । अहिलेको महेन्द्र राजमार्ग त्यस बेला बनेको थिएन । त्यसैले सिलिगुडीबाट कटिहार पुगेर जोगबनीको बाटो नेपाल पस्नुपर्थ्यो । रेलमा धेरै भीडभाड थियो । त्यस्तो हूलमा मेरी सानी छोरीलाई बिहारीहरूले किचिपिची पारिदिन्छन् होला भनेर म निकै आत्तिएकी थिएँ । 'खोइ मलाई देऊ– छोरीको कोक्रो, मेरा अघि राख्छु ।' माईआमाले भन्नुभएको थियो । मैले छोरीको कोक्रो उहाँलाई नदिएर आफ्नै अघि राखेकी थिएँ । 'तिमीलाई मात्र तिम्री छोरीको माया लाग्छ, हामीलाई पनि हाम्रो सन्तानको माया लाग्छ, यो मेरी पनि त नातिनी हो नि !' भन्नुभएर उहाँले नानीको कोक्रो आफ्नै अघि राख्नुभएको थियो । त्यस बेला उहाँले मेरी छोरीलाई माया गरेको देख्दा मलाई उहाँप्रति धुमधाम श्रद्धा पलाएको थियो । आफूलाई माया गर्ने मानिसभन्दा पनि मानिसलाई आफ्ना सन्तानलाई माया गर्ने मानिस मन पर्दो रहेछ भन्ने कुरा मैले त्यसै बेला थाहा पाएकी हुँ ।

विराटनगरबाट हामी धरान पुग्यौँ र एकरात धरानमा बस्यौँ । भोलिपल्ट बिहानै चुङवाङका लागि हिँड्ने कुरा हुँदै थियो । मलाई पहाडी बाटो सम्झेर निकै अत्यास लागेको थियो । तीन महिनाकी छोरी बोकेर त्यत्रो लामो बाटो कसरी छिचोल्ने होला भनेर मलाई त्यस बेला चिन्ता लागेको थियो । 'बुहारीले नानीको कोक्रोमा नाम्लो लगाएर बोकिहाल्छे । खाजासामलका पोकापन्तुरा हामी बोकौँला ।' त्यसै बेला मेरा ससुराले आफ्नो निर्णय सुनाउनुभएको थियो । 'म नानी नाम्लो लगाएर बोकेर हिँड्न सक्तिनँ' मैले भनेकी थिएँ । 'हेर् छोरा, यो बुहारीलाई घरै जान मन छैन ।' ससुराले मेरा दुलहासँग भन्नुभएको थियो । म पनि ससुराको आरोप सुनेर रुन थालेँ । कोक्रो

बोकेर त म घरै नजाने भएँ । 'यहाँ बसेर के खान्छेस् ?' त्यस बेलाको मेरो मनस्थिति देखेर मेरा दुलहाले मलाई सोध्नुभएको थियो । 'बजारमा मागेर खान्छु ।' मैले पनि रुँदै जबाफ दिएकी थिएँ । 'भैगो तैँले बोक्नुपर्दैन नानी, हामी सबै जनाले पालैपालो बोकौँला नातिनी, तँ आफू मात्रै हिँड् ।' अचानक मेरा ससुरालाई मप्रति दया पलाएको थियो । साँच्चै नै मैले बाटोमा छोरीलाई बोक्नु पनि परेन । धेरजसो मेरा दुलहाले नै छोरीलाई बोक्नुभएको थियो । बेलाबेला ससुराले पनि नानी बोकेर मेरा दुलहालाई पालो दिनुभएको थियो । त्यस दिन धारापानीमा पुगेर भात पकायौँ अनि टाँकीका मुन्टामा झोल हालेर हामीले खाएका थियौँ । मेरा दुलहा धारापानीमा भात खाएपछि छोरी बोकेर अघि लाग्नुभएको थियो, हामीले उहाँलाई एकै चोटि तीन घण्टापछि मूलघाटमा भेट्यौँ । त्यस बेला उहाँले नानीका लागि दूध किनेर दूधदानीमा हालेर खुवाइसक्नुभएको रहेछ । अघाउँजी दूध खान पाएर नानी पनि मस्त निदाएकी थिई ।

त्यसरी एकै ठाउँमा भेला भएपछि हामीले त्यहाँ चियाखाजा खायौँ र मूलघाटको उकालो उक्लन थाल्यौँ । साँझ झमक्क पर्दा हामी बेलहारा पुग्यौँ । म थाकेर निकै लखतरान भइसकेकी थिएँ । साँझ बाक्लिइसकेको थियो । खेतको गरामा बसेर मैले नानीलाई दूध खुवाएँ । 'म त अब हिँड्न सक्तिनँ । यतै बास बसौँ ।' मैले भनेकी थिएँ । 'हामी त आजै घर नपुगी हुँदैन । तिमीहरू बास बस्ने हो भने उः त्यो घरमा बस । राम्रो मान्छेको घर हो' भनेर ससुराले परैबाट एउटा घर देखाइदिनुभयो ।

साँझ झमक्कै भइसकेको थियो, त्यसैले नानी लडाइदिने हुन् कि भनेर नानी म आफैँले बोकेर ससुराले देखाइदिनुभएको घरतिर हामी लागेका थियौँ । अलि परसम्म ससुराले टर्च बालेर बाटो देखाइदिनुभएको थियो । त्यसपछि उहाँहरू अर्कै बाटो लाग्नुभयो । मेरा दुलहा र म छोरी बोकेर त्यस घरमा बास बस्न पुग्यौँ ।

बास त बसेका थियौँ हामी तर हामीसँग खानेकुरा केही थिएन । छोरीलाई खुवाउने दूध पनि थिएन । त्यसै बेला घरमूली आइन्, मैले 'दिदी नानी भोकै छ, दूध पाइँदैन' भनेँ, ती दयालु दिदीले मेरोमा छैन, म गाउँमा गएर खोजेर ल्याइदिन्छु भनिन् र राति भए पनि गाउँमा गएर दूध खोजेर ल्याइदिइन् । पैसा दिँदा पनि लिन मानिनन् ।

छोरीको समस्या त समाधान भएको थियो । तर दिनभरि उकालोओरालो गरेर भोक र थकाइले लखतरान भएका हामीले के खाने भनेर खोजी गर्न थाल्यौँ । मेरो शरीरबाट तीन महिनाको सुत्केरीको गन्धसमेत आउँथ्यो । अनि मेरो अनुहारमा रगत पनि देखिँदैनथ्यो । बाटामा पनि यात्रु र अरू देख्नेहरूले 'यी नानी त सुत्केरी पो रैछिन्' भन्थे ।

'दिदी मकै छ होला,' भोकले भुत्तुक्क भएकी मैले घरमूली दिदीलाई सोधेकी थिएँ । उनले 'छैन' भनिन् । त्यसै बेला नानीलाई खुवाउनका लागि भनेर मिस्री बोकेको कुरा मैले सम्झेँ । माइआमाले बाटामा आफूले बोकेको सातु मेरा दुलहालाई खान दिनुभएको रहेछ । तर मेरा दुलहालाई सातु मीठो नलाग्ने भएकाले नखाईकन रुमालमा पोको पारेर बोक्नुभएको रहेछ । घरमूली दिदीलाई त्यही मिस्री हालेर एक लिटरजति पानी पकाउन अनुरोध गऱ्यौँ । उनले पानी पकाएर थालमा हालेर ल्याइदिइन् । त्यही पानीमा सातुको धूलो हालेर चौलानीजस्तै बनाएर हामीले पियौँ र सुत्यौँ । तातो झोल पेटमा परेपछि अघाएजस्तै भएको थियो । थाकेका त छँदै थियौँ । मस्त निदायौँ ।

बिहान राम्ररी उज्यालो नभई उठ्यौँ र नानीलाई गाईको दूध खुवाएर हिँड्यौँ । हिँड्न सक्नेका लागि आधा घण्टाको बाटो मलाई दुई घण्टा लाग्यो । हामी दुई जनाले पालोपालो गरेर नानी बोकेका थियौँ । हामीले नानीका थाङ्ना र लुगाफाटाका झोला पनि बोकेका थियौँ । नानी र भारी पनि बोक्नाले पनि हामीलाई घर पुग्न ढिला भएको थियो ।

# खोलो चुङवाङ पुग्यो

कान्छी सासू मनकुमारी नेपालले 'आइपुग्यौ !' भन्नुभयो र नानी समाउनुभयो । 'नानी त लुरी रै'छे !' भन्नुभएको थियो ।

कान्छी सासूलाई हामी कान्छ्यामा भन्थ्यौँ । सुवेदीकी छोरी, मेरै उमेरकी भएकीले कान्छ्यामासँग मेरो हित्तचित्त मिलेको थियो । मलाई उहाँले कहिल्यै नराम्रो मुख गर्नुभएन । सासूबुहारी भए पनि हामीबीच सधैँ दौतरी सखीभाव रह्यो । त्यस बेला कान्छ्यामा भात पकाउँदै हुनुहुन्थ्यो । 'भोक लागेको छ, छिटो भात पकाऊ' मेरा दुलहाले भन्नुभएको थियो । मेरा ससुरा बिहान तीन बजे आइपुगेर कान्छ्यामालाई भात पकाउन लाएर खाईवरी सुत्नुभएछ । हामी आइपुगेको थाहा पाएर उठेर आउनुभयो । 'तँ खोकु गएर पैसा उठाएर लिएर आइज अनि आएर भात खानू ।' मेरा ससुराले मेरा दुलहालाई अह्राउनुभएको थियो । मेरा दुलहा उहाँका पिताको वचन भुइँमा खस्न नदिई पालना गर्ने स्वभावका हुनुहुन्थ्यो । उहाँ हत्तपत्त कहिल्यै पनि आफ्ना पितासँग कुनै कुरामा प्रतिवाद गर्नुहुन्नथ्यो । तर त्यस दिन भने उहाँले प्रतिवाद गर्नुभयो । 'म भात खाएर मात्र खोकु जान्छु ।'

'लौन त भात खाएरै जा न त ।' ससुराले पनि भन्नुभयो ।

त्यस दिन मलाई भने ससुराको व्यवहार देखेर निकै नरमाइलो लाग्यो । आमा र बाउमा यही भेद होला जस्तो लाग्यो । आमा भएको भए थाकेर आइपुगेको भोको छोरालाई लगत्तै भोकै बाहिर पठाउनुको

साटो खानपिन गराएर आराम गराउन लाग्नुहुन्थ्यो होला । तर बाबुलाई यी केही कुराको मतलब नहुने रहेछ जस्तो मलाई लाग्यो ।

मेरा दुलहा भात खाएर पिताको आदेशको पालना गर्न हिँडिहाल्नुभयो । म घरको कामधन्दामा लागेँ । बुहारीको बुहार्तन सुरु भएको थियो । आफ्नी काखकी छोरीको स्याहारसुसारका साथमा भातभान्सा, बारी, मेलापात सबै गर्दा हैरान हुन्थेँ । तर मेरा दुलहा साथमा हुन्जेल त सबैले मलाई राम्रो नै गरेका थिए ।

मेरा ससुराले दार्जिलिङमा हामीलाई भन्नुभएअनुरूप जेठ महिनामा मार्गाआमा र कान्छ्यामाका साथमा तीर्थ जानुभयो । सासूससुरा तीर्थ हिँडेको पन्ध्र दिनमा मेरा दुलहा पनि एम्. ए. पढ्नका लागि भनेर कलकत्तातिर लाग्नुभयो । मेरा ससुराले 'तँलाई पढ्ने खर्च पनि दिन्छु छोरा !' भनेर ल्याउनुभएका पिताले घरमा आइपुगेपछि 'अब किन पढ्नुपर्‍यो ? मेरो यत्रो उठौती छ, मलाई सघाएर घरमै बस् ।' भनेर कुरा फेर्नुभएको थियो । यस कुराले मेरा दुलहा निकै दु:खी हुनुभएको थियो,'बाको बेहोरा यस्तै हो । मैले आफैँ आफ्नो पढाइ खर्चको जोहो गर्नुपर्छ, बाको त भर थिएन, तै भनिहाल्नुभयो, दिनुहुन्छ कि भन्ने आश लागेको थियो ।' मेरा दुलहाले आफ्ना पिताको प्रवृत्तिबारे मसँग चित्त दुखाएर भन्नुभएको थियो । तर जे गरी भए पनि उहाँ पढाइ रोक्ने पक्षमा हुनुहुन्नथ्यो । दुलहासँगै बस्ने भनेर म पहाडघरमा आएकी थिएँ तर उहाँले पनि छोडेर जान लाग्दा मलाई त्यस बेला धेरै नै पीर परेको थियो । त्यसैले म रोएकी थिएँ, 'मैले पढ्नुपर्छ, म आउँदैजाँदै गर्छु, कामधाम भयो भने तिमीलाई र छोरीलाई पनि लैजान सक्छु, मैले पढेँ भने सधैँ हामीले यहाँ पनि बस्नुपर्दैन तर अहिले अलि दिन तिमीले यतै बस्नुपर्छ । तिमी दसैँमा माइत जानू, जति बस्न मन लाग्छ बस्नू,' मेरा दुलहाले मलाई सम्झाएर भन्नुभएको थियो । 'म पनि चिठी लेख्छु, तिमी पनि लेख्नू । पुष्पको (मेरा दुलहाले छोरी इन्दिरालाई प्रारम्भिक दिनमा उनको न्वारनमा राखिएको नाउँ

भूवानीपुष्पको 'पुष्प' पनि भन्नुहुन्थ्यो ।) राम्रो ख्याल गर्नू, आफ्नो जीउको पनि सम्भार गर्नू ।' भनेर सम्झाइबुझाइ गर्नुभएको थियो । 'तिमी त घरकी जेठी बुहारी हौ, घरमा आफूभन्दा साना सबैलाई माया गर्नू, आफूभन्दा ठूलालाई आदरसत्कार गर्नू, कहिले मुख नलाग्नू' पनि भन्नुभएको थियो । मलाई उहाँले त्यसरी सम्झाउनुहुँदा पनि त्यस बेला म बोल्नचाहिँ केही सकिनँ, मलाई खालि रुन मात्र आएको थियो ।

दुलहा घरबाट हिँड्नुभएपछि सबै व्यवहारले मलाई छोपेको थियो । नानी हेर्नु, ढिकीजाँतो गर्नु, पँधेराबाट गाग्रीमा पानी ल्याउनुजस्ता काम मैले गर्नुपर्थ्यो । मेलापात पनि जानुपर्थ्यो तर त्यसरी जाँदा नानी हेरिदिने कोही भरोसाका थिएनन् । नन्ददेवरको केही भर थिएन । सबै केटाकेटी नै थिए । तर अब मैले जसरी भए पनि आफ्नो व्यवहार त चलाउनु नै थियो ।

छोरीलाई जाउलो पकाएर खुवाउन थालेकी थिएँ । हाम्रा छिमेकमा मगरगाउँ थियो । त्यहाँका एक परिवारसँग हामो परिवारको निकै हिमचिम थियो । त्यो त मेरा दुलहाको चुङवाङमा सबै आफन्त र इष्टमित्रसँग अत्यन्त राम्रो सम्बन्ध थियो । खास गरेर आइमाई, बूढाबूढी र केटाकेटीलाई मेरा दुलहाले कलकत्ताबाट आउँदा टीका, बाला, रिबिन, चकलेट, बिस्कुट, सियोधागो, साधारण औषधीहरू ल्याइदिनुहुन्थ्यो । जसले गर्दा ती सबै उहाँसँग अत्यन्तै खुसी हुन्थे । त्यसकै प्रभावले उनीहरूले मलाई पनि मेरा दुलहा नभएका बेला पनि माया र सद्भाव गर्थे ।

मगरगाउँकै एक जना काइँली आमा भन्ने मगर्नी निकै असल थिइन् । मेरा दुलहाले शिशुकालमा उनको समेत दूध खाएकाले काइँली आमालाई मेरा दुलहाले महतारीको व्यवहार गर्नुहुन्थ्यो । उनको एक जना छोरा टेकबहादुर सिञ्जाली विराटनगरमा मेरी जेठी छोरी इन्दिराकै सहपाठी भएर महेन्द्र मोरङ कलेजमा पढेका थिए । हाम्रै घरमा हाम्रै संरक्षणमा बसेर उनले स्नातकसम्म पढे । त्यसपछि

जागिर खान थाले र अलग्गै कोठा लिएर बसे । जागिर खाँदै उनले एम्.बी.ए. पास गरेर क्याम्पसमै पढाउन थालेका थिए । अत्यन्त नम्र स्वभावका उनको बिहेबारीपछि काठमाडौँमै बसोबास भएको थियो । सन्तानको जायजन्मपछि केही वर्षअघि अचानक उनको असामयिक निधन भएको समाचार सुन्दा मलाई निकै दुक्ख लाग्यो ।

तिनै मगर्नी काइँली आमाले मेरी छोरीलाई जाउलो पकाउनका लागि एक मुठी चामल पाक्ने माटाको घैँटो ल्याइदिएकी थिइन् । अगेनाको भुतभुतेमा आधा गाडेर सोही घैँटोमा चामल र अलिकति नुन हालेर पकाउन बसाइदिन्थेँ । गुजुगुजु गरेर पाकेको जाउलो लयालु हुन्थ्यो । पाकेको जाउलोमा घिउ हालेर दिनमा दुई पटक नानीलाई खुवाउँथेँ । यसबाहेक दिनको दुई चोटि गाईको दूध खुवाउँथेँ । अनि रात बिहान मेरै दूध चुस्थी ।

नानी हुर्कँदै गई, यता व्यवहारको चटारो पनि मेरा लागि बढ्दै गएको थियो । बर्खा लागेपछि धान रोप्नको धमाधम सुरु भएको थियो । 'भाउजू ! तिमी नानी हेर्दै घरको काम गर, अरू सबै मेला जान्छन् ।' मेरा काइँला देवरले निर्देशन दिनुभएको थियो । त्यसपछि घरका सबै मेला जान थालेका थिए । मेरी कान्छी नन्द र मचाहिँ घरमा बस्थ्यौँ । म नानी सुतेको मौका पारेर पानी लिन पँधेरामा कुद्दै जान्थेँ । अनि हतारहतार सामलतुमल जोडेर भातभान्सा गर्नुपर्थ्यो । दिनभरि काम गरेर थाकेर बिचराहरू आउँछन् भनेर म उनीहरूको माया गर्थें तर मलाई 'कठै बिचरा !' भनेर माया गर्ने कोही थिएन । सासनबास भएर नानी स्याहार्दै उनीहरूको खानपानको व्यवस्था मिलाउँथेँ । तर पनि अपजस र गालीको वर्षा खानुपर्थ्यो । म उनीहरूले जतिसुकै गाली गरे पनि चुप लागेर धर्म सम्झेर आफ्नो पतिले सिकाउनुभएको कर्तव्यसमेतको पालना गर्थें ।

तीर्थ गएका सासूससुरा झन्डै दुई महिना बिताएर फर्केर आउनुभयो । अरूका सासूससुरा घरमा आउँदा हर्षबढाइँ हुन्छ, तर

हाम्रा घरमा त खुसी हुने ठाउँ थिएन । किनभने, मेरा ससुराको स्वभाव खपिनसक्नु कठोर थियो । उहाँले घरपरिवारमा कसैलाई पनि आरामसँग एकैछिन बसेको पनि देख्न सक्नुहुन्नथ्यो । खास गरेर बुहारीहरूलाई त एकैछिन पनि चैनको सास फेरेको उहाँले मन पराउनुहुन्थेन । बुहारीहरू दिनभरि मेलापात गरेर भुतुक्क भएर साँझमा घरभित्र पस्नासाथ तुरुन्त धान वा मकै जे छ डालामा बोकेर ढिकीतिर लागिहाल्नुपर्थ्यो । उहाँका सामुन्ने बोल्ने त कसैको हिम्मतै थिएन । बुहारीहरूले त सीधा गरेर उहाँको अनुहार हेर्न सक्तैनथ्यौँ । मेरा देउरानीहरू ससुराको पीठपछिल्तिर नानावली नाउँ राखेर गालीगलौज गर्थे । 'हामीलाई जन्म दिने पिता नभए पनि कर्म दिने पिता हुन्, उनले जे भने पनि हामीले आशीर्वाद सम्झिनुपर्छ ।' म उनीहरूसँग भन्ने गर्थें । हुन पनि देवरदेवरानीले मलाई वचन लगाउँदा इख लाग्थ्यो तर ससुराले जतिसुकै नराम्रो भनेको बेलामा पनि 'आफ्ना बाबुआमाले पनि त गाली गर्छन् नि' भन्ने म सम्झन्थेँ ।

त्यस दिन म घरनजिकैको बारीको लुगा धुने पँधेरामा छोरीको थाङ्ना धुँदै थिएँ, नानी अलल्लिएर रोएको सुनेँ । 'लौन नि ! मेरी छोरीलाई के भयो ? किन यसरी रोई ?' भनेर म आत्तिएर घरमा आइपुगेँ । अगेनुको तीन हात जति पर भुइँ ओछ्यान थियो । मैले नानीलाई त्यहीँ सुताएर गएकी थिएँ । नानीलाई कान्छ्यामाले काखमा हल्लाएर 'के भो नानुलाई' भन्दै हुनुहुँदो रहेछ । नानी अझै अलल्लिएरै रोइरहेकी थिई । 'मेरी नानुलाई के भो ?' भनेर मैले कान्छ्यामाको काखबाट छोरी आफूले लिएँ । छोरी त्यसरी रोएको देखेर म पनि रुन थालेँ । 'हे भगवान् ! के भयो यसलाई' भनेर उसको अनुहारमा हेरिरहँदा नानीको आँखाको परेला मास्तिर आगोले पोलेको फोको देखेँ । 'मेरी छोरीलाई पोलेर खान लागेका थियौ कि के हो ?' मैले त्यस बेला छोरीको पीडामा बौलाएर केके भनेँ केके... !

त्यस बेला यस्तो भएको रहेछ– मेरी अन्तरी देउरानीले अगेनामा झिक्रा हालेर आगो बालिछन् । त्यही झिक्राको झिल्कोमध्ये कुनै पड्केर उछिट्टिँदा मेरी छोरीलाई पोलेको रहेछ । कलिलो छालामा आगोको झिल्कोले पोलेपछि ऊ त्यसरी रोएकी रहिछे । छोरीको त्यस्तो हालत देखेपछि म रिस र पीडाले भुतुक्क भएँ । रुँदै म धुमधाम फतफताएँ । 'दिदी मैले जानेर होइन, मलाई माफ गरिदिनुस्' अन्तरी देउरानीले हात जोडेरै भने पनि मैले त्यस बेला केके भनेँ मलाई अहिले सम्झना छैन ।

छोरीको आँखाकै ढकनीमा पोलेको त्यो घाउ धेरै दिनसम्म निको भएन । घाउ बढ्दै जान थाल्यो । 'घाउ निको नभएर छोरीको आँखा नै पो बिग्रिने हो कि ?' भन्ने पीर मलाई पऱ्यो । म मेरी छोरीको आँखा बिग्रिने पीरले रुन्थेँ । त्यो विकट गाउँमा न त डाक्टर, न त वैद्य नै थिए । तर कोही कतै थिए नै भने पनि म अदनाकी छोरीका लागि त्यस बेला त्यति उपकार गरिदिने को ? त्यसैले म दिनरात भगवान् गुहारेर रुन्थेँ । म रोएको देख्ने कोही थिएन तर भगवान्ले भने म रोएको देख्नुभएछ क्यार ! एक दिन एक जना मगर दाइ अचानक मलाई भेट्न आए र भने– 'बुहारी ! नानीलाई पोलेको छ रे नि ! हेरौँ त, कहाँ कति पोलेको छ ?' 'हवस्, जेठाजु !' भनेर मैले भित्र कोठामा सुतिरहेकी नानी बोकेर बाहिर लिएर आएँ । 'बुहारी ! नानीलाई त अप्ठेरो ठाउँमा पोलेको रहेछ । तर म जाती पार्छु, डराउनु पर्दैन' उनले भने ।

'जेठाजु ! मेरी छोरी जाती पार्दिनुस्, जे गरेर भए पनि' मैले रुन्चे भएर भनेकी थिएँ । उनीसँग एउटा झोल दबाई सानो सिसीमा रहेछ, त्यो दबाई उनले नै लगाइदिए र फुकी पनि दिए । 'यो दबाई आँखा जोगाएर लगाउनुपर्छ, तिमीले सक्दैनौ, म आफैँ आएर लगाइदिन्छु बुहारी, यो अजिङ्गरको बोसो हो ।' त्यसपछि उनले भनेजस्तै दिनदिनै आएर उनैले नानीलाई औषधी लगाइदिए । नभन्दै दुईचार दिनमै नानीको त्यस्तो पाकेको घाउमा खाटा बस्यो । त्यस बेला ती परोपकारी

मगर दाइको कृपाले मेरी छोरीको घाउ निको भएको थियो । त्यस बेलाको हाम्रो चुङवाङको समाज साह्रै राम्रो थियो । हामी सबै मिलिजुली बस्थ्यौँ । हामी बुहारीहरूलाई गाउँमा सबैले बुहारी नै भन्थे । हामी पनि आफूभन्दा ठूलालाई साइनो लगाएर नै सम्बोधन गर्थ्यौं ।

त्यस घटनापछिका दिनहरूमा भने म मेरी छोरी बोकीबोकी काम गर्न थालेँ । घरमा कसैका जिम्मामा छोरी छोडेर काममा जानु मलाई ठीक लागेन । मैले त्यसरी मेरी छोरी बोकीबोकी हिँडेको कुरा मेरा घरमा मन पराइएको थिएन । 'कसैकी नभाकी छोरी, बोकी बोकी हिँड्नुपर्ने !' जस्ता नानाथरी कुरा मलाई भनिन्थ्यो । तर जजसले जेजे भने पनि मैले कुनै जबाफ लगाइनँ र काम गर्न पनि छोडिनँ, छोरी आफू सँगसँगै बोक्न पनि छोडिनँ । धेरैबेरको बारीको काम छ भन्ने थाहा पाएपछि म नानीसँगै बोरा पनि बोकेर लैजान्थेँ र मकै बारीभित्र पनि बोरा ओछ्याउँथेँ, बोरामाथि थाङ्ना ओछ्याएर नानी सुताउँथेँ र काम गर्थें । बेलाबेला नानीलाई आफ्नै दूध खुवायो, सुतायो गर्थें । त्यसरी नै कोदो रोप्ने, घाँस काट्ने आदि कामहरू गर्थें ।

बिस्तारै नानी पनि हुर्किँदै गई । अब पिठिउँमा बोक्न सकिने भई । त्यसरी बोक्न सजिलो पनि हुन थाल्यो । पिठिउँमा बोकीबोकी काम गर्दा नानी कतै छोड्नु पनि नपरेकाले मलाई सजिलो भएको थियो ।

समय बित्ने क्रममा २०१५ सालको दसैँ पनि आयो । माइत जान पाउँछु भन्ने खुसीले काम गर्न पनि मेरो जीउ त्यसैत्यसै हलुङ्गो हुन थाल्यो । मेरी साइँली देउरानी (मेरी दिदी) पनि माइत जाने भएकाले मलाई उनीहरूसँगै साथ लागेर जान सजिलो भएको थियो ।

म माइत जाँदा जहिले पनि मार्गाआमाले नै मलाई बाटाका लागि खाजासामल हालिदिनुहुन्थ्यो । त्यस बेला पनि नानी बोक्नका लागि उहाँले नै जेठी मगर्नी खोजिदिनुभएको थियो । साइँला देवर, दिदी, भरिया, नानी बोक्ने मानिसका साथमा म तीन दिनको बाटो

हिँडेर लिम्बा पुगेँ । दसैँ मानेर देवर र दिदी फर्कनुभयो म भने माइतमै बसेँ । मेरी छोरी पनि अब मज्जाले बामे सर्ने भइसकेकी थिई । आड समातेर हिँड्नै खोज्ने भएकी थिई । मेरी कान्छी छोरीकी छोरी भनेर बाले पनि मेरी छोरीलाई खूब माया गर्नुहुन्थ्यो । दाजुभाउजूहरूले पनि धुमधाम माया गर्नुहुन्थ्यो । मेरा माइला दाजुलाई त झन् खसी काट्दा पनि, सेल पकाउँदा पनि म नभई हुँदैनथ्यो । सेलको दाउन अडकल गर्न पनि म नै चाहिन्थ्यो । पक्कुको मसला अडकल गर्न पनि म नै चाहिन्थ्यो । मेरा माइला दाजुको स्वभाव अत्यन्तै कडा थियो । उहाँले त्यसै बेला पनि दुई जना बिहे गर्नुभएको थियो । पछि पनि एउटी जारी गरेर ल्याउनुभएको थियो । उहाँलाई खानपिनको असाध्य सोख थियो । उहाँलाई दूधको तर, दहीको तर, घिउ, मोही सबै एकै पटक चाहिन्थ्यो । भाउजूहरूले यसमा कमी गरे भने उहाँ रिसाउनुहुन्थ्यो । उहाँको इच्छाअनुसार भएन भने भाउजूहरूको सातो लिनुहुन्थ्यो । आमाको जीवनकालमा यस्तो हुँदा आमाले भन्नुहुन्थ्यो, 'माइला ! घिउको बोटै मासेपछि कताबाट घिउ आउँछ ?' आमाका कुरामा म पनि सही लाउँथेँ र हामी आमाछोरी भएर झगडा साम्मे पार्थ्यौँ । तर अब त आमा पनि सधैँका लागि अघि लागिसक्नुभएको थियो ।

माइतमा हुन्जेल म कतै गएँ भने पनि मेरी दुलही भाउजूले मेरी छोरीलाई दूधभात खुवाएर सुताइदिनुभएको हुन्थ्यो । माइतमा बसुन्जेल आमा नभएको हुनाले माइतीघर नै शून्य भएजस्तो मलाई लागे पनि बा, दाजु र भाउजूहरूको मायाले मलाई सुखसयलमा नै राख्नुभएको थियो । तर बिहे भएकी चेली माइतमा जति नै सुख भए पनि घरमा जति नै दुक्ख भएको भए पनि फर्केर घरै जानुपर्थ्यो । फेरि आमा नभएको माइतमा मैले घरको दुक्ख कसैलाई देखाइनँ पनि । मेरो कर्ममा परेको दुक्ख मैले माइतमा देखाएर पनि के हुने हो र ? मलाई यस्तो लाग्थ्यो ।

मेरी छोरी इन्दिरा अब जतातातै रगरग गर्न थालिसकेकी थिई । मेरा बालाई पनि मेरो माया त लाग्थ्यो नै अब मेरी छोरी इन्दिराको मायाले पनि तान्न थालेको थियो । आफूले धेरै माया गरेकी कान्छी छोरीकी छोरी भनेर मेरा बा मेरी छोरीलाई माया गर्नुहुन्थ्यो । अब म माइतबाट घर फर्किने बेला भएको थियो । मलाई पनि अब पचहत्तर वर्षको बूढो बाउलाई छोडेर टाढा जानुपर्छ भन्ने पीडाले सताएको थियो । बाका छेउमा कुरा गर्न भनेर जान्थेँ, तर मलाई पीर परेर आँखाबाट आँसु मात्र आउँथ्यो । म बासँग कुरा गर्नै सक्तिनथेँ । अनि घरको दुक्ख, माइतबाट टाढा भएको घर, बाको वृद्धावस्थाजस्ता अनेक कुरा मलाई सम्झना आउँथ्यो र अझै रुन मात्र मन लाग्थ्यो । तर बाका अघिल्तिर म कहिल्यै रुँदिनथेँ । बालाई पीर पर्छ भनेर म सधैँ बाका अघि हाँसिरहन्थेँ । मेरी कान्छी दिदीसँग भने म अलिअलि कुरा गर्थें । मेरो हित्तचित्त उहाँसँग धेरै मिलेको थियो ।

जे होस्, अब मेरो त्यस पटकका लागि माइत बस्ने दिन सकिएको थियो । अर्थात् अहिलेलाई मेरो सुखसयलका दिन पनि सकिएको थियो । घरको बुहार्तन खेप्न मैले जानैपर्ने थियो । त्यस बेलाको चलनअनुरूप माइतमा जति नै सुखसयल र लोग्नेको घरमा जति नै दुक्ख भए पनि स्त्रीजातिले लोग्नेकै घरमा बस्नुपर्ने हुन्थ्यो । मेरा पनि लोग्ने परदेशमा हुनुहुन्थ्यो, घरमा मलाई माया गर्ने मुसो पनि थिएन । माइतका तुलनामा घरमा अजङको दुक्ख थियो । यति भएर पनि मैले कुनै पनि सर्तमा दुलहाका घरमै जानुपर्ने थियो । फेरि चेलीबेटी अलि धेरै माइत बसे भने के कसो हो भनेर चियोचर्चा पनि हुन थाल्थ्यो । अऊ जायजन्म भइसकेपछि अर्काको नासो लिएर माइत बस्नुहुन्न भन्ने पनि हुन्थ्यो ।

मेरा दाजुहरू र दिदी भएर मेरो घरतिर जाने चाँजोपाँजो मिलाइदिनुभयो । मेरा लागि सामान बोक्ने भरिया, नानी बोक्ने भरिया

र खाजासामलको बन्दोबस्त गरिदिनुभयो । तीन दिनको बाटो दुई रात बाटामा बास बस्तै म घर पुगें ।

घरको चलन त पहिलेको जस्तै हो । हाम्रो घरैमा बस्ने बूढाबूढीले पनि काम गर्ने बुहारीको बालबच्चा हेरिदिने चलन थिएन । जजसका बालबच्चा हुन् उउसले नै आफैँ बालबच्चा पनि हेर्दै काम पनि गर्नुपर्ने आदेश हुन्थ्यो । ससुरा घरमा नभएको बेलामा चाहिँ कान्छी सासूले, 'तँ नानी हेरेर घरकै काम गर् भनेर छुट दिनुहुन्थ्यो ।' नानी निदाएको मौका पारेर पानी ल्यायो । अरू काम पनि हतारहतार गऱ्यो । नानी उठेपछि उसलाई पिठिउँमा बोकेर सबै काम गऱ्यो । एकैछिन टुसुक्क बसौँला भन्ने थिएन । माइतमा कान्छी नानी भएर खुट्टा हल्लाएर खाएकी म घरमा एकैछिन चैनको सास फेर्न पाउँदिनथेँ । मेरा दुलहा आउनुभएको थिएन । कहिलेकाहीँ उहाँको चिठी आउँथ्यो । त्यो चिठी आउँदा उहाँ नै आएको जस्तो लाग्थ्यो । मौका मिल्यो कि लुकेर एउटै चिठी कैयौँ पटक दोहोऱ्याईतेहेऱ्याई पढ्थेँ ।

नानी पनि वर्षीकी भएकी थिई । हिउँद पनि सकियो र वर्षा लाग्यो । साउन महिनामा ससुराले मेरा अन्तरे देवर र देउरानीलाई 'गाईगोरु लिएर गङ्गे खायल भन्ने खेतमा जाओ । त्यहाँ एउटा थोत्रो घर पनि छ । त्यहीँ बस्नू । त्यहाँ मकैबारी छ, मकै पनि रुँगिन्छ र बस्तु चर्ने ठाउँ पनि छ' भन्नुभएको थियो । ससुराको कुरा सुनेपछि मेरी काइँली देउरानी देवकुमारी नेपालले, 'दिदी त्यहाँ हामी जाऔँ । यहाँको बुहार्तन त खप्नुपर्दैन' भनिन् । मलाई पनि उनले भनेको कुरा ठिकै हो जस्तो लाग्यो । त्यसपछि ससुरा घरमा नभएको मौका पारेर हामी दुइटी देउरानी जेठानी बस्तुभाउ, आआफ्ना लुगाफाटा र नानी चेपेर गङ्गे खायलतिर लाग्यौँ । काइँलीका त्यस बेलासम्म जायजन्म भएका थिएनन् र उनका पति विष्णुप्रसादलाई टिबी भएकाले नौ वर्षदेखि दार्जिलिङको टिबी अस्पतालमा राखिएको थियो ।

त्यो हाम्रो गङ्गे खायलको घर थोत्रो पनि अति नै थोत्रो थियो । त्यो घर एकलासमा पनि थियो । निकै परपरसम्म त्यहाँ छिमेकीहरू पनि थिएनन् । घरका ढोकामा पनि बाहिरबाट एक लात्ती हान्यो भने भत्किने खालको थियो । त्यस घरका झ्यालमा त खापा नै थिएनन् । खान पनि त्यहाँ मकैसिवाय केही थिएन । तर पनि हामी दुई जना देउरानीजेठानी घरको बुहार्तनभन्दा त्यहाँको जीवन नै मन पराएर त्यहीँ बस्यौँ । हामी बिहान मकै पोलेर खान्थ्यौँ, दिउँसो मकै उसिनेर खान्थ्यौँ, र राति मकैकै भात खान्थ्यौँ । तर जे भए पनि गाली खानु नपरेकाले हामीलाई केही दिनसम्म त त्यही चौबीसै घण्टाको मकै पनि मीठो लागेको थियो । केही दिनपछि भने एक दिन मूलघरमा खानका लागि अन्न माग्न भनेर हामी गएका थियौँ । ससुराले नानावली भनेर गाली गर्नुभयो । ससुराको गाली खाएपछि केही माग्न पनि मुख लागेन र केही नलिई नै हामी त्यहाँबाट हिँड्न लागेका थियौँ । त्यसै बेला कान्छ्यामाले डालामा दुई पाथीजति धान दिनुभयो र लिएर आयौँ । भोलिपल्ट धान सुकाएर, कुटेर ल्यायौँ र भात पकाएर खायौँ । मकै खाँदाखाँदा रुखिएको मुखमा धानको भात अति मीठो भयो । नानीलाई त मैले सधैँ चामलको जाउलो नै पकाएर खुवाउँथेँ ।

त्यस बेला त्यस्तो अनकन्टारमा त्यसरी एक्लैदुक्लै बस्ने आँट मैले त गर्ने सक्तिनथेँ तर मेरी काइँली देउरानी हरेक कुरामा एकदमै जन्ड थिइन् । उनी दुस्साहसी हुन् । उनैको पारामा लागेर म पनि ससुराको शासनबाट भागेकी थिएँ । तर त्यस दिन कुन साइतमा म मूल घरबाट निस्केकी थिएँ कुन्नि ? त्यसपछि त्यस घरमा फेरि कहिल्यै पसिनँ ।

धेरै समयसम्म हामी देउरानीजेठानी असाध्यै मिलेर बसेका थियौँ । त्यसैले गङ्गे खायलको दुक्ख पनि मलाई त्यति कष्टकर लागेको थिएन ।

# जेठी छोरी इन्दिरा लाटी भई

हामी त्यहाँ बस्ताबस्तै मेरा काइँला देवर टिबी अस्पतालबाट डिस्चार्ज भएर आउनुभयो । अब उनीहरू दुई जना लोग्नेस्वास्नी र म मेरी छोरीका साथमा त्यहाँ बस्न थाल्यौँ । उनका पति आएपछि मेरी देउरानीको मप्रतिको व्यवहारमा परिवर्तन आउन थाल्यो । देवर र देउरानीले नै मलाई अलि परपर गर्न थाले । यसैबीच मेरी छोरी बिरामी भई । डेढ वर्षकी मेरी छोरी इन्दिरा आफैँ भात खाने, ट्याउँट्याउँ बोल्ने भइसकेकी थिई । तर अचानक नबोल्ने र केही नखाने भई । छोरीको त्यस बेलाको हालत देखेर म रोएको रोयै गर्न लागेँ । काखमा लिँदा पनि ऊ टुलुटुलु हेरिरहने, उसलाई ज्वरो पनि आएको छैन । एक हप्ता भइसक्यो । दुब्ली भइसकी । के गर्ने ? कसलाई देखाउने ? म एकदम आत्तिएकी थिएँ ।

मेरा कान्छा फुपाजुससुरा रामविलास चापागाईं धामी पनि हुनुहुन्थ्यो । मैले उहाँलाई डाक्न पठाएँ । उहाँले आएर नानीको नाडी छाम्नुभयो । 'म भरे राति चिन्ता बसेर जोखना हेर्छु अनि के भएको हो भन्छु' भनेर उहाँ जानुभयो । राति उहाँ आउनुभयो र चिन्ता बस्नुभयो । त्यसपछि जोखना हेरेर भन्नुभयो– 'बुहारी ! तेरो भाग्य छ भने मात्रै यो नानी बाँच्छे, नत्र बाँच्तिन । यसलाई बचाउन मुस्किल छ । कुटनपिँधनमा चित्त नबुझेकी आइमाईले लाटी बुढेनी देउता उठाएर लगाइदिएको रहेछ । लगाउन त अर्केलाई लगाइदिएको हो, तर हलुङ्गो छायाँ भएकाले नानीलाई लागेको रहेछ ।' यति भनेपछि उहाँ काम्न छोड्नुभयो ।

'दाजु ! जसरी भए पनि मेरी छोरीलाई जाती पारिदिनू' भन्दै म रोएँ । 'म सकेको कोसिस गर्छु, भरे साँझदेखि एउटा खुँगी चाहिन्छ, एउटा कुखुराको फुल, अरू खाने कुराहरू पनि चाहिन्छ, भेला पारौँला, ती मानिसलाई तिमीले राम्रो व्यवहार गर्नू ल !' भन्नुभयो ।

फुपाजुससुराले भनिसक्तानसक्तै मैले ती आइमाईलाई चिनिहालें । तिनी मगर जातकी थिइन् । केही दिनअघि तिनले मेरी देउरानीलाई ढिकीमा सघाएकी थिइन् । त्यसरी सघाएबापत तिनलाई कनिका दिनुपर्थ्यो । त्यो कनिका दिँदा मेरी देउरानीले तिनको चित्त नबुझ्ने गरी दिएकीले तिनी रिसाउँदै गएकी थिइन् ।

फुपाजुससुराले मलाई भन्नुभएको भोलिपल्ट दिउँसो मैले ती मगर्नीलाई बाटोमा भेटेँ । 'आमाज्यू ! कता हिँडेकी ?' भनेँ । उनले 'यतै आएको' भनिन् । 'तिम्रो नानी बिसन्चो छ भनेको सुनेको थिएँ । कस्तो भयो बुहारी ?' उनले भनिन् । 'अलि सन्चो हुँदै छ' मैले भनेँ । अनि 'एकैछिन पर्खनू है ! आमाजू' भनेर म घरभित्र गएँ । मसँग चोलो सिलाउन हुने एउटा नयाँ कपडा थियो । 'आमाजू यसको चोलो सिलाएर लगाउनू ल, अनि मेरी छोरीलाई छिट्टै जाती होस् भनेर आशीर्वाद दिनू ल' भनेँ । 'मैले यो कपडा दिएको कुरा मेरो घरमा कसैलाई नभन्नू ल' भनेँ । उनले 'हुन्छ' भनिन् ।

त्यसै बेलुकीदेखि फुपाजुले मन्साउन थाल्नुभयो । बिहानको झुल्के घाममा र बेलुका साँझमा मन्साउनुहुन्थ्यो । त्यसरी फुपाजुले मन्साउन थाल्नुभएको एक हप्तामा मेरी छोरीको बोली फुट्न थाल्यो । त्यस्तो ट्याउँट्याउँ बोल्ने नानी भरखर बोली फुट्न थालेको बच्चाजस्तो भएर बोल्न सुरु गरेकी थिई । फुपाजुले सात दिनसम्म पूजा गरेको खुँगी अँध्यारो भएपछि कसैले नदेख्ने ठाउँमा लगेर मन्साएर आउनुभयो । त्यसपछि उहाँ पनि आफ्नो घर जानुभयो ।

मैले छोरीका लागि जाउलो पकाएँ । उसलाई खुवाइदिन खोजेँ तर उसले 'आफैँ खान्छु' भनी र थरथर काँपेको हातले आफैँ खाई ।

इन्दिरा छिट्टैदेखि हिँड्न थालेकी पनि हो, बोलेकी पनि हो, छिट्टैदेखि आफैँ खान थालेकी पनि हो । जे होस्, मेरी जेठी छोरीलाई त्यस बेला ती चापागाईं फुपाजुससुराले बचाएर मलाई ठूलो गुन लगाउनुभएको हो । त्यस बेला उहाँले त्यसरी झारफुक नगरिदिनुभएको भए के हुने थियो म अहिले कल्पना पनि गर्न सक्दिनँ । मेरी छोरी बाँच्ने थिई कि थिइन ? बाँच्दा पनि उसको वाक्य हुन्थ्यो कि हुँदैनथ्यो ? मेरा फुपाजुससुराको स्वास्थ्य ठीक रहुन्जेल हरेक दसैँमा उहाँ अनिवार्य रूपले विराटनगरमा मेरा घरमा टीका लगाउन आउनुहुन्थ्यो । उमेरमा उहाँ मेरा पतिभन्दा निकै जेठा भए पनि परम्परागत रूपमा उहाँ ससुरालीलाई सम्मान गर्नुहुन्थ्यो । मेरा पतिको देहावसान भएपछि पनि मेरो छोरो शोभनको हातबाट टीका लगाउन पनि उहाँले छोड्नुभएन । लट्ठी टेकेका बूढा मानिसले बालकको हातको टीका लगाएकोमा अनौठो मानेर हेर्नेलाई उहाँको जबाफ हुन्थ्यो, 'सात पुस्तासम्म ससुराली मान्नुपर्छ ।' अत्यन्त सज्जन प्रवृत्तिका उहाँका सन्तानहरू पनि संस्कारयुक्त छन् ।

# फेरि म झन्डै मरेकी

मेरी छोरी बिस्तारै निको हुँदै गई । तर त्यसैबीच म निकै बिरामी परेँ । अचानक मलाई ज्वरो आउन थाल्यो । प्रायजसो दिनभरि रातभरि ज्वरो आउने, कहिले बान्ता हुने, कहिले पखाला लाग्ने, खान मन नलाग्ने हुन्थ्यो । यसरी बिरामी भए पनि छोरी कसैसँग नमान्ने र मेरो दूध पनि चुस्ने हुनाले उसलाई पनि मैले आफैँले सम्हाल्नुपर्थ्यो । त्यसै रीतले एक महिना भइसक्दा म हाडछाला र सास मात्र बोकेर बाँचेकी थिएँ ।

दसैँको फूलपातीको राति बाह्र बजेतिर मेरा बडेमा सासू र ससुरा राँको बालेर मलाई हेर्न आएका थिए । म मरिसकेँ भनेर गाउँमा हल्ला भएर ठहर गर्न आएका रहेछन् । उनीहरूका घरमा भोलिपल्ट अष्टमीको मार हान्न भनेर खसी ठिक्क पारेका रहेछन् । केही गरी म मरेको हो भने त जुठो परेर काटेको खसी नाश होला भनेर उनीहरू आफैँले हेरेर टुङ्गो गर्न आएका रहेछन् । तर मलाई जिउँदै देखेर छक्क पर्दै ढुक्क भएर उनीहरू फर्केका थिए ।

त्यसैको भोलिपल्ट गाउँका एक जना देवर पर्ने व्यक्ति धनकुटा गएका रहेछन् र उनले डाक्टरलाई सोधेर मेरा लागि तीन दिनसम्म खाने गोली ल्याइदिएका थिए । त्यो गोली एकदमै तीतो थियो । तर त्यही औषधीले मलाई निको भयो । निको भए पनि म निकै कमजोर भएकी थिएँ । नुनेजाउलोबाहेक खानेकुरा पनि अर्थोक केही थिएन । केको तागत हुनु र ? मेरो केश पनि लट्टा परेर एकै डल्लो परेको

थियो । अलिअलि गरेर केशको लट्टा फुकाउन मलाई एक हप्ता लाग्यो । एकैछिन लट्टा फुकाउँदा पनि हात गलेर फत्तक्क हुन्थ्यो । नातागत शरीर भएर हुनुपर्छ काम गर्न पनि मलाई जाँगर चल्दैनथ्यो । मेरो हिम्मत पनि थिएन । तर देउरानीले कामको भागबन्डा लगाउन थालिन् । घरमा बस्नेले आफैँ तल पाँच मिनेटको ओरालोमा भएको खोल्साबाट पानी गाग्रीमा बोकेर ल्याएर भात पकाउनुपर्थ्यो । म नानीलाई डोऱ्याउँदै खोल्सामा पुगेर पानी लिएर आउँथें, भात पकाउँथें । त्यसै बेला देवर घरमा आइपुगे भनेचाहिँ मैले ल्याएको सबै पानी गोरुलाई खान दिन्थे । अनि मैले फेरि खोल्सामा गएर पानी ल्याउनुपर्ने हुन्थ्यो । तर यदि उनकी पत्नीले भात पकाउँदै छिन् भनेचाहिँ उनी बस्तुलाई खोलामै लगेर पानी खुवाएर ल्याउँथे । मलाई देवरको यस्तो असमान व्यवहारले नरमाइलो लाग्थ्यो । तर पनि म केही नभनी चुपचाप आफ्नो काम गर्थें । मेरा दुलहा मसँगै नभएकाले मैले यस्तो विभेद सहनुपरेको हो भन्ने ठहर गर्थें ।

# मार्गाआमासँग बस्न पुगेँ

मेरा काइँला देवर र देउरानीको मप्रतिको दुर्व्यवहारले सीमा नाघ्न थालेको थियो । उनीहरू आजभन्दा भोलि मलाई नराम्रो व्यवहार गर्न थालेका थिए । मलाई किन त्यसो गरे भन्ने कुरा मलाई त्यस बेला त केही थाहा थिएन तर पछि पो मैले उनीहरूले मलाई त्यसरी दुर्व्यवहार गर्नुको कारण थाहा पाएकी थिएँ । त्यसै बेला अर्थात् २०१६ सालमा हाम्रो घरको अंशबन्डा भएको रहेछ । अनि म पनि बसिरहेको यो गङ्गे खायल मेरा काइँला देवरको अंशमा परेको रहेछ । मेरो अंशमा चाहिँ अधिकार्नीको खायल परेको रहेछ । अंशबन्डा भइसकेकाले उनीहरूले मलाई सीधै मुखले 'निस्केर जाऊ' भन्न नसकेपछि मलाई दुर्व्यवहार गरेर लखेट्ने मनसाय पो राखेका रहेछन् ।

अति भएपछि एक दिन म त्यस घरबाट नानी र नानीका लुगा अनि आफ्ना फेरफार गर्ने लुगा बोकेर निस्केकी थिएँ । यसरी एक वर्षसम्म गङ्गे खायलमा बसेपछि म मार्गाआमाका घरतिर लागेँ । अत्यन्त दयालु एवम् असल स्वभावकी मेरी मार्गाआमा नै त्यस बेलाकी मेरी एक मात्र आशाकी ढोका हुनुहुन्थ्यो । 'के भयो ? कहाँ हिँडेकी माइली ?' मार्गाआमाको अघिल्तिर उभिएकी मलाई मार्गाआमाले सोध्नुभएको थियो । 'देवरदेउरानीको व्यवहारमा अतिचार भएर सहन नसकेर हिँडेकी आमा' मैले भनेकी थिएँ । 'कहाँ जान्छेस् ?' भनेर उहाँले फेरि सोध्नुभएको थियो । 'म यसको बुबा भएका ठाउँमा जान्छु,' छोरीलाई देखाएर मैले जबाफ दिएकी थिएँ । 'को

छन् साथी ?' उहाँले जानकारी माग्नुभएको थियो । 'एक्लै जान्छु' मैले भनेकी थिएँ । 'हुँदैन माइली, एक्लै आइमाई केटाकेटी त्यति टाढाको बाटो जानु हुँदैन । तँ यहीँ बस्, यहाँ बस्ता माइलाले पनि केही भन्दैन । तेरो जेठाजु आएको छ, उसैलाई म खबर पठाइदिन्छु, माइला लिन आउँछ, अनि जानू । माइला नआई म तँलाई कहीँ जान दिन्नँ ।' उहाँले माया गरेर भन्नुभयो । सासूको वचन मैले पनि नाघिनँ र म मार्गामा नै बसेँ ।

त्यसैबीच एक दिन एउटी जेठी भन्ने छेत्रिनीलाई साथी लिएर गङ्गे खायलमा म आफ्नो सामान लिन गएँ । मेरा डसना, सिरकहरू र बाकस जेठीलाई बोकाएर लिन गएकी थिएँ । जेठी अलि पागलजस्ती थिई तर काम गर्न निकै महसुर थिई । गङ्गे खायलको घरमा पुग्दा मेरा देवरदेउरानी र मेरा चापागाईं फुपाजुससुरा बसेर मैरै कुरा गर्दै रहेछन् । फुपाजुससुरालाई मैले ढोगेँ । 'कहाँ हिँडिस् माइली ?' फुपाजुससुराले मलाई सोध्नुभयो । 'म मेरा लुगाफाटा लिन आएकी' भनेँ । 'काइँला के भयो तिमीहरूलाई ?' फुपाजुससुराले सोध्नुभएको थियो । "भिनाजु ! कूचाले बढार्नुपर्ने कसिङ्गर हावाले उडाएर लग्यो', हामीलाई राम्रै भयो ।' देवरको वचनले मेरो मुटुसम्म छेड्यो, मलाई साह्रै नराम्रो लाग्यो । मेरो जबाफ फर्काउने स्वभाव पनि थिएन । त्यसैले एकछिन बसेर रोएँ । त्यसपछि जेठीलाई सामान बोकाएर मार्गातिर लागेँ ।

काइँला देवर र काइँली देउरानीको मप्रतिको त्यस बेलाको वचन र व्यवहारले मलाई निकै पीर परेको थियो । तर त्यस बेलाको कुरालाई मैले जीवनभरि नै बिर्सने कोसिस गरेँ । मेरा देवरको असामयिक निधन भएपछि मेरी देउरानीमाथि परेको बज्रले गर्दा पनि मैले ती कुराहरूलाई कहिल्यै महत्त्व दिइनँ । मेरा पतिले उनीहरूलाई स्नेह गर्नुहुन्थ्यो र सकेको मद्दत गर्नुहुन्थ्यो । मेरा पतिले उनीहरूलाई गर्नुभएको सद्व्यवहारमा मैले पनि सधैँ साथ दिएँ ।

त्यस बेला मेरी जेठी सासूसँग मार्गामा म नौ महिना बसेँ । मार्गाआमाको स्वभाव अत्यन्त परोपकारी थियो । उहाँ आफ्ना घरमा भात खाने बेलामा कोही अपरिचित मानिस आयो भने पनि खाए नखाएको सोध्नुहुन्थ्यो । ती मानिसले 'खाएको छैन' भने 'मेरा भागबाट आधा उहाँलाई देऊ' भनेर बुहारीलाई अह्राउनुहुन्थ्यो । त्यहाँ मेरा साइँला देवर र उहाँकी पत्नी मेरी दिदी थिइन् । सासूले मलाई आमा बिर्साउने माया गर्नुहुन्थ्यो । दिदीले पनि कहिल्यै रुर्कोफर्को गर्नुभएन । देवरले पनि कहिल्यै अछिटो गर्नुभएन । माइतको नाताले भिनाजु भन्नुपर्ने भए पनि म उहाँलाई नानी भन्थेँ र उहाँले पनि मलाई भाउजू नै भन्नुहुन्थ्यो । उहाँसँगको त्यो व्यवहार अहिलेसम्म पनि त्यस्तै नै छ । उहाँले मलाई सधैँ एकनासले सम्मानपूर्णको स्नेह गर्नुभयो । उहाँका छोराहरू गोपाल, आनन्द, शान्ति(खगेन्द्र), हीरा र सुमनले मलाई सधैँ एकनास सम्मान र माया गर्छन् । मार्गामा म बसुन्जेल मैले दुक्ख के हो, थाहा पाइनँ । मेरा साइँला देवरले 'भाउजूलाई भातभान्साको काम मात्र लगाउनू' भन्नुभएको थियो । त्यसैले मैले भात पकाउने, खाजा बनाउने आदि घरभित्रको काम मात्र गर्नुपर्थ्यो । यसैबीच 'राम्ररी बस्नू, म त्यहीँ लिन आउँछु' भनेर मेरा दुलहाले कलकत्ताबाट चिठी पठाउनुभएको थियो ।

पुस महिना थियो, त्यो । म गोठमा थिएँ । गोठबाट म घरमा आइपुग्दा पिँढीमा मेरा दुलहा बसिरहेको देखेर म खुसी हुँदै थिएँ । त्यसै बेला कतै खेल्दै गरेकी मेरी छोरी इन्दिरा दौडँदै त्यहाँ आइपुगेकी थिई । उसले उभिइरहेकी मलाई सारीको मुजामा समातेर थुचुक्क बसाली र काखमा घुस्रेर आफैँ दूध झिकेर चुस्न थाली । ऊ फागुनमा तीन वर्ष पुग्दै थिई । तर मेरो दूध चुस्न छोडेकी थिइन । उसलाई मेरो दूध छुटाउन मैले के मात्र गरिनँ र ? तितेपाती पिसेर पनि दूधको मुन्टामा लाएँ, गाईको गोबर पनि लाएँ । तर जे गरे पनि ऊ त्यो पुछेर दूध चुस्थी । दिनभरि भन्दा पनि राति उसलाई निद्राले छोड्नासाथ

मेरो दूध चुसेर उसले मलाई हैरान पार्थी । मैले दूध छुटाउन जति नै कोसिस गर्दा पनि नसकेर चुसाइरहेकी थिएँ । त्यस दिन सधैँझैँ निर्धक्क मेरो दूध चुसिरहेकी इन्दिरालाई मेरा पतिले आफू बसिरहेको ठाउँबाट जुरुक्क उठेर उसलाई मेरो दूध चुसिरहेको काखबाट ज्वाट्ट तानेर आफूसँग लग्नुभयो । 'यत्री भएर पनि आमाको दूध चुस्न लाज लाग्दैन । अबदेखि चुस्ने होइन' भनेर कड्केर भन्नुभयो । उसले डराएर नचिनेका बुबाको अनुहार हेरिरही । ऊ एकदम चुपचाप भई । अपरिचित दारीजुँगा पालेको मानिसले एकदम त्यसरी हप्काएपछि उसको सातो गएजस्तै भएछ । त्यसपछि ऊ एकदम डराई र मेरो अनुहारमा एकनास निरीह भएर हेरिरही । मलाई उसको माया पनि लाग्यो । कसैलाई नटेर्ने, जिद्दी भएकी ऊ तह लागेको देखेर मलाई मुसुमुसु हाँस पनि उठिरहेको थियो । त्यस दिनदेखि उसले मेरो दूध पनि खान छोडी । अनि उसलाई उसको बुबाको डर पनि धुमधाम नै मनमा बस्यो । कसैसँग नडराउने इन्दिरा बाल्यकालको प्रभावले हो कि बुबासँग भने सधैँजसो नै डराउँथी ।

# खोलो कलकत्ता पुग्यो

मेरो जीवनको नयाँ अध्याय सुरु भएको थियो । २०१७ साल पुस महिनामा मेरा दुलहाले छोरी इन्दिरा र मलाई कलकत्ता पुऱ्याउनुभएको थियो । त्यस बेला मेरा दुलहा कलकत्ता विश्वविद्यालयमा एम्.ए.का विद्यार्थी हुनुहुन्थ्यो । पेसाका रूपमा उहाँले त्यहाँ पनि जजमानी नै अपनाउनुभएको थियो । उहाँ निश्चित समयमा विश्वविद्यालयमा पढ्न जाने गर्नुहुन्थ्यो । अरू समयमा भने कहिले कसैको घरमा सत्यनारायणको पूजा, कहिले कसैको घरमा रुद्रीपूजा, कसैको ग्रहजप, कहिले कसैका घरमा श्राद्ध त कहिले कसैका छोराछोरीको न्वारन, कहिले कसैको विवाह गराइदिनुपर्ने आदि इत्यादि कर्मकाण्डमा उहाँको समय बित्दथ्यो । उहाँलाई एकैछिन पनि फुर्सत हुँदैनथ्यो ।

त्यस बेला हामी कलकत्ताको श्यालदहस्थित अखिलमिस्त्री लेनको ९९बी नम्बरको घरमा बस्थ्यौँ । पैँतीस रुपियाँ घरभाडा तिर्नुपर्ने एउटा त्यस कोठामा हामी चार जना बस्थ्यौँ । अर्थात् हामी तीन जनाका साथमा मेरा कान्छा देवर मदन (अहिले प्रा. डा. मेदिनीप्रसाद नेपाल) पनि हाम्रा साथमा बस्थे । उनलाई पढाउनका लागि मेरा दुलहाले आफूसँगै राख्नुभएको थियो ।

कान्छा नानी मदन पनि सानै हुनुहुन्थ्यो । म त नयाँ ठाउँका लागि पक्कै अनाडी नै भइहालेँ । कलकत्ता सहरको छेउटुप्पो नबुझेकी म हराउँला कि भनेर सुरुसुरुमा बाहिर निस्किन पनि डराउँथेँ ।

मेरा दुलहाले उहाँको छुट्टी भएका बेला हामीलाई घुमाउन लानुहुन्थ्यो । जति हेऱ्यो त्यत्ति अचम्मको लाग्थ्यो, मलाई कलकत्ता सहर । झिलिमिली र मोटर गाडी ठूलाठूला घरहरू देखेर म त दङ पर्थें । आँखाले हेर्ने कुराका लागि त रमाइलो थियो मलाई तर त्यहाँ भाषाको भने समस्या परेको थियो । त्यहाँको प्रमुख भाषा बाङ्ला मलाई आउँदैनथ्यो । बाङ्लाको त कुरै छुट्टै मलाई त हिन्दी पनि आउँदैनथ्यो । अङ्ग्रेजी केही बुझ्थें तर बोल्न त आउँदैनथ्यो । त्यसैले छ महिनासम्म त म घरबाट कतै निस्किनँ । त्यसपछि भने म सानी छोरी इन्दिरालाई डोऱ्याउँदै बाहिर निस्किन थालें । कहिलेकाहीँ चाहिँ 'नानू घरमा बसिराख है ! म छिट्टै तिमीलाई चकलेट बिस्कुट ल्याइदिन्छु' भनेर उसलाई घरैमा राखेर बाहिर साँचो लगाएर फटाफट गएर चाहिएका सामग्री किनेर ल्याउँथें । मैले उसका लागि साँच्चिकै चकलेट बिस्कुट ल्याइदिँदा ऊ मक्ख पर्थी ।

इन्दिरा बुबासँग चाहिँ अचाक्कली नै डराउँथी । कतिसम्म भने उसको बुबा घरमा हुनुहुन्छ भने 'पिसाब लाग्यो' भन्न पनि सक्तिनथी र आफू बसेकै ठाउँमा सुइँक्याइदिन्थी । तर मसँग भने पटक्कै नडराउने थिई । उसको बुबा घरबाहिर जानेबित्तिकै ऊ मसँग माग गर्न थाल्थी, अस्ति नै घुम्न गएका बेला के खाएको थियो, बदाम वा आइसक्रिम वा मिठाई इत्यादि उसलाई अब जे माग्न मन लाग्छ, त्यही माग्थी । मैले ती सबै घरमा नभएका कुरा उसलाई दिन सक्ने कुरै थिएन । त्यसपछि ऊ घरै उचाल्ने गरी चिच्च्याउँदै रुन्थी । जति फकाए पनि मान्दै मान्दिनथी । 'पछि फेरि घुम्न गएका बेला तिमीले भनेका कुरा किनिदिउँला, अहिले यो खाऊ' भनेर दिँदा पनि पटक्कै मान्दिनथी । मलाई हैरान पार्थी, उसको रुवाइले मेरो कानै खान्थ्यो । तर म केही गर्न सक्तिनथें । त्यसै बखत जब हाम्रो घरको बाहिरको तेस्रो ढोकामा ढकढकको आवाज आउँथ्यो । त्यो आवाज मैले भन्दा पहिले उसैले सुन्थी र ऊ एकदम चुपचाप हुन्थी । कहिलेकाहीँ ऊ त्यसरी तीनचार

घण्टासम्म पनि झगडिएर रोएकी हुन्थी । तर उसका बुबाको उपस्थितिको आभास मात्र पाउनासाथ ऊ आँसुसमेत पुछेर एकदम शान्त भएर उसका बुबा घरबाट जाँदा ऊ जहाँ जुन अवस्थामा बसेकी थिई त्यसै गरी बस्थी । त्यति मात्र कहाँ हो र ! मलाई हात जोडेर बिन्तीभाउ पनि गर्थी– 'आमा ! अबदेखि कहिल्यै रुन्नँ, बुबालाई म रोएको कुरा नभनी दिनू ।' उसको बेहोराले मलाई हाँस पनि उठ्थ्यो । र उसको माया पनि लाग्थ्यो । 'अबदेखि मलाई दुक्ख नदे है त, म भन्दिनँ' भनेर उसलाई बाचा गर्दै उसका बुबालाई ढोका खोल्न जान्थेँ । उसका बुबाले कहिलेकाहीँ बाहिरैबाट छोरी रोएको सुन्नुभएको हुन्थ्यो । भित्र आएर हेर्दा छोरी एकदम शान्त देख्दा छक्क पनि पर्नुहुन्थ्यो । 'यो रुँदै थिई ?' मलाई सोध्नुहुन्थ्यो । 'होइन, यो त रोएकी छैन ।' म उसलाई हेरेर मुसुमुसु हाँस्तै जबाफ दिन्थेँ । उसको र मेरो यही नै दैनिकी थियो । ऊ 'बुबालाई नभन्दिनू' भन्थी र भोलिपल्ट बुबा हिँड्नासाथ उस्तै गरी कल गर्थी ।

इन्दिराका बुबा असाध्य कठोर अनुशासनका पक्षधर हुनुहुन्थ्यो । छोरी बिग्रेली भनेर उहाँले छोरीलाई सानैदेखि कठोर अनुशासनमा राख्नुपर्छ भन्ने निर्णय गर्नुभएको थियो । मनमनले माया गरे पनि उहाँले छोरीलाई माया कहिल्यै देखाउनुभएन । रोएको सुन्नुभयो भने त उसलाई चड्काई हाल्नुहुन्थ्यो । एक पटक त उसका बुबाले कुट्नका लागि उसको एउटा हात समातेर तान्नुभयो र उसलाई बचाउनका लागि मैले अर्को हात समातेर तानेँ । यसरी तानातान गर्दा छोरीको हातै मर्किएछ । त्यसपछि उहाँले आफैँ गएर तारपीनको तेल लिएर आउनुभयो र उसको हात आफैँ मालिस गरिदिनुभयो । धन्न ! निको पनि भयो ।

इन्दिराको बुबासँगको डरको अर्को कथा पनि छ । मेरा दुलहाले छोरीलाई बेलैदेखि तह लाउनुपर्छ भनेर तीन वर्षकी इन्दिरालाई सानोतिनो काम लाउनुपर्छ भन्नुहुन्थ्यो । जसअनुसार उसलाई भात खाइसकेपछि

भात खाएको ठाउँ पुछ्नका लागि एउटा भिजाएको टालो दिनू भन्नुभएको थियो । लौ त नि भनेर मैले पनि उसलाई त्यही काम गर्न भनेर टालो दिएकी थिएँ । सधैँझैँ उसले त्यस बेलुकी पनि टालो लिएर भान्सा पुछ्न लागेकी थिई । मचाहिँ सधैँजस्तै आरीमा जुठा भाँडा हालेर बाहिर गोसलखानामा माझ्न गएकी थिएँ । म भाँडा माझिसकेर फर्केर कोठामा आउँदा पनि इन्दिरा भान्साको भुइँ पुछिरहेको देखेर म छक्क परेँ । रातिको आठ बजिसकेको थियो । यति रातिसम्म बच्चालाई काम लगाउँदा मलाई नरमाइलो लागेको थियो । त्यस बेला हाम्रो जम्मा त्यही एउटा कोठा थियो । कोठा अलि ठूलै थियो । त्यसको एकाछेउमा हाम्रो भात पकाउने र खाने व्यवस्था थियो भने कोठाको पल्लो छेउमा हाम्रो सुत्नेबस्ने व्यवस्था थियो । त्यस दिन पनि मैले भाँडा माझेर आउँदा कोठाको सुत्ने भागतिर दाजुभाइ बसेर पढ्ने पढाउने काम गरिरहनुभएको थियो । कोठामा पस्नासाथ मेरो नाकमा केही कुरा ठस्स गन्हाएजस्तो भयो । तर कोठामा भएका उहाँहरूले केही थाहा पाउनुभएको थिएन । मधुरो बत्ती थियो । मैले भाँडा थन्क्याएर एकनास भुइँ पुछिरहेकी छोरीलाई हेरेँ । ऊ अझै पनि भुइँ पुछिरहेकै थिई । उसको छेउमा पुग्दा मलाई अझै धेरै गन्हायो । अनि मैले टर्चलाइट बालेर भुइँमा हेरेँ । त्यहाँ त केही कुरा दलेको जस्तो देखियो । राम्ररी हेरेपछि थाहा पाइहालेँ, त्यो अरू केही नभएर दिसा रहेछ । त्यसपछि इन्दिराको कट्टु हेर्दा पक्का भयो उसले आची गरेपछि जाँघियाको चेपबाट झरेको रहेछ । बुबाको डरले उसले आची आएको पनि भन्न नसकेर त्यहीँ छोडिदिइछ र त्यो लुकाउन उसले त्यही भुइँमा आची लिपी पनि दिइछ । छोरीलाई काम सिकाएर मलाई काम सघाउन लगाउने दुलहासँग मलाई त्यस बेला धुमधाम रिस उठेको थियो । मेरो त कामै थपिएको थियो । गुहुले लिपेको भान्सा सफा गर्न मलाई त्यस रात कति गाह्रो भएको थियो ।

# मैले पढ्न थालेँ

हामी आमाछोरी मात्र दिनभरि घरमा हुन्थ्यौँ । बिहानबेलुकाको भाततिहुनपछि मेरो केही कामै हुँदैनथ्यो । 'तेरो केही काम छैन, अब तँ पढ्न थाल् ।' एक दिन मेरा दुलहाले मलाई भन्नुभयो । 'यो उमेरमा मैले के पढ्न सकुँला र ? तपाईंले पढ्नुभएकै छ, म पढ्दिनँ' मैले मेरा दुलहासँग भनेकी थिएँ । 'त्यस्तो होइन, पढ्नका लागि इच्छाशक्ति मात्र चाहिन्छ । उमेर पढाइका लागि बाधक होइन । तँ चलाख छेस्, तैँले पढिस् भने सक्छेस् । फेरि आफूले पढेको आफैँलाई काम लाग्छ । अहिलेको जमानामा आइमाई मानिसले पनि पढ्नुपर्छ । भविष्यमा के पर्छ, कसो पर्छ, पढेको मानिसलाई आफ्नै ज्ञानले आपत्विपत्मा पनि साथ दिन्छ । अरू केही नगरे पनि तैँले पढिस् भने तेरा छोराछोरीलाई पनि तैँले नै पढाउन सक्छेस् ।' यस्तै धेरै प्रेरक कुराहरू गरेर मेरा दुलहाले मलाई पढ्नुपर्छ भनेर सम्झाउनुभयो । पढ्नुपर्छ भन्ने त मेरो पनि तीव्र चाहना थियो । तर केटाकेटीमा पढ्न नपाएकाले अब यस उमेरमा कसरी पढुँला भन्ने थियो । 'दार्जिलिङबाट एस्.एल्.सी.को प्राइभेट परीक्षा दिनुपर्छ, अहिले केही किताब ल्याइदिएको छु । ईः पढ्दै गर् । अलि दिनमा गाइडहरू पनि ल्याइदिन्छु' मेरा दुलहाले भन्नुभएको थियो । त्यसपछि उहाँले मेरा लागि एकदुई ओटा अन्डरबुकहरू ल्याइदिनुभएको थियो । मेरा दुलहाको निर्देशन र प्रेरणामा मैले बडो उत्साहका साथमा पढ्न पनि थालेँ ।

# माइली छोरीको जन्म

एस्.एल्.सी.को परीक्षा दिने तयारीका लागि मैले पढ्न थालें । बिहानको खानपिन सकेर धन्दा सक्नासाथ म पढ्न बसिहाल्थेँ । नबुझेको र नजानेका कुराहरू चिनो लगाएर राख्थेँ र बेलुका दुलहा घरमा आएपछि मौका मिलाएर सोध्थेँ । मेरा दुलहा पनि मेरो पढाइप्रतिको रुचि र जाँगर देखेर निकै खुसी हुनुभएको थियो । त्यसरी नै मिहेनत गरेर नै मैले तीन महिनासम्म त पढें तर चार महिनादेखि म पढ्नै नसक्ने भएँ । मलाई खान मन नलाग्ने, हातखुट्टा फतक्क गल्ने, राति निद्रा नलाग्ने बिमार लाग्यो । केही दिन विचार गरेपछि पनि पत्तो लगाउन नसकेपछि एक दिन मेरा दुलहाले कलकत्ता मेडिकल कलेजमा मलाई जँचाउन लग्नुभयो ।

सबै स्वास्थ्य जाँचपछि म गर्भवती भएको भन्ने ठहर भयो । अब अस्पतालबाट दिएको औषधी खाएर घरगृहस्थीमै म लागें । मेरो लेखापढी पनि जहाँ पुगेको थियो, त्यहीँ रोकियो । तेइस-चौबीस वर्षकी थिएँ, एउटी छोरीकी आमा पनि भइसकेकी थिएँ तर पनि गर्भवतीले आफ्नो शरीरको कसरी स्याहार गर्नुपर्छ भन्ने ज्ञान मलाई थिएन । गर्भवतीले खाने विशेष खानपिनको त कुरै पर जाओस्, म त सामान्य खाना खान पनि मन गर्दिनथेँ । मलाई केही खान पनि मन लाग्दैनथ्यो । मेरा दुलहा बिहानदेखि बेलुकीसम्म पढाइ र जजमानीमा व्यस्त हुनुहुन्थ्यो । देवर पढ्न जानुहुन्थ्यो । छोरी इन्दिरा मसँग साथी थिई । दुलहा त सात दिनमा एक दिन घरमा बस्नुहुन्थ्यो । उहाँले 'के

खान मन लाग्छ, पकाएर खानू' भन्नुहुन्थ्यो । बजारबाट फलफूल पनि किनेर ल्याइदिनुहुन्थ्यो । तर मलाई खासै खान मन लाग्दैनथ्यो । आफ्नो बुद्धि थिएन र कर गरेर, माया गरेर, सम्झाएर, बुझाएर खुवाउने आमा र सासू ईश्वरका घरतिर लागिसकेका थिए । त्यसो गर्दागर्दै मेरो गर्भ नौ महिना लाग्यो । राम्ररी खानपिन नगरेकै कारण हुनुपर्छ, मैले निकै कमजोरी महसुस गरिरहेकी थिएँ । त्यसैताका कान्छा नानी अचानक बिरामी पर्नुभयो । उहाँलाई केही उपचार गरेर मेरा दुलहा उहाँलाई दार्जिलिङ पुऱ्याउन जानुभयो । 'म यसलाई पुऱ्याएर तीन दिनमा आउँछु' । त्यस बेला कान्छा नानीको हेरविचार गर्न नसक्ने अवस्थामा हामी थियौँ । त्यसैले उहाँलाई दार्जिलिङ नपुऱ्याउँदा पनि ठूलै समस्या थियो । त्यसैले मैले विवश भएर मेरा दुलहालाई 'हुन्छ' भन्नुपरेको थियो । तर म धेरै आत्तिएकी थिएँ । साथी भनेकी साढे तीन वर्षकी फुच्ची छोरी छे । आजभोलिमा जायजन्म गराउनुपर्ने मेरो दोजिया अवस्था छ । परदेशी भूमिमा चिनेजानेको भनेको हत्तपत्त कोही छैन । अलिअलि बाङ्ला भाषा सिकेकी थिएँ र घरबेटीसँग केही कुरा गर्न सक्थेँ । हाम्रो डेराबाट पाँच मिनेटको दूरीमा एउटा नेपाली परिवारसँग हाम्रो हिमचिम थियो । उनलाई हामी लामाबाबु भन्थ्यौँ । मूलघर दार्जिलिङ जिल्लाको खरसाङ भएका उनी वेष्ट बङ्गालको फरेस्ट अफिसर थिए । दार्जिलिङबाट सरुवा भएर उनी कलकत्ता आएका थिए । उनको कार्यालय चौरङ्गी नजिकै राइटर्स बिल्डिङमा थियो । उनकी पत्नीको नाउँ मनकुमारी लामा थियो । उनीहरूका नर योञ्जन र विजय योञ्जन नाम गरेका दुई छोरा र उमा, जानकी, ज्योति र अञ्जना नाम गरेका चार छोरी थिए । लामाबाबुको वजन दुई मन जति थियो र उनकी पत्नीको वजन भने पैँतीस किलोजति थियो । उनीहरूले हामीलाई बाजेबोजू भन्थे । इन्दिरालाई सानो बोजू भन्थे । खासमा त्यस बेला दार्जिलिङतिर ब्राह्मणलाई बाजेबोजू भन्ने प्रचलन थियो । तर मलाई लामाबाबु र लमिनी आमैले छोरी पनि भन्थे र मेरी छोरी इन्दिरालाई नातिनी पनि भन्ने गर्थे । हामीलाई

उनीहरूको घरमा खाना खान बोलाइरहन्थे । मेरा दुलहा नभएको बेलामा मलाई केही अप्ठ्यारो पर्दा पनि उनीहरूले धेरै सहयोग गर्थे । उनीहरूकी जेठी छोरी उमा स्टाफनर्स थिइन् । तिनी मेरी छोरी इन्दिरा जन्मिएको बेला दार्जिलिङको भिक्टोरिया अस्पतालमा कार्यरत थिइन् । उनीहरूको घरमा हरेक छाकमा माछामासु पाकेको हुन्थ्यो । परिवारमा लामाबाबुको मात्र सरकारी जागिर थियो । 'बाजे नभएको बेलामा चियाखाजा खान सधैँ यतै आउनू ।' मलाई उनीहरू बोलाउँथे । तर म छोरी लिएर कहिलेकाहीँ मात्र उनीहरूको घरमा जान्थेँ ।

जे होस्, मेरो आपत्को दिन सकिएको थियो । मेरा दुलहा भाइलाई पुऱ्याएर चार दिनमा फर्किनुभएको थियो । मलाई उहाँ आइपुग्नुभएपछि बिहानैदेखि जीउ सन्चो भएको थिएन । तर मैले थाकेर आएको दुलहालाई किन पीर पार्नु भनेर केही भनिनँ । 'म आज अलि धेरै नै व्यस्त छु, खान पनि आउन भ्याउँदिनँ, आमाछोरी पकाएर खाओ ल' मलाई अह्राएर केहीबेर आराम गरेपछि उहाँ घरबाट निस्कनुभयो । मैले पनि तरकारीको झोल र भात पकाएँ । आमाछोरीले खायौँ पनि । तर मलाई बिसन्चो बढिरहेको थियो । 'मलाई सुत्केरी बेथै लागेको हो ।' मैले टुङ्गो पनि गरेँ । त्यसपछि केही लुगा धुनुपर्ने थियो त्यो पनि धोएँ । चामल, दाल, ज्वानो, मेथीहरू केलाएर सबै बट्टाबट्टामा राखिदिएँ । अब म सुत्केरी भएपछि बिचरा ! मेरा दुलहाले कसरी मलाई भात पकाएर खुवाउने होला ? एकैछिन फुर्सत नभएको मानिसले कसरी घरको काम गर्ने होला ? मलाई मेरा दुलहाको विषयमा धुमधाम पीर पऱ्यो । सघाउने पनि कोही छैन ।

मलाई बेथै लागिसकेको थियो । केही खान मन लागेन । नानीलाई चिया पकाएर चियाबिस्कुट खान दिएँ । मैले पनि ऊसँगै चिया खाएँ । बेलुकीको खानाको लागि दालचामल पखाल्दै थिएँ, मेरा दुलहा आइपुग्नुभयो । 'किन अनुहार अँध्यारो छ नि ! के भयो ?' उहाँले मलाई राम्ररी हेरेर सोध्नुभएको थियो ।

'मलाई बिहानैदेखि सन्चो भएन ।' मैले रुन्चे स्वरमा भनें । त्यस बेलासम्म म ओछ्यानमा सुत्तै उठ्तै गर्न लागेकी थिएँ । 'के खान मन लागेको छ ?' उहाँले सोध्नुभयो । 'मलाई केही खान मन छैन' मैले भनें ।

त्यसपछि उहाँ आफैँ खाना पकाउन लाग्नुभयो । परबर तार्नुभयो, करेला तार्नुभयो, त्यसपछि दालभात बसाउनुभयो । 'यो यसो हेर्नू र दालभात पाकेपछि स्टोभ निभाउनू ल । म आधा घण्टामा आउँछु' भन्दै उहाँ निस्किनुभयो ।

मलाई यता भने बेथाले साह्रो झन् साह्रो पारेर चापेर ल्याउँदै छ । अब के गर्नु ? इन्दिरालाई 'घरबेटीको छोरो दिपुदादालाई बोलाएर ल्या' भनेर पठाएँ । उसले दिपुलाई बोलाएर ल्याइदिई । अनि दिपुलाई 'अञ्जनाको ममीलाई बोलाइदेऊ' भनेर बाङ्ला भाषामा भनें । लामाबाबुकी कान्छी छोरीको नाउँ अञ्जना थियो । दिपुले लामाबाबुको घरमा मेरो खबर पुऱ्याइदिएपछि स्वयम् लामाबाबु हस्याङफस्याङ गर्दै आइपुगेका थिए । लोग्नेमानिसका अघिल्तिर सुत्केरीको बेथाको कुरा गर्नुपर्दा म लाजले भुतुक्क भएकी थिएँ । तर के गर्नु ? बेथाले चापेर मर्न लागेका बेला लाजसरम त्यागेर मैले रुँदै 'मलाई सन्चो भएन' भनेकी थिएँ । लामाबाबु आफैँ ट्याक्सी लिन जानुभयो । त्यसै बेला मेरा दुलहा पनि आइपुग्नुभयो । मलाई त्यस बेला तारेको परबर र करेलाको तरकारी खाऊँखाऊँ लागेको थियो । तर दुलहाले नखाई दुलहीले खाने चलन थिएन । दुलहा आउनुहोला, आफूले पनि खानुहोला, मलाई पनि दिनुहोला भन्दाभन्दै म साह्रै भइहालें । त्यसैले हतारहतार गाडीमा हालेर कलकत्ता मेडिकल कलेज पुऱ्याइएँ । डाक्टरले जाँचेको दस मिनेटमा नै मेरो बच्चा जन्मियो ।

२०१८ साल असोज ३ गते मेरी माइली छोरी कल्पनाको जन्म भयो । त्यस बेलासम्म मलाई आफूले जन्माएको सन्तान छोराछोरी जे भए पनि हुन्छ भन्ने लाग्थ्यो । आफूलाई हलुङ्गो हुन पाए मलाई

पुग्छ जस्तो हुन्थ्यो । बाँचियो नि भन्ने हुन्थ्यो । अनि गर्भमा बच्चा हुँदा पनि 'मेरो बच्चा जे भए पनि सग्लो जन्मियोस्' भन्ने मात्र मेरा मनमा आउँथ्यो । मेरा दुलहाले पनि कहिल्यै छोराछोरीको कुरा भन्नुभएन । म अस्पतालमा लेबररुमभित्रै भएको बेला मेरा दुलहा र डा. नवीनचन्द्र राई गएर सोधेछन् । 'डेलिभरी नर्मल भयो, बच्चा र आमा दुवै ठीक छन्' डा. ले भनेछन् । त्यसपछि मेरा दुलहा लामाबाबुका घरमा पुगेर इन्दिरा छोरीलाई लिँदै आफ्ना घरमा सुत्न जानुभएछ ।

यता अस्पतालमा मलाई भोकले पूरै सताएको थियो । भोक र जाडोले मलाई रातैभरि सताइरह्यो । कतिखेर उज्यालो होला र घरबाट खाना ल्याइदेलान् भन्ने आशाले मैले रात काटेकी थिएँ । घरबाट दुलहाले घिउमा भुटेको भात अथवा मासुभात ल्याइदिनुहुनेछ भनेर कल्पना गर्दै बसेँ । बच्चा जन्मिइसकेपछि बेलुकी पनि अस्पतालबाट दूध र पाउरोटी खान दिएको थियो । मैले खाइनँ । बिहान पनि दूध पाउरोटी अस्पतालले दिएको हो । तर मैले खाइनँ । दस बजेतिर अस्पतालमा दालभात तरकारी खान दिएको थियो । तर मैले त्यो पनि खाइनँ । अब त घरबाट ल्याइदिने बेला भयो भन्दै म पर्खेर बसेकी थिएँ । एघार बजेतिर मेरा दुलहा आउनुभयो । तर उहाँ खाली हात आउनुभएको थियो । 'खाना खायौ ?' मेरा दुलहाले मलाई सोध्नुभएको थियो । दुलहा आउलान् र खाना ल्याउलान् अनि खाउँला भनेर भोकले भुत्तुक्क भएकी सुत्केरी मैले कुनै जबाफ दिइनँ । म रोएँ मात्र । मलाई जबाफ दिनका लागि बोली पनि आएन ।

उहाँले कुरा बुझ्नुभएछ र तुरुन्त बजार गएर एउटा थर्मस किनेर त्यसमा दुई गिलास दूध, एउटा सिङ्गै पाउरोटी र एक पाउ सन्देश भन्ने मिठाई लिएर आउनुभयो । 'लु खाऊ' भनेर मलाई दिनुभयो । मैले पनि भोकले आत्तिएकाले थर्मस खोलेर गिलासमा दूध खन्याएर सुरुप्प तानेँ । तातोले मेरो मुखको छाला नै पोलेर भुतुक्क

पाऱ्यो । त्यस बेलासम्म मलाई त्यो थर्मसमा त्यसरी तातो हाल्दा तातै रहन्छ भन्ने ज्ञान थिएन । बाहिर समात्दा थर्मस चिसो थियो, मैले भित्र पनि त्यस्तै होला भन्ठानेकी थिएँ । त्यसैले भोकाएकी मैले घटघटी पिउँछु भन्दा मलाई पोलेको थियो । त्यसपछि दूध सेलाउँदै पाउरोटीमा चोप्दै जम्मै पाउरोटी, सबै मिठाई र सबै दूध खाइसक्दा पनि मेरो पेट भरिएको थिएन । त्यसपछि म अलिक बोल्न सक्ने भएँ । त्यस बेलुकी पनि मैले त्यसै गरी खाएँ । 'भोलिचाहिँ मलाई भात ल्याइदिनू ल' भनेँ । 'ल म भोलि भात लिएर आउँछु है !' भनेर मेरा दुलहा डेरातिर लाग्नुभएको थियो ।

म अस्पतालमै बसेकी थिएँ । अस्पतालमा अघिल्लो दिन जन्मिएकी मेरी छोरी मलाई दिएको थिएन । मैले मेरी छोरी कस्ती छ भनेर देखेको पनि थिएन । 'सिस्टर ! मेरो नानी दिनू न' मैले नर्सहरूलाई आफूले सिकेको बाङ्ला भाषामा अनुरोध गरेकी थिएँ । 'किन चाहियो तेरो नानी ? तेरो नानी रोएको छैन' भन्दै उनीहरू आआफ्ना काममा लाग्थे । 'मलाई मेरो नानी हेर्न मन लाग्यो सिस्टर' मैले नर्ससँग अनुरोध गरेकी थिएँ । 'तँलाई तेरो नानी हेर्न मन लाग्यो भने ऊ त्यो बिल्डिङमा तेरो नानी छ, गएर हेर्' सिस्टरले म बसेको घरभन्दा परतिरको घर देखाइदिएकी थिइन् । मलाई आफ्नो प्राणको बाजी लगाएर जन्माएको सन्तानको मुख हेर्न पाए हुन्थ्यो भन्ने भएको थियो । त्यसैले ती नर्सले देखाएको बिल्डिङतिर म लागेँ । रेलिङ समातेर बिस्तारै हिँडेर त्यहाँसम्म पुग्न मलाई झन्डै दस मिनेटजति लागेको थियो । बच्चाहरू एउटा ठूलो हलमा राखिएको रहेछ । त्यस हलमा पुग्दा नै म निकै थाकिसकेकी थिएँ । त्यसैले त्यहीँको एउटा मेचमा एकैछिन बसेँ । लगभग पचास-साठी ओटा जति बच्चाहरू त्यस हलमा राखिएका रहेछन् । भरखर जन्मिएका बच्चाहरू जुन हेरे पनि उस्तै । एकैछिन त म अलमल्ल परेँ । कुनचाहिँ मेरो बच्चा हो भनेर कसरी चिन्नु ? तर आमाको नाडीमा र बच्चाको नाडीमा

नम्बर टाँसिएको थियो । त्यही नम्बरको आधारमा यो मेरो बच्चा हो भनेर चिन्न सकिन्थ्यो ।

मैले नम्बर मिलाउँदै धेरैबेर आफ्नो बच्चा खोज्ने कोसिस गरिरहें । तर सुत्केरी जीउले गर्दा निकै नातागत भएकी मैले त्यत्राविधि बच्चामा नम्बर मिलाएर आफ्नो बच्चा फेला पार्न सकिनँ । म थाकेर हत्तु भएँ । त्यसपछि बच्चा नभेटी फर्केर आएँ र आफ्नै बेडमा सुतेँ । सुत्न त सुतेँ तर निद्रा त लाग्ने कुरै भएन । 'बच्चा त जन्माएँ, तर बच्चाको मुखै देखेको छैन । कसैकसैको त बच्चाको मुखै नदेखी 'तेरो नानी त मऱ्यो ' पनि भनिदिँदा रहेछन् । मलाई पनि त्यसै भन्ने पो हुन् कि ?' मेरा मनमा यस्तै किसिमकिसिमका कुतर्कनाहरू चलिरहे । यसैबीच मेरा पतिले बेलुकाको खाना ल्याइदिनुभएको थियो ।

मैले मलाई भातै ल्याइदिनू भनेकी थिएँ । त्यसैले खसीको कलेजो भुटेर त्यसैमा घिउ र भात पनि हालेर भुटेर पुलाउजस्तै पकाएर ठूलो टिफिनकारीमा भरी ल्याइदिनुभएको रहेछ । सबै खाएपछि मात्र मेरो पेट उक्सियो । 'बल्ल अघायौ ?' भन्दै मेरो दुलहा हाँस्नुभयो । 'भोलि पनि मलाई यस्तै ल्याइदिनू है !' मैले मेरा दुलहालाई भने । 'भैहाल्छ नि' भन्दै मेरा दुलहा फर्किनुभएको थियो । साँच्चिकै नै उहाँले भोलिपल्ट पनि त्यस्तै गरी मलाई भात ल्याइदिनुभयो । अनि मात्र मेरो पेट भरियो । त्यसपछि भने तागत पनि आयो र बोल्न पनि सक्ने भएँ । 'तेरी छोरी खोइ त ?' मलाई मेरा दुलहाले सोध्नुभयो । 'दिएका छैनन्, मैले देखेको पनि छैन, खोज्न गएकी थिएँ, भेट्न नसकेर थाकेर फर्किआएँ' मैले रुन्चे हुँदै भनेकी थिएँ ।

'हिजो तपाईं जानेबित्तिकै 'यस बेडमा अर्कै बिरामी भर्ना भइसकी, तिमी भुइँमा बस' भनेर मलाई नर्सले मेरो बेडबाट निकालिन् ।' अनि अर्को बेडको पेसेन्टले 'आऊ, मसँग मेरै बेडमा बस' भनिन् र म रातभरि उनैको बेडमा बसेको छु' मैले दुलहासँग भनेँ । रातभरि अर्को बिरामीको बेडमा बसेर रात कटाएको र दिनभरि भुइँमा बसेको मेरो

कुरा सुनेर मेरा दुलहा छक्क पर्नुभयो । सुत्केरीलाई अस्पतालको दुर्व्यवहारमा चित्त नबुझे पनि परदेशी ठाउँमा के नै गर्नु र ?

मेरा कुरा सुनेपछि मेरा दुलहाले एउटी नर्ससँग कुरा गर्नुभयो र उनले हाम्रो नानी खोजेर ल्याइदिइन् । हामीले पनि अस्पतालको सरसामानहरू बुझायौँ । मेरा दुलहा नानी बोकेर हिँड्नुभयो । म पनि दुलहाको पछि लागेँ । ट्याक्सी चढेर हामी डेरा पुग्यौँ । डेरामा इन्दिरालाई नदेखेर मैले सोधेँ, 'खोइ त इन्दिरा ?' 'लामाबाबुको घरमा छोडेर आएको थिएँ, लिएर आउँछु' भन्दै जानुभयो र लिएर आउनुभयो । त्यसपछि हामी आमाछोरीलाई चियाखाजा खान दिनुभयो र आफू पनि चिया पिएर मेरा दुलहा बाहिर निस्किनुभयो ।

ठूली छोरीलाई सुमसुम्याएँ र आफूसँग टाँसेँ । केहीबेर बसेँ । त्यसपछि आफ्ना लुगा, नानीका लुगा धोएँ । स्तन सफा गरेर नानीलाई दूध चुसाएँ । जन्मेदेखि आमाको छाया पनि नभेटेकी नानीले दूध चुस्नै जानिन । बल्लबल्ल बानी गराएपछि अलिअलि चुस्न थाली । नानी पटक्कै नरुने थिई । दूध खुवाउन पनि उठाउनुपर्थ्यो । कुनै कुनै बेला त सानो बच्चा घरमा छ भन्ने कुरा पनि थाहा हुँदैनथ्यो । 'तेरो नानी छ कि छैन हेर् त ?' मलाई मेरा दुलहाले भन्दा म झसङ्ग हुन्थेँ ।

सुत्केरी नचोखिउन्जेल मेरा दुलहाले बिहान पाउरोटी दूध खान दिनुहुन्थ्यो । एघार बजे उहाँले भात खान दिनुहुन्थ्यो । चार बजे पाउरोटी चिया र राति भात खान दिनुहुन्थ्यो । यसरी नै एघार दिन भयो र नानीको न्वारनको दिन आयो । मेरा दुलहाले एउटा पण्डित खोजेर ल्याउनुभयो । ती पण्डितलाई पढ्न पनि आउँदैन रहेछ । सबै पढ्ने र पाठ गर्ने काम मेरै दुलहाले गर्नुभयो । उनलाई सङ्कल्प मात्र गराउनुभयो । मेरी माइली छोरीको न्वारनको नाउँ भेषकुमारी जुऱ्यो । बोलाउने नाउँचाहिँ मैले नै कल्पना राखेँ । उसका बुबाले त नेपाली नाउँ म्याउची राख्नुभएको थियो र पछि आधुनिक नाउँ भनेर माओ भन्नुहुन्थ्यो ।

त्यस दिन बिहान न्वारन सकियो । बेलुका त साठी जना जति मानिस खाना खान बोलाएको रहेछ । मलाई त केही थाहा छैन । घरमा पकाउने मानिस कोही छैन । ती साठी जनामध्ये सात जना त डाक्टरहरू नै बोलाइएका रहेछन् । मेरा दुलहाले सबै व्यवस्था गर्नुभएको रहेछ । लामाबाबुकी पत्नीलाई माछा फ्राई, आलुदम, अन्डा फ्राई, खसीको मासु, टमाटरको अचार पकाउन लगाइएको रहेछ । लमिनी आमैले सबै कुरा पकाएर ल्याइदिनुभएको थियो । मेरा दुलहाले चिउरा, पाउरोटी, मिठाई, रसभरी र सन्देस लिएर आउनुभयो । घरमा आइपुगेर हामीलाई खान दिनुभयो । आफूले पनि चिया खाजा खाएर बस्नुभयो ।

'यति धेरै मान्छे किन बोलाउनुभएको ? कोही गर्ने मान्छे छैन ।' मैले उहाँसँग भनेकी थिएँ । 'बूढी चिन्ता नगर् न, म छँदै छु नि !' उहाँले भन्नुभएको थियो ।

साँझ परेपछि उहाँका साथीहरू आउन लागे । असाध्यै मिल्ने साथी बलबहादुर देवान र मेरा दुलहाले आउने मानिसहरूलाई खान दिँदै भाँडा सफा गरे । नानीलाई सबैले केही न केही उपहार, पैसा दिएर गए । आशिष् दिए । मैले त काम गर्नु नपरेकाले रमाइलै भयो । तर मेरा दुलहालाई कामको धेरै चाप पऱ्यो । राति दस बजेतिर सबै जना खाएर फर्के । म त दुइटी छोरीका साथमा सुतेँ तर मेरा दुलहाले सबै धन्दा सकेर, थन्कोमन्को गरेर सुत्दा बाह्र पनि नाघिसकेको थियो रे ।

मेरा दुलहा राति जुन बेला सुतेको भए पनि बिहान सबेरै उठेर मलाई र छोरीलाई चियाखाजा खुवाएर आफू पनि चिया खाएर पढ्न जानुहुन्थ्यो । पढेर आएर भाततिहुन पकाएर हामीलाई खान दिँदै आफू पनि खाएर जजमानीमा हिँड्नुहुन्थ्यो । त्यहाँबाट फर्किंदा किनमेल गरेर ल्याउनुपर्थ्यो । उहाँलाई एकैछिन फुर्सत हुन्थेन तर पनि कहिल्यै झर्कोफर्को गर्नुहुन्नथ्यो । साह्रै थकाइ लाग्यो भने कहिलेकाहीँ 'बूढी एकैछिन सुत्छु, मलाई दस मिनेटमा उठाइदे है' भनेर सुत्नुहुन्थ्यो ।

तर थाकेको शरीर कहिलेकाहीँ त एक घण्टा पनि सुत्नुहुन्थ्यो । 'दस मिनेटका लागि सुत्नुभएको भन्नुहुन्थ्यो, एक घण्टा सुत्नुभयो त ।' उठ्नुभएपछि म उहाँलाई जिस्क्याउँथेँ । 'जिन्दगी यस्तै हो, सबै कुरा आफूले भनेकै जस्तो कहाँ हुन्छ र बूढी ?' उहाँ पनि मुसुमुसु हाँस्तै भन्नुहुन्थ्यो । हुन पनि हो मेरो पनि जिन्दगी त्यस्तै थियो । दुइटा नानीहरूलाई सम्हाल्नु, उनीहरूको लुगा, थाङ्ना धुनु, खाना पकाउनु, खानु, भाँडा माझ्नु, यस्तै दिनचर्यामा मेरो जीवन पनि बितिरहेको थियो ।

# मलाई ग्ल्यान्ड टिबी भयो

कल्पना तीन महिनाकी भएकी थिई । मलाई अचानक ज्वरो आउन थाल्यो, खोकी पनि लाग्न थाल्यो । हुनेखाने वर्गकी छोरीबुहारी भए तीन महिनाकी सुत्केरी मेरो चैनमा बस्ने बेला थियो । तर हुँदाखाने वर्गकी बुहारी र पत्नी भएकी मेरो सुत्केरी अवस्थामा स्याहार कहिल्यै पुगेन । त्यसमाथि पनि अब थप बिराम लागेपछि म झन्झन् कमजोरी महसुस गर्न थालें । त्यसैले मेरा दुलहाले फुर्सत मिलाएर एकदिन मलाई कलकत्ता मेडिकल कलेजमा लगेर जाँच गराइदिनुभयो । मेरो अन्य जाँचका साथै छातीको एक्सरे पनि गरियो । त्यसको दुई दिनपछि मेरो घाँटीमा ग्ल्यान्ड टिबी भएको रिपोर्ट आयो । त्यसपछि डा. को सल्लाहअनुरूप मैले छ महिनासम्म औषधी खानुपर्ने भयो । त्यसका साथसाथै तागतको औषधी पनि खानुपर्ने भएको थियो । टिबीको औषधीचाहिँ त्यही अस्पतालले नै अलि थोरै पैसामा दिँदो रहेछ । औषधी मेरा दुलहाले नै लिएर आउनुहुन्थ्यो । मलाई रोग लागेको र औषधी खानुपरेकाले अब मेरी सानी नानीलाई मेरो दूध खुवाउन छोडियो । कल्पनाले यसरी मेरो दूध खान नपाएपछि अब मेरी छोरी कमजोर हुने भई भन्ने मलाई पीर परेको थियो । सँगैमा ठूली छोरीले झन्डै तीन वर्षसम्म मेरो दूध खाएकी थिई । तर विडम्बना नै भनौँ, माइली छोरीले तीन महिना मात्रै मेरो दूध खान पाई ।

औषधी उपचारका कारण एक महिनापछिदेखि मलाई ज्वरो आउन छोड्यो । तर छ महिना खानै पर्ने औषधी भएकाले खाइरहें ।

नानी पनि बिस्तारै ठूली हुँदै गई । काखकी छोरी सात महिनाकी भएपछि मलाई मेरा बालाई भेट्न पाए पनि हुन्थ्यो भन्ने लाग्यो । तर मैले यो कुरा आफ्ना दुलहालाई ऋट्ट भन्न पनि सकिनँ । दुईदुई जना केटाकेटी लिएर त्यति टाढाको बाटो बालाई भेट्न जान्छु भनेर पनि कसरी भन्न सक्थेँ र म ? धेरै दिनसम्म मैले कुरा गुम्स्याउन पनि सकिनँ । एकदिन मैले दुलहाको फुर्सत भएका बेला भनेँ, 'मलाई त बालाई सम्झेर रुन मन लाग्यो ।'

'जाने हो त भेट्न ?' उहाँले भन्नुभयो ।

'कसरी जानु र ? त्यत्रो टाढाको बाटो केटाकेटी लिएर ।' मैले निरासिएर भनेकी थिएँ ।

'जाने भए हिँड् न त म पुऱ्याइदिन्छु, मेरो परीक्षा आइसकेको छ, म तिमीहरूलाई पुऱ्याएर तुरुन्त फर्किन्छु । तिमीहरू पाँचछ महिना बसेर आऊ न त !'

मेरा दुलहाले भन्नुभएको थियो । पूरा नहुने, असम्भवजस्तो सपना पूरा भएजस्तै भएको थियो, मलाई । मेरा दुलहाको कुरा सुनेर मेरो खुसीको सीमा नै रहेन ।

'पहाडको हावा र खानापिनाले तेरो स्वास्थ्य पनि राम्रो हुन सक्छ ।' मेरा दुलहाले फेरि पनि भन्नुभएको थियो ।

त्यस दिन हामीबीच अरू पनि थुप्रै कुराकानी भएका थिए ।

'तेरा छोरीहरूको न्वारनको केके नाउँ भयो थाहा पाइस् ?' उहाँले मलाई सोध्नुभएको थियो ।

'मलाई के थाहा हुनु र ?' मैले भनेकी थिएँ ।

'तँजस्तै तेरा यी दुइटी छोरी पनि धनुराशिका भए । जेठीको नाउँ 'भू' र सानीको नाउँ 'भे' बाट जुरेको थियो । कलेज पढ्दाका मेरा दुइटी छुच्ची गुरुआमाहरू थिए, तिनीहरूकै नाउँअनुरूप मैले

दुइटै छोरीको नाउँ राखिदिएँ । जेठीको भुवानीपुष्प र सानीको भेषकुमारी ।' मेरा दुलहाले भन्नुभएको थियो ।

म मेरा असी वर्षका बुबालाई भेट्ने उमङ्गमा फुरुङ्ग भएकी थिएँ । २०१९ साल वैशाख महिनामा हामी चार जना कलकत्ताबाट लिम्बाका लागि हिँड्यौँ । कलकत्ताबाट विराटनगरको भारतीय नाका जोगबनीसम्म पुग्न रेलमार्गबाट एकरात र एकदिन लाग्दथ्यो । घरबाट हिँडेको भोलिपल्ट हामी धरान पुग्यौँ । धरानमा मेरी काइँली देउरानी देवकुमारीको माइतीघर थियो । हामी उनका माइतीघरमा बास बस्न पुग्यौँ । मेरा काइँला देवर विष्णुप्रसादलाई टिबी रोग बल्झिएर कलकत्ताको विजयबाडास्थित टिबी अस्पतालमा राखिएको थियो । देउरानीचाहिँ त्यस बेला माइतै बसेकी थिइन् । काइँलीलाई उनका पतिको खबर पनि भनिदिऊँ र बास पनि बसौँ भन्ने हाम्रो लक्ष्यले हामी त्यहाँ पुगेका थियौँ । हामी पुग्दा साँझ भर्खरै बितेको थियो । तर उनीहरू भात खाइसकेर सुति पनि सकेका रहेछन् । देउरानीकी आमाले 'खाना बनाउनुपर्छ ?' भनेर सोधेकी थिइन् । मेरा दुलहाले, 'हामी खाएर आएका दुक्ख नगर्नू' भन्दिनुभयो । दुलहाले बोलेको कुरामा मैले केही बोल्ने कुरै आएन । ठूली छोरीलाई दूध र बिस्कुट खान दिए । हामीलाई पनि चिया दिए । चिया पिएर सुत्यौँ । मलाई त भोकले भुँडी कुइँकुइँ कराएर निद्रै लागेन । सात महिनाकी नानीकी आमा म, फेरि भरखरै बिरामी परेर औषधी पनि खाँदै गरेकी थिएँ । अर्कातिर घरबाट हिँडेको दुई दिन भइसकेको थियो । हामी भाते मान्छेलाई पेटभरि घरको भात नखाएपछि अर्थोक केही खाँदा पनि चित्त बुझ्दैन । त्यसमा पनि हामीले राम्ररी केही पनि खाएको थिएन । भोक र थकाइले म भुतुक्क भएकी थिएँ । तर कसलाई भन्नु र ? देउरानी पनि राम्रोसँग बोलिनन्, उनी ठस्सै परेर बसिरहिन् । उनको एउटा दस महिनाजतिको छोरो थियो । त्यस रात कतिखेर उज्यालो हुन्छ भनेर मैले बडो कष्टले समय बिताएँ । बिहान भएपछि

नित्यकर्म सकेर मेरा दुलहासँगै म पनि घरबाट अलि पर पुगेका थियौँ । 'म भोकले मर्न लागेँ' भनेपछि हामीले त्यहीँ एउटा दोकानमा चिया, बिस्कुट र पाउरोटी खायौँ । त्यसपछि मेरा दुलहाले भरिया खोज्न थाल्नुभयो । म देउरानीको माइतमा फर्कें ।

देउरानीका माइतमा भात पकाउँदै रहेछन् । भात पाक्दानपाक्दै मेरा दुलहाले दुई जना भरिया खोजेर ल्याउनुभयो । चुङवाङका मगर रहेछन् । एक जनाले नानी बोक्ने, अर्को जनाले ढाकरमा लुगाफाटा, सरसामान बोक्ने र मास्तिर नानीलाई बसालेर अथवा सुताएर बोक्ने हिसाबको बन्दोबस्त गर्नुभएको रहेछ । भात खाएर हामी धरानबाट हिँड्यौँ । त्यस रात बास बसेको ठाउँको नाउँ त सम्झना छैन तर त्यहाँ खूबै जाडो थियो । लेक नै रहेछ, किनभने केही खानेकुरा किन्न खोज्दा आलुसिवाय केही पाइएन । त्यही आलु डेढ दुई किलोजति किन्यौँ र उसिनेर सबैले खायौँ । छोरीहरूका लागि दूध र बिस्कुट बोकेरै ल्याएका थियौँ । भोलिपल्ट त्यहाँबाट एकाबिहानै हिँड्यौँ र नौ-दस बजेतिर एउटा गाउँमा पुग्यौँ । त्यस गाउँमा चामल र तरकारी किनेर पकाएर खायौँ । नानीहरू र भरियाहरूलाई पनि खान दियौँ ।

हामी त्यहाँबाट पनि हिँड्यौँ । आज त बालाई भेट्न पाउँछु भन्ने उत्साहले पनि मेरा पाइला निकै छिटोछिटो चलिरहेका थिए । माइत जान पाए भने आइमाईले वर्षदिनको पोथरा पनि सर्लक्कै नाघ्छन् भनेको यही होलाजस्तो पनि मलाई लाग्यो । किन नहतारिनु र ? मलाई सधैँ आँखैमा राख्ने बाको छायाबाट पनि अलग्गिएर म यतिन्जेल यति टाढा बस्न कसरी सकेँ ? कान्छी छोरी भएर पुलपुलिएर हुर्किएकी मलाई कुन बेला बालाई हेर्न पाउनु, छुन पाउनु भनेर नियाँस्रो लागेको थियो । हामी साँझैमा पाँचथर जिल्लाको लिम्बास्थित मेरो माइतको आँगनीमा पुगेका थियौँ । बाका अघि पुग्न पाउँदा मेरो हर्षको सीमै थिएन । बा पनि मलाई देखेर केहीबेरसम्म बोल्नै सक्नुभएन । बाका आँखाबाट आँसु मात्र बगिरहे । मेरा आँखाबाट पनि आँसु

बगिरहे । बालाई भेट्दा मलाई आमाको पनि सम्झना आयो । त्यसैले पनि मलाई निकै रुन आयो । बाले इन्दिरालाई आफ्नो काखमा राखेर माया गर्नुभयो । 'नानी के खान्छे अब ?' बाले सोध्नुभएको थियो । 'भात खान्छु' इन्दिराले भनी ।

'दुलही, छिटो गरेर भात पकाऊ । जुवाइँछोरी र यी साना नानीहरू भोकाएर आइपुगेका छन् ।' मेरा बाले दुलही भाउजूलाई भन्नुभयो । हुन त हाम्रो माइतको चलनअनुरूप नै मेरी भाउजू हामी पुग्नासाथै हाम्रा लागि भातभान्साको तयारीमा जुटिसक्नुभएको थियो । 'हवस्' मसिनो स्वरमा आज्ञापालनको सूचना दिँदै भाउजू हाम्रा लागि भातभान्सामै लाग्नुभएको थियो ।

यसैबीच म आएको थाहा पाएर कान्छी दिदी र वरिपरिबाट अरू भाउजूहरू पनि मलाई र मेरा नानीहरू हेर्न आइपुग्नुभएको थियो । सबै भएर मेरी काखकी छोरी खेलाउन थाले । मेरा दुलहा र मचाहिँ बासँग भलाकुसारी गर्न थाल्यौँ ।

'बा तपाईंलाई कस्तो छ ?' बाका छेउमा बसेर मैले बालाई सोधेकी थिएँ ।

'अब कस्तो हुनु र ? म छहत्तर वर्षको बूढो भएँ, केही गर्न सक्तिनँ । कान्छी छोरी तँलाई हेर्न मन थियो । जुवाइँले ल्याइदिनुभएछ । मलाई सन्तोष भयो ।' बाले भन्नुभएको थियो ।

'बा ! म भोलि बिहानै फर्किन्छु, तपाईंकी छोरीचाहिँ पाँच-छ महिना यतै बस्छे ।' मेरा दुलहाले बासँग भन्नुभएको थियो ।

'होइन जुवाइँ, दुई-चार दिन बसेर जानू न, दाजु घरमा छैन, ऊ आएपछि भेटेर जानू न ।' बाले भन्नुभएको थियो ।

'हुँदैन बा, मेरो एम्.ए.को परीक्षा छ, मैले फर्किहाल्नुपर्छ । त्यसैले अहिले म बस्न सक्तिनँ ।' मेरा दुलहाको जबाफ थियो ।

भाउजूले भात पाकेको सूचना दिनुभएपछि हामीले खानपिन गऱ्यौँ ।

खाइसकेपछि मैले म कुन कोठामा सुत्ने भनेर भाउजूलाई सोधेँ । भाउजूले म पहिले सुत्ने गरेकै कोठामा सुत्नु भन्नुभयो । मेरा माइतमा सबै जुवाइँहरूलाई दलानमा सुत्न दिने चलन थियो । मैले भाउजूलाई 'जुवाइँलाई पनि मेरै कोठामा ओछ्यान लगाइदिनू है' भनेँ । भाउजूले मैले भनेजस्तै मेरै कोठामा मेरा दुलहाका लागि पनि ओछ्यान लगाइदिनुभयो । त्यसैले दुई छोरीका साथमा हामी जोईपोइ एउटै कोठामा सुत्यौँ ।

दुई दिनको पैदल हिँडाइले थाकेको शरीर भए पनि भोलि बिहान दुलहा फर्किने, पाँच-छ महिनासम्म भेट नहुने कुराले मलाई पीर पनि परिरहेको थियो । मेरा दुलहाले निकै सम्झाउनुभयो । 'म बेलाबेला औषधी र चिठीपत्र विराटनगरमा कान्छा दाजुको ठेगानामा पठाइरहन्छु ।' उहाँले भन्नुभएको थियो । बिहानको भात खाएपछि उहाँ हिँड्ने बेला आयो । मेरो मनै नमीठो भयो ।

'आफ्नो र छोरीहरूको स्वास्थ्यको ख्याल गर्नू ।' हिँड्ने बेलामा पनि उहाँले भन्नुभयो । मेरो बूढो भएको बासँग बस्न पनि पाइने, अनि मेरो बिग्रेको स्वास्थ्यका लागि पनि यहाँको हावापानीले राम्रो हुन्छ भन्ने मलाई मेरा दुलहाकै सल्लाह थियो । त्यसैले पनि म माइत बस्न आएकी थिएँ । यसर्थ दुलहासँग छुट्टिँदाको पीरो भएको मन पनि मैले शान्त पारेँ ।

आमा नभए पनि बाले असाध्यै माया गरेकी छोरी थिएँ, म । दाजु, भाउजू, भदाभदैनीले पनि मलाई माया गर्थे । अझै मेरो सम्पूर्ण हेरविचार गर्ने मेरी कान्छी दिदीसँग मेरो साह्रै हितचित्त मिलेको थियो । म जुन बेला पनि कान्छी दिदीकै घरमा हुन्थेँ । तर खाने बेलामा मेरा बाले मलाई अगाडि नदेखी हुँदैनथ्यो । भात खाँदा दूधको

तर र भात मुछेर पहिले मेरो थालमा हाल्दिनुहुन्थ्यो अनि मात्र आफूले खानुहुन्थ्यो । त्यस्तै खाजा खाँदा पनि मैले बाका अगाडि अँजुली थापेर उभिनुपर्थ्यो । आफूले खान लागेको खानेकुरा मलाई हाल्दिएपछि मात्र मेरा बा आफूले खानुहुन्थ्यो । 'आमा नभएकी टुहुरी मेरी कान्छी छोरी' भन्नुहुन्थ्यो ।

म माइत पुगेको दुई-चार दिनमै एक दिन मेरा बाले, 'मेरी कान्छी छोरीकी छोरी मेरी नातिनीलाई म आफैँ कोक्रो बुनिदिन्छु' भन्नुभयो । त्यसको नियम कडा रहेछ । एकै दिन बाँस काटेर, चोया काढेर, उही दिन कोक्रो बुनिसकेर त्यसमा नानी सुताउनुपर्ने रहेछ । बाले सोहीअनुरूप दिनभरि काम गरेर कोक्रो बनाएर कोक्राको चारपट्टि डोरी लगाएर घरको बिममा झुन्ड्याउँदै नानीलाई कोक्रामा हालेर हल्लाउनुभयो । 'ल अब मेरी नातिनी सुत्छे ।' भन्दै खुसी हुनुभयो । त्यति पाको उमेरको बाले दिनभरि एकैछिन नबिसाई नातिनीका लागि कोक्रो बनाउनुभएको थियो । मलाई त बा बिरामी पो पर्नुहुन्छ कि भनेर पीर पनि लागेको थियो । तर बालाई केही भएन । त्यहाँ बसुन्जेल त्यही कोक्रोमा कल्पनालाई सुताएँ । पछि पनि बाले बनाउनुभएको कोक्राको मायाले मैले त्यो कोक्रो कलकत्तासम्म पुऱ्याएँ । कलकत्ताबाट हामी विराटनगर आउँदा पनि मैले त्यही कोक्रामा कान्छी छोरीलाई हालेर ल्याएकी थिएँ । निकै पछिसम्म पनि त्यो कोक्रो मसँग थियो ।

# कान्छी छोरीको जन्मकथा

माइतमा पुगेकी म कान्छी छोरीको रमाइला दिन बितिरहेका थिए । म माइतमा सधैँकी र सबैकी कान्छी नानी थिएँ । आमाको अभाव बेलाबेलामा खट्किन्थ्यो । तर बाले माया गर्ने, कान्छी दिदी, दाजुभाउजू र भदाभदैको मायाका कारण पनि मलाई माइतमा बस्दा स्वर्गीय खुसी थियो । पहाडमा बसे पनि सबै कुराको पुगीसरी बन्दोबस्त भएका कारण माइतमा मलाई केही कमी हुँदैनथ्यो । भाउजू र नोकरचाकरले कामधन्दा गर्ने हुनाले मैले नानीको स्याहार पनि त्यति धेरै गर्नु पर्दैनथ्यो । म यताउति गएको बेलामा मेरा छोरीहरूलाई खुवाइपियाइ गर्ने काम पनि भाउजूहरूले गरिदिनुहुन्थ्यो ।

पहाडी हावापानी र सुखसयलमा मेरा छोरीहरू र मेरो स्वास्थ्यमा पनि निकै सकारात्मक प्रभाव पर्न थालेको थियो । म माइत बसेको झन्डै तीन महिनाजति भएको थियो होला । एक दिन म आँपको बोटबाट फाल हाल्दै थिएँ, 'धत् बदमास ! तेरो भारी जीउ छ, यस्तो बेलामा त्यसरी फाल हाल्नु हुँदैन ।' मेरी कान्छी दिदीले मलाई सम्झाउनुभएको थियो । 'होइन दिदी, त्यस्तो केही होइन ।' मैले दिदीलाई जबाफ फर्काएँ । 'म त सुत्केरी भएपछि अहिलेसम्म पर सरेकी पनि छैनँ ।' मैले दिदीलाई स्पष्टीकरण दिएकी थिएँ । 'विचार गरी हेर्न, कसैकसैको महिनावारी नभई पनि गर्भ रहन्छ ।' दिदीले भन्नुभएको थियो ।

दिदीका कुरा सुनेपछि मलाई पनि आफ्नो शरीरमा केही परिवर्तन भएजस्तो शङ्का लाग्न थाल्यो । नभन्दै केही दिनमा म पुन: गर्भवती

भएको टुङ्गोमा नै पुगेँ । त्यसपछि दिदीलाई पनि सुनाएँ । यस कुराले मलाई निकै पीर लाग्यो । एउटी छोरी काखैमा छे फेरि मेरो गर्भ बसेको थियो । लालाबाला कसरी स्याहार गर्ने भन्ने चिन्ताका कुरा पनि मैले दिदीसँग गरेँ । 'चिन्ता नगर्, म तँलाई स्याहार्छु ।' दिदीले भन्नुभएको थियो । त्यसपछिका दिनमा मलाई झनै हेरविचार गरिन थालियो । भाउजूहरूले पनि 'के खान मन छ' भनेर सोध्नुहुन्थ्यो । दिदीले पनि 'के खान्छेस्' भनेर मेरो सोधीखोजी गरिरहनुहुन्थ्यो । मलाई हरहमेसा मीठोचोखो खुवाउन सबै जना तत्पर हुन्थे । आफ्नै बारीबगैँचामा भएका फलफूल बिहानदेखि बेलुकीसम्म म खाइरहन्थेँ । आँपको सिजनमा आँप, सुन्तलाको सिजनमा सुन्तला, अम्बकको सिजनमा अम्बक पेटभरि खान्थेँ । मेरी जेठी छोरी इन्दिरा पनि त्यसरी नै खान्थी । सानी कल्पनाको त्यसरी खाने उमेर भएको थिएन ।

त्यस वर्षको मेरो तीज, दसैँ र तिहार धुमधाम रमाइलो गरी बितेको थियो । बूढा भएका बाको काखमा, दाजुभाउजूहरू र दिदीहरूका माझमा धेरै वर्षपछि मनाउन पाएको चाडबाडले मलाई अपार खुसी दिएको थियो ।

माइतमा जति नै खुसी र सुख भए पनि सधैँ म माइतमै रमाएर बस्न सक्तिनथेँ । अझ म दोजिया भएकी थिएँ । त्यसैले मैले मेरा पतिलाई 'अब मलाई लिन आउनू' भनेर चिठी लेखेँ । 'कात्तिक महिनामा मेरो एल्.एल्.बी.को परीक्षा छ, त्यो सकेर आउँछु' भनेर चिठी पठाउनुभयो । 'त्यसो हो भने मङ्सिर महिनाभित्रैमा लिन आउनुहोला' भनेर मैले पनि लेखेँ ।

दिदीले त 'म सुत्केरी स्याहारी हाल्छु, नजा कान्छी नानी' भन्नुभएको थियो । म बस्थेँ पनि होला तर त्यसै बेला त्यहीँ गाउँमा एउटी आइमाई बच्चा पाउन नसकेर मरेकी थिइन् । उनको पनि मेरै जस्ता दुइटा बालख केटाकेटी थिए । उनको गर्भको बच्चाको एउटा

हात र एउटा खुट्टा पहिला निस्किएर तीन दिन तीन रातसम्म बच्चा जन्माउन नसकेपछि रोएको रोऐ तिनी मरेको देखेपछि मेरो सातो उडेको थियो । दुइटा बच्चा अस्पतालमा जन्माएकी मलाई अस्पताल नगई बच्चा जन्माउँदा यस्तो डरलाग्दो घटना घट्ने रहेछ भन्ने लागेको थियो । 'यस्तो जङ्गली ठाउँमा म बसेँ भने मेरो पनि त्यही हालत हुनेछ । म मरेँ भने मेरा दुइटी छोरीहरू टुहुरी हुनेछन् । मर्नु नै परे पनि आफ्नै लोग्नेको काखमा मर्छु' भनेर मैले तारन्तार गरेरै मेरा दुलहालाई बोलाएकी थिएँ । 'ल ल तिमी डराउनु पर्दैन म समयमा नै तिमीलाई लिन आउँछु ।' मेरा दुलहाको चिठी आएको थियो ।

मेरा दुलहाले सधैँझैँ आफ्नो भनाइको पालना गर्नुभएको थियो । मङ्सिर महिनाको मध्यतिर नै उहाँ लिम्बा आउनुभयो । त्यसपछि मेरो माइतमा मलाई बिदा गर्ने धमाधम सुरु भएको थियो ।

दुई जना नानीहरू बोक्ने भरिया, सामलतुमल र मलाई समेत बोक्ने गरी तीन जना भरिया खोजियो । कान्छी दिदी पनि हामीसँगै विराटनगरसम्म जाने हुनुभयो । 'कान्छा भाइसँग पनि भेट गर्छु, यस्ती महिना पुग्न लागेकी तँलाई पनि त्यत्रो बाटो यसै छोड्न मन लागेन' भनेर दिदी पनि हाम्रो यात्रामा सहभागी हुनुभएको थियो ।

आठ महिनासम्म बासँग बसेपछि म छुट्टिएकी थिएँ । मेरो माइतीको आँगनबाट पनि टाढिएकी थिएँ । त्यस बेला मलाई के थाहा र ? म त सधैँका लागि माइतीघरबाट बिदा भएकी रहेछु । किनभने फेरि मैले मेरो लिम्बास्थित म जन्मिएको घर, जन्मथलो कहिल्यै टेक्न पाइनँ । बासँग चाहिँ बा बिरामी भएर धरानमा उपचारका लागि ल्याइएको बेला २०२१ सालमा भेट भएको थियो ।

त्यस बेला निश्चित समयमा हामी लिम्बाबाट हिँडेर बीचबाटामा एउटा लेकमा बास बसेका थियौँ । त्यहाँ आलु मात्र फल्ने रहेछ, आलु

नै उसिनेर सबैले खायौँ र सुत्यौँ । भोलिपल्ट हामी विराटनगरमा मेरा कान्छा दाजुका घरमा पुग्यौँ ।

आठ महिना नाघेर नौ महिनामा उक्लेको गर्भावस्थाकी मलाई भरियाले बोक्दा पनि अप्ठेरो हुन्थ्यो र बेलाबेलामा म आफैँ हिँड्थेँ । त्यसरी दुई दिनसम्म त्यो अवस्थामा हिँडेर बल्लतल्ल म विराटनगर पुगेकी थिएँ । त्यसरी थाकेर लखतरान भएको अवस्थामा कान्छी भाउजूले पकाएको भात खाएपछि म सुतेछु । मलाई त्यस बेला साह्रै आनन्द आएको थियो । भोलिपल्ट मेरा दुलहा जोगबनी जानुभएको थियो । त्यसै बेलुकी सात बजेको रेलको टिकट रिजर्भेसन गरेर आउनुभएछ । 'हामी पाँच बजे यहाँबाट हिँड्नुपर्छ । खाना खाएर म धरान गएर आउँछु । विष्णुले छोरालाई भेट्न मन गरेको छ । लगिदिनुपऱ्यो ।' मेरा दुलहाले भन्नुभयो । त्यसपछि उहाँ भात खाएर धरानतिर लाग्नुभयो । मचाहिँ नानीहरूका लुगाफाटा तयार गर्न थालेँ ।

चार बजे मेरा दुलहा धरानबाट काइँली देउरानी र उनको अढाई वर्षको छोरो नवीनलाई लिएर आउनुभयो । काइँलीका दुलहा मेरा काइँला देवर विष्णुप्रसादलाई मेरै दुलहाले कलकत्ताको बिजयाबाडा टिबी अस्पतालमा भर्ना गराएर उपचार गराउँदै हुनुहुन्थ्यो । मेरा देवर अस्पतालमा भर्ना भएर दुई वर्षभन्दा धेरै समयदेखि उपचार गराइरहनुभएको थियो । त्यसैले उहाँसँग उहाँको छोरो र पत्नीको भेट गराइदिने र काइँलीलाई कलकत्ता सहर घुमाइदिने विचारले मेरा दुलहाले उनीहरूलाई पनि हामीसँगै लिएर जाने हुनुभएको थियो ।

हामी पाँच बजे दाजुका घरबाट हिँड्यौँ । जोगबनीबाट सात बजे रेलमा चढ्यौँ । भोलिपल्ट कलकत्ताको स्यालदह स्टेसनमा ओर्लियौँ । त्यहाँबाट हाम्रो डेरा नजिकै थियो । डेरामा पुगेर भात पकाएर खायौँ । मेरा दुलहाले त्यसै दिन काइँली र उनको छोरालाई बिजयबाडा टिबी अस्पताल पुऱ्याएर भाइसँग भेट गराउनुभएको थियो ।

स्यालदहबाट बिजयबाडासम्म पुग्न रेलमा एक घण्टा जान र एक घण्टा आउन लाग्थ्यो । मेरा दुलहाले उनीहरू कलकत्तामा बसुन्जेल दुई दिन बिराएर देवर भएका ठाउँमा भेट्न पठाइदिनुहुन्थ्यो । साथीका रूपमा कान्छा देवर मदनलाई पठाउने गरिएको थियो । त्यस बेला पनि कान्छा नानी पढ्न भनेर हामीसँगै बस्नुभएको थियो ।

मेरो त फुर्सत हुँदैनथ्यो । बिहानबेलुका सबैका लागि भाततिहुन गर्‍यो, धन्दा गर्‍यो, दिउँसो आफ्ना र नानीहरूका लुगाफाटा धोइपखाली गर्‍यो । मेरो दिन त भ्याइनभ्याइमै बितेको हुन्थ्यो ।

मेरी काइँली देउरानीलाई आफ्नै छोराको स्याहार चाकर गर्दा फुर्सत हुँदैनथ्यो । मेरी छोरी कल्पना उनको छोरो नवीनभन्दा सानी थिई । तर कल्पना रोई र मेरो हात खाली छैन भने पनि उनी त्यो छोरी फुल्याउन अघि सर्दिनथिन् । आफ्नै छोरो सुमसुम्याएर बसिरहन्थिन् । कल्पनालाई सेक्नलाई अँगेठीमा कोइला सल्काएर म आगो ठिक्क पार्थें । उनी छोरो लिएर सेक्न बस्थिन् । आआफ्नो प्रवृत्ति हो भन्ठान्थें । अरू के नै गर्न सक्थें र मैले ?

२०१९ साल माघ लाग्ने मसान्तको अघिल्लो दिन पाँच बजेदेखि मलाई सुत्केरी बेथा लाग्न थाल्यो । मेरा दुलहाले मलाई हतारहतार लेडी डफ्लेकन अस्पताल पुर्‍याउनुभएको थियो । मलाई भर्ना गरेपछि उनीहरूले भनेअनुसारका औषधी किनिदिएर उहाँ घर फर्किनुभएको थियो । त्यस अस्पतालमा बिरामीका आफन्तलाई बस्न पनि दिँदैनथ्यो । मेरो सानी सूतक भएर निकै अप्ठ्यारो भइसकेको देखेर मलाई स्लाइनपानी चढाइएको थियो । म जीवनमरणको लडाइँमा थिएँ । अस्पतालमा मेरा लागि घरका मानिस कोही थिएनन् । दुइटी बालख छोरीहरू घरमा छन् । मलाई केही भयो भने ? मलाई बेथाका साथै डर पनि लागिरहेको थियो । यसैबीच राति ११.०० बजे मेरी अर्की पनि छोरी जन्मिई । नर्सहरूले 'तेरो छोरी जन्मिई' भनेर देखाएका थिए । म त धेरै कमजोर भएकाले मलाई रगत र स्लाइन चढाएछन् ।

मलाई निद्रा लाग्ने सुईं दिएछन् कि के हो ? मलाई केही थाहा छैन । भोलिपल्ट बिहान मात्रै मेरो निद्रा खुल्यो । मलाई खूब भोक लागिरहेको थियो । सिस्टरहरूले मलाई दूध र पाउरोटी ल्याएर खान दिए । तर मैले खाइनँ । त्यस बेलासम्म मलाई अस्पतालको खानेकुरा खान घिन लाग्थ्यो । अर्को कुरा मलाई मेरा दुलहाले घरबाट मीठोमीठो खानेकुरा ल्याइदिनुहुन्छ भन्ने आशाले पनि म ढुक्क भएकी थिएँ । अझ अहिले त देउरानी पनि घरैमा भएकी हुनाले पनि मलाई घरबाट खाना आउँछ भन्ने नै पक्का थियो ।

मेरा पति एघार बजे आउनुभयो । 'तिमीले खाना खायौ ?' उहाँले रित्तै हात आएर मलाई सोध्नुभयो । उहाँ कलेजबाट सीधै आउनुभएको रहेछ । दुलहा आउलान्, खाना ल्याउलान् भनेर भोकले आलसतालस भएर बाटो हेरेर बसेकी मलाई दुलहाको प्रश्नले दुख्नसम्म चित्त दुख्यो । म त कुनै उत्तर नदिई रोइरहें । उहाँले कुरा बुझ्नुभएको थियो । मलाई थप कुनै प्रश्न नगरी उहाँ जुरुक्क उठेर जानुभयो र एकैछिनमा आउनुभयो ।

दूध, पाउरोटी र सन्देस भन्ने मिठाई लिएर आउनुभएको थियो । मैले उहाँले ल्याइदिनुभएको सबै खानेकुरा फटाफट खाएकी थिएँ । त्यति खानेकुरा खाएपछि मात्र म दुलहासँग बोल्न सकेकी थिएँ ।

'डाक्टर नवीनचन्द्र राई र म हिजो राति साँढे एघार बजेतिर आएका थियौँ । बच्चा जन्मिसकेको थियो । नर्सहरूले बच्चा अलि कमजोर छ, आमालाई ठीक छ भने अनि हामी फर्केका हौँ ।' मेरा दुलहाले सबै बेलीबिस्तार लाउनुभएको थियो । केहीबेर मसँग कुराकानी गरेर मेरा दुलहा फर्किनुभयो । कलेजो किनेर भुटेर त्यसैमा भात हालेर मज्जाले भुटेर ल्याइदिनुभएको थियो । मैले पनि अघाउँजी खाएँ । बल्ल पेट पनि भरिएजस्तो भएको थियो । भोलिपल्ट पनि त्यसै गरी मासुभात ल्याइदिनुभयो ।

त्यसै दिन डिस्चार्ज पनि गरिदिएको थियो । अनि हामी घर आएका थियौँ । २४ वर्षको उमेरमा म तीनओटी छोरीकी धनी भएँजस्तो लागेको थियो । जेठी छोरी इन्दिरा मात्रै दिसापिसाब आफैँ धोइपखाली गर्न सक्ने भएकी थिई । माइली छोरी कल्पना सोह्र महिनाकी मात्र भएकी थिई । अब काखमा पनि अर्की छोरी भई । त्यस बेला नानीहरूका लुगाफाटा धुँदा र खुवाउँदा, पियाउँदा म थाकेर चूरचूर हुन्थेँ । तीन दिनकी सुत्केरी म आफ्नो र नानीहरूको सबै स्याहारसुसार गर्दा लखतरान हुन्थेँ । देउरानी सधैँको जस्तो भाततिहुन पकाएर मलाई पनि परिवारका अरू सबैसरह खान दिन्थिन् । दिउँसो भोक लाग्दा म बिस्कुट पाउरोटी खान्थेँ । एघार दिनमा न्वारन भयो, 'तेरी यो छोरीको सिंह राशि भयो, यसको 'म' बाट नाउँ जुरेको छ ।' मेरा पतिले भन्नुभयो । त्यसै दिनदेखि नै पानी छोएर मैले आफैँ पकाएर खान थालेकी थिएँ ।

'न्वारनमा साथीहरूलाई बोलाऊँ ?' मेरा दुलहाले मलाई सोध्नुभएको थियो । 'गर्ने मान्छे पनि कोही छैन । १४ महिनाअघि मात्र कल्पनाको न्वारनमा त्यत्रा विधि मानिस बोलाएर खुवाएकै हो । तपाईंलाई कति हैरान हुन्छ । भैगो यसपालि कसैलाई पनि नबोलाउनु ।' मैले भनेकी थिएँ । उहाँले पनि 'हुन्छ' भन्नुभयो र हामीले कान्छी छोरीको न्वारनमा कसैलाई पनि खान बोलाएनौँ ।

# बगेको खोलो विराटनगरतिर फर्कियो

मेरा पतिले दुई विषयमा एम्.ए.,बि.टी.उत्तीर्ण गरिसक्नुभएको थियो । भरखरै एल्.एल्.बी.को परीक्षा पनि सकिएको थियो । अब काम खोज्नुपर्छ । 'नेपालमा गएर पनि के कस्तो काम पाइने हो । फेरि छोरीहरूको शिक्षादीक्षाका लागि पनि स्कुलहरूको के कस्तो व्यवस्था हुने हो । बरु अब यतै काम खोज्नुपर्छ ।' भन्ने मेरा पतिको विचार थियो ।

त्यसै बेला मेरा कान्छा दाजु राधाप्रसाद घिमिरे र मेरा मामाका छोरा शिवप्रसाद रिजाल कलकत्ता आउनुभएको थियो । शिवप्रसाद रिजाललाई हामी घरपरिवारकाले नानदाइ भन्थ्यौँ । विराटनगरमा नानदाइको पनि सामाजिक सेवाका क्षेत्रमा राम्रो नाउँ थियो । उहाँको स्वभाव पनि निकै नरम थियो ।

२०१९ सालतिर नै उहाँहरूसमेत भएर विराटनगरमा मोरङ कलेजको स्थापना गर्नुभएको रहेछ । उक्त कलेजमा विज्ञानतर्फको पढाइमा चाहिने प्रयोगशालाका लागि आवश्यक सरसामान खरिद गर्न भनेर उहाँहरू कलकत्ता आउनुभएको रहेछ । त्यस बेला मेरा कान्छा दाजु हामीलाई भेट्न आउनुभएको थियो । त्यतिखेर उहाँहरूलाई पनि हाम्रैमा खाना खाने प्रबन्ध हामीले मिलायौँ । मेरा दुलहाले पनि पढाइ सकेर अब यतै काम गर्ने सुरसारमा लागेको कुराकानी उहाँहरूबीच त्यस बेला चर्चा भएको थियो ।

'होइन, जुवाइँ साहेब ! तपाईंहरूजस्तो पढेलेखेको मानिसको उता नेपालमा धेरै खाँचो छ । तपाईं परिवार लिएर उतै जानुपर्छ । बरु ढिला नगरौँ । हामी सामान किन्दावर्दा अलि ढिलो हुन्छ, तपाईं हामीभन्दा पनि छिटो विराटनगर पुगिहाल्नुहोस् ।' मेरा कान्छा दाजुले मेरा दुलहासँग भन्नुभएको थियो ।

'कान्छी नानी, जुवाइँलाई तिमी पनि भन, डेरा नपाउन्जेल तिमीहरू मेरै घरमा बस्नू ।' मेरा कान्छा दाजुले मलाई पनि बुझाएर भन्नुभएको थियो ।

त्यसपछि खानपिन गरेर दाजुहरू बिदा हुनुभयो । दाजुहरू बिदा भएपछि 'के गर्ने त ?' भन्ने विषयमा हामी दुई जोईपोइबीच सल्लाह भएको थियो । यता काम छैन, खोज्नुपर्छ । जेसुकै भए पनि र जस्तोसुकै भए पनि यो भनेको त परदेश नै हो । अब आफ्नै दाजुले 'नेपालमा काम छ, गर्न आउनू' भनेपछि उतै गएर विचार गरी हेरौँ न के कस्तो हुँदो रहेछ । भएन भने फेरि यतै पनि आउन सकिहालिन्छ भन्ने पनि कुरा हामीबीच भयो । त्यसपछि हाम्रो कलकत्ताको बसाइ विराटनगरतिर सार्ने निर्णय हामीबीच भएको थियो ।

म कलकत्ताबाट हिँड्ने दिन १८ दिनकी सुत्केरी थिएँ । इन्दिरा पाँच वर्षकी, कल्पना सोह्र महिनाकी र अल्पना सोह्र दिनकी लिएर हामी जोगबनी हुँदै विराटनगर पुगेका थियौँ । म भरखरकी सुत्केरी बालबच्चाका साथमा थाकेर भुतुक्क भएको अवस्थामा कान्छा दाजुका घरमा हामी पुगेका थियौँ । त्यस बेला भाउजूले हामीलाई साह्रै राम्रो गर्नुभयो । मीठोमीठो खान दिएर, नानीलाई तेल लगाइदिएर मेरो खूब सेवा गर्नुभएको थियो ।

# डेरामा बस्दाका दिनहरू

त्यस बेला हामी बाह्र दिनसम्म दाजुको घरमा बसेका थियौँ । दाजु कलकत्ताबाट फर्कनुभएपछि भाउजू र म भएर डेरा खोज्न थाल्यौँ । गोश्वारामा नै अहिलेको वीरेन्द्र सभागृहको पश्चिमतिरको गल्लीस्थित कुलप्रसाद विचारी सुवेदीको घरमा महिनामा चालिस रुपियाँ भाडादरका दुइटा कोठा पाइएको थियो । कान्छा दाजुको घर पनि गोश्वारा तीनपैनीमा नै थियो ।

हामी सुवेदीका घरमा सऱ्यौँ । सुवेदीका घरमा बसेपछि पनि भाउजूले हाम्रो हेरविचार गरिरहनुभयो । शनिबारे हाटबाट हप्तैहप्ता उहाँको घरमा काम गर्ने केटालाई मेरी भाउजूले मेरा लागि पनि सब्जी किन्नका लागि पठाइदिनुहुन्थ्यो । त्यही केटाले हाम्रा घरका लागि चाहिने दाल, चामल पनि किनेर ल्याइदिन्थ्यो । म किनमेल गर्न जान सक्दिनथेँ । तीन जना नानीहरूको स्याहारसुसार, घरपरिवारको खानापिनाको बन्दोबस्त, लुगाफाटा धोइपखालीले मलाई भ्याइनभ्याई हुन्थ्यो ।

मेरा दुलहाले बिहान छ बजेको पहिलो घण्टीको कक्षा भ्याउन पाञ्चालीस्थित महेन्द्र मोरङ कलेजसम्म हिँडेर पुग्नका लागि तीनपैनीस्थित त्यस डेराबाट सवा पाँच बजे नै हिँड्नुपर्थ्यो । त्यसका लागि उहाँ पाँच बजे उठ्नुहुन्थ्यो । म बेलुकी नै दाउराको चोइटाको बन्दोबस्त गरेर राख्थेँ र उहाँका लागि फिक्का चिया पकाइदिन्थेँ । उहाँले त पर्दैन भन्नुहुन्थ्यो । तर मेरो मनले मान्दैनथ्यो ।

मेरा दुलहाले महिनामा तीन सय रुपियाँ तलब पाउने गरी महेन्द्र मोरङ कलेजमा पढाउन थाल्नुभएको थियो । त्यस बेला एक जना देवर र एउटी नन्दसमेत गरेर त्यहाँ हामी सात जनाको परिवार थियौँ । त्यस बेला अठार रुपियाँमा एक मन बासमती चामल पाइन्थ्यो तर पनि हामी अलि सस्तो चामल नै खान्थ्यौँ । दुई आना लिटर दूध, दुई आना किलो चिनी, चार आना किलो रहरदाल, एक आना किलो मुसुरी दाल, चार आना किलो तोरीको तेल पाइन्थ्यो । खसीको मासु दुई रुपियाँ किलो थियो । हामी हप्तामा दुई पटकजसो मासु खान्थ्यौँ । भाउजूको काम गर्ने केटालाई एक हप्ताका लागि दुई रुपियाँ दिएर तरकारी किन्न पठाउँदा एक झोला ल्याइदिन्थ्यो । तर पनि कलकत्तामा जस्तो खुकुलो गरेर मीठोमीठो खान भने विराटनगरमा हामीलाई गाह्रो थियो । किनभने कलकत्तामा मेरा पतिको आमदानी भइरहन्थ्यो । यहाँ महिना मरेपछि मात्र पैसा आउने र तीन सय रुपियाँले सबै खर्च महिनाभरि नै पुऱ्याउनुपर्ने थियो । मेरा छोरीहरू त्यतिसारो बिरामी पर्दैनथे त्यसैले पनि खर्चमा बचत थियो ।

सुवेदीको घरका कोठाहरू साह्रै सानासाना थिए । हिउँदभन्दा पनि वर्षायाममा सुवेदीका घरको कष्ट बयान गर्न नसकिने खालको थियो । त्यस घरको चर्पीसम्म पुग्ने बाटोमा वर्षाको पानीले डुबान हुन्थ्यो । चर्पी जाँदा पौडी खेल्दै जस्तै जानुपर्थ्यो । त्यस पानीमा पनि चर्पीका दिसापिसाब जतातते तैरिरहेको हुन्थ्यो । नर्ककुण्ड भनेको यस्तै हुन्छ होला जस्तो हुन्थ्यो, हामीलाई । यी यावत् कुराले गर्दा हामीलाई त्यस डेराबाट मुक्ति चाहिएको थियो ।

बिचारीको घरभन्दा अलि गतिलो र सस्तो पनि घर पाएदेखि हामीलाई राहत र केही बचत हुने थियो भन्ने हामीलाई लागेको थियो । त्यसैले हामी घर खोज्न थाल्यौँ ।

कोसी अञ्चल अस्पतालकै छेउको गणेशथानका बाजेको घरमा हामीले तीस रुपियाँमा दुइटा कोठा पायौँ । महिनाको दस रुपियाँ भए

पनि सस्तो भयो भनेर हामी सुवेदीका घरबाट आचार्यका घरमा सऱ्यौँ । आचार्यको घर पनि अहिलेको वीरेन्द्र सभागृहकै पूर्वपट्टि थियो । घर त सऱ्यौँ तर नयाँ घर रहेछ । चिसो यति कि बयान गरी साध्य नै थिएन । तीन-तीन ओटा डसना ओछ्याउँदा पनि माथिसम्म चिसो आउँथ्यो ।

त्यस घरको हाम्रो कोठाको पछिल्तिर एउटा ओछ्यानबराबरको खाली जग्गा थियो । त्यो खाली जमिन देखेपछि मलाई त्यसमा साग छरेर खान मन लाग्यो । मैले घरबेटीसँग अनुमति मागेँ । तर उनीहरूले हुँदैन, हामीलाई नै चाहिन्छ भने ।

तर त्यसको दुई-चार दिनपछि फेरि उनीहरूले नै बारीपट्टिकै अलिकति जमिन दिए । अनि मैले पनि त्यसमा मूला र रायोको बीउ किनेर छरेँ । यो २०२० साल भदौ अन्तिमतिरको कुरा थियो । साग बाक्लै उम्रियो । अनि त्यही टिप्दै हामीले खान थाल्यौँ । तरकारीको हाम्रो सानोतिनो समस्या पनि त्यस सानो बारीले समाधान गरेको थियो ।

त्यस बेला तीन महिनादेखि मलाई एकनास खोकी लागिरहेको थियो । एक साँझको खानामा मैले पनि डराउँदै भए पनि त्यही साग र भात मज्जाले खाएँ । तर अचम्म मलाई भोलिपल्टदेखि खोकी लाग्न छोड्यो ।

त्यस घरमा हामीले त्यसै वर्षको दसैँतिहार मनायौँ । लगभग तीन महिना हामी त्यस घरमा बस्यौँ ।

त्यस बेलाको विराटनगरमा चर्पीको हिसाब बेग्लै थियो । चर्पीमा दिसापिसाब टिनको भाँडामा थापिन्थ्यो । त्यसरी थापेको टिन भरिएपछि त्यसलाई एक जना मानिसले बोकेर कतै टाढा लगेर दिसा फालेर टिन फिर्ता ल्याउँथे । त्यस्तो काम गर्ने मानिसलाई मेहत्तर भनिन्थ्यो । त्यस्तो काम गर्नेलाई भाँडो फालेअनुरूपको पैसा दिइन्थ्यो । मेहत्तरलाई दिने पैसा भाडावालहरूसँग उठाइन्थ्यो । त्यसैले हाम्रा

घरमा पाहुना आउनासाथ घरबेटीले चर्पीका लागि भनेर थप पैसा माग्थे । त्यसरी पैसा मागिरहने र घर पनि निकै नै चिसो भएका कारण हामीले त्यस घरबाट पनि सर्ने निर्णय गरेका थियौँ ।

हामी त्यसै घरमा बसेका बेला मेरी जन्तरी नन्द पनि हामीसँग बस्न आउनुभएको थियो । खासमा उहाँलाई पनि टिबी रोग लागेको थियो । एक महिना हामीसँग बसेर उपचार गराएर उहाँ फर्किनुभएको थियो । त्यसको एक वर्षमा नै उहाँको स्वर्गवास भएको थियो ।

कलेज पनि नजिक र अहिलेको भन्दा पनि सस्तो र सुविधा भएको घरको खोजीमा मेरा पति लाग्नुभएको थियो । मेरा पतिले पढाउने मोरङ कलेज पाञ्चालीमा थियो । कलेजमा पढाउने क्रममा नै अग्निप्रसाद रिजालसँग मेरा पतिको मित्रता भएको थियो । अग्निप्रसाद रिजालसँग पछि हाम्रो पारिवारिक सम्बन्ध निकै प्रगाढ भयो । म रिजालकी भान्जी भएको थाहा पाएपछि उहाँले मलाई बहिनी नै बनाउनुभयो । मेरा चार भाइ दाजुहरूमा उहाँ पनि थपिएर पाँच भाइ भएको मलाई उहाँले गर्नुहुने व्यवहारद्वारा अनुभव भएको थियो ।

त्यस बेला अग्निप्रसाद दाजु र मेरा दुलहा भएर तिनटोलियामा हाम्रा लागि घरको बन्दोबस्त गर्नुभएको थियो । विराटनगरको ट्राफिक चोकबाट पैदल पन्ध्र मिनेटमा पुग्न सकिने र त्यस घरबाट पनि मोरङ कलेज पुग्न पन्ध्र मिनेट लाग्ने भएकाले उक्त घर हाम्रो पायक पर्ने किसिमको ठहर हामीले गरेका थियौँ । करिब तीन कट्ठा जग्गा चर्चेको, त्यस घरको छाना खपडा(टायल) को थियो । त्यस घरमा दुइटा कोठा थिए । कोठाको ढोका पूर्वतिरबाट थियो । घरको पश्चिमतर्फ सडक थियो । पूर्वतिर नै अलि पर्तिर खरको छाना भएको टाटीले घेरेको कच्ची भान्साघर थियो । पश्चिमतिर नै पानी खाने चापाकल थियो । भान्साघरको पछाडिपट्टि बारी थियो । बारीकै एकाछेउमा कच्ची चर्पी थियो । यस घरको भाडा मासिक बीस रुपियाँ थियो ।

हामी त्यस घरमा सरेका थियौँ । त्यहाँ आएपछि भने हामीलाई निकै सहज भएको थियो । घरबेटीसँग बस्नुनपर्ने भएकाले उक्त घरमा बस्दा हामीलाई स्वतन्त्रताको अनुभव भएको थियो । आफ्नै घरजस्तो लाग्ने त्यस घरसँग गाँसिएको बारीमा हामीले मनग्गे तरकारी रोपेका थियौँ । आफूहरूले खाएर पनि खाइनसक्ने गरी फलेका तरकारीहरू टोलछिमेकमा समेत हामीले बाँड्ने गर्थ्यौं ।

त्यस घरमा सरेपछि नै इन्दिरालाई पनि नजिकैको प्राथमिक पाठशालामा भर्ना गरिदियौँ । कान्छा देवर मदन सरस्वती हाइस्कुलमा दस कक्षामा पढ्न थाल्नुभएको थियो । त्यसै बेलादेखि उहाँले आफ्नो नाउँ मेदिनी राख्नुभएको थियो । मेरी खन्तरी नन्दको पनि बालिका विद्यालयमा दस कक्षामा नै नाउँ लेखाइदिएको थियो । तर नन्दले चाहिँ पढाइमा मन नलगाएपछि दुई वर्षपछि उनलाई पिताकै समीपमा फिर्ता पठाइदिएका थियौँ । जसले गर्दा उनको पढाइ पनि अघि बढेन । हाम्रा घरबाट गएपछि मेरा ससुराले नै ढकाल कुटुम्ब खोजेर उनको बिहे गरिदिनुभएको थियो ।

# कोसी अञ्चल अस्पतालमा पहिलो पटक भर्ना हुँदा

नयाँ घर भनेजस्तै थियो । त्यस घरमा स्वतन्त्र रूपले कसैको कचकच नसुनी बस्न पाइन्थ्यो । मेरा दुलहालाई कलेज जान पनि सजिलो थियो । तर म भने अलिअलि गर्दै बिरामी पर्न थालेँ । हुँदाहुँदै म त निकै नै बिरामी परेँ ।

त्यस बखत मलाई पेट दुख्ने बिरामीले समात्यो । पेट दुखेपछि मेरो पेटमा गोलाजस्तो उठ्थ्यो । छरछिमेकका सल्लाहमा पेटमा तेलले मालिस गर्नुपर्छ भन्ने भयो । तेल मालिस गर्ने आइमाईले 'यो त गानो हो, मसार्नुपर्छ, ठीक भइहाल्छ' भनिन् । पेटको बीचभागमा एउटा गोलाजस्तो हुन्थ्यो र त्यो घरी यता घरी उता चल्थ्यो । गर्भमा भएको बच्चा चलमलाएजसरी त्यो गोला चल्थ्यो । तेल मसार्नेले मसारुन्जेल सन्चोजस्तो पनि भयो । तर लगत्तैजसो पेट फुल्न थाल्यो । फुल्दाफुल्दै पेट त दमाहाजस्तो भयो । अनि म चटपटाउन पनि नसक्ने भएँ । मलाई सास फेर्न पनि गाह्रो भयो । त्यसपछि मेरा पतिले मलाई विराटनगर अस्पताल लैजाने हुनुभयो । जसअनुसार मेरा लागि त्यस बेलाको सवारी साधन बैलगाडाको बन्दोबस्त भयो । अनि मलाई म सुतेको डसनामै उचालेर बैलगाडामा चढाएर (सुताएर) कोसी अञ्चल अस्पताल पुऱ्याइयो । मलाई अस्पतालमै भर्ना गरेर उपचार थालियो । त्यस बेला मेरो

उपचारमा डा. शान्ति बनर्जी, डा. भरतलाल वैद्य र डा. अवधनारायण संलग्न हुनुहुन्थ्यो ।

अस्पतालमा भर्ना गराएपछि एक हप्तासम्म मलाई चौबीसै घण्टा स्लाइन चढाइयो । त्यस बेला एक पटक मेरो पेट सफा गर्न खोज्दा मलाई यति जोडले दिसा लाग्यो कि घैलाका घैला पानी पोखिएजस्तै भएर मलाई पखाला चलेको थियो । त्यस बखत मेरी खन्तरी नन्द दमयन्तीले मेरो निकै सेवा गरेकी छन् । त्यस बेला अस्पतालका डाक्टरहरू मेरा कान्छा दाजुका साथीहरू भएका कारण पनि मेरो राम्ररी हेरविचार भएको थियो । त्यस पटक सोह्र दिनसम्म अस्पतालमा राखेर मलाई घर पठाइएको थियो ।

म अस्पतालबाट घर त आएँ तर मलाई पूरै निको भएको थिएन । म निकै कमजोर भएकी थिएँ । घरमा आएपछि पनि कामधन्दा गर्न सक्तिनथेँ । बाहिरभित्र गर्ने र यसो अह्राउन मात्र सक्थेँ ।

मेरा पति हरेक वर्षको गर्मी बिदामा कलकत्ता जानुहुन्थ्यो । त्यस बेला पनि उहाँको कलेज बिदा भएका कारण कलकत्ता जाने हुनुभयो । मेरा पतिको कलेजको तलब तीन सयबाहेक हाम्रो सुनसरी जिल्लाको इटहरीस्थित पसुखीको पुर्ख्यौली खेतीबाट पच्चीस मन जति धान आउँथ्यो ।

त्यस खेतको पनि कथा नै छ । त्यो खेत २०१६ सालमा नै अंशबन्डामा मेरी सासूपट्टिका चार भाइ छोराको भागमा परेको थियो । मेरी सासू २०११ सालमै स्वर्गे भइसक्नुभएको थियो । त्यस बेला मेरा ससुराले टुहुरा छोराहरूलाई अंशबन्डामा कमसल खालको रूखो खेत दिएर टार्ने काम गर्नुभएको थियो । मेरा पति जेठाबाठा भनाउने नै पितृभक्त हुनुहुन्थ्यो । आफ्ना पितासँग सकेसम्म कुनै पनि कुरामा प्रतिकार नगर्ने स्वभाव उहाँको थियो । त्यही स्वभावको फाइदा उठाउने काम मेरा ससुराले गर्नुभएको थियो । रूखो, पानी नलाग्ने खेत भागबन्डामा पारेर स्वास्नी मरिसकेका छोराहरू पन्छाउने काम

उहाँले गर्नुभएको थियो । खासमा त्यस बेला पूर्वपश्चिम राजमार्गको कसैले कल्पना नै गरेको थिएन । दैवसंयोग भनौँ अथवा भाग्योदय भनौँ पछि त्यही खेतलाई छोएर महेन्द्र राजमार्ग खुल्यो । केही न केहीको जमिन भनेर मरिसकेकी स्वास्नीका छोराहरूलाई दिइएको जमिनमा राजमार्ग जोडिँदा त्यही जमिन मूल्यवान् भएको थियो । पैसाका आँखा राता भनेझैँ मेरा ससुरालाई पनि अब त्यस जमिनप्रति लोभ जागेको थियो । त्यसपछि मेरा सबैभन्दा कान्छी सासूका जेठा छोरा चन्द्रप्रसादको सक्रियतामा त्यस खेतमाथि पनि मेरा ससुराले नै कब्जा गर्नुभएको थियो । 'म मेरा बाउलाई सम्पत्तिका लागि अदालतको ढोकामा घिसार्दिनँ ।' मेरा पतिले आफ्नो जीवनकालभरि अडान नै लिनुभएका कारण मेरा देवरहरूले पनि मेरा ससुराले कब्जा गरेको जग्गामाथि केही गरेनन् । तर मेरा पतिको असामयिक स्वर्गारोहणपछि भने मेरा देवरका छोरा र देवरले ससुरालाई मुद्दा हाले । मैले पनि उनीहरूकै पछि लाग्नै पऱ्यो । अन्ततः हामीले मुद्दा जित्यौँ र उक्त सम्पत्तिमाथि हाम्रो अधिकार भयो । हामी चार भाइमध्येका एक जना अन्तरे देवर देवीप्रसादका सन्तान छैनन् । उहाँ पढेनलेखेका सीधासाधा पनि र अलि गोज्याङ्ग्रो अनि एकोहोरो स्वभावका पनि हुनुहुन्छ । मुद्दा जितेपछि उहाँ पनि करोडौँ मूल्यका जमिनका मालिक हुनुभएको छ । अहिले मेरा ती अन्तरे देवरलाई मेरा चन्द्र देवरले आफ्नो संरक्षणमा राख्नुभएको छ । मेरा अन्तरे देवर जमिनमाथिको हक नपाउन्जेल र मुद्दा परुन्जेल पनि मेरा पतिको र मेरो समेत छत्रछायाँमा बस्नुहुन्थ्यो । मेरा पतिको स्वर्गारोहणपछि पनि उहाँ मेरा घरमा आउँदा दुक्ख पाएका देवर भनेर मैले सकेसम्म राम्रै व्यवहार गरेकी थिएँ । त्यस बेला उहाँ पाञ्चालीको हाम्रो घरमा महिनौँदिन पनि बस्नुहुन्थ्यो । तर उहाँ करोडपति भएपछि भने मैले उहाँलाई भेटेको छैन ।

हामी तिनटोलियामा बसेका बेला हामीलाई सात जनाको परिवार पाल्न निकै कठिन थियो । पच्चीस मन खेतबाट आउने धानमध्ये पन्ध्र

मनजति धान ल्याएर मिलमा कुटाएर चामल ल्याउने गरेका थियौँ । यस कामका लागि मेरा कान्छा देवरलाई जिम्मा लगाइएको थियो । त्यस बेला हामीले दुक्खसुख गरेर गृहस्थी चलाउने गर्थ्यौं । त्यस बेलासम्म मेरा पतिले सरस्वती हाइस्कुलमा पनि पढाउन थाल्नुभएको थियो । कलेज र स्कुलको गर्मीको बिदा एकै समयमा हुन्थ्यो । घरको आर्थिक गर्जो टार्न पनि मद्दत हुन्छ भनेर उहाँ गर्मी बिदामा कलकत्ता जानुहुन्थ्यो ।

कलकत्तामा मेरा पतिले भारत दार्जिलिङ जिल्लाका प्रवेशिका परीक्षा (एस्.एल्. सी) का विद्यार्थीका कापी जाँच्ने काम गर्नुहुन्थ्यो । अन्दाजी एक हजार कापी जाँच्दा दुई हजारजति रुपियाँ कमाउनुहुन्थ्यो । अनि कलकत्ताको नेपाली समुदायमा उहाँको जजमानी पेसा पनि राम्रै चलेको थियो । चिना, टिप्पन र पूजापाठबाट पनि उहाँको राम्रै आम्दानी हुन्थ्यो । त्यसैले उहाँ प्रत्येक वर्षको गर्मी बिदाको सदुपयोगका लागि कलकत्ता जानुहुन्थ्यो ।

त्यस वर्ष अर्थात् २०२१ सालमा पनि उहाँ मलाई अस्पतालबाट घरमा ल्याएको केही दिनमै कलकत्ता जानुभयो । त्यस बेला कलकत्तामा डा. नवीनचन्द्र राईलगायत उहाँका केही साथीहरू डाक्टरी पढिरहेका थिए । उनीहरूसँगको भेटघाटका क्रममा म बिरामी परेको र विराटनगरको औषधीमूलोले म राम्रोसँग निको नभएको कुरा पनि मेरा दुलहाले साथीहरूलाई सुनाउनुभएको रहेछ । मेरा पतिको कुरा सुनेपछि उहाँका साथीहरूले अत्यन्तै सहृदयतापूर्वक मलाई तुरुन्तै कलकत्तामै ल्याएर उपचार गर्नुपर्ने सल्लाह दिएका रहेछन् । जसअनुरूप मेरा पतिले पनि मलाई कलकत्तामै लगेर उपचार गर्ने निर्णय गर्नुभएको रहेछ ।

यसै सन्दर्भमा मेरा पतिले मेरा देवर मेदिनीका नाउँमा त्यस बेलाको सञ्चारको माध्यम आकाशवाणी पठाउनुभएको रहेछ । 'भाउजूलाई तयार भएर बस्न भन्नू, म उसलाई औषधी गराउन कलकत्ताका लागि लिन आउँदै छु ।' यो खबर पाएपछि म पनि आफ्ना लुगाफाटाहरू ठीकठाक पार्न थालेँ ।

# खोलो फेरि कलकत्तातिर फर्कियो

मेरा पतिले मेरा देवरलाई आकाशवाणीमा भनेजस्तै उहाँ कलकत्ताबाट मलाई लिन भनेर आउनुभयो । र तुरुन्तै मलाई लिएर कलकत्ता फर्कनुभयो । त्यस बेला कलकत्ता पुग्नका लागि विराटनगरदेखि जोगबनी र त्यहाँदेखि छोटीलाइनको रेलमा चढेर कटिहारसम्म, कटिहारबाट बरोनी जक्सनसम्म बढीलाइनको रेलमा र बरोनी जक्सनबाट पानीजहाजमा यात्रा गर्नुपर्थ्यो । यसरी धेरै ठाउँमा रेल फेर्नुपर्ने भएकाले र म निकै कमजोर भएकाले मलाई यात्रा गर्न निकै गाह्रो भएको थियो । तर मेरा पतिले मलाई हातमा समातेर निकै जतन गरेर कलकत्ता पुऱ्याउनुभएको थियो ।

कलकत्ता पुगेर हामी पहिले तीन वर्षसम्म बसेको हाम्रो पुरानो डेरा श्यालदहको अखिल मिस्त्रीलेनको ९९ बीको कोठामा नै बस्न गयौँ । त्यस बेला त्यहाँ मेरा पतिका साथीहरू बलबहादुर देवान र मदन शर्मा बसेका थिए ।

दुई रात त्यसै डेरामा हामी बस्यौँ । त्यसपछि मेरा पतिले डा. गोकुलसँग मलाई जँचाउनुभयो । डा. गोकुलले मेरो जाँच डा. मणिकुमार क्षेत्रीसँग गराउनका लागि सिफारिस गरे । डा. क्षेत्री पी. जी. अस्पतालमा कार्यरत थिए । उनले मेरो जाँच गरेपछि मलाई अस्पतालमा नै भर्ना गर्नुपर्ने सल्लाह दिए ।

त्यसैले मलाई पी. जी. अस्पतालमा भर्ना गरियो ।

म अस्पतालमा त भर्ना भएकी थिएँ । तर त्यहाँको खानापिना मेरा लागि सबैभन्दा ठूलो समस्या भएको थियो । म रूढिवादी ब्राह्मण परिवारकी छोरीबुहारी थिएँ । त्यस बेलासम्म बाहुनबाहेक कसैले छोएको भात मैले कहिल्यै खाएकी थिइनँ । तीन छोरी जन्माउन अस्पतालमा भर्ना भए पनि अस्पतालको खानेकुरा मैले खाएकी थिइनँ । त्यस बेला मलाई घरैबाट मेरा दुलहाले खाना ल्याएर खुवाउनुभएको थियो । विराटनगरमा सोह्र दिनसम्म अस्पतालमा बस्दा पनि मलाई घरैबाट जाउलोभात पकाएर ल्याइदिन्थे ।

मलाई अस्पतालमा भर्ना गराएपछि मेरा पति आफ्नो बाँकीबक्यौता काम सक्न लाग्नुभएको थियो । निश्चित अवधिमा कलकत्ताको काम सकेर कलेज खुल्नासाथ पढाउनका लागि उहाँले विराटनगर पुग्नै पर्थ्यो । त्यसैले मेरा लागि उहाँले खाना ल्याउने कुरा पनि सम्भवै थिएन । अर्को कुरा त्यस बेला उहाँ आफैँ साथीहरूको डेरामा पाहुनाका रूपमा बस्नुभएको थियो । फेरि मलाई अस्पतालमा कतिन्जेल राख्ने भन्ने कुराको पनि टुङ्गो थिएन । जागिर खान र छोरीहरूको हेरविचार गर्न उहाँले छिट्टै विराटनगर फर्कनै पर्ने थियो । मेरा पति कलकत्तामा बसुन्जेल दैनिक एक पटक मलाई भेट्न भने अस्पतालमा आउनुहुन्थ्यो । त्यसरी आउँदा उहाँ मेरा लागि केक, पाउरोटी, बिस्कुट, फलफूल ल्याउने गर्नुहुन्थ्यो । त्यसैले अस्पताल भर्ना भएको पहिलो हप्ता मेरा लागि खानाको ठूलो समस्या पनि भएन । तर जब मेरा पति मलाई अस्पतालमै छोडेर विराटनगर फर्कनुभयो अनि मेरो खानाको समस्या पनि बढ्यो । अस्पतालले बिहान र दिउँसो दिने नास्ता खाजाका रूपमा पाउरोटी, बिस्कुट, दूध वा चिया, फलफूलचाहिँ मैले खान थालेकी थिएँ । तर बिहानबेलुकी खान दिने भात, दाल, तरकारीहरू भने मैले छुँदै छोएकी थिइनँ ।

पन्ध्र दिनमा मेरा पति मलाई भेट्न भनेर विराटनगरबाट आउनुभयो । त्यस बेलासम्म मैले अस्पतालको भात खाएकै थिइनँ ।

मलाई जाँच्न आउने डा. मणिकुमार क्षेत्रीले सोध्ने गर्थे, 'बजू ! खाना खानुभयो ?' म जबाफ दिन्थैँ, 'खाएँ' ।

तर डाक्टरले मैले बिहानबेलुकी भात नखाएको कुरा जानकारी राखेका रहेछन् । त्यसैले उनले मेरा पतिलाई भेट्नासाथ भनेछन्, 'बजूले भात खाँदिरैनछिन्, भातै नखाएपछि कसरी औषधी गर्ने ? बजूले अस्पतालको खाना नखाने हो भने यहाँ राखेर उपचार गराउनुभन्दा तपाईं उनलाई फिर्तै लैजानुस् बाजे ।'

डाक्टर क्षेत्रीका कुरा सुनेर मेरा पतिले मलाई निकै कड्केर भन्नुभयो, 'के बिमारी निको पार्ने विचार छैन ? भातै नखाएपछि औषधीले के काम गर्छ र ? निको हुने हो भने कि त भात खानुपऱ्यो होइन भने डाक्टरले घरै लैजानु भनेको छ । के गर्ने ?'

मेरा पतिका कुरा सुनेर मेरो आस्था र धर्म नै डगमगाउने भयो भन्ने पीरले म निकै रन्थनिएँ । बाल्यकालदेखि 'बाहुनले तल्लो जातले छोएको खायो भने जात जान्छ' भनेको सुनी आएकी मलाई अब मैले अस्पतालमा सर्वत्र जसतसले छोएको भात खानुपर्ने भयो भन्ने निकै पीर पऱ्यो । नखाऊँ भने डाक्टरले अस्पतालमै नराख्ने भनेको सुनेपछि म बडो सङ्कटमा परेँ । मेरा तीन ओटी बालख छोरीहरूका लागि पनि मैले बाँच्नुपरेको थियो । अस्पतालमा भात नखाए डाक्टरले औषधी नगर्ने, औषधी नगरे म मर्छु र म मरेँ भने मेरा छोरीहरूले दुक्ख पाउँछन् भन्ने पनि मैले गमेँ । मेरा मनमा यस्ता कुराहरू आएकाले मेरा आँखाबाट बरबरी आँसु खस्यो । मलाई साह्रै चित्त दुख्यो । धेरै दिनसम्म बिरामी परेकाले र पटक्कै खान मन नलाग्ने समेत भएकाले म त्यस बेला धेरै कमजोर पनि भएकी थिएँ ।

मेरो उपचारको सुरुवातमै डा. गोकुलले मलाई उनको क्लिनिकमा जाँचेका थिए । उनले मेरो शरीरका विविध भागको एघार ओटा एक्स रे गरेका थिए । मलाई रक्तअल्पता (एनिमिया) भएको हो भन्ने

उनको ठहर थियो । एनिमियाका कारण मेरो पेटको रगतको नसामा हावा भरिएकाले वायुको गोलाजस्तो भएको रहेछ । त्यसलाई अनपढ सुसारेहरूले गानोको गोला भनेर तेल लगाएर खूब मालिस गर्दिनाले सो रोग झनै बढेको रहेछ ।

यस रोगका बिरामीका लागि समयतालिकाअनुसारको खानाको ज्यादै महत्त्व हुने रहेछ । त्यसैले डा. मणिकुमारले मेरो खानपिनका बारेमा चासो राखेका रहेछन् ।

यी सबै पृष्ठभूमिमा मैले बाँच्ने नै निर्णय गरेँ । अर्थात् छोरीहरूका लागि मैले अस्पतालका सबै खानेकुरा खाने निर्णय गरेकी थिएँ ।

बुटजुत्ता लगाएको मानिसले ट्रलीमा (गुडाउने ठेलागाडीमा) हालेर भातदाल तरकारी ल्याउँथे । बिहान ६ बजे नै रातो चिया ल्याइन्थ्यो । हरेक बिरामीको टेबलमा चिनीको बट्टा र चम्चा हुन्थ्यो । सबैले आआफ्नो इच्छाअनुसार चिनी हालेर चिया खान्थ्यौँ । अनि साढे आठ बजे ब्रेकफास्टको व्यवस्था हुन्थ्यो । ब्रेकफास्टमा एउटा अन्डा, दुई स्लाइस मक्खन दलेको पाउरोटी, एउटा सन्देस मिठाई, एक कोसा जहाजी केरा अनि एक पाउजति दूध दिन्थे । मैले अस्पतालको भात खान सुरु गर्नुअघि ब्रेकफास्टमा दिइने अन्डाबाहेक सबैथोक खान थालेकी थिएँ । तर जब भात खान थालेँ, त्यसपछि भने मैले अन्डा पनि खाइदिएँ । प्रारम्भिक दिनहरूमा मलाई केही पनि खान इच्छा लाग्दैनथ्यो । म बाध्यताजस्तै खाइदिन्थेँ । खानुपर्छ भनेर मात्र खान्थेँ म । त्यसरी मन नलगाएर खाँदा आधा खानेकुरा खाएर आधा खानेकुरा फालिन्थ्यो । तर औषधीको प्रभाव बढ्दै गएपछि मलाई खानमा पनि रुचि हुन थाल्यो ।

सुरुसुरुमा म भातको थालबाट पनि बीचबीचबाट मात्र माथिमाथिका भातका सिता मात्र औँलाले चेपेर खान्थेँ । 'थाल कसले र कसरी माझेको होला ? भाँडोमा जुठै थियो कि ? डाडुपुन्यूँ पनि

कस्तो थियो होला ?' आदि इत्यादि चोखोनितोको कुरा मेरा मनमा खेल्थ्यो । दालभात देख्दा दिगमिग दिगमिग लाग्थ्यो । म बसेको त्यो हलमा झन्डै साठीसत्तरी ओटा बेड भएकाले निकै ठूलो थियो । त्यहाँका सबै बिरामीका लागि ट्रलीमा स्टिलका थालमा हालेर खाना ल्याइन्थ्यो । ती बुटजुत्ताधारी खाना ल्याउने लोग्नेमानिसहरूलाई देखेर पनि मलाई निकै दिगमिग लाग्थ्यो । 'यो भात कसरी खाने होला ?' जस्तो लाग्थ्यो ।

औषधीको प्रभावले अथवा धेरै दिनदेखि राम्ररी खानपिन नगरेकाले हो, अब बिस्तारै मेरो भोक जाग्न थालेको थियो । खाँदै जाँदा मलाई खाना मीठो पनि लाग्न थालेको थियो । त्यसैले पन्ध्र दिनपछिदेखि चाहिँ म आँखा चिम्लेर खान थालेँ । एक महिनादेखि त मीठो मानेरै खान थालेँ । बिहानको ११ बजे सबै बिरामीको आफूसँगै भएका फलफूल खाने समय हुन्थ्यो । दिउँसो साँढे बाह्र बजे लन्चको समय हुन्थ्यो । दिउँसोको खानामा प्रायजसो माछाको अलिअलि रसवाला तरकारीका साथमा रहर र मुग मिसाएको दाल हुन्थ्यो । सब्जीमा लौका वा घिरौँलाको वा कुनै हरियो तरकारी हुन्थ्यो । थालमा एउटा सानो कागतीको टुक्रा पनि हुन्थ्यो ।

दिउँसो तीन बजे एक कप चिया र दुइटा ब्रिटानिया बिस्कुट दिइन्थ्यो । ४ बजेपछि बिरामीका आफन्तहरू भेटघाट गर्न आउँथे । त्यसरी आउनेले पनि केही न केही खानेकुराहरू लिएरै आउँथे ।

बेलुकीको ६ बजे रातिको खाना खानुपर्थ्यो । बेलुकाको खानामा सधैँजसो खसीको मासु हुन्थ्यो । बिहीबारको दिन त्यहाँ खसी नकाट्ने प्रचलन रहेछ । त्यसैले त्यस दिन कुखुराको मासु र कहिलेकाहीँ कुखुराको अन्डाको तरकारी खान दिइन्थ्यो । म सुरुसुरुमा बिहीबारका दिन कुखुराको मासु चिमोटेर अलिकति मात्रै खान्थेँ । बाल्यकालदेखि नै कुखुराको मासुलाई छि: भनेर नखाई आएकी बाहुनी बजैलाई कुखुराको मासु खान पनि सुरुमा घिन नै लागेको हो । तर बिस्तारैबिस्तारै

मलाई कुखुराको मासु मीठो लाग्न थाल्यो । अनि भने म बिहीबारको दिन कहिले आउँछ भनेर पर्खन थालेँ ।

हाम्रो त्यस मेडिकल वार्डमा सबैजसो पैसा तिरेका बिरामीहरू नै थिए । त्यस वार्डमा मलाई मात्र डा. मणिकुमार क्षेत्रीले पैसा नतिर्ने बिरामीका रूपमा राखिदिएका थिए । पैसा तिर्ने बिरामीको कोठा भएकाले त्यहाँका बिरामीलाई अस्पतालले विशेष प्रकारको खानपिनको व्यवस्था गरेको थियो ।

जे होस्, म अस्पतालको खानापिनामा बानी पर्दै जान थालेकी थिएँ । सुरुसुरुमा अस्पतालको खाना नै गन्हाउने भए पनि म अब भने कतिखेर खाना ल्याउँछ भनेर पर्खिन थालेकी थिएँ ।

मेरा लागि चारपाँच प्रकारका भिटामिनका गोलीहरू र अरू औषधी थिए । अनि एनिमियाका रोगीका लागि आवश्यक तागतिला खानेकुरा पनि मैले खान थालेकी थिएँ । त्यसैले अस्पताल भर्ना हुन आउँदा ३७ किलो तौल भएकी मेरो तौल क्रमश: बढ्दै जान थालेको थियो । अस्पतालबाट छुट्टी भएर घर जाँदा मेरो तौल ४९ किलो भएको थियो । हप्तैपछि मेरो तौल लिँदा कुनैकुनै हप्ता मेरो तौल २ किलो पनि बढेको हुन्थ्यो । मेरो स्वास्थ्य सुध्रिएर मलाई तागत आएपछि म डाइनिङ टेबुलमा गएर नै खाना खान थालेँ । त्यसरी खाँदा मज्जाले खाने, थपेर पनि खाने भएँ । त्यसरी मिठो मानेर र रमाएर खाना खाएपछि मेरो स्वास्थ्यमा अनुकूल प्रभाव परेको थियो ।

म अस्पतालमा भर्ना भएर बसेको बेला मलाई कलकत्ता सहरमा भएका हाम्रा इष्टमित्रहरूले निकै माया गरेका थिए । तीमध्ये खास गरेर लामाबाबु भनिने रणवीर लामा, एल्.डी. शेर्पा, सूर्यकुमारी क्षेत्री, बलबहादुर देवान, चन्द्रा गुरुङ, भगवती गुरुङ, शान्ति थापा, मदन शर्मा, जगत क्षेत्रीलाई मैले कहिल्यै बिर्सन सक्तिनँ । एल्.डी. शेर्पा चाहिँ डा. मणिकुमार क्षेत्रीका ड्राइभर थिए । त्यसैले अस्पतालमा

मलाई भेट्न एल्. डी. शेर्पा नै धेरै आउँथे । डाक्टरलाई गाडीमा अस्पतालमा ल्याउनासाथ मौका पारेर उनी मेरा लागि केही न केही खानेकुरा लिएर आउँथे । बालख छोरीहरू सम्झेर म कहिलेकाहीँ रोइरहेकी पनि हुन्थेँ । त्यस्तो बेलामा सान्त्वनाका दुई शब्द बोल्ने मेरा पितातुल्य एल्.डी.शेर्पा हुन्थे । 'नानी, नरुनुस्, तपाईं, छिट्टै जाती भएर घर गइहाल्नुहुन्छ नि !' उनले भन्थे र मलाई पनि उनको कुरा सुनेर हो जस्तो लाग्थ्यो ।

हुन त साँच्चै भन्ने हो भने बेलुकी सुत्ने बेलामा मात्रै मलाई मेरा पति मसँग नभएको सम्झना हुन्थ्यो । नत्र हरेक दिन कुनै न कुनै इष्टमित्र कोसेली बोकेर मलाई भेट्न आएकै हुन्थे । लामाबाबुले त आफ्ना छोराछोरीलाई दसैँका लागि लुगाफाटा किन्दा मेरा लागि पनि लुगाफाटा किनेर ल्याइदिएका थिए । मैले लिन अप्ठेरो मान्दा उनले भनेका थिए– 'नानी, मेरी छोरीसरह हो, बाबुले छोरीका लागि लुगा किन्नु हुँदैन ?'

रणवीर लामा नाउँ भए पनि उनलाई सबैले लामाबाबु भन्थे । वास्तवमा लामाबाबु अत्यन्तै फर्साइला मानिस थिए । साढे छ फुट उचाइ, एक सय किलोभन्दा बेसी तौल, निकै रातो वर्णका लामाबाबु रमाइला मानिस थिए । उनकी पत्नीचाहिँ पाँच फुटको उचाइमा चालीस किलोभन्दा थोरै तौलकी गहुँगोरी सौम्य र सुशील नारी थिइन् । लामाबाबुको सरकारी जागिर थियो । त्यसैले त्यहाँका नेपालीमाझ उनीहरू राम्रै हैसियतका थिए । जेठी छोरी उमा नर्स थिइन् । माइली छोरी जानकी, साइँली ज्योति र कान्छी अञ्जना पढ्दै थिए । त्यस बेला लामाबाबुका दुई भाइ छोरा नर र विजय पनि पढ्दै थिए । विजय त्यसै बेलादेखि सङ्गीततर्फ लागेका थिए । विजय अर्केस्ट्रा बजाउँथे । पछि उनले कलकत्ताकै बाङ्ला भाषी गायिका सपनासँग बिहे गरे । अहिले पनि उनीहरू कलकत्ता र बम्बैतिर हिन्दी गीत गायनमै व्यस्त रहन्छन् । उनीहरूमध्ये साहिँली

छोरी ज्योति २०२४ सालतिर विराटनगरमा हामीसँगै केही वर्ष बसेकी थिइन् । ज्योतिले विराटनगरबाट नै एस्.एल्.सी.पास गरेकी हुन् । त्यसअघि लामाबाबुका जेठा छोरा नर योञ्जनले पनि विराटनगरबाट नै एस्.एल्.सी. पास गरेका हुन् । तर नर योञ्जनको असामयिक निधन भयो । लामाबाबुकी जेठी छोरी उमाको विवाह डा. धनकेशर क्षेत्रीसँग भएको थियो । उनीहरू अहिले अमेरिकाको इलोनेस राज्यमा आफ्नो छोरोका साथमा बसोबास गर्छन् । लामाबाबुका तीन छोरीहरू जानकी, ज्योति र अञ्जनाले काठमाडौँको सेन्टमेरीमा पढाए । ज्योतिले अहिले पनि सेन्टमेरी स्कुलभित्रै क्यान्टिन सञ्चालन गरेकी छिन् । लामाबाबुले हामीलाई कलकत्ता बसुन्जेल धेरै आत्मीयता दिएका थिए । म पी. जी. अस्पतालमा बसेका बेला लामाबाबु र उनको परिवारले दिएको मायास्नेह मेरा लागि ज्यादै अविस्मरणीय छ । अहिले त लामाबाबु र उनकी पत्नीको पनि निधन भइसकेको छ ।

त्यस बेलाको अर्को एउटा कुरा पनि मलाई सम्झना भइरहन्छ । मानिसको भाषालाई वातावरणले कत्ति प्रभाव पार्दो रहेछ भन्ने पनि म सम्झन्छु । म पी.जी. अस्पतालमा बस्नुअघि तीन वर्षसम्म कलकत्तामा बसिसकेकी हुनाले मलाई बाङ्ला भाषा आउँथ्यो । म मात्र होइन मेरी जेठी छोरी इन्दिरा पनि त्यस बेला बाङ्ला भाषा बोल्थी । पी.जी. अस्पतालका डाक्टर, नर्स, आया, वार्डब्वाईहरू र बिरामीहरूसमेत सबै जना बाङ्ला भाषा मात्र बोल्थे । त्यसैले म पनि त्यहाँ बसुन्जेल बाङ्ला भाषा बोल्ने गर्थें । डा. मणिकुमार क्षेत्री राउन्डमा आउनुहुन्थ्यो । त्यसरी राउन्डमा आउँदा उहाँका साथमा त्यस मेडिकल कलेजका विद्यार्थीसमेत लिएर आउनुहुन्थ्यो । उहाँहरू त्यसरी आएका बेलामा मेरो पनि जाँच गर्नुहुन्थ्यो । त्यस्तो बेलामा मलाई मेरो समस्याका बारेमा उहाँले नेपालीमा प्रश्न गर्नुहुन्थ्यो र मचाहिँ खुरखुरु बाङ्ला भाषामा उत्तर दिने गर्थें । उहाँ फर्किसकेपछि मात्र मलाई हेक्का

हुन्थ्यो । 'ला उहाँसँग त नेपालीमा भनेको भए हुन्थ्यो । नेपालीमा भनेको भए अरु राम्रोसँग सबै कुरा भन्न सक्थेँ हुँला' भनेर चुकचुकाउँथेँ । तर भोलिपल्ट फेरि त्यसरी नै डाक्टर आउँथे र म पुन: बाङ्ला भाषामा नै कुरा गर्थें । वास्तवमा म डाक्टरहरूको झुन्ड देखेर आत्तिन्थेँ । अस्पतालको सारा वातावरण बङ्गाली किसिमको हुनाले म आफू नेपाली भाषी भएको कुरा पनि बिर्सेर बाङ्ला भाषामा कुराकानी गर्थें ।

त्यस बेला पी.जी. अस्पतालको मेडिकल वार्डको १० नम्बर बेडको बिरामी थिएँ, म । हाम्रो वार्डमा प्रत्येक दिनजसो एक न एक बिरामी मर्थे । मेरा वार्डका प्रायजसो बिरामीहरू त्यसरी मानिस मरेपछि उक्त शव त्यस कोठाबाट बाहिर ननिकालुन्जेल बाहिर बरन्डामा निस्कन्थे । मचाहिँ आफ्नै बेडमा बसिरहन्थेँ । मानिसको मृत्यु भएको थाहा पाउनासाथ सबै बिरामीहरू डराउँथे । कतिसम्म भने राति उनीहरूलाई पिसाब फेर्न जान पनि डर लाग्थ्यो । तर मलाई त डर लाग्दैनथ्यो । 'बरु जिउँदो मानिससँग डराउनुपर्छ, मरेको मानिससँग किन डराउनु !' मलाई यस्तो लाग्थ्यो । त्यसै बेला एक पटक त मेरो छिमेकी बेड नं. ११ की आइमाईको मृत्यु भयो । म त नडराउने वर्गमा थिएँ । बेलुकी खानपिन गरेपछि सधैँझैँ सुतियो । मध्यरातमा म पिसाब फेर्नका लागि उठेँ । झन्डै ८० जना बिरामी भएको त्यस कोठामा पूर्व र पश्चिम दुवैतिर बाथरुम थियो । बाथरुममा पुगेर पिसाब फेरेर फर्किंदा सामान्यतया पाँच मिनेटको समय खर्चिन्थ्यो । त्यस रात म पूर्वतिरको बाथरुमबाट फर्किंदा त परैबाट मेरो बेडमा मानिस सुतेको देखेँ । 'ला, मेरो बेडमा भूत सुतेछ !' एकैछिन त मेरो मन पनि डरले ढक्क भयो । तर तुरुन्तै मैले मेरो बेड पर्तिरको बेडमा आँखा पुऱ्याएँ । त्यो बेड खाली थियो । 'ए: नौ नम्बरकी बेडकी आइमाई पिसाब फेरेर पश्चिमको ढोकाबाट फर्केर निद्राको सुरमा मेरो बेडमा आएर सुतिछन् ।' त्यसपछि मैले उनलाई उठाएर आफ्नो

बेडमा जाऊ भनेँ । उनी मसँग माफी माग्दै आफ्नो बेडमा गएर सुतिन् ।

त्यस अस्पतालका मेरा वार्डका बिरामीहरू सन्चो हुँदै गएपछि उनीहरूका लोग्नेहरू आएर केहीबेरका लागि अस्पतालबाट छुट्टी मागेर आफ्ना पत्नीहरूलाई घुमाउन पनि लैजान्थे । लोग्ने आउने र घुमाउन लैजाने भन्ने कुराले बङ्गाल्नी बिरामीहरू सिँगारिएर लोग्नेको प्रतीक्षा गर्दै बस्थे । उनीहरूको शृङ्गार भनेको मुख्य रूपमा केशमा तेल मालिस गरेर नुहाउँथे । चिल्लो कालो र लामो कपाल कसैले बाट्थे, कसैले जुँक्रो पनि फिँजाउँथे । अनि सिउँदोमा लामो गरी सिन्दूर हाल्थे र रातो गोलो टीका लगाउँथे । पछिपछि उनीहरूले गरेको देखेर म पनि त्यसै गर्न थालेकी थिएँ ।

मेरा पति कहिले पन्ध्र दिन र कहिले महिना दिनमा विराटनगरबाट मलाई भेट्नका लागि आउनुहुन्थ्यो । 'मेरा छोरीहरूको हालखबर कस्तो छ ?' म सोध्थेँ ।

'सबैलाई राम्रो छ, उनीहरूको चिन्ता नगर ।' मेरा पतिले भन्नुहुन्थ्यो । मलाई बिस्तारै रोगले पनि छोड्दै जान थालेको थियो । मेरो मुख्य उपचार भनेको नै समयअनुसार तागतिला खानेकुरा र तागतको औषधी खाने थियो । नियमित औषधी, पर्याप्त खाना र आरामले मलाई राम्रो भएको थियो । अस्पतालमा म मेरा बालख छोरीहरूको सम्झनाले भने निकै पिरिन्थेँ । 'मेरा पखेटा भइदिएका भए म हुर्र उडेर मेरा छोरीहरूलाई भेटेर आउँथेँ' भन्ने मलाई लाग्थ्यो । तर मेरो कल्पनाको कुरा बेग्लै थियो र वास्तविकताको दुनियाँमा मैले त्यस बेला आफ्नो ज्यान बचाउने बाध्यता थियो ।

अस्पतालमा भर्ना भएपछि पनि म तीन पटक निकै नराम्रोसँग बिरामी भएकी थिएँ । एक पटक मलाई अत्यधिक ज्वरो आयो । ज्वरोले म बेहोसै भएछु । म होसमा आउँदा मेरो निधार, हात र

खुट्टामा चिसो पानीको पट्टी र टाउकोमा बरफ नै राखिएको रहेछ । अनि मेरो पूरै शरीर पनि चिसो पानीमा भिजाएको तौलियाले पुछ्दै रहेछन् । अर्को पटकचाहिँ मलाई बान्ता भयो । त्यसको अर्को पटक भने मलाई पखाला चल्यो । औषधी खाँदै मैले आफ्नो नियमित खानापिनामा रोक लगाइनँ । मैले त्यस्तो दिसाबान्ता भएका बेलामा पनि गरिष्ठ भोजन गरेको देखेर मेरा बिरामी साथीहरूले छक्क परेर 'यस्तो बेलामा पनि किन खाएको ?' भन्थे । 'आमी खाच्छी, खेते खेते मोरे जाबो' म हाँसेर उनीहरूलाई जबाफ दिन्थेँ । मेरा कुरा सुनेर उनीहरू पनि अचम्म मान्थे र हाँस्थे ।

# खोलो विराटनगर फर्कियो

२०२१ सालको सकिँदो जेठतिर अस्पतालमा भर्ना भएकी म त्यस वर्षको भाइटीकाको पर्सिपल्ट विराटनगर घरमा पुगेकी थिएँ। अस्पतालबाट छुट्टी पाएपछि मेरा पतिले मलाई दुईचार दिन कलकत्तामा नै घुमाउनुभएको थियो। कलकत्तामा मेरा पतिका जजमानहरू धेरै थिए। त्यस बेला उहाँले मलाई मुख्यमुख्य जजमानहरूका घरमा लगेर भेटघाट गराउनुभएको थियो। 'यी नानी को हुन् नि ?' कतिपय पुराना जजमानहरूले पनि मलाई ठम्याउन नसकेर सोधेका थिए। 'मैले अर्की बिहे गरेँ नि !' मेरा पतिले ठट्टा गरेर भन्नुहुन्थ्यो। कतिपयले त्यस कुरालाई सत्य मान्थे। 'अनि घरको बोजू रिसाउँदैन, मार्दैन तपाईंलाई बाजे ?' उनीहरूमध्ये कसैकसैले भन्थे। 'अब मिलाएर राख्नुपर्ला।' मेरा पति पनि मुसुमुसु हाँसेर जबाफ दिनुहुन्थ्यो।

हुन पनि म अचम्मैसँग फेरिएकी थिएँ। रक्तअल्पताको सिकार भएकी म पहिले हाड र छाला मात्रकी थिएँ। छब्बीससत्ताइस वर्षकी दुब्ली, पातली र रातो वर्णकी मेरा तीन जना छोरीहरू छन् भन्दा पनि अस्पतालका मेरा बिरामी सँगीहरूले विश्वास गर्दैनथे। कतिले त मेरो बिहे भएको कुरा पनि पत्याउँदैनथे। अस्पतालमा बस्न थालेपछि उनीहरूकै देखासिकी गरेर मैले पनि सिन्दूर लगाउन थालेकी थिएँ।

अस्पताल भर्ना हुनुअघि त्यस्ती दुब्ली, पातली र रातो वर्णकी म अस्पतालमा पाँच महिनासम्म घामको अनुहार नदेखी राम्रो खानपिन,

आराम र औषधीको उचित मात्राका कारण मोटाएर गहुँगोरी पनि भएकी थिएँ । फेरि मासु लागेपछि मान्छेको छालामा बोसो पनि थपिने भएर होला चिल्लो र उज्यालो पनि हुने रहेछ । त्यसै कारण पनि पहिले एकदुई पटक मात्र मलाई देखेका मानिसले हत्तपत्त नचिन्ने स्वरूपकी भएकी थिएँ, म ।

तिहार सकिएपछि म घरमा पुगेकी थिएँ । बालख छोरीहरूलाई पाँच महिनासम्म छोड्न सक्नु भनेको मेरा लागि ठूलै तपस्या थियो । मृत्युको मुखबाट फर्केर आफ्ना लालाबालासँग भेट्न पाएको खुसीले म भक्कानिएर रोएकी थिएँ । मेरा छोरीहरू आमाबिनाका सन्तानको रूपमा रहेछन् । कान्छी छोरी अल्पनाको हाल बेहाल रहेछ । उसका हातखुट्टा सुकेका रहेछन्, पेट मात्रै ठूलो रहेछ । डढेर काली भएकी रहिछे । सुकेनासले भेटेको बच्चाजस्तै त्यसलाई बोक्दा मलाई बिरालाको छाउरो बोकेजस्तै लाग्यो । इन्दिराको नाकको डाँडीमा केको घाउ हो पाकेर फतक्कै नाकै झर्ला जस्तो रहेछ । प्याच्च परेको पाकेको नाक देखेर मलाई डर लाग्यो । तीन ओटै छोरीका केशमा जुम्रा स्याउँस्याउँती रहेछन् ।

म उपचारका लागि कलकत्ता हिँड्नेबित्तिकैदेखि नै अल्पना बिरामी परेकी रहिछे । हाम्रो नेपाली पारामा भन्ने हो भने मसँग उसको सातो नै गएको रहेछ । म आएपछि बिस्तारै ऊ निको हुन थाली । मैले पनि उसलाई काँचो मेवा उसिनेर चिनीमा चोपलेर खान दिएँ । उसको पेटमा भएको पानी मेवाका कारणले सुकाउँदै लग्यो । केही महिनापछि अल्पनाको पेट सामान्य भएर ऊ ठीक भई ।

इन्दिराको नाकको घाउमा पनि तुरुन्तै तातो पानीले सफा गरेर बजारबाट घाउमा लाउने मलम मगाएर लगाइदिएँ । त्यो घाउ पनि ठीक भयो ।

मेरी खन्तरी नन्दले त्यस बेला मेरा लालाबाला र घरव्यवहार सबै स्याहारेकी हुन् । बिचरी ! बिहे नै नभएकी युवतीले अर्काका लालाबाला स्याहार्नुपरेको थियो । अल्लारे, अव्यावहारिक उमेरकी उनले जे जति गरिन् धेरै गरिन् । तर जति नै भए पनि आमाबिनाका सन्तानको त बेस्याहार नै हुन्छ नि । जे होस्, ईश्वरको कृपा र मेरा पतिको आशीर्वाद, साथ र सहयोगले म निको भएर पुन: आफ्नो घरगृहस्थी सम्हाल्न समर्थ भएकी थिएँ ।

# जीवनमा फेरि शोक भोगेँ

विराटनगरको तिनटोलियाको त्यस घरमा हामी तीन वर्ष बस्यौँ । त्यस तीन वर्षको अवधिमा निकै नराम्रानराम्रा घटनाहरू घटेको कुरा अहिले पनि म सम्झन्छु । २०२२ साल साउन महिनातिरकै कुरा हो, मेरा बा निकै बिरामी हुनुभएको खबर मेरा कान्छा दाजु राधाप्रसाद घिमिरेबाट मैले जानकारी पाएकी थिएँ । त्यसैताका उहाँलाई औषधीमूलो गर्न धरान ल्याइएको खबर आयो । अनि म बालाई हेर्न भनेर धरान गएँ ।

बालाई देखेर म छक्क परेँ । मेरा सुकसुकाउँदा कञ्चनकायाका बा रोगको प्रकोपले कालो हुनुभएको रहेछ । डाक्टरले चिनीको बिमारी हो भनेका रहेछन् । मलाई देखेर मेरा बा पनि रुन थाल्नुभयो र म पनि बालाई देखेपछि रुन थालेँ । बाले मलाई आफूसँगै केही दिन बस्न आग्रह गर्नुभएको थियो । तर मेरा घरमा लालाबाला केटाकेटी र गृहस्थीको असरल्ल अवस्था भएकाले बासँग बस्न चाहेर पनि सक्दिनथेँ । मैले रुँदै बालाई आफ्नो असमर्थता जनाएकी थिएँ । तर त्यस बेला मैले मेरा बाको इच्छा पूरा गर्न नसकेको कुराले मलाई अहिले पनि पीडा दिन्छ । मसँग भेट भएको झन्डै दुई महिनापछि मेरा बाको स्वर्गारोहण भएको खबर मैले पाउनुपऱ्यो । मेरी आमाको स्वर्गारोहण भएको एघार वर्षपछि २०२२ साल असोज महिनाको ८ गते चतुर्दशी तिथिका दिन मेरा बाले मलाई यस धरतीमा पूर्ण रूपले टुहुरी पारेर आफ्नो चोला फेर्नुभयो । अब मेरा प्यारा बा पनि यस

संसारमा हुनुहुन्न भन्ने कुराले मलाई शोकको गहिरो पीडाले छोपेको थियो । तर यो संसार यस्तै हो, आएपछि जानु नै पर्छ भनेर छोरीहरूको र दुलहाको अनुहार हेरेर चित्त बुझाएँ ।

जुन बेला मेरा बा परलोक हुनुभयो, त्यस बेला मेरा पति पनि बिरामी हुनुहुन्थ्यो । उहाँको अप्ठेरो ठाउँमा पिलो निस्केको थियो । त्यसैले कान्छा दाजुले बा निकै सिकिस्त हुनुहुन्छ भनेको सुन्दा पनि म बालाई भेट्न लिम्बासम्म जान सकिनँ । छोरीको जात, बिहे गरेपछि लोग्नेको स्याहारसुसारलाई महत्त्व दिनै पऱ्यो । बिरामी लोग्ने र लालाबाला केटाकेटी छोडेर बालाई भेट्न लिम्बा जान पनि मेरा लागि उपयुक्त भएन । बाको स्वर्गारोहणको खबर पाउँदाको बेलामा पनि पतिको बिरामीका कारण मेरो जीवनको ज्यादै दुक्खदायी अवस्थामा म परेकी थिएँ ।

मेरा पतिको अप्ठेरो ठाउँमा निस्केका पिलोहरू बल्लतल्ल निको भएको थियो । हत्तपत्त बिरामी नपर्ने मेरा पति त्यस बेला निकै नराम्रोसँग थला नै पर्नुभएको थियो । उहाँ कलेजमा पढाउन पनि निकै दिनसम्म त जान सक्नुभएको थिएन । मलाई उहाँको त्यस्तो अवस्था देख्दा निकै अत्यास लाग्थ्यो । 'तिमी नआत्त न, मलाई निको हुन्छ । माया गर्ने मान्छे भएसम्म यमराजले पनि यो संसारबाट लाँदैन ।' मेरा पतिले मलाई सम्झाउने क्रममा भन्नुभएको थियो । उहाँलाई निरीह अवस्थामा देख्दा मेरा आँखा पनि भरिन्थे । त्यसैताका मेरा ससुरा बाजे हाम्रा घरमा आउनुभएको थियो । मेरा पतिको नराम्रो अवस्था देखेर उहाँ पनि निकै दु:खी हुनुभएको थियो । 'तेरो ग्रहदसा निकै खराब थियो, माइला तैँले एउटा खड्गो काटिस् !' मेरा ससुराले आफ्नो ज्योतिष विद्याका अनुसारको ज्ञानको कुरा भन्नुभएको थियो ।

# नरमाइलो फागु

२०२२ सालको फागुपूर्णिमा हाम्रा लागि नरमाइलो भएर आयो । हामी तिनटोलियाको आचार्यको भाडाको घरमा बस्तै थियौँ । पाञ्चालीमा हाम्रो घर बनिरहेको थियो । फागुपूर्णिमाको दिन भएकाले मेरा पतिको कलेज र स्कुलमा बिदा थियो । त्यसैले उहाँ धरान जानुभएको थियो । धरानमा मेरा काइँला देवर विष्णुप्रसाद नेपाल निकै बिरामी भएको खबर आएको थियो । मेरा काइँला देवरलाई राजयक्ष्मा रोग लागेको थियो । त्यस बेला राजयक्ष्मा रोग भनेको निकै डरलाग्दो बिरामी थियो । मेरा देवरको उपचारका लागि मेरा पतिले उहाँलाई दार्जिलिङको सेनेटोरियम र कलकत्ताको बिजयबाडा सेनेटोरियममा भर्ना गरेर पनि उपचार गराउनुभएको थियो । सेनेटोरियममा उपचार गर्दा मेरा देवरलाई निकै राम्रो पनि भएको थियो । त्यसपछि औषधी निरन्तर खाने र पथपरहेजमा बस्ने निर्देशनका साथ उहाँलाई घर पठाइएको थियो । केही समय राम्रै भए पनि केही समयपछि उहाँको बिमार पुन: बल्झिएको थियो । त्यसपछि भने उहाँको उपचार धरानकै स्थानीय डाक्टरहरूबाट भइरहेको थियो । तर उहाँको बिमार निको हुनुको साटो उहाँलाई निकै साह्रो पारिरहेको थियो । मेरा पति पनि शिक्षकको जागिर र घरव्यवहारले निकै व्यस्त हुनुहुन्थ्यो । त्यस दिन बिदाको अनुकूलका कारण भाइलाई भेट्न भनेर धरान जानुभएको थियो ।

'काकी मलाई पनि काइँला काकासँग भेट गर्न मन छ । काकालाई मलाई पनि लैजानु भन्दिनू न ।'

त्यस दिन विमलले काकासँग धरान जाने इच्छा मसँग व्यक्त गरेका थिए । विमल काकासँग निकै डराउँथे । त्यसैले उनको कुरा मैले नै उनका काकासँग सोधी दिएर लगिदिने अनुरोध पनि गरेकी थिएँ ।

'पर्दैन, किन जानुपर्‍यो, घरैमा बसेर राम्ररी पढ् भन्दिनू उसलाई' मेरा पतिले भन्नुभएको थियो ।

तराईको प्रमुख चाड भएका कारण विराटनगरमा फागुपर्व धुमधामसँग मनाइन्थ्यो । टोलभरिका आइमाई र लोग्नेमानिसहरू झुन्डका झुन्ड बनेर एकअर्काका घरघरमा गएर रङपानी एकअर्कालाई छ्येपेर फागु मनाउने गर्थे । मलाई आफूले केटाकेटीदेखि त्यस प्रकारको खेल नखेलेका कारण रङपानी खेल्न मन लाग्दैनथ्यो । साथीहरू आएर रङ लाइदिन्छन् कि भनेर मैले मेरो कोठाको ढोका भित्रबाट थुनेकी थिएँ । अर्को कोठामा केटाकेटीहरू थिए ।

त्यस बेला मेरा तीन छोरीहरू इन्दिरा, कल्पना र अल्पना थिए । मेरा कान्छा देवर मेदिनीप्रसाद पनि पल्लै कोठामा हुनुहुन्थ्यो । पुड्के भन्ने अलि लठेप्रो खाले हाम्रो एउटा नोकर पनि थियो । मेरा एक मात्र जेठाजु भरतप्रसादका जेठा छोरा विमल दार्जिलिङबाट दुई महिनाअघि आएर हामीसँगै बसेका थिए । त्यस बेला उनी सोह्र वर्षका थिए र सरस्वती हाइस्कुलमा नौ कक्षामा भर्ना भएका थिए ।

मेरा भतिजा विमल अत्यन्त फर्साइला थिए । उनको आनीबानी असाध्य राम्रो थियो । उनी हरहमेसा मलाई सहयोग गर्न तत्पर रहन्थे । तीक्ष्णबुद्धिका उनी मलाई संसारका विशेष खबरहरू सुनाइरहन्थे । सुन्दरतामा पनि उनीलाई माथिल्लो तहमा राख्न सकिन्थ्यो । विमलको मिलनसार स्वभावका कारण त्यस बेलाको हाम्रो कमजोर आर्थिक अवस्थाका बेलामा उनको संरक्षण गर्नुपर्दा पनि उनी परिवारमा भिजेका थिए ।

'काकी, म पोखरीमा नुहाउन जान्छु ।' ढोकाबाहिरबाट विमलले भनेका थिए । 'पर्दैन, किन जानुपर्‍यो पोखरीमा ?, घरमै नुआ न' मैले भित्रैबाट भनेकी थिएँ । 'जान्छु नि काकी, पुड्केलाई साथी लिएर जान्छु ।' विमलले जिद्दी गरेका थिए । मैले पनि उनको जिद्दीका अघि छिट्टै फर्किने बाचा गराएर अनुमति दिएकी थिएँ । त्यसपछि उनले मलाई मेरा कोठामा भएको ऐना हेर्नुपर्‍यो भनेर ढोका खोल्न भनेका थिए । विमल बाहिरबाट ऐना माग्दै थिए । ओछ्यानमा ढल्केकी मलाई त्यति नै बेला निद्राले छोपेछ र म उनीसँग बोल्दाबोल्दै भुसुक्क निदाएछु । मेरो दिउँसो निदाउने त्यत्ति बानी थिएन । मेरो जीउ बिसन्चो हुने हो भने अथवा कुनै अपसगुन हुने हो भने मात्र मलाई दिउँसो निद्राले छोप्ने गर्थ्यो । त्यस दिन पनि त्यस्तै भएको थियो । म दिउँसै मस्त निद्रामा परेकी थिएँ ।

एकैचोटि मेरो कोठाको ढोका कसैले निकै जोडजोडले ढ्याङढ्याङ गरेको आवाजले मेरो निद्रा खुलेको थियो । गाउँका आइमाईहरू मलाई रङ छेप्न आएजस्तो लागेर म चुपचाप लागेर ढोका नखोली बसिरहेँ । 'ढोका खोल्नोस्, तपाईंको छोरो पोखरीमा डुबेर मर्‍यो ।' अचानक ढोकाबाहिरबाट कुनै केटाले जोरले कराएर भनेको आवाज मेरा कानमा परेको थियो । त्यसपछि आत्तिएर मैले ढोका खोलेँ । बाहिर फागुको रङ खेलेर रङ्गीविरङ्गी भएका केटाहरूको एक हूल थियो । तिनीहरूका अघिल्तिर लुगाको पोको बोकेको पुड्के थियो । पुड्केका हातमा भएका लुगाफाटा बिहान विमलका शरीरमा थिए । मलाई ती लुगा त्यसरी देख्नासाथ मनभित्र अनेक प्रकारका कुराहरू आए । म ती केटाहरूका अघिल्तिर रुन थालेँ । 'मलाई पुर्‍याओ न त्यहाँ, के भनेका तिमीहरूले ? मेरो छोरालाई केही भएको छैन ।' म अत्तालिएकी थिएँ ।

तिनटोलियाको हाम्रो घरछेउमा पोखरी थियो । विमलले मलाई 'पोखरीमा नुहाउन जान्छु' भनेको त्यही पोखरीमा होला भन्ने मैले

ठानेकी थिएँ । तर मलाई केटाहरूले पाञ्चालीतिर लगिरहेका थिए । पाञ्चालीमा हाम्रो घर बनिरहेको ठाउँनजिकै नै उनीहरूले मलाई पुऱ्याएका थिए । हाम्रो घर बनाएतिरबाट हेर्दा त्यहाँ एउटा ससानो पहाडको ढिस्कोजस्तो देखिन्थ्यो । त्यहाँ त पोखरी पो रहेछ । ती केटाहरूसाथ लागेर म त्यहाँ पुगेँ । हामी त्यहाँ पुग्दा त्यस पोखरीमा कोही पनि थिएन । पोखरीको पानी पनि शान्त थियो । म पोखरीमा पुगेर गुहारगुहार भनेर कराएँ । ती केटाहरूले पनि वरिपरिबाट मानिसहरू जम्मा गरे । केहीबेरमा त्यहाँ मानिसहरूको भीड जम्मा भयो । सुबेदार साहेब पनि आइपुगे । पौडी खेल्न सिपालु दुई जना मानिसहरूले पोखरीमा पसेर पौडिँदै वल्लो छेउदेखि पल्लो छेउसम्म गरे । तर उनीहरूले विमललाई फेला पार्न सकेनन् । त्यसपछि जाल ल्याइयो र पोखरीभरिको माछा मार्ने जाल हालियो । जालमा केही अड्केको जालहारीले चाल पाए र जाल ताने । नभन्दै जालले विमललाई तानेर ल्यायो ।

विमल भरखरै निदाएको जस्तो देखिन्थे । जान्ने मानिसहरूले अघि सरेर विमललाई जालबाट निकालेर घोप्टो पारेर पानी छदाउन ढाडमा थिचे । तर उनले मुखबाट पानी निकालेनन् । उनले पानी खाएकै छैनन् भन्ने कुरा भयो । त्यस बेलासम्म मेरा कान्छा देवर मेदिनी पनि त्यहाँ आइपुगिसक्नुभएको थियो । कान्छा देवरले विमललाई रिक्सामा हालेर हतारहतार विराटनगर अस्पताल लैजानुभयो । म पनि अस्पताल पुगेँ । तर अस्पतालमा डाक्टरले विमलको मृत्यु भैसकेको जनायो । पानीमा डुबेका बेला विमल आत्तिएपछि निसासिएर मृत्यु भएको शङ्का डाक्टरले गरेको थियो । एउटा भर्खरको खाउँखाउँ लाउँलाउँ गर्दो केटाको मृत्यु भएको कुरा पत्याइनसक्नुको थियो । तर सत्य त सत्य नै थियो । हामीले विमललाई गुमाइसकेका थियौँ । त्यस दिनको साँझ पनि टरिसकेकाले र मेरा पति पनि नहुनुभएकाले विमलको शवलाई अस्पतालकै शवघरमा राख्ने निर्णय भएको थियो ।

कान्छा देवरले मेरा पतिलाई धरानमा आकाशवाणी गरिसक्नुभएको थियो । मेरा पति पनि आकाशवाणी पाउनासाथ रातिको गाडी बन्दोबस्त गरेर आधा रातमा विराटनगर आइपुग्नुभएको थियो । आफू छिटो पुग्न पाए भतिजोलाई बचाउन सक्छु कि भन्ने उहाँलाई लागेको रहेछ तर दैवका निर्णयका अघि कसैको केही लागेन । 'मैले सँगै लगेको भए पनि बरु यस्तो हुने थिएन कि !' मेरा पतिलाई त्यही बिहान भतिजोले आफूसँग धरान जान खोजेको बेला आफूले नलगेको कुराको पनि पछुतो भएको थियो ।

भोलिपल्ट सिङ्गिया किनारमा विमलको दाहसंस्कार गरिएको थियो । त्यसको पाँचौँ दिनमा दार्जिलिङबाट विमलका बुबा आउनुभएको थियो । 'विमलको दशाग्रह धेरै खराब थियो, स्वामीपत्नी ग्रह जुधेकाले बसिरहेको ठाउँ छोड्दा पनि ग्रह टर्छ कि भनेर कोसिस गरेका थियौँ ।' जेठाजुले भन्नुभएको थियो । त्यस बेला मात्र मैले विमल दार्जिलिङ छोडेर यता किन आएका रहेछन् भन्ने कुरा बुझेकी थिएँ । व्रतबन्ध नगरेको केटाको क्रियाकर्म त्यत्ति नियमसम्मत हुन सकेको थिएन । जेठाजु छोराको तेह्र दिनको कर्म सकेर जाने हिसाबले आउनुभएको थियो । विमल खसेको नौ दिनमा २०२२ साल चैत ८ गते धरानमा काइँला देवर विष्णुप्रसाद खस्नुभएको भन्ने खबर आएको थियो । हामीले विमलको तेह्रौँ दिनका लागि दानदक्षिणा र पूजापाठको तयारी गरेका थियौँ । 'परिवारमा ठूलोको मृत्यु भएपछि सानाको मृत्यु ठूलैकोमा गाभिन्छ, यसको त व्रतबन्ध पनि भएको छैन । अब काकाको सँगसँगै मात्र यसको पनि सकिन्छ ।' त्यस बेला जान्नेसुन्नेले यसरी सिकाए ।

'अब जे गर्नुपर्छ तिमीहरूले गर । मेरो ड्युटी गर्नुपर्छ ।' जागिरे मेरा जेठाजु पनि उहाँको बिदा सकिएकाले दार्जिलिङ फर्किनुभयो । हामीले विमलको तेह्रौँका दिन मलामीलाई पकाईतुल्याई खुवायौँ । त्यसपछि काइँला देवरको तेह्रौँमै विमलको काम पनि सकियो ।

हामी पाञ्चालीको घरमा भर्खरै सरेका थियौँ । त्यसै बेला एक साँझ बारीमा खेलिरहेका बेला मेरी कान्छी छोरी अल्पनाले अचम्मको कुराकानी गरी । 'विमल दाजु, तपाईं किन गएको ? म तपाईंसँग बोल्दिनँ, छुच्चो दाजु ।' उनी एक्लै बोलिरहेको हामीले सुन्यौँ । तर हामीले देख्दा त्यहाँ कोही थिएन । 'ए ! कोसँग बोलेकी हँ ?' मैले उनलाई सोधेकी थिएँ । 'उः विमल दाजु आउनुभएको थियो ।' उनले खाली ठाउँमा देखाउँदै भनेकी थिइन् । त्यसै साँझदेखि अल्पना बिरामी परिन् । यस कुराले गर्दा निकै अचम्म भएको थियो । अल्पनालाई डाक्टरकोमा जँचाउन पनि लगिएको थियो । तर डाक्टरको औषधीले अल्पनालाई केही कामै गरेन । उनलाई झन् सारो पार्दै ल्याएको थियो । उनी बेहोस हुने, मुट्ठी बटार्ने गर्न थालिन् । त्यसपछि कसैको सल्लाहमा पाञ्चालीमै बसोबास गर्ने दाहाल थरका एक जना धामीलाई बोलाइयो । उनले जोखाना हेरेर अल्पनालाई भूत लागेको निष्कर्ष निकाले । उनको एकदुई पटकको झारफुकले नै अल्पनालाई अचम्मैसँग निको भयो ।

ती काइँला दाहाल बाजे अल्पनालाई झारफुक गर्न आएका बेला म ओछ्यानमा सुतिरहेको देखेर 'तपाईंलाई के भएको ?' उनले मलाई सोधेका थिए । हामी पाञ्चालीका घरमा सरेको केही समयपछि म बिरामी परेकी थिएँ । मलाई सेतो आउँ परेको थियो । दिनको तीसपैँतीस पटकसम्म दिसा बस्नुपर्दा म निकै कमजोर भएकी थिएँ । आफूले जानेजति औषधी गरेर डाक्टरसँग जँचाएर औषधी गर्दा पनि मलाई सन्चो भएको थिएन । केही गरे पनि निको नभएको आउँका कारण म निकै निराश भएकी थिएँ । मैले आफ्नो बिमार उनलाई भनेँ । उनी एकैछिन केही बोलेनन् । 'तपाईंको औषधी म गर्छु ।' उनले भनेका थिए । कति दबाईमूलो र डाक्टर देखाएर हैरान भइसकेकी मलाई उनको कुराको विश्वास लागेन । म चुपचाप लागेर सुतिरहेँ । उनले आफैँ बजार गएर मेरो दबाईका लागि आवश्यक सामग्री

किनेर ल्याएका थिए । त्यसपछि त्यसको विधिविधानमा पनि आफैँ लागेर उनले झन्डै एक घण्टामा मेरा लागि औषधी बनाएर खान दिए । पुरिया बनाएर उनले मलाई सुत्ने बेलाका लागि र बिहान उठेपछि खान पनि औषधी दिए । मैले त्यति धेरै विश्वास नगरे पनि उनले मेहनत गरेर दिएका औषधी नपत्याउँदै पनि खाएँ । उनले दिएको औषधीको दुई मात्रा खानासाथ मेरो पेट दुख्न छोड्यो र दिसा लाग्न पनि कम भयो । म छक्क परेँ । काइँला दाहालको त्यो औषधी मैले एक हप्तासम्म खाएकी थिएँ । डाक्टरका त्यति धेरै औषधीले पनि काम नगरेको मेरो सेतो आउँ एक जना साधारण धामीको औषधीले निको भएको थियो ।

मौरी सूप आधा भुटेको आधा काँचो बराबरी मात्रामा राखेर मसिनो पारेर पिसेर कपरछान गर्नुपर्ने रहेछ । त्यसपछि मिस्रीपानी पकाएर त्यो पानीसँग त्यसरी कपरछान गरेको दुई चम्चा जति धूलो मैले दिनको तीन पटक खाएकी थिएँ । काइँला दाहालसँग त्यसपछि हाम्रो राम्रो सम्बन्ध भएको थियो । केही वर्षपछि एक दिन विराटनगरकै तिनटोलियाको सडकमा हिँडिरहेका बेला ठेस लागेर लडेका उनको त्यहीँ प्राण गएको थियो । अरूको औषधीमूलो गर्दै हिँड्ने परोपकारी बिचरा ! काइँला दाहाललाई विधाताले औषधी गर्ने अवसर पनि दिएका थिएनन् ।

मेरी माइली छोरी कल्पनालाई प्रायजसो तर्साउने गर्थ्यो । उनले जहिले पनि ‘एउटा सानो केटा आउँछ र मलाई छुन खोज्छ’ भन्थिन् । धेरै वर्षसम्म यस्तो भयो । केही वर्षअघि एक जना निकै जान्ने असी वर्षका एक व्यक्तिसँग भेट भयो । उनलाई बनझाँक्रीले लगेर धामीविद्यामा पारङ्गत पारेर छोडेको रहेछ । हामीले कल्पनालाई त्यसरी तर्साएको सन्दर्भमा उनीसँग विचार गरी माग्यौँ । उनले विचारदृष्टिले हेरेर पहिल्याउँदा दुई जना मानिसहरू देखेछन् । एक जना अलि ठूलो मानिस र एक जनाचाहिँ केटाकेटी । ठूलोले पूरै शरीरमा कपडा

लगाएको छ, केटोचाहिँ पानीले लपक्क भिजेको छ, हाफपेन्ट मात्र लगाएको छ, ठूलोचाहिँ चुप लागेर बसेको छ । 'मलाई कसैले पनि केही दिएनन्, म भोकै छु, मेरो लुगा पनि छैन ।' सानो चाहिँ केटाले भनिरहेको कुरा पनि ती धामीले भने । त्यो पानीले भिजेको केटो पक्कै पनि विमल नै हो भनेर टुङ्गो गरियो । उनै जान्ने गुरुका सल्लाहमा मैले विमलका नाउँमा एकाहा पुराण लगाइदिएँ र एघार जना पुरोहित राखेर एघार दिन, बाह्र दिन र तेह्र दिनको पिण्ड र दानदक्षिणा पनि गरेँ । त्यसपछिदेखि कल्पनालाई तर्साउन पनि छोडेको छ ।

# गृहनिर्माण

विराटनगरमा हाम्रो घर थिएन । विराटनगरमा भाडाका घरमा बस्ताबस्तै हामीले पनि घर बनाउनुपर्छ भन्ने हाम्रो सोचाइ आएको थियो । त्यसैताका २०२० सालमा हाम्रो तिनटोलियाको डेरामा कलकत्ताका हाम्रो पुराना मित्र मैकासिंह राई, उनकी पत्नी दुर्गा राई र दुर्गा राईकी साइँली भन्ने भदै हामीलाई खोज्दै आइपुगेका थिए । खासमा मेरा पतिले कलकत्तामा उनीहरूसँग भेट हुँदा उनीहरूलाई हाम्रो विराटनगरको ठेगाना दिनुभएको रहेछ । मैकासिंह राई ब्रिटिस आर्मीका पूर्व सुबेदार थिए । त्यसैले उनलाई हामी सबै जना सुबेदार साहेब भन्थ्यौँ र उनकी पत्नीलाई सुबेदारनी आमै भन्थ्यौँ । त्यस बखत उनीहरू हाम्रै विराटनगरको डेरामा तीनचार दिन अतिथिका रूपमा बसेका थिए ।

उनीहरू विराटनगर आउनुको उद्देश्य विराटनगरमै घरबास गर्ने रहेछ । 'प्रोफेसर साहेब ! हामीले अब विराटनगरमै घर बनाएर बस्ने विचार गरेका छौँ । हाम्रा लागि घडेरी किन्ने व्यवस्था मिलाउनुस् ।' मेरा पतिसँग सुबेदारले भनेका थिए । त्यसपछि मेरा पतिले पनि हृषीकेश कोइराला (हरिबाबू) सँग सुबेदारको भेट गराउनुभएको थियो ।

हृषीकेश कोइराला (हरिबाबू) भनेका त्यस बेलाका विराटनगरका जमिनदार थिए । २०१३ सालमा आदर्श विद्यालयमा कक्षा सञ्चालन गरेर सुरु गरिएको मोरङ कलेज स्थापना गर्न उनले विराटनगरको पाञ्चालीमा जग्गा दिएका थिए । त्यसैले त्यस बेलाको विराटनगरको

विद्वद्समाजमा उनको नाम प्रशंसित थियो । हृषीकेश कोइरालाले सुबेदारलाई जग्गा बेच्ने कुराको टुङ्गो भयो । सुबेदारले पाञ्चालीको चार कट्ठा जग्गा किन्ने भए । 'बाजे तपाईं पनि त्यहीँ घडेरी किन्नुहोस् ।' सुबेदारले मेरा पतिलाई भनेका थिए । 'होइन सुबेदार साहेब, तपाईं किन्नुहोस्, मसँग पैसा छैन । अहिले म किन्दिनँ ।' मेरा पतिले भन्नुभएको थियो । 'तपाईंले नकिन्ने भए म पनि किन्दिनँ । तपाईं र म छिमेकी भएर बस्ने भए मात्र म पनि घडेरी किन्ने ।' सुबेदारले अड्डी लिए । तर मेरा पतिसँग पैसा नभएकाले उहाँले चाहेर मात्र हुने कुरा पनि थिएन ।

'प्रोफेसर साहेब ! चार कट्ठामध्ये दुई कट्ठा तपाईंका नाउँमा पास गराउनुहोस्, जहिले पैसा हुन्छ मलाई दिनुहोला ।' सुबेदारले प्रस्ताव राखे । घडेरी किन्ने अपेक्षा गरिरहेका मेरा पतिले सुबेदारको प्रस्ताव स्वीकार गर्नुभयो । 'तपाईंलाई म पनि दुई कट्ठा जग्गा दिन्छु । तपाईंका नाउँमा पास गराउनुस्, पछि जहिले सक्नुहोला पैसा दिनू ।' यसैबीच हरिबाबूले मेरा पतिलाई पनि भने । सुबेदारले दिएको दुई कट्ठा र हरिबाबूले दिएको दुई कट्ठा गरेर मेरा पतिको चार कट्ठा जग्गा हुने भएको थियो । तर मेरा पतिले सुबेदारको नाउँमा तीन कट्ठा र आफ्ना नाउँमा तीन कट्ठा घडेरी पास गराउनुभयो । सात सय रुपियाँ कट्ठाको दरको सो घडेरीको पैसा मेरा पतिले एक वर्षजतिमा तिरिसक्नुभयो । जग्गा पास गर्नेबित्तिकैजसो सुबेदारले घर बनाउन थाले । तर हामीसँग पैसा थिएन र बनाउन सकेका थिएनौँ । हरिबाबूको पैसा तिरेपछि हरिबाबूले नै 'घरको जग बनाउनुहोस्' भनेर मेरा पतिलाई एक हजार रुपियाँ सापटी दिएका थिए ।

यसरी विराटनगरको हाम्रो घरघडेरीको व्यवस्था गर्ने सन्दर्भमा सुबेदार मैकासिंह राई र हृषीकेश कोइरालाको ज्यादै महत्त्वपूर्ण भूमिका छ । हरिबाबू अत्यन्त सज्जन मानिस थिए । उनी विराटनगरका जमिनदार दधिराम कोइरालाका छोरा भएकाले पनि निकै धनाढ्य

थिए । तर उनको जीवन अत्यन्त सादगीपूर्णको थियो । आफैँ पनि विद्वान् र ज्ञानी भएका कारण उनले मेरा पतिलाई अत्यन्त श्रद्धा गर्थे । हाम्रो दुक्खका दिनमा नि:स्वार्थ भावले सहयोग पुऱ्याउने हरिबाबूप्रति मेरा पतिले पनि धेरै सम्मान गर्नुहुन्थ्यो । उनलाई राम्राराम्रा पुस्तक पढ्ने शौख रहेछ । त्यति बेलाको विराटनगरमा उनका चाहनाअनुरूपका किताब पाइने कुरै भएन । मेरा पतिसँगको कुनै भेटघाटमा उनले यो कुरा भनेका रहेछन् । मेरा पति कलकत्ता गइरहने हुनाले उनको अपेक्षाअनुरूपका पुस्तकहरू उहाँले ल्याइदिनुहुन्थ्यो । एकपटक त उनका लागि मेरा पतिले कलकत्ताबाट एक बोरा किताब ल्याइदिनुभएको थियो । 'ल हरिबाबू ! पढ्नुस् किताब । अरू ल्याउनुपरे पनि भन्नु होला ।' मेरा पतिले भन्नुभएको थियो । यस कुराले हरिबाबू मेरा पतिसँग ज्यादै खुसी भएका थिए । दार्शनिक प्रवृत्तिका हरिबाबूले सधैँ सेतो खादीको कुर्तापाइजामा मात्र लगाउने गर्थे । शान्त स्वभावका हरिबाबूलाई देख्दा कुनै ऋषिमुनिलाई देखेजस्तो लाग्थ्यो । उनकी पत्नी पनि अत्यन्तै साधारण जीवनशैलीकी थिइन् । उनीहरूका एक छोरी र एक छोरा थिए । हरिबाबूकी पत्नीको असामयिक निधन भएको थियो । अधबैँसे उमेरमा पत्नीको निधन भए तापनि हरिबाबूले हाम्रो सामाजिक परिपाटीअनुरूप दोस्रो बिहे गरेनन् । धेरै वर्ष थलिएर केही वर्षअघि मात्र उनको स्वर्गारोहण भयो ।

त्यति बेला सस्तोको जमाना थियो, हरिबाबूले दिएको एक हजार रुपियाँले हामीले पनि चारकोठे घरको जग निर्माण गऱ्यौँ । घर बनाउँदा पहिले जग बनाएर एक बर्सातको पानीले पिटायो भने घर बलियो हुन्छ भन्ने पनि मान्यता थियो । अर्कातिर हामीसँग घर बनाउने पैसा पनि थिएन । त्यसैले पैसाकै जोहो गर्न निकै समय लागेको थियो । जग बनाएको एक वर्षपछि मात्रै हामीले घर बनाउन थालेका थियौँ ।

घरको छत ढलानपछि भुइँ पनि ढलान गरेर हामी घरमा सर्ने भयौँ । पैसाको अभावका कारण हामीले घरमा ढोका मात्र हालेका थियौँ । चारओटा कोठामध्ये दुई कोठाका झ्यालमा पनि खापा हालेका थियौँ । हाम्रो घरको सबै झ्यालमा रडचाहिँ हालेको थियो । तर सबै कोठाको झ्यालमा खापा भने हालेको थिएन । त्यसैले केही समयसम्म झ्यालमा बोराको पर्दा हालेर पनि हामीले काम चलाएका थियौँ ।

अहिले पाञ्चालीमा हाम्रो तीनतले घर छ । पहिले बनाएको घरमा तला थप्नुका साथै मेरा पतिले २०३० सालतिर त्यसै जग्गाको दक्षिणपट्टि पनि दुइटा घर बनाइदिनुभएको थियो । त्यस बेला पनि झापा, धरानलगायत पूर्वी पहाडका कतिपय ठाउँहरूबाट एस्.एल्.सी. पास गरेपछि विद्यार्थीहरू कलेजस्तरको पढाइका लागि कि त काठमाडौँ जान्थे; नत्र विराटनगरमा नै आउँथे । त्यसैले त्यस बेला विराटनगरको महेन्द्र मोरङ क्याम्पसमा पढ्न गाउँगाउँबाट विद्यार्थीहरू आउँथे । क्याम्पसको एउटा मात्र होस्टलमा थोरै मात्र विद्यार्थीले बस्न पाउँथे । बाँकी अरू विद्यार्थीहरू डेराका लागि भौँतारिन्थे । भाडामा बसेका विद्यार्थीहरूले घरबेटीहरूको निकै सास्ती खेप्नुपर्थ्यो । यो देखेर मेरा पतिले विद्यार्थीहरूलाई नै सहुलियत दरमा भाडामा दिनका लागि भनेर आफू बस्नेबाहेकको घर पनि बनाउनुभएको थियो । 'भाडामा बसेका मानिसलाई दुक्ख नदिनू, जतिखेर मन लाग्यो त्यतिखेर भाडा नबढाउनू, उनीहरूलाई आफ्नै घरमा बसेको अनुभूति हुन दिनू' जस्ता कुराहरू मेरा पतिले गर्नुहुन्थ्यो । मेरा पतिले भाडा पनि विराटनगरका अरू घरहरूमा भन्दा सस्तोमा नै दिनुभएको थियो । कुनै विद्यार्थीले समयमा घरभाडा तिरेन भने पनि 'उसलाई केही नभन्नू । कुनै अप्ठ्यारो पऱ्यो होला । कुनै दिन तिरिहाल्छ' भन्नुहुन्थ्यो । 'तेरो तरकारीखर्च पनि चल्छ, टाढाका विद्यार्थीले पनि बास पाउँछन्' मेरा पतिले त्यो घर बनाउँदा भन्नुभएको थियो । अधिकांश विद्यार्थीहरू नै बस्ने भएका कारण हाम्रो उक्त

घर विराटनगरमा 'मिनिहोस्टल' नाउँले नै प्रख्यात थियो । पतिको जीवनकालमा पनि उहाँले भन्नुभएजस्तै त्यस घरबाट भाडा उठाएर मैले तरकारी खर्च चलाएँ । उहाँको २०४६ सालमा देहावसान भएपछि पनि त्यस घरले मलाई घरखर्चमा निकै सघायो । तर अहिले चाहिँ निकै जीर्ण भइसकेकाले उक्त घर भत्काइसकिएको छ । ऊन्डै त्यस घरले चर्चेजति अर्थात् एक कट्ठा घडेरी कान्छो छोरो स्वस्तिकको भागमा परेको छ ।

पाञ्चालीमा हाम्रा छिमेकीहरू पनि निकै गतिला थिए । हाम्रो घरको उत्तरपट्टि सिमाना टाँसिएको घर सुबेदारको थियो । सुबेदार साहेब निकै असल मानिस थिए । हामीले उत्तरपट्टिको दुई कोठा साझे भित्ता गरेर पनि बनाएका थियौँ । मेरा पतिको जस्तै उनको पनि बाटामा हिँडिरहेका मानिसलाई पनि घरमा बोलाएर चिया खुवाउने बानी थियो । तर उनीहरू नि:सन्तान थिए । त्यस घरमा हामी सरेको दुईतीन वर्षपछि सुबेदार मैकासिंह राईकी भतिजी गोरसुवा राई र उनका पति पूर्णबहादुर राई सुबेदार साहेबसँगै बस्ने गरी मलायाबाट आएका थिए । पूर्णबहादुरसँग सुबेदार साहेबको लेनदेनको कुरा रहेछ । सोही कुराले गर्दा सुबेदार साहेबले त्यत्ति हर्षले बनाएको घर पनि पूर्णबहादुर राईलाई छोडेर उनीहरू त्यहाँबाट अलि पर कोसी प्रोजेक्टतिर खेती किनेर उतै बस्ने गरी गएका थिए । त्यसपछि सुबेदार साहेब पनि हाम्रा घरमा त्यत्ति आएनन् र हामी पनि उनका घरमा गएनौँ । बेलाबखतमा उनको खबर भने हामीले पाइरह्यौँ । हामीसँगै बस्ने भनेर आएका सुबेदार साहेबले त्यसरी घर अर्केलाई जिम्मा लगाएर जाँदा हामीलाई निकै नरमाइलो लाग्यो । तर उनको लेनदेनका अगाडि हामीले केही भन्न सक्ने कुरा पनि थिएन ।

सुबेदारको घर किनेर बसेका पूर्णबहादुर राई र उनकी पत्नी गोरसुवा राई जसलाई हामी सबै माइली दिदी भन्छौँ पनि निकै असल मानिस हुन् । उनीहरूका विकास, भोजकुमार र प्रेमकुमार अनि सीता

नाम गरेका छोराछोरी छन् । सबैको बिहेदान भइसकेको छ र उनीहरू आआफ्नो व्यवसाय गरी खान्छन् । माइली दिदीको स्वर्गारोहण भइसकेको छ ।

सुबेदारको घरका पर्तिरको घर पं. ठाकुरप्रसाद कोइरालाको थियो । पण्डितजी विराटनगरको आदर्श बालिका विद्यालयमा नेपाली विषयका शिक्षक थिए । उनका दस जना छोराछोरी थिए । पण्डित्नी आमै अत्यन्त धर्मपरायण सरल सीधा आइमाई थिइन् । सधैँभरि पूजापाठ र चोखोनितोमा जीवन बिताएकी पण्डित्नी आमैको अन्त्य बढो दु:खद् भयो । उनले धेरै दुक्ख पाएर जीवनलीला विसर्जन गर्नुपर्‍यो । उनीहरूका जेठा छोरा हरिहर इन्जिनियर, माइला छोरा शरद इन्जिनियर, साइँला छोरा मोहन वनअधिकृत, काइँला छोरा मदन डाक्टर, अन्तरे छोरा रोशन डाक्टर र कान्छो छोरो सुसन पनि व्यवसायमा छन् । त्यसै गरी जेठी छोरी लक्ष्मी, माइली दुर्गा, साइँली मधु, काइँली चारु र कान्छी मनीषा पनि राम्राराम्रा घरमा बिहा भएका छन् । पण्डितजीलाई हाम्रा छोराछोरीले पनि पिताजी भनेर बोलाउँथे । मेरा पतिले पण्डितजीलाई धेरै सम्मान गर्नुहुन्थ्यो । पण्डितजीले पनि मेरा पतिलाई निकै सम्मान गर्थे । उनका छोराछोरीहरू पनि अहिलेसम्म पनि दसैँमा मेरा हातको टीका लगाउन आउँछन् । मेरी छोरी इन्दिराका सहपाठी डा. मदनले बुधहाट चोकमा बनाएको भव्य घरमा पण्डितजी धेरै वर्ष बस्नुभयो । तर जीवनको पछिल्लो समय उहाँलाई उहाँको अन्तरे छोरा रोशनले स्याहारे । एकल जीवनयापन गर्ने रोशनले उनका पिताको स्याहारसुसार गरेको देख्नेहरूका लागि आश्चर्य नै थियो । इच्छाशक्ति भएपछि बुहारीबिना पनि छोराले मातापिताको हेरविचार गर्न सक्ता रहेछन् भन्ने कुराको उदाहरण समाजमा डा.रोशन कोइरालाले प्रस्तुत गरे ।

मेरा घरदेखि दक्षिणपट्टिको घर बोधराज कोइरालाको थियो । उनकी पत्नी सीता निकै मायालु हुन् । उनीहरूका चार जना छोराहरू

छन् । जेठो राजन र मेरी छोरी इन्दिरा सँगै पढेका हुन् । माइलो रमण, साइँलो रतन र कान्छो नारायण हुन् । बोधराज पनि घर बेचेर काठमाडौँ आएका छन् । बोधराजको घरपर्तिरको घर माधवराज आचार्यको हो । उनी क्याम्पसको प्रशासनमा काम गर्ने भएकाले मेरा पतिसँग निकै हिमचिम थियो । उनले मेरा पतिलाई दाजु भन्थे । उनकी पत्नीको नाउँ माधुरी थियो । माधुरी पनि प्राथमिक विद्यालयमा पढाउँथिन् । उनीहरूका घनश्याम, आनन्द र सन्तोष नाम गरेका छोरा र मिथिला नाम गरेकी एउटी छोरी थिइन् । सन्तोषको सानै उमेरमा निधन भयो । सन्तोषको निधनपछि माधवराज ज्यादै विह्वलित भए । त्यसपछि नै उनी श्रीवैष्णव धर्ममा लागे । आनन्द बेलायतमा बस्छन् । माधव र माधुरी काठमाडौँमा घनश्यामसँग नै बस्छन् ।

मेरा घरदेखि पूर्वतिर क्याम्पसको कम्पाउन्डसम्म पुग्ने बाटो छ । बाटोपारिको घर डी. आई. जी. मानबहादुर राईको थियो । दस कट्ठा जग्गामा ठूलो घर बनाएका उनीहरू त्यस घरमा धेरै दिन बसेनन् । उनीहरू घर भाडामा लगाएर काठमाडौँतिर बसाइँ नै सरेका थिए । लामो समयसम्म त्यस घरमा ब्रिटिस नेपाल मेडिकल ट्रस्ट नाम गरेको विदेशी संस्था भाडामा बसेको थियो । हालसालै उनीहरूका सन्तानले त्यो घरघडेरी बिक्री गरेकाले जग्गा किन्ने मानिसले घर भत्काएर जग्गालाई टुक्रा पारेर बिक्री गर्न थालेका छन् । त्यहीँ नेपाल टेलिकमले दुइटा भवन बनाइसकेको छ ।

मेरो घरदेखि उत्तरपट्टि पूर्वपश्चिम परेको सडक छ । सडकपारि मनबहादुर राईको घर छ । मनबहादुर राई र माइली होटेल्नीले संयुक्त रूपमा जग्गा किनेर संयुक्त रूपमै घर बनाएका थिए । हामी विराटनगरमा आएका बेला विराटनगरको ट्राफिक चोकमा माइला होटेल नाम गरेको एउटा निकै चल्तीको होटेल थियो । त्यसै होटेलकी मालिक्नी भएकीले उनलाई माइली होटेल्नी भनिन्थ्यो । उनका पतिको निधन भएपछि माइली होटेल्नीले बङ्गाली पुरुषसँग

बिहा गरेकी थिइन् । उनको प्रथम पतिबाट एक मात्र छोरी लक्ष्मी थिइन् । अठार वर्षको उमेरमा निमोनिया भएर लक्ष्मीको मृत्यु भयो । माइली होटेल्नी मनबहादुर राईकी सानीमा थिइन् । मनबहादुर राई ब्रिटिस गोर्खा आर्मीमा मेजर भएका थिए । उनी निकै हक्की मानिस थिए । ब्रिटिस गोरखा आर्मीका अवकाशप्राप्त मेजर मनबहादुर अहिले सपरिवारै बेलायतमा बसोबास गर्न थालेका छन् । मनबहादुरको घरदेखि पूर्वतिरको घरजग्गा एमाले पार्टीले किनेको छ र अहिले त्यहीँ एमालेको जिल्ला कार्यालय छ ।

हाम्रो पाञ्चालीमा त्यसबाहेक सीताराम कोइरालाको घर, मेरो भतिजो आनन्दको घर, अर्यालको घर, केशवप्रसाद श्रेष्ठको (अमृत) घर, खनाल्नीको घर, खनाल पण्डितको घर, रायमाझीको घर, सुब्बा साहेबको घर, मोहन सिटौलाको घर, कटुवालको घर, मन्दिरवाला घर, अम्बर रिजाल र केदार रिजालको घर, डा. अभिनारायण घिमिरेको घर, मिलवाला राजेश गौतमको घर पनि थियो । त्यसै गरी डिल्लीराम तिम्सिनाको घर, कला र गोविन्दको घर, हरिबाबूकी छोरीको घर, अग्निप्रसाद दाजुको घर, ठेकेदारको घर, कोषराज रेग्मीको घर पनि थियो । मूलबाटो पुग्ने अगाडिपट्टि नै रामेश्वर साहूजीको दोकान र घर छ । रामेश्वर साहूले धेरै दुक्ख गरेर धन आर्जन गरेको हामीले देखेका हौँ । अत्यन्त मिहेनती रामेश्वर साहू पनि अब यस संसारमा छैनन् । तर उनका सञ्जय र उमेश नाउँका गुणी र सज्जन छोराहरूले पिताको कारोबार राम्ररी सञ्चालन गरेका छन् । यी पुराना घरहरूबाहेक अहिले त पाञ्चालीमा अरू पनि थुप्रै घर थपिएका छन् । कतिपयलाई त म चिन्दा पनि चिन्दिनँ । तर हामी पाञ्चालीका पुराना बासिन्दा भएको र हामीले घर बनाएपछि बन्दै गएका घरहरूका बारेमा हामीलाई थाहा हुँदै गएको हो । पाञ्चाली नयाँ बस्ती र सानो गाउँजस्तो भएकाले त्यस बेला त्यस गाउँका सबैजसोसँग हाम्रो चिनाजानी हुने गर्थ्यो ।

सीतामणि कोइराला हो– उनको नाउँ तर हामी सबै उनलाई सीताराम भन्छौँ । सीताराम र उनकी पत्नी शान्ति पनि हाम्रा परिवारमा निकै हित्तचित्त मिलेका छिमेकी हुन् । सीताराम मेरा पति र मलाई असाध्य श्रद्धा गर्ने मानिस हुन् । मेरा छोराछोरीलाई पनि उनले आफ्नै भाइबहिनाजस्तो माया गर्छन् । उनका जेठा छोरा श्याम र उनका भाइ अस्ट्रेलियामा बसोबास गर्छन् । सीताराम उनकी आमा (जसलाई हामी सबै साइँली आमा भन्छौँ) का साथ पाञ्चालीमा नै बसोबास गर्छन् ।

सबैले उनलाई खनाल्नी दिदी भन्थे । उनका चारओटी छोरी र दुइटा छोरा थिए । साह्रै फर्साइली थिइन् उनी । उनी बोलेर नथाक्ने, हाँसेर नथाक्ने आइमाई थिइन् । घरव्यवहारका सबैजसो क्रियाकलाप उनैले गर्थिन् । उनका पति पढेलेखेका जागिरे भए पनि असाध्य सीधासाधा खालका थिए । तर खनाल्नीलाई दैवले धेरै दिन पृथ्वीमा बस्न दिएनन् । उच्च रक्तचापकी बिरामी उनी अचानक हृदयगति बन्द भएर पचास वर्षको उमेर नपुग्दै दिवङ्गत भइन् । उनका पतिले उनको देहावसानपछि अर्को बिहे गरेनन् । अहिले उनी उनको मूलघर विराटनगर मधुमारामा नै बसोबास गर्छन् । उनीहरूको पाञ्चालीको घर भाडामा लगाएका छन् ।

डिल्लीराम तिम्सिना पनि हाम्रा छिमेकी थिए । उनी प्राध्यापक र साहित्यकार हुन् । उनी बनारस हिन्दू विश्वविद्यालयमा धेरै वर्ष पढाएर नेपाल आएका थिए । अवकाशप्राप्त उनलाई विराटनगरमा घर बनाएर, त्यसै घरमा निजी पुस्तकालय तयार गर्ने अनि आनन्दले लेखपढ गर्ने ठूलो धोको थियो । उनले घर बनाउन भ्याए तर बनारसबाट बोरामा कसेर ल्याएका किताबहरू खोलेर आफ्नो पुस्तकालयमा सजाउन उनलाई निर्दयी कालले साथ दिएन । उनकी पत्नी दुर्गादेवी र एउटा छोरो डा. रुद्र तिम्सिना त्यहीँ बस्थे । अत्यन्त असल स्वभावका डा. रुद्रले पनि आफ्नी आमालाई रुवाएर

यस धर्तीबाट असमयमै बिदा लिए । उनको अर्को छोरो सुमन तिम्सिना अमेरिकामा बसोबास गर्छन् ।

पाञ्चालीमा घर भएका हाम्रा छिमेकीमध्ये हाम्रो परिवारसँग निकै हिमचिम भएका अर्का व्यक्तित्व हुन्– अग्निप्रसाद रिजाल । रिजाल मेरा मावली भएका कारण उनलाई म दाजु भन्थेँ । उनले पनि आफ्नै सहोदर बहिनीजस्तै मलाई पनि माया गर्थे । उनले हाम्रो परिवारलाई नै धेरै माया गर्थे । मेरा छोराछोरीहरूलाई पनि उनले धुमधाम माया गर्थे । मेरी छोरी इन्दिरालाई पनि उनले केही समयसम्म पढाइदिएका थिए । खास गरेर स्त्रीजातिले राम्ररी पढ्नुपर्छ र आत्मनिर्भर हुनुपर्छ भन्ने उनको मान्यता थियो । उनले त मलाई पनि पढाउन खोजेका थिए । तर घरव्यवहारको चपेटाका कारण मैले पढ्न सकिनँ । उनकै प्रेरणाले उनका सबैजसो भाइबुहारीहरू अहिले सक्षम छन् । उनका छोरीहरूमध्ये जेठी शोभा डाक्टर छिन्, माइली इन्दिरा उच्चशिक्षा प्राप्त गरेर अमेरिकामा जागिरे छिन् र कान्छी वीणा (सानु) जापानमा इन्जिनियर छिन् । एक मात्र छोरो जगदीश पनि इन्जिनियर थिए । तर ब्रेनट्युमरका कारण उनको असमयमा नै मृत्यु भयो । अग्निप्रसाद दाजुको पनि २०५८ साल कात्तिक कृष्णपक्षको द्वितीया तिथिमा स्वर्गवास भयो । उनकी पत्नी धेरै वर्ष पाञ्चालीको घरमा बसिन् । छोरीहरू पालैपालो आएर आमाको हेरविचार गर्थे । बाहिरबाट आएका बेला इन्दिरा र सानुले मसँग पनि भेटघाट गर्थे । उनीहरूकी बुहारी जुनु काठमाडौँमा बसोबास गर्छिन् । यस वर्षदेखि सानुले आमालाई काठमाडौँमै लिएर गइन् र बुहारी जुनुकै हेरदेखमा राखेकी थिइन् । तर २०७२ सालको साउन ११ गते भाउजु निकै बिरामी हुनुहुन्छ भन्ने थाहा पाएर म उहाँलाई हेर्न भनेर अस्पताल गएकी थिएँ । त्यसैको भोलिपल्ट अर्थात् साउन १२ गते शुक्लपक्षको द्वितीया तिथिमा मेरी भाउजू शिवमाया रिजालको ९६ वर्षको उमेरमा स्वर्गारोहण भएको थियो ।

हामी पाञ्चालीका गाउँलेहरू पहिलेपहिले एकअर्कामा साह्रै मिलेर बस्थ्यौँ । तीजपञ्चमीमा सबै महिला दिदीबहिनीहरू र केटाकेटीहरू एकै ठाउँ जम्मा भएर पूजापाठ गर्थ्यौं र पञ्चमीको व्रतपूजा सकेर एकै भाँडामा भात पकाएर खान्थ्यौँ । तीजको व्रत बस्ता रातभरि जाग्राम बसेर नाचगान पनि गर्थ्यौं । एकअर्कामा रमाइलो मात्र होइन; भरअभरमा पनि हामी सरसहयोग गर्थ्यौं । समय बित्दै गएपछि एकएक गर्दै कोही त्यहाँबाट काठमाडौँतिर लागे, कसैलाई शोक पऱ्यो । खास गरेर नयाँ पुस्ताकाहरू काठमाडौँ र विदेशतिर लागे र हामी त्यहीँ भएकाहरू पनि वृद्ध हुँदै गयौँ र एकअर्कासँग भेटघाट गर्न पनि कठिन हुन गयो । जसले गर्दा हाम्रो पाञ्चालीको पुरानो रमाइलो बाँकी रहेन ।

# पतिको आर्थिक सङ्घर्षका दिन

हामी २०१९ सालमा कलकत्ताबाट नेपाल आउँदा हाम्रो विराटनगरमा केही थिएन । मेरा पतिको पैतृक थलो धनकुटाको चुङवाङमा उहाँले अंशबन्डाबापत पाउनुभएका केही खेत थिए । त्यसबाहेक सुनसरी जिल्लाको पम्रुखीमा पनि अंशबापत पाएकै खेत थियो । मेरा पतिले दुई विषयमा एम्.ए., बी.टी. र एल्.एल्.बी.पास गर्नुभएको थियो । मेरा पतिको नेपाल फर्किने खासै विचार पनि थिएन । नेपालको दुरावस्था, शिक्षादीक्षाको कमीका कारण आफ्ना सन्तानले पनि उच्चशिक्षा प्राप्त गर्न नसक्लान् भन्ने उहाँलाई शङ्का थियो । त्यसैले पढिसकेपछि कलकत्तामा नै जागिर खाने उहाँको विचार थियो । तर त्यसैताका विराटनगरमा स्थापना गरेको मोरङ कलेजकै सन्दर्भमा कलकत्ता पुग्नुभएका मेरा कान्छा दाजु राधाप्रसाद घिमिरेका कारण हामी विराटनगर आएका थियौँ ।

कलकत्तामा मेरा पतिको कुनै जागिर थिएन । उहाँ पढ्ने र जजमानी गर्ने काम गर्नुहुन्थ्यो । त्यसबाहेक एस्.बी.आई.परीक्षाका कापी पनि उहाँले जाँच्नुहुन्थ्यो । त्यस बेला त्यहाँ मेरा तीनटी छोरी, एउटा देवर र हामी दुई गरेर छ जनाको परिवार थियो । तर पनि कलकत्तामा बसुन्जेल हामीले नमीठो कहिले खाएनौँ । पूजापाठका चामल र दालका कारण हामीले चामलदाल किन्नु पर्दैनथ्यो । दक्षिणाका पैसा अरू सामग्री किन्नका लागि पर्याप्त हुन्थ्यो । परीक्षाका कापी जाँचेको पैसाले घरभाडाका लागि पुग्थ्यो । हामी फर्मायसी खर्च गर्दैनथ्यौँ ।

यति हुँदाहुँदै पनि कान्छा दाजुको सल्लाहले भविष्य सुन्दर बनाउन सकिन्छ कि भन्ने आशाले हामी विराटनगर आएका थियौँ ।

मेरा पतिको सुरुसुरुको विराटनगरीय जीवन निकै कष्टकर थियो । उहाँले धेरै मिहेनत गर्नुभएको छ । हाम्रो तिनटोलियामा बसेको भाडाको घर हामीले चाहेजस्तै थियो । त्यसैले त्यस घरमा सरेपछि हामीलाई भनेजस्तै सुविधा थियो । हुन त खपटाले छाएको त्यो घर पनि बर्खामास यति धेरै चुहिन्थ्यो कि– भनेर साध्य नै छैन । बर्खायाममा हामी दुई पतिपत्नी रातभरि पालो गरीगरी चुहिएको ठाउँमा भाँडा थाप्तै भरिएका भाँडाको पानी फाल्ने गर्थ्यौं । यति हुँदाहुँदै पनि उक्त घर हामीले चाहेजस्तै स्वतन्त्र थियो । घरबेटीको दैनिकी खटनपटन त्यसमा थिएन । अनि घरसँगै कट्ठाजति बारी पनि थियो । त्यहाँ बारी पाएपछि हामी दुवै पतिपत्नी र देवर नन्दसमेत लागेर त्यस बारीमा मौसमअनुसारका तरकारी रोप्न थाल्यौँ । त्यस बेलासम्म तिनटोलियाका हाम्रा छिमेकीहरूले बारीमा तरकारी फलाएर खान जानेका थिएनन् । हामीले तरकारी फलाएर उनीहरूलाई पनि बाँडेर खान थालेपछि वरिपरि अरू छिमेकीहरूले पनि तरकारी रोप्न थाले । यसअघि तिनपैनीमा आचार्य बाहुनको घरमा बसेको बेला एउटा सानो टुक्रा जमिनमा मैले साग रोप्ने इच्छा गर्दा पनि पाउन निकै कठिन भएको मलाई सम्झना थियो । त्यसैले यत्तिको बारी तरकारी रोप्न पाउँदा मलाई धुमधाम हर्ष लागेको थियो ।

मेरा पति त्यस बेला मोरङ कलेजमा तीन सिफ्ट पढाउनुहुन्थ्यो र सरस्वती हाइस्कुलमा पनि पढाउनुहुन्थ्यो । सरस्वती हाइस्कुलका प्रधानाध्यापक श्यामकृष्ण गौतम हाम्रा तिनटोलियाका घरका छिमेकी थिए । वैष्णव धर्म मान्ने गौतमको परिवार नै भद्रताको नमुना थियो । श्यामकृष्ण गौतम अत्यन्त सीधासाधा र विद्वान् व्यक्ति थिए । मेरा पतिले गौतमलाई अत्यन्त आदर गर्नुहुन्थ्यो । स्वयम् विद्वान् भएका कारण गौतमले मेरा पतिलाई पनि अत्यन्त सम्मान गर्नुहुन्थ्यो ।

श्यामकृष्ण गौतम प्रवेशिका परीक्षामा पनि बोर्डफस्ट भएका मानिस थिए । राष्ट्रियस्तरका विद्वान्को मोफसलको बसाइ र कर्मभूमिका कारण प्रचारप्रसार हुन सकेन । 'ज्योतिषीका छोरी राँड...' भनेझैँ त्यस्ता विद्वान्का सन्तानले कुनै उल्लेखनीय प्रगति गर्न सकेनन् ।

मेरा पति बिहान छ बजे कलेजमा पढाउन गएर भात खान कहिले एघार बजे, कहिले बाह्र बजे र कहिलेकाहीँ त समय नमिलेको बेलामा दुई बजे पनि घरमा आउनुहुन्थ्यो । मेरा पतिले नखाउन्जेल म पनि नखाइ नै बसेकी हुन्थेँ । 'म घर आउने टुङ्गो हुँदैन, मेरो भाग राखिदिएर तैँले भात खानू' उहाँले भन्नुहुन्थ्यो । तर मलाई त्यसरी उहाँले नखाईकन खान मन लाग्दैनथ्यो । उहाँले भात खाएर पुन: उहाँ काममा जुटिहाल्नुहुन्थ्यो । उहाँ दिउँसो आराम गर्ने अवसर हत्तपत्त पाउनुहुन्नथ्यो । घरव्यवहारको सम्पूर्ण जिम्मा मेरो हुन्थ्यो । कमाएको सबै पैसा उहाँले मेरा हातमा हालिदिनुहुन्थ्यो । घर खर्च गरेर जोगाएर मैले उहाँलाई हिसाब दिन्थेँ । मैले गरेको खर्चमा उहाँले कहिल्यै कुनै आपत्ति प्रकट गर्नुभएन ।

'तपाईं यत्ति धेरै पढेको मानिस, म त पढेकी छैनँ ।' मैले उहाँसँग कहिलेकाहीँ गुनासो गर्थें ।

'हेर बूढी ! पढेका मान्छेले जागिरै खाने हो भने त ठीकै हो, तर आफू अरूबाट नठगियोस्, केही अप्ठ्यारो पर्‍यो भने समाधान गर्न सकियोस् भनेर अक्षर चिन्नु धेरै राम्रो हो । तैँले अक्षर चिनेकी छस् । मलाई चिठीपत्र लेख्न सकिहालिस् । मेरो गृहस्थी तैँले नै चलाएकी छस् । छोराछोरीलाई अक्षर चिनाउने काम तैँले नै गरेकी छस् । छोराछोरीलाई संस्कार सिकाउने काम पनि तैँलै नै गरेकी छस् । हामी लोग्नेमानिसलाई त बारको काठ भन्छन् । घर त तिमीहरू आइमाईकै हुन्छ । तैँले नपढेको कुरा मेरा मनमा कहिले आउँदैन ।' मेरो कुराको उहाँले जबाफ यसरी दिनुहुन्थ्यो । हुन पनि मेरा पतिले मलाई नपढेकी भनेर कहिल्यै होच्याउनुभएन । लोग्नेस्वास्नीमध्ये एक

जनाले घरबाहिरको काम गर्नुपर्छ, अर्कोले घरभित्रको काम गर्नुपर्छ । त्यसो भयो भने घरगृहस्थी बलियो हुन्छ भन्ने मान्यता मेरा पतिको थियो । लोग्नेले कमाएर ल्याएको पैसा स्वास्नीले सदुपयोग गर्दिनुपर्छ भन्नुहुन्थ्यो– उहाँ । 'मैले कमाएको पैसाको तैँले जोहो नगरेको भए कसरी मेरो यस्तो आर्जन हुन सक्थ्यो र ?' उहाँले जहिले पनि मलाई भन्ने कुरा हो यो । हुन पनि मैले मेरा पतिले जति कमाउँदा पनि कहिल्यै कुनै फरमाइसी गरिनँ । लोग्नेले दुक्ख गरेर कमाएको सम्पत्तिको सदुपयोग गर्नेतर्फ नै मेरो मन जान्थ्यो । साथीहरूले किसिमकिसिमका लुगा, गहना लगाएको देख्दा पनि मैले कहिल्यै मेरो लोग्नेलाई मलाई पनि चाहियो भनिनँ । उहाँले 'किनिदिन्छु' भन्दा पनि 'भैगो पर्दैन' भन्थैँ ।

'बूढी मैले जति धनसम्पत्ति जोडेँ, त्यो सबैमा तेरो पनि मेरो जत्तिकै योगदान छ, अरु मेरोभन्दा धेरै नै छ । मैले खुरुखुरु कमाएर तैँले सुरुसुरु उडाउनपट्टि लागेकी भए कसरी यत्तिको जेथा जोडिन्थ्यो र ?' उहाँले बिरामी परेका बेला पनि मलाई भन्नुभएको थियो ।

मेरा पति चिना पनि कोर्नु र हेर्नुहुन्थ्यो र हस्तरेखा पनि जान्नुहुन्थ्यो ।

२०३० सालमा नेपालमा नयाँ शिक्षा योजना लागू भएपछि पञ्चायती सरकारले शिक्षकहरूलाई निकै दुक्ख दिन थालेको थियो । मेरा पति शिक्षक हकअधिकारका लागि लड्नेभिड्ने शिक्षक भएकाले तत्कालीन स्थानीय प्रशासकका आँखामा उहाँ कसिङ्गर हुनुहुन्थ्यो । त्यसैले त्यसै बेला उहाँलाई भक्तपुर क्याम्पसमा सरुवा गरिएको थियो । प्रशासनको कुदृष्टि आफूमाथि परेको कुरा मेरा पतिलाई थाहा नै थियो । त्यसै कारण उहाँले प्राध्यापन पेसाबाट अलग हुने निर्णय गर्नुभयो र राजीनामा दिनुभएको थियो । महेन्द्र मोरङ कलेजका कहलिएका प्राध्यापक भए पनि त्यस बेलाको राजनैतिक व्यवस्थाको कुदृष्टिका कारण उहाँले यस पेसालाई निरन्तरता दिनुभएन ।

प्राध्यापन पेसालाई निकै मन पराउनुभएको भए पनि प्रशासनको कालो दृष्टिका कारण उक्त पेसा परित्याग गर्न बाध्य हुनुभएका मेरा पतिले त्यसपछि अधिवक्ता मोहन सिटौलासँगको सहकार्यमा वकालत पेसा अँगाल्नुभएको थियो । एल्.एल्.बी. को डिग्री भए तापनि मेरा पतिले पूर्णकालिक पेसाका रूपमा वकालतलाई अपनाउनुभएको थिएन । प्राध्यापन पेसा परित्यागपछि वकालतलाई नै पूर्णकालिक पेसा बनाउने विचारले उहाँ त्यस पेसामा संलग्न हुनुभएको थियो । तर मेरा पतिलाई उक्त पेसाले सन्तुष्टि दिन सकेन । आफूले पूर्णक्षमताका साथ बहस गरेर आफ्ना पक्षको वकालतपछि प्राप्त विजयको उपलब्धिमा इमानदार विपक्षीको पराजय पनि हुन सक्ने सम्भावनाका कारण मेरा पतिलाई वकालत पेसामा आकर्षण भएन । आफ्नो जीतमा कुनै इमानदारले पनि सजाय पाउन सक्ने यथार्थले उहाँलाई यस पेसामा संलग्न हुने इच्छा भएन । त्यसैले उहाँले बिस्तारै उक्त पेसाबाट आफूलाई हटाउनुभयो ।

त्यसपछि नै उहाँले आफूलाई पूर्णकालिक रूपमा नै जग्गाको किनबेचमा लगाउनुभयो । 'पैसा नै कमाउनका लागि मैले पढेको विद्याको काम रहेन रहेछ । मैले अँगालेको यस पेसाका लागि दस कक्षासम्मको अध्ययन पर्याप्त हुने रहेछ' । मेरा पति जग्गाको कारोबारमा संलग्न हुँदा भन्नुहुन्थ्यो । विराटनगरको हाम्रो पाञ्चालीको घरबाट दक्षिणउत्तरतिर नहरपारि भनिने अलका बस्ती र तिनटोलियाको पूर्व टोल अनि जतुवा कठकुप्पाको अमरटोलको बस्ती मेरा पतिले बिक्रीवितरण र प्लटिङ गर्नुभएका कारण बसेको हो । त्यस बेलासम्म विराटनगरमा जग्गाहरू प्लटिङ गर्ने वा घडेरीका रूपमा बिक्रीवितरण गर्ने चलन पर्याप्त चलेको थिएन । मेरा पतिले सुरु गर्नुभएको यो व्यवसाय निकै राम्रोसँग चलेको थियो । साधारण शिक्षकको जीवनशैलीमा बाँचेको हाम्रो परिवारको आर्थिक अवस्थामा मेरा पतिको जग्गा दलालीको व्यवसायले कायापलट गरायो । विराटनगरमा एक

धुर जग्गा नभएका हाम्रा नाउँमा घडेरी नै घडेरी भएको थियो । हिजो घरव्यवहार चलाउनका लागि मैले पतिको महिनाभरिको कमाइबाट आउने तलबको बाटो हेर्नुपर्थ्यो र सीमित पैसाले महिनाभरि पुऱ्याउनुपर्थ्यो । तर पतिले जग्गा दलाली गर्न थालेपछि मैले रुपियाँपैसाको अभावबारे सोच्नु पनि परेन ।

जग्गाजमिनबाहेक मेरा पतिले मलाई घरखर्च चलाउन सजिलो होस् भनेर नै भाडा लगाउनका लागि दुइटा घर बनाइदिनुभएको थियो । र आफू बसेकै घरमा पनि तीन तला बनाएर सबैभन्दा माथिल्लो तलामा आफू बसेर अरू तलामा भाडा लगाउने व्यवस्था गरिदिनुभएको थियो । जसले गर्दा मलाई घरखर्चका लागि पतिसँग पनि पैसा माग्नु पर्दैनथ्यो । यसरी हामो परिवारलाई सम्पन्नताको बाटोमा पुऱ्याउनका लागि मेरा पतिले अथक मिहेनत गर्नुभएको थियो ।

समाजपरिवार, नातागोता, साथीभाइ सबैसँग मिलिजुली गर्ने मेरा पतिको स्वभाव थियो । उहाँका दार्जिलिङ र कलकत्तामा पनि धेरै इष्टमित्र थिए । विराटनगर आएपछि पनि उहाँले धेरै मित्र कमाउनुभएको थियो । खास गरेर सरस्वती हाइस्कुल र मोरङ कलेजमा पढाउँदाताका उहाँका धेरै साथीहरू थिए । तीमध्ये डा.के.डी. मिश्र, डा.ए.एन. पाठक, बद्रीनारायण कण्ठ र रामचन्द्र निधिले इन्दिरालाई पनि नि:शुल्क पढाइदिएका थिए । ध्रुवनारायणलाल, गणेशलाल कर्ण, गोपालप्रसाद शर्मा, गोविन्दप्रसाद उपाध्याय, बालकृष्ण पोखरेल, लक्ष्मण शास्त्री, प्रफुल्लकुमार मौनहरूसँग उहाँको राम्रो सम्बन्ध थियो । भाषाशास्त्री महानन्द सापकोटा, मातृकाप्रसाद कोइराला, जनरल भूपालमानसिंह कार्की, कोशी अञ्चलाधीश वीरेन्द्रबहादुर शाह 'लवराजा', कवि भरतराज मन्थलिय लगायत विराटनगरका त्यस बेलाका ठूलाबडा मानिसहरूसँग पनि मेरा पतिको राम्रो हिमचिम थियो ।

मेरा पति आर्थिक रूपले आफू मात्र समृद्ध हुने नभएर वरिपरिको समाज र आफ्ना साथीभाइहरूलाई पनि समृद्ध बनाउने सोच

राख्नुहुन्थ्यो । आफूले पढाएका विद्यार्थीहरूलाई अनुशासनमा राख्ने उहाँ असल र इमानदार विद्यार्थीहरूलाई अत्यन्त माया गर्नुहुन्थ्यो । त्यस्ता कतिपय विद्यार्थीहरूलाई उहाँले आफूले गरेको जग्गाको व्यवसायमा पनि सहयोगी र साझेदारका रूपमा राख्नुभएको थियो । त्यसै मध्येका एक जना कृष्ण बोलाइने केशव घिमिरेसँग मेरा पतिको भातृवत् व्यवहार थियो । मेरा पतिका अत्यन्त आज्ञाकारी उनले मेरा पतिकै सल्लाहमा तिनटोलिया निवासी रेग्मीकी छोरी कजनसँग बिहे गरेका थिए । २०७२ साल साउन महिनामा कजनको मृत्यु हुँदा मलाई धेरै दु:ख लागेको छ । घिमिरे भएका कारण म उनलाई भाइ भन्छु र मेरा छोराछोरीले पनि उनलाई मामा नै भन्छन् । कृष्ण भाइलाई पटकपटक जण्डिस भइरहन्थ्यो । जण्डिस रोगले सताइएका उनलाई लिएर मेरा पति २०४० सालतिर भेलोर जानुभएको थियो । 'गर्भमै भएको जण्डिस भएकाले यसबाट केही हानी छैन ।' भनेर अनुसन्धान गरेर त्यहाँका डाक्टरले भनेपछि उनी निर्धक्क भएका थिए । मेरा पतिले धेरै माया र विश्वास गरेका उनले चाहिँ मेरा पति दिवङ्गत भएपछि पनि आफ्नो इमानदारिता कायम राखे । त्यस्तै अत्यन्त इमानदार र मेहनती उहाँका अर्का विद्यार्थी सुरेश अटलले अहिले पनि मलाई हेरविचार गर्छन् ।

उहाँले अत्यन्त स्नेह र विश्वास गरेका अरू कतिपय विद्यार्थीले उहाँको विश्वासको फाइदा पनि उठाएका थिए । उहाँको असामयिक निधनको फाइदा उठाउने त्यस्ता विद्यार्थीहरूका बारेमा सम्झँदा मलाई नराम्रो लाग्थ्यो । 'भैगो, पीर नगर न बुढिया, यस जन्ममा हामीलाई झुक्क्याएर खानेहरूलाई अर्को जन्ममा हामी घोडा कुदाउँला नि !' हामीलाई धोका दिएर हाम्रो सम्पत्ति खानेहरूका सन्दर्भमा मेरा पतिले त्यस बेला भन्नुभएका कुरा सम्झेर मैले मन बुझाएकी छु ।

यसै सन्दर्भमा उहाँले आफ्नो जीवनको उत्तरार्धमा व्यावसायिक रूपले 'वृक्षारोपण' सञ्चालन गर्नुभएको थियो । खेतमा सिसौका बिरुवा रोपेर बीसवर्षे परियोजनाको लगानी अभियान उहाँले सञ्चालन

गर्नुभएको थियो । सहभागी सबै साथीहरूलाई बीस वर्षमा सिसौका रुखका साथै जग्गाको मूल्यवृद्धिबाट समेत लाभान्वित पार्ने उहाँको योजना थियो । तर विधिले उहाँलाई यस योजनामा सफल पारेन । यस योजना प्रारम्भ गरेको पाँच वर्ष पुग्दानपुग्दै विधाताले उहाँलाई आफ्नो प्यारो बनाए । मेरा पतिको वृक्षारोपणको त्यति ठूलो योजना असफल भयो । चारैतिर बेइमान मानिसहरूको घेरामा परेको मेरा पतिको वृक्षारोपण अभियान उहाँको स्वर्गवासपछि बलियो कर्ताको अभावमा नष्ट भयो ।

# मेरो जीवनमा कालो बादल

मेरा पतिको जीवनशैली अत्यन्त सादा थियो । मीठो तर थोरै खाना खान उहाँ मन पराउनुहुन्थ्यो । मैले खान दिएपछि जस्तो दिँदा पनि चुपचाप लागेर खाने उहाँको बानी थियो । दालतरकारीमा नुन हालेको छैन वा धेरै परेको छ भने पनि कुनै प्रतिक्रिया नगरी खाने उहाँको स्वभाव थियो । एकदुई टुक्रा मात्र भए पनि मासु वा थोरै भए पनि माछा खान उहाँ मन पराउनुहुन्थ्यो । खास गरेर बाहिरका मानिसलाई खुवाउन पाउँदा उहाँ निकै रमाउनुहुन्थ्यो । चाडपर्वमा पनि मानिसहरू डाकेर खुवाउने उहाँलाई रहर हुन्थ्यो । घरमा आएका मानिसलाई एक कप चिया नखुवाई पठाउन उहाँलाई मन पर्दैनथ्यो ।

दाउराको चुलो भएको बेला हाम्रो पाञ्चालीको भान्साघरमा बिहान छ बजे बालेको चुलो बेलुकी दस बजेसम्म बलिरहेको हुन्थ्यो । चियाको कित्लीमा चिया प्रायजसो पाकिरहेकै हुन्थ्यो । भान्सामा परिवारबाहेकै पनि दैनिक दुईचार जनाका लागि भात पाकेकै हुन्थ्यो ।

पहिलेपहिले त घरमा भात पकाउने काम म आफैँ गर्थें । तर पछिपछि मेरा पतिले नै मलाई धेरै दुक्ख भयो भनेर सहयोगी भान्से वा भाँडा माझ्ने राखिदिनुभएको थियो । हाम्रा घरमा दार्जिलिङ र कलकत्ताबाट समेत प्राय: विद्यार्थीहरू आएका हुन्थे । मेरा पतिले त्यस बेला पढाइमा कमजोर भएका दार्जिलिङ र कलकत्ताका आफ्ना इष्टमित्रहरूलाई नेपालमा ल्याएर प्रवेशिका परीक्षा दिन लगाउनुहुन्थ्यो । त्यस्ता ती विद्यार्थीहरू कोही दुई वर्ष, कोही एक वर्ष, कोही छ महिना

र कोही कोही एक महिनासम्म हाम्रै घरमा भातभान्सा गरेर बसेका हुन्थे । त्यसैले हाम्रो भान्सामा प्रायजसो दसबाह्र जनाको भात पाकेकै हुन्थ्यो ।

मेरा साइँला देवरको जेठो छोरो गोपाल, मेरी कान्छी दिदीको माइलो छोरो चिरञ्जीवी, मेरा मामाससुराका माइला छोरा दुर्गा आचार्य र चुङवाङकी काइँली आमाको छोरो टेकबहादुर सिञ्जालीले हामीसँगै बसेर पढेका हुन् । यसबाहेक मेरा कान्छा देवर मेदिनी र मेरी कान्छी नन्द इन्दिराले पनि हामीसँगै बसेर पढेका थिए ।

हामीले मेरा पतिको योजनाअनुसार गृहसहायकका रूपमा राखिएका केटाहरूलाई स्कुलमा पढाउने गर्थ्यौं । यसमध्येमा भूमिराज न्यौपाने नाम गरेका एक जना निकै जेहेनदार विद्यार्थी पनि हामीसँग बसेका थिए । उनी तीन कक्षा मात्र पढेका थिए । हामीसँगै बसेर दस कक्षा पढेपछि उनी बिदा भएका थिए । बालकृष्ण खतिवडा अर्का एक विद्यार्थी हुन्, जसको जति प्रशंसा गर्दा पनि थोरै हुन्छ । चार कक्षा पढेर आएका बालकृष्णले हामीसँगै बसेर स्नातकसम्मको अध्ययन गरे । उनले मेरा पतिको बिमारीको अवस्थामा पनि हामीलाई आफैँले जन्माएको छोराले भन्दा पनि बढी सेवा गरेका थिए । मलाई निकै सहयोग गरेका बालकृष्णलाई मैले विराटनगरमै घडेरी दिएकी थिएँ । अत्यन्त सज्जन प्रवृत्तिका बालकृष्णले व्यक्तिगत रूपमा पनि निकै प्रगति गरेका छन् । दुई छोरा र पत्नीका साथमा उनी अहिले इटहरीमा घरजम गरी बसेका छन् ।

समग्रमा मेरा पतिको स्वास्थ्य पनि निकै राम्रो थियो । उहाँ बिरामी परेर डाक्टरलाई जँचाउन जानुभएको मलाई प्राय: थाहै थिएन । उहाँलाई मौसमी बिरामीहरूले पनि हत्तपत्त छुँदैनथ्यो । उहाँको खुट्टामा भने रबरको एलर्जी थियो । उहाँले शुद्ध छालाका बाहेक अन्य जुत्ताचप्पल लगाउनु हुँदैनथ्यो । त्यसैले तयारी जुत्ताचप्पल नलगाएर मेरा पति स्थानीय सार्कीहरूले बनाएका चप्पल

लगाउनुहुन्थ्यो । धेरै लुगाकपडा किनेर पैसाको नाश गर्नुलाई मेरा पति मूर्खता ठान्नुहुन्थ्यो । एक जना व्यक्तिको तीनदेखि चार जोरभन्दा बढी लुगाफाटा हुनुलाई उहाँले अनावश्यक मान्नुहुन्थ्यो । कलकत्ता र दार्जिलिङमा हुन्जेल मेरा पतिले कमेज सुरुवाल मात्र लगाउनुभयो । विराटनगर कलेजमा पढाउन थालेपछि मेरा कान्छा दाजुको अनुरोध स्वीकार गरेर मेरा पतिले प्यान्टसर्ट लगाउन थाल्नुभएको थियो ।

आफू अरूको पनि चिना र हात हेर्ने भएकाले आफ्नो समेत भविष्यवाणी गर्दै उहाँ, 'मेरो उमेर ९० वर्ष छ' भन्नुहुन्थ्यो । अरूको भविष्यवाणी पुऱ्याउने मेरा पतिको आफ्नो भविष्यवाणी भने गलत भयो ।

मेरा पतिले कहिल्यै रक्सीजाँड, गाँजाभाङ खानुभएन । उहाँले अन्डा वा कुखुराको मासु पनि खानुभएन । तर सरस्वती हाइस्कुलमा पढाउनुभएका बेला मेरा पतिले पान खान सिक्नुभएको थियो । सरस्वती हाइस्कुलमा पढाउने रामचन्द्र निधि सर, गुप्ता सर र अरू पनि तराईवासी सरहरू पान खाँदा रहेछन् । पानपसलमा गएर मेरा पतिलाई पनि पान खान उनीहरूले अनुरोध गर्दा रहेछन् । मेरा पतिले 'मैले खाने गरेको छैन' भन्नुहुँदो रहेछ । तर उनीहरूले धेरै कर गर्न थालेपछि उनीहरूकै सल्लाहमा मेरा पतिले मीठा पान खान थाल्नुभएछ । मेरा पतिले मीठा पान खान थालेपछि पानपसलमा पुगेपछि सरहरूले पानपसलेलाई पान अर्डर गर्दा 'एउटा जनाना पान अरू मर्दाना पान' भनेर मेरा पतिलाई गिल्ला गर्दा रहेछन् । केही दिनसम्म यही कुरा सुन्दासुन्दा मेरा पतिलाई पनि 'मर्दाना पान' कस्तो हुँदो रहेछ भनेर खान मन लागेछ । अनि बिस्तारै मर्दाना पानका रूपमा जर्दापान खान थाल्नुभएछ । त्यही जर्दापानको नशामा मेरा पति निकै नराम्रोसँग जकडिनुभएको थियो । पछिपछि त मेरा पतिले बिहानको भात खानुभन्दा अघिसम्ममा चारपाँच खिल्ली काला तीन सय बीस जर्दापान खाइसक्नुभएको हुन्थ्यो । मेरा पतिको कहिल्यै बिहान उठेर खाजा खाने बानी थिएन । उहाँ बिहान चियाबाहेक केही खान रुचाउनुहुन्थेन ।

त्यसैले बिहानको भात खानुअघि खालीपेटमा चिया र जर्दापान बाहेक अरू थोक उहाँले खानुहुन्नथ्यो । बिहानभरि कामको भीडभाडले गर्दा मध्याह्नको बाह्र वा एक बजेअघि बिहानको भात खान सम्भव थिएन । यसरी आफ्नो शरीरलाई नराम्रोसँग सजाय दिने काम मेरा पतिले गरिरहनुभएको थियो । उहाँ मभन्दा धेरै पढेका विद्वान् हुनुहुन्थ्यो तर आफ्नो अन्नपानीको शरीरसँग चाहिँ मूर्खतापूर्ण तरिकाले खेलबाड गरिरहनुभएको थियो । आफ्नो शरीरको रक्षा गर्नका लागि धेरै पटक मैले मेरा पतिसँग आग्रह गरेकी थिएँ । तर मेरो आग्रहलाई उहाँले खासै महत्त्व दिनुभएन । यस कुराले मलाई चित्त दुख्थ्यो । म नपढेकी मान्छे भएर मेरा पतिले मेरा कुरालाई महत्त्व नदिनुभएको हो भन्ने मलाई लाग्थ्यो ।

मेरो दाँतमा कीराले खाएर दुइटा बङ्गारा फुकालेकी थिएँ । यो कुरा मेरा पतिका साथीहरूले थाहा पाएपछि जर्दापान खायो भने दाँतमा कीरा लाग्दैन भनेर सल्लाह दिएका थिए । जसअनुरूप म पनि कहिलेकाहीँ जर्दापान खान थालेकी थिएँ । नभन्दै मेरा दाँतमा कीरा लाग्ने प्रक्रिया रोकिएको थियो । त्यसपछि क्रमश: मेरो पनि जर्दापान खाने बानीमा वृद्धि भयो । प्रत्येक साँझ मेरा पतिले नै हामी दुवै जनाका लागि दुई खिल्ली पान बोकेर घर आउनुहुन्थ्यो र राति भात खाइसकेपछि हामी दुवै जर्दापान खान्थ्यौँ । त्यसरी मसमेत जर्दापानको अम्मली भइसकेकी थिएँ ।

जेठी छोरी इन्दिराले बुबालाई जर्दापान नखानुस् भनेर धेरै पटक भनेकी थिइन् । मेरा पतिको जर्दापानको अम्मल बढेर गइरहेको थियो । तर उहाँले उनको कुरा पनि सुन्नुभएन । त्यसपछि झोकमा उनले पनि जर्दापान खान थालेकी थिइन् । तर पछि उनले खान छोडिन् । मेरा पतिले आफूलाई असाध्य रोग लागेको थाहा पाएपछि मात्र जर्दापान छोड्नुभएको थियो । तर त्यस बेला ढिलो भइसकेको थियो । त्यस बेलादेखि मैले पनि जर्दापान खान छोडेकी थिएँ ।

हाम्रो घरमा एउटा कुकुर कतैबाट आइपुगेको थियो । त्यति ध्यान नदिँदानदिँदै पनि त्यो कुकुर हाम्रै घरको जस्तो गरेर हाम्रै वरिपरि बस्नखान थाल्यो । तर केही समयपछि कुकुर बिरामी भयो । कुकुरलाई परिवारका सबैले माया गरेर स्याहार गर्दागर्दै पनि एक दिन कुकुर घरबाट हरायो । त्यसरी हराएको कुकुर खोजी गर्दा पनि पाइएन । त्यसरी कुकुर हराएपछि बल्ल हामीलाई डर भयो र डाक्टरसँग सल्लाह गर्दा कुकुर रेबिज लागेर मरेको हुनुपर्छ र अब कुकुरको संसर्गमा भएका घरका सबैले एन्टिरेबिज भ्याक्सिन दिनै पर्छ भने । जसअनुरूप हाम्रो परिवारका सबैले उक्त भ्याक्सिन लियौँ । मेरा पतिले पनि सो भ्याक्सिन लिनुभयो ।

त्यसको केही महिनापछि मेरा पतिलाई जन्डिस भयो । विराटनगरमा जन्डिसको औषधी गर्दा पनि उहाँलाई निको भएन । त्यसपछि हामी काठमाडौँ गएर उपचार गऱ्यौँ । काठमाडौँको उपचारले उहाँलाई निको भयो ।

नेपालका प्रख्यात सर्जन डा. लोकविक्रम थापासँग मेरा पतिको निकै हिमचिम थियो । डा. थापाले मेरा पतिको निकै इज्जत गर्थे ।

मेरा पतिको दाहिनेपट्टिको गाला र नाकको छेउमा एउटा जन्मजात कोठी थियो । हाम्रो कान्छो छोरो स्वस्तिकलाई बोक्नुभएको बेला उनको नङले मेरा पतिको उक्त कोठीलाई अलिकति कोट्याइएको थियो । त्यसपछि उक्त कोठी केही पाकेकोजस्तो भएको थियो । कोठीको त्यो रूप देखेपछि मेरा पतिका मित्रतुल्य डा. थापाले 'गुरु ! यो कोठीले भविष्यमा समस्या पनि दिन सक्छ, अपरेसन गरेर यसलाई फाल्नु उपयुक्त हुन्छ' भन्ने सल्लाह दिएका थिए । 'यस कोठीले मेरो के बिगार गरेको छ र ? किन यसको अपरेसन गरिरहनुपऱ्यो र ?' भन्दै आउनुभएका मेरा पतिलाई डा. थापाको भनाइ त्यस बेला उपयुक्त लागेको थियो । त्यसैले उहाँले २०४४

सालको प्रारम्भमै डा. थापाबाटै अपरेसन गराएर सो कोठी फाल्नुभएको थियो ।

२०४४ सालको पुसमाघ महिनादेखि उहाँलाई भात खाँदा गला लाग्न थाल्यो । सुरुसुरुमा अलिअलि लाग्थ्यो । त्यस कुरालाई मैले पनि सामान्य रूपमै लिएकी थिएँ । तर बिस्तारै गला लाग्ने क्रमले निकै घना रूप लिन थाल्यो । मेरा पतिले भात खानै नसक्ने गरी गला लाग्न थालेपछि भने मलाई चिन्ता लाग्न थाल्यो । 'किन यसरी गला लागेको हो ? डाक्टरसँग जँचाउनुपर्छ ।' मैले उहाँलाई भन्न थालेँ । तर आफ्नो व्यावसायिक जीवनमा अत्यन्त व्यस्त हुनुभएका उहाँलाई आफ्नो उपचार गराउने वा आफ्ना बारेमा सोच्ने समेत फुर्सत थिएन । उहाँ मेरा कुरा सुनेको नसुन्यै गर्नुहुन्थ्यो । 'पख् न, अहिले नकरा, अलि कामको फुर्सत भएपछि जचाउँला ।' उहाँले भन्नुहुन्थ्यो । त्यस बेलासम्म विराटनगरमा विज्ञ डाक्टरहरूको अभाव थियो । त्यसैले रोगको निदान गराउन काठमाडौँ अथवा भारततिर नै जानुपर्थ्यो । मेरा पतिको पनि उपचार गराउन अत्यन्त जरुरी भइसकेको थियो । तर आफ्नो उपचार गर्न जाने सन्दर्भलाई मेरा पतिले महत्त्व नै नदिने समस्या थियो । तर दिनदिनै जसो उहाँले भात खान नसकेको दृश्यले गर्दा म आतङ्कित भइसकेकी थिएँ । अब जसरी भए पनि उहाँलाई उपचारका लागि भारत लैजानुपर्छ भन्ने निर्णयमा म पुगेकी थिएँ । यो कुरा मैले मेरी जेठी छोरीसँग सल्लाह गरेँ । जसअनुरूप मेरा पतिले आफ्नो पुरानो जजमानी पेसाको झलक देखाउन जुवाइँलाई कलकत्तामा नागपञ्चमीका बेला पारेर लैजाने विषयमा कुराकानी गर्ने भएका थियौँ । वास्तवमा यो नागपञ्चमीको कुरा नाटक मात्रै थियो । त्यस बहानामा मेरा पतिलाई कलकत्ता लिएर जाने र राम्रो डाक्टरसँग उहाँको जाँच गराउने हाम्रो योजना थियो । हाम्रो यो योजना पूर्ण भयो । त्यस वर्षको नागपञ्चमीअघि नै जुवाइँ र ससुरा एक बिटा

नाग बोकेर कलकत्तातिर लाग्नुभएको थियो । कलकत्तामा पुगेपछि पहिले डाक्टरसँग जँचाएर अरू काम गर्ने निर्णय भएपछि उहाँको जाँच गराइएको थियो ।

पटकपटकको जाँच गरेपछिको रिपोर्टले उहाँलाई खाना खाने नलीमा कार्सिनोमा क्यान्सर भइसकेको बताएको थियो । यसरी मेरा पति अर्थात् मेरो जीवनका सर्वस्वलाई घातक रोग लागेको कुरा सुनेकै बेला २०४५ साल भदौ ५ गतेको भुइँचालो गएको थियो । त्यस बेला मेरै जीवनमा सबैभन्दा ठूलो भुइँचालो गएकाले मलाई उक्त भुइँचालोले पनि उतिसारो तर्साएको थिएन ।

कलकत्ताको पी.जी. अस्पतालका डाक्टरले मेरा पतिको उपचार गरेका थिए । 'अप्ठ्यारो ठाउँमा रोग लागेको, रोगले दोस्रो तह पार गरिसकेकाले रोग निको हुन गाह्रो छ । यो अवस्थामा पुगेका बिरामीको आयु ६ महिना मात्र' हुने गरेको कुरा पनि डाक्टरले हामीलाई भनिसकेका थिए । झलमल्ल उज्यालो मेरो जिन्दगीमा यसरी एकै चोटि निस्पट्ट अन्धकारले छोपेको थियो ।

हामी बूढाबूढी जीवनभरि सङ्घर्ष गर्दागर्दा बल्ल अब आनन्दले बसेर खानपिउन सक्ने भएका थियौँ । पतिका कठोर आर्थिक सङ्घर्षका दिनहरू समाप्त भएका थिए । अब बसीबसी खाऊँ भन्दा पनि पुग्ने सम्पत्ति मेरा पतिले आर्जन गरिसक्नुभएको थियो । तर मेरा पतिको आयु नै समाप्त पार्ने रोग लागेको थियो ।

मेरा ससुरा आफैँ पनि ज्योतिषी हुनुभएकाले मेरा पतिको चिना हेर्नुभएको थियो । शुक्र र सिद्धा स्वामीपत्नी ग्रह जुधेको हुनाले ग्रहशान्ति गर्ने पनि ज्योतिषीशास्त्रमै कुनै उपाय नभएको कुरा उहाँले मसँग भन्नुभएको थियो । 'अरूलाई थामथामथुमथुम पार्ने कुरा बेग्लै हो तर हामी आफैँलाई भने गर्ने ठाउँ छैन । आफैँ ग्रहले छोड्यो भनेमात्र नत्र यो खड्गो टर्न मुस्किल छ' भनेर उहाँले भन्नुभएको थियो ।

मैले तर पनि हार खाएकी थिइनँ । मेरा पतिलाई बचाउन सक्छु भन्नेजस्तो मलाई लाग्थ्यो । केही चमत्कार भइहाल्छ कि भनेर म आशावादी थिएँ । मैले नै पतिलाई उपचारका लागि कलकत्ता लिएर गएँ । त्यहाँ पी.जी.अस्पतालमै उहाँको उपचार गरियो । सुरुसुरुमा उहाँलाई उपचारबाट केही फाइदा भएजस्तो पनि भएको थियो । त्यसै बेलादेखि उहाँले आफ्नो आत्मकथा 'सुकेको पत्ता' लेख्न थाल्नुभएको थियो । तर क्रमशः रोगले मेरा पतिलाई चाप्तै ल्याएको थियो । जसले गर्दा उहाँले थाल्नुभएको उहाँको आत्मकथा पूरा हुन सकेन । अधुरै 'सुकेको पत्ता' पनि उहाँको स्वर्गारोहणपछि नइ प्रकाशनले प्रकाशित गरेको छ । कलकत्ताका हाम्रा इष्टमित्रहरूले त्यस बेला हामीलाई निकै सहयोग गरेका थिए । खास गरेर चन्द्रकला गुरुङ, उहाँका छोरा अशोक गुरुङ, बुहारी सुनीता गुरुङले हामीलाई निकै सहयोग गरेका थिए । उपचार गर्न जाँदा हामी सधैँ उनीहरूकै घरमा बस्थ्यौँ । त्यसैताका कलकत्ता निवासी सनत क्षेत्रीले हामीलाई आवश्यक परेको बेला रुपियाँ सापटी दिएको पनि ठूलो कुरा थियो ।

मेरा पतिलाई केमोथेरापी दिन थालेपछि उहाँलाई निकै सकस भएको थियो । उहाँको पीडा शब्दमा बयान गर्न नसकिने किसिमको थियो । आफ्ना प्राणप्रिय पतिले खेप्नुपरेको कष्ट देखेर म आफैँ मरेतुल्य हुन्थेँ । मैले उहाँको पीडा खपिदिन पनि सक्तिनथेँ । पछिल्लो पटक कलकत्तामा डाक्टरले पन्ध्र दिनपछि केमोथेरापी दिनुपर्ने समय तोकेकाले 'कलकत्तामै बसौँ, तपाईंलाई गाह्रो हुन्छ, रेलमा किन ओहोरदोहोर गर्ने, पन्ध्र दिनमा किमो दिएपछि डाक्टरसँग अनुमति लिएर घर जाउँला' मैले पतिसँग अनुरोध गरेकी थिएँ । 'होइन, हाम्रो घरै जाऊँ, केही दिन भए पनि म आफ्नै घरमा आनन्दले बस्न चाहन्छु' मेरा पतिले भन्नुभएको थियो । उहाँको इच्छाअनुरूप मेरा पतिलाई लिएर म विराटनगर आफ्नै घरमा फर्केकी थिएँ ।

घरमा आएको केही दिनमा मलाई जेठो छोरो शोभनको व्रतबन्ध गरिदिऊँ भन्ने लाग्यो र मैले मेरा पतिसँग अनुमति मागेँ । पहिलेपहिले मैले उहाँसँग 'छोराको व्रतबन्ध गरिदिऊँ न' भनेको बेला उहाँले जबाफ दिनुहुन्थ्यो– 'हामीले दुनियाँका छोराको व्रतबन्धको भोज खाएका छौँ, अलि दिन पख् न, हाम्रो जेठो छोरोको पनि राम्रोसँग व्रतबन्ध गर्नुपर्छ' उहाँले भन्नुहुन्थ्यो । तर त्यस बेला उहाँले टाउको हल्लाएर अनुमति दिनुभएको थियो । 'घरमा गर्दा मानिसहरू आउँछन्, तपाईंलाई खलबल हुन्छ । म मन्दिरमै लगेर ब्रतबन्ध गर्न लाउँछु ।' मैले पतिलाई जानकारी गराएकी थिएँ । सोहीअनुरूप २०४६ साल जेठ १२ गते छोरो शोभनको हनुमान् मन्दिरमा व्रतबन्ध भएको थियो ।

मेरा पतिलाई मन्दज्वरो त थियो नै तर अचानक जेठ १५ गतेदेखि उहाँलाई ज्वरो बढ्न थाल्यो । त्यसै बेला फार्विसगन्जमा एक जना होमियोपेथीका जान्ने डाक्टर छन् भन्ने कुरा थाहा भयो । उक्त डाक्टरको ठेगाना पत्ता लगाइयो । मेरा पतिको ज्वरो क्रमिक रूपले बढ्न थालेको थियो । सिटामोलले पनि ज्वरो नओर्लने भएको थियो । १९ गते बिहान होमियोपेथीका डाक्टरसँग भेटेर बुबाका लागि औषधी लिन इन्दिरा फार्विसगन्ज गइन् ।

मेरा पतिको ज्वरो निकै बढेर अचेत हुन थालेपछि मैले मेरा छिमेकीका छोरा डा. मदन कोइरालालाई बोलाउन पठाएँ । डा. मदन तुरुन्त आएर जाँच गरेर त्यस बेला विराटनगरमा निकै नाउँ चलेका फिजिसियन डा. शेखर कोइरालालाई फोन गरेर बोलाइदिए । डा. शेखरले आएर जाँच गर्दा मेरा पतिको प्राणपखेरु उडिसकेको निदान सुनाए । अब मेरो संसार ध्वस्त भएको थियो । त्यसपछि म बेहोस भएँ ।

मेरी छोरी इन्दिराले पनि हातमा बुबाका लागि औषधी बोकेर आउँदा बुबाको लास मात्र भेटेकी थिइन् ।

२०४६ साल जेठ महिनाको १९ गते कृष्णपक्ष त्रयोदशी तिथिमा मेरा पतिले ५६ वर्षको उमेरमा निर्वाण प्राप्तगर्नुभएको थियो । उहाँलाई चिन्नेजान्नेहरू उहाँले गरेको कामको आधारमा उहाँ १०० वर्ष बाँच्नुभएको हो भन्थे । हाम्रो ४१ वर्षको दाम्पत्यजीवनको अन्त्य भएको थियो । पाञ्चलीमा घर बनाएर बस्न थालेपछि मलाई उहाँले कहिल्यै कतै जान दिनुहुन्थेन । तर उहाँले नै मलाई छोडेर कहिल्यै नफर्किने बाटामा जानुभएको थियो । पचास वर्षको उमेरमा नै मैले एकल भएर उहाँले असरल्ल पारेर छोडेर जानुभएको व्यवहार टाउकामा बोक्नुपरेको थियो ।

यसरी मेरो उज्यालो संसारमा निस्पट्ट कालो बादल लागेको थियो । आकाशमा लागेको कालो बादल त केहीबेरमा उघ्रिन्छ तर मेरो जीवनमा लागेको कालो बादल कहिल्यै उघ्रेन ।

मेरा पतिको स्वर्गारोहण भएपछि उहाँको एउटा डायरीमा उहाँले २०३४ सालमा देखेको सपनाको विषयमा लेख्नुभएको फेला परेको थियो । त्यस सपनामा उहाँको कुनै एक जना मानिससँग संवाद भएको रहेछ । त्यस संवादमा 'जुन १ तारिक पुग्नुपर्छ' भनिएको थियो । मेरा पतिको स्वर्गारोहण पनि अङ्ग्रेजी महिनाको जुन १ तारिकमै भएको थियो । हामीले त्यसरी मेरा पतिले लेख्नुभएको डायरी पढ्दा मात्र मलाई त्यसैताका उहाँले भन्नुभएको त्यस सपनाका बारेमा सम्झना भएको थियो । त्यसरी बाह्र वर्षअघि नै सङ्केत दिइएको त्यस सपनाको अर्थ मैले मेरा पतिको असामयिक निधनपछि मात्रै बुझेकी थिएँ ।

# जेठी छोरी इन्दिरा प्रसाई

२०१४ साल फागुन ३ गते दार्जिलिङको भिक्टोरिया अस्पतालमा म पहिलो पटक आमा भएकी थिएँ । २० वर्षकी मैले मेरी जेठी छोरी जन्माएकी थिएँ । जन्मकुण्डलीअनुरूप उनको नाउँ भुवानीपुष्प र ज्योतिषी पण्डित भवनाथ पोखरेलद्वारा राखिएको नाउँ इन्दिरा हो ।

इन्दिरा छोरी सानैदेखि उनका बुबाद्वारा कठोर अनुशासनमा राखिएकी थिइन् । उनको बुबाबाहेक अरूसँग नडराउने स्वभावकी इन्दिरालाई उनका बुबाले त्यति अनुशासनमा नराखेको भए मैले उनलाई तह लाउन पनि कठिन नै थियो । तीक्ष्ण बुद्धिकी इन्दिराले निरन्तर रूपमा पठनपाठनमा भाग लिइन् । उनका बुबा नै शिक्षण पेसामा भएका कारण पनि मैले उनलाई पढाइका लागि धेरै मिहेनत गर्नु परेन । 'हाम्रो जमानामा छोरीलाई पढाउने चलन थिएन, त्यसो भएर मैले पढ्न पाइनँ । तिमीले पढेर ठूलो मानिस हुनुपर्छ । पढिनौ भने मेरो जस्तै छिट्टै बिहा गरेर पोइको घरमा जानुपर्छ र मैले जस्तै धेरै दुक्ख पाउनुपर्छ ।' मैले इन्दिरालाई सधैँजसो यही कुराहरू भन्थेँ र आफूले बिहा गरेपछि पाएको सकसपूर्णको जीवनकथा पनि सुनाउने गर्थें । त्यही भएर उनले सरासर स्नातक तह उत्तीर्ण गरेकी थिइन् । उनका बुबाको उनलाई डाक्टर बनाउने इच्छा थियो । तर उनले विज्ञान विषय नै पढ्न मन गरिनन् । स्नातकको पढाइ सक्नासाथ प्रेम गरेको केटासँग उनले बिहे गर्ने इच्छा व्यक्त गरेपछि

हामीले उनको बिहे गरिदियौँ । विवाहपछि पनि उनले अध्ययन जारी राखेर स्नातकोत्तर तहसम्म उत्तीर्ण गरिन् । तीन छोरीको जायजन्म भए पनि उनीहरू पतिपत्नीबीच तालमेल नमिलेपछि उनीहरूले पारपाचुके गरे । त्यसपछि उनले दोस्रो बिहे गरिन् । अहिले उनका पति नरेन्द्रराज प्रसाईका साथ उनले सुखपूर्वक जीवन बिताइरहेकी छन् ।

एम्.बी.ए.सम्मको अध्ययन गरेकी इन्दिराले श्री ५ को सरकारको सल्लाहकार, गोरखापत्र संस्थानको प्रथम महिला कार्यकारी अध्यक्षजस्ता पदमा सफलतापूर्वक जिम्मेवारी निर्वाह गरिसकेकी छन् । उनले पच्चीस वर्षजति प्राध्यापनसमेत गरिन् ।

उनीहरूका चार सन्तान गीताञ्जली, निकेतिका, कञ्चनजङ्घा र अनुकृतिका आआफ्नो अध्यवसायमा छन् ।

नइ प्रकाशन– जुवाइँ नरेन्द्र र मेरी छोरी इन्दिराकै नाउँको पहिलो अक्षर जोडेर उनीहरूद्वारा नै स्थापित एवम् परिचालित संस्था हो । यस संस्थाले वार्षिक रूपमा दस लाख रुपियाँभन्दा बढी राशिको राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध क्षेत्र र विधाका व्यक्तिहरूलाई पुरस्कृत गर्छ । नइ प्रकाशनको नाउँसँगै मेरा पति गणेशप्रसाद शर्मा र मेरो नाउँ जोडेर 'नइ गणेशदुर्गा पुरस्कार' को स्थापना गरिएको छ । हरेक वर्ष यो पुरस्कार विदेशमा रहेका नेपाली भाषासाहित्यका साधकलाई समर्पण गरिँदै आएको छ ।

मेरा जुवाइँ नरेन्द्रले सत्तरीभन्दा बढी पुस्तकहरूको लेखन र प्रकाशन गरिसक्नुभएको छ भने छोरी इन्दिराका पैँतीसभन्दा बढी पुस्तकहरू प्रकाशित छन् । इन्दिराको एउटा उपन्यास 'उसको लोग्ने र बिरालो' इजिप्ट सरकारले अरबी भाषामा अनुवाद गरेर प्रकाशन गरेको छ । जुवाइँ नरेन्द्र र इन्दिरा भएर त्रिमूर्ति निकेतनको पनि स्थापना गरेका छन् ।

मेरी जेठी नातिनी गीताञ्जली अत्यन्त प्रतिभाशाली थिइन् । उनी बाल्यकालदेखि नै कविता लेख्थिन् । उनी पढाइमा पनि निकै तीक्ष्ण थिइन् । तर सोचेजस्तो गरी उनको पढाइले गति लिन सकेन । हाल उनले अमेरिकाको टेक्सास राज्यको डालास सहरमा घरजम गरेकी छन् । खगेन्द्रराज श्रेष्ठका साथ विवाह गरेकी उनीहरूको एक छोरा इसास श्रेष्ठ छन् । मलाई मेरी नातिनीले अमेरिकामा बोलाइन् र म २०६४ सालमा अमेरिका गएँ र तीन महिना उनीहरूसँग बसेँ । मलाई अमेरिका घुमाएर मेरा नातिनी, जुवाइँ र पनातिले मेरो खूब सेवा गरे । नातिनी र जुवाइँ मात्र नभएर उनीहरूका साथी अनुप र प्रिन्सले पनि मेरो त्यस बेला निकै सेवा गरेका थिए ।

माइली नातिनी निकेतिकालाई गायनमा रुचि थियो । निकेतिकालाई घरमा सबैले निका भनेर बोलाउँछन् । उनको 'प्रियतम' नामक गीतिक्यासेट पनि प्रकाशित छ । उनले बेलायतमा घरजम गरेकी छन् । उनको विवाह अजय घिमिरेसँग भएको छ । उनीहरूका आकृत र आर्जित गरी दुई छोरा छन् ।

नाति कञ्चनजङ्घाको विवाह भारत चेन्नाईकी प्रिया कृष्नानसँग भएको छ । अध्ययनमा अत्यन्त मेधावी भएकैले उनीहरू दुवै जना हाल अमेरिकाको लुइजियाना राज्य विश्वविद्यालयमा अमेरिकी सरकारको पूर्ण छात्रवृत्तिका साथ विद्यावारिधि गर्दै छन् ।

कान्छी नातिनी अनुकृतिका साहित्यकार तथा चित्रकार हुन् । उनको 'मेरो ज्याम्बोरी यात्रा', 'कवचमन्त्र' र 'मेरो साथी देवकोटा' नामक कृतिहरू प्रकाशित भएका छन् । काठमाडौँको बूढानीलकण्ठ आवासीय विद्यालयमा पढेकी उनी अहिले दिल्ली विश्वविद्यालयकी मनोविज्ञान विषयकी छात्रा हुन् । अनुकृतिकाको घरमा बोलाउने नाउँ तान्तु हो । आमाछोरी कुनैमा हुँदा तेल लगाउने परिचारिका चन्द्रीमाईले उनलाई तेल लगाउँदै तानतुन, तानतुन भनेर लगाउँथिन् । त्यो सुनेर

उनकी दिदी निकाले बहिनीलाई तान्तु भन्न थालिन् । यसरी न्वारन गर्नुअघि नै तान्तु भनेर बोलाइएकी अनुकृतिकालाई घरका सबैले तान्तु नै भन्छन् ।

जेठी छोरी इन्दिरा काठमाडौँको घट्टेकुलोस्थित नइ प्रकाशन टोलको ७ नम्बरको उनीहरूका घरमा उनको परिवारका साथ बसोबास गर्छिन् ।

# माइली छोरी कल्पना शर्मा

मेरी माइली छोरी कल्पनाको जन्म २०१८ साल असोज ३ गते कलकत्तामा भएको हो । कलकत्ता मेडिकल कलेजमा जन्मिएकी उनको न्वारनको नाउँ भेषकुमारी हो । कल्पना नाउँ मैले राखेको हो । कल्पना जन्मिएको तीन महिनामै मलाई ग्लान्ड टिबी भएका कारण उनलाई मैले मेरो दूध चुसाउन पाइनँ । त्यसले गर्दा मलाई उनीप्रति सबै छोराछोरीभन्दा विशेष माया थियो । बाल्यकालमा पनि कसैले उनलाई ठूलो स्वरले बोलायो भने पनि उनको सातो जालाजस्तो मलाई लाग्थ्यो । त्यसैले उनलाई गाली गर्नेसँग मेरो झगडा नै पर्थ्यो । उनका बुबासँग पनि उनलाई हप्कीदप्की गर्ने कुरामा मेरो झगडा पर्थ्यो । मैले धेरै माया गरेकै कारण पनि उनी निकै पुलपुलिएकी थिइन् ।

कल्पनाको स्वभाव पनि निकै निर्भीक थियो । उनी सानैदेखि निकै जुझारु स्वभावकी थिइन् । धर्मपरायण मेरी छोरी कल्पनाको पनि प्रेम गरेकै पुरुषसँग हामीले विवाह गरिदिएका थियौँ । तर एक छोराको जन्मपछि उनीहरूको दाम्पत्यजीवनमा तालमेल मिल्न सकेन । त्यसको केही वर्षपछि उनले नापी अधिकृत शैलेन्द्रकुमार कर्णसँग दोस्रो विवाह गरिन् । उनीहरूका चार छोरा शशि, ऋषि, चित्तरञ्जन र अर्णव आआफ्ना अध्यवसायमा संलग्न छन् ।

मेरी छोरी कल्पनामा समाजसेवाको भावना प्रचुर मात्रामा छ । उनी अर्काको दुक्खपीरमा निकै सहयोगी छन् ।

इन्जिनियर शशिको विवाह इन्जिनियर सलमा आचार्यसँग भएको छ । नातिहरू शशि र ऋषि अस्ट्रेलियामा बसोबास गर्छन् । चित्तरञ्जन अमेरिकामा छन् ।

नाति अर्णवको विवाह पूजासँग भएको छ । उनीहरूकी एउटी छोरी आभ्या छन् । अर्णव आफ्नै व्यवसायमा संलग्न छन् । विराटनगरमै बसोबास गर्ने कल्पना र अर्णवले मेरो सुखदुक्खमा सधैँ मद्दत गरेका छन् । अर्णव अमेरिका पनि गएका थिए । उनलाई अमेरिकामा बस्न मन लागेन । उनकी आमाका मायाले उनी फर्केर नेपाल नै आए । उनी अमेरिकामा हुँदा म बिरामी परेकी थिएँ । त्यस बेला उनले मलाई औषधी गर्न भनेर उनले कमाएको तीस हजार रुपियाँ पठाएका थिए । मलाई नातिको कमाइको पैसा पाउँदा धेरै खुसी लागेको थियो । अहिले अर्णव विराटनगरको तिनटोलियामा आफ्नो घरमा परिवारका साथमा बस्छन् । उनी मेरो बुढेसकालको लाठीझैँ भएर मेरो सेवामा सदैव तत्पर रहन्छन् । अर्णवलाई सानैमा मेरी कान्छी छोरी अल्पनाले ढुङ्ग्रु भनेर नाउँ राखिदिएकी थिइन् । अर्णवलाई हामी सबैले माया गरेर ढुङ्ग्रु नै भनेर बोलाउँछौँ । हुन त मचाहिँ उनलाई सानो भाइ भन्छु ।

मेरा पतिले गर्नुभएकोजस्तै जग्गाजमिनको कारोबारमा संलग्न मेरी माइली छोरी कल्पना विराटनगरको तिनटोलियास्थित आफ्ना घरमा सपरिवार बसोबास गर्छिन् ।

# कान्छी छोरी अल्पना शर्मा

कलकत्तामा नै २०१९ सालको पुस २९ गते मेरी कान्छी छोरी अल्पनाको जन्म भएको हो । लेडी डफ्लेकन अस्पतालमा जन्मेकी उनको न्वारनको नाउँ मन्सादेवी हो । उनको बोलाउने नाउँ अल्पना मैले राखेको हो । उनी जन्मिएको १९ दिनमा हामी कलकत्ताबाट बसाइँ सरेर विराटनगर आएका थियौँ ।

एम्.ए.सम्म पढेकी मेरी कान्छी छोरीले कुनै जागिर खाइनन् । उनैले प्रेम गरेका वीरगञ्ज निवासी प्रमोदराज शर्मा घिमिरेसँग हामीले उनको विवाह गरिदियौँ । गृहस्थीमा अत्यन्त सुझबुझ भएकी अल्पनाका एक छोरी परिधि र छोरा साइरस छन् । गायनमा पनि पारङ्गत मेरी नातिनी परिधि दन्तचिकित्सा विषयकी छात्रा हुन् भने नाति साइरसले कलेजस्तरीय अध्ययनमा आफूलाई समर्पित गरेका छन् । नेपाल सरकारको राजनैतिक नियुक्तिअन्तर्गत भूमिगत जलस्रोत विभागका कार्यकारी निर्देशक पदमा कुशलतापूर्वक जिम्मेवारी निर्वाह गरेका मेरा कान्छा जुवाइँ प्रमोद प्राध्यापक समेत हुनुहुन्छ ।

काठमाडौँको शान्तिनगरस्थित उनीहरूका घरमा मेरी कान्छी छोरी अल्पना आफ्ना परिवारका साथमा बसोबास गर्छिन् ।

# मेरो जेठो छोरो शोभन नेपाल

विराटनगरमा २०३० साल कात्तिक २९ गते मेरो जेठो छोरो शोभनको जन्म भएको हो । मेरी कान्छी छोरी जन्मिएपछि मेरो अरू गर्भ रहेन । कलकत्तामा हुन्जेल हामी पतिपत्नीमा छोरा र छोरीबीच खासै भेद थिएन । सग्ला छोरीहरू जन्मिए, त्यही ठूलो कुरा हो भन्ने हाम्रो विचार थियो । तर नेपालमा आएपछि नाताकुटुम्ब, इष्टमित्र, साथीभाइ सबैले एउटै कुरा भन्थे, 'ए ! तीन ओटै छोरी मात्रै ?', 'कठैबरी, छोरी मात्र रहेछन् ?' यस्तै कुरा गर्थे र कसैकसैले त मेरा दुलहालाई 'अर्को बिहे गर्नुपर्छ, वंशपरम्पराको कुरा हो, पिण्डपानी दिने छोरो चाहिन्छ ।' आदि इत्यादि भन्थे । मेरा दुलहा पढेलेखेका विद्वान् हुनुहुन्थ्यो, मलाई माया गर्नुहुन्थ्यो । तर जे भए पनि उहाँ पनि मानव नै हुनुहुन्थ्यो । छोरा जन्माउनै पर्ने किसिमका नानावली आखिर यस्ता कुराले उहाँलाई पनि बेलाबेला बिथोल्थ्यो नै । त्यसैले यस कुराले हामी पतिपत्नीबीच छोरा त चाहिने रहेछ भन्ने कुराको टुङ्गो भएको थियो । तर मेरो गर्भ निकै समयसम्म रहेन । यसका लागि मैले धेरै उपाय गर्नुपऱ्यो । ज्योतिषी, धामीझाँक्री, बूढीबजू, डाक्टरवैद्य जति सक्थेँ मैले सबै उपाय अपनाएँ । दिनरात भगवान्सँग 'छोरा ! छोरा !' भन्दै मागेँ । मलाई त्यस बेला मेरो गर्भाशयमा फोहोर जमेको छ भनेर पाठेघरको सफाइका लागि क्युरेडको सल्लाह दिएर उक्त क्युरेड पनि गरिदिने स्त्रीरोग विशेषज्ञ नानीमैयाँ श्रेष्ठले धेरै माया गर्नुभएको थियो । त्यसपछि नै म

गर्भवती भएकी थिएँ । त्यसै बेला मेरी काकाकी छोरी मेरी कुन्ता दिदी (साइँली देउरानी) मेरा घरमा आएकी थिइन् । 'बुइनी, आज राति मैले सपनामा तिमीलाई एक काइँयो पहेँला केरा दिएँ । यसपाली तिमीले छोरै पाउँछ्यौ ।' बिहानै उठेर दिदीले भनेकी थिइन् । त्यस बेला अहिलेजस्तो भिडियो एक्सरे गरेर छोरा हो कि छोरी भनेर हेर्ने चलन पनि थिएन । हेरेर पनि अर्थ थिएन । किनभने मैले भगवान्सँग समाजमा बाँच्न र हाँस्नका लागि छोरा मागेकी थिएँ । तर भिडियो हेरेर छोरी नै गर्भमा आएकी भए पनि म कुनै पनि हालतमा गर्भ तुहाउने अपराध गर्ने थिइनँ । हाम्रो जमानामा त्यस्तो महापापी कर्म गर्ने कल्पना पनि गरिँदैनथ्यो । जे निर्णय भगवान्ले गर्छन्, हामीले त्यसैलाई स्वीकार गर्थ्यौं । अन्तत: भगवान्ले पनि मेरो पुकार सुने र कान्छी छोरी अल्पना १० वर्षकी भएपछि मैले छोरो जन्माएँ । त्यस बेला मैले जन्माएको सन्तान छोरो हो भन्ने कुरा थाहा पाएपछि मेरो हर्षको सीमा नै रहेन । त्यसरी दस वर्षमा खुलेको मेरो गर्भबाट डेढ वर्षमै फेरि पनि अपरेसन गरेर छोरो जन्मिएको हो । तर उक्त छोरो जन्मेको पाँच घण्टामा नै भगवान्को प्यारो भयो ।

विराटनगर अस्पतालमा जन्मिएका शोभनको न्वारनको नाउँ केशवानन्द हो । उनको शोभन नामकरणचाहिँ मेरा पतिका मित्र एवम् मेरा दाजु अग्निप्रसाद रिजालद्वारा गरिएको हो । यो छोरा तीन छोरी मात्र भएको पारिवारिक वृत्तको शोभा हो भन्ने अर्थमा हाम्रो छोराको शोभन नाउँ राखिएको हो । विराटनगर, काठमाडौँ, अस्ट्रेलिया र बैङ्गलोरमा अध्ययन गरेका मेरा छोरा शोभनले विराटनगरमा आफ्नै ट्राभल एजेन्सी, हिउँशिखर ट्राभल्सको सञ्चालन गरेका छन् । विराटनगरका धेरै सामाजिक सङ्घसंस्थासँग आबद्ध भएर कार्यरत शोभनलाई विराटनगरमा निकै आदरसम्मान गर्छन् । अङ्ग्रेजी साहित्यका पुस्तकहरूको अध्ययनमा निकै रुचि लिने शोभन बाल्यकालमा कविता

लेखन र वाचनमा पनि भाग लिने गर्थे । उनलाई नाट्यकलामा पनि उत्तिकै रुचि थियो ।

काठमाडौँ, बानेश्वरकी नीता शाहसँग शोभनको विवाह भएको छ । उनीहरूको एक छोरो बारोस विद्यालयस्तरको अध्ययनमा संलग्न छन् । बारोस घटस्थापनाका दिन जन्मिएका हुनाले उनलाई हामी सबैले माया गरेर घट्टु भन्छौँ ।

मेरो जेठो छोरो शोभन मेरा पतिले बनाउनुभएको विराटनगरको पाञ्चालीकै घरमा आफ्नी पत्नी र छोराका साथमा मेरो सेवा गरेर बसेका छन् ।

# मेरो कान्छो छोरो स्वस्तिक नेपाल

विराटनगरमा २०४४ सालमा जन्मिएका मेरो कान्छो छोराको नाउँ स्वस्तिक हो । उनको न्वारनको नाउँ गीर्वाण हो । उनको बोलाउने नाउँ अल्पनाले राखेकी हुन् ।

स्वस्तिकलाई प्राविधिकतर्फको शिक्षामा ज्यादै अभिरुचि थियो । उनी बाल्यकालमा पनि प्राय:जसो हवाईजहाज उडाउने खेल खेल्न मन पराउँथे । पाइलटको पेसा ज्यादै खतरापूर्ण हुन्छ भनेर मैले उनको पाइलट पढ्ने इच्छा फेर्न निकै कोसिस गरेँ । तर उनले पटक्कै मानेनन् । आखिरमा सन्तानका इच्छाका अगाडि आमाले हार्नुपऱ्यो । त्यसैले स्वस्तिकले फिलिपिन्सबाट पाइलट कोर्स पूरा गरेरै छोडे । अत्यन्त सरल स्वभावका स्वस्तिकलाई सङ्गीतमा निकै रुचि छ । गिटार र ड्रम बजाउने कलामा उनी पारङ्गत छन् । हाल उनी काठमाडौँमा बसोबास गर्छन् । औषधी उपचारका लागि बेलाबेलामा काठमाडौँ आएका बेला म उनीसँगै बस्छु । स्वस्तिकले पनि मेरो सेवा रमाएर गर्छन् ।

# मेरो धर्मकर्म

मलाई ईश्वरमाथि विश्वास लाग्छ । तर म धर्ममा लागेर जतिखेर पनि पूजापाठमा लाग्ने मानिस पनि होइन । धर्म भनेर कट्टरपन्थी पनि म होइन । मेरा पूर्वजहरूले मानिआएका देवता र हाम्रो परम्परागत संस्कार मैले पनि मानिआएकी छु ।

होस सम्हालेदेखि नै मैले तीजको व्रत लिएको हो । हाम्रो जमानामा तीजको व्रत बस्ने कन्याले शिवजी जस्तै पति पाइन्छ भन्ने थियो । मलाई तीजकै व्रतको प्रभावले मैले असल, इमानदार मलाई माया गर्ने र परोपकारी दुलहा पाएको हुनुपर्छ भन्ने लाग्थ्यो । मेरा पतिको जीवनकालभरि पनि मैले तीजको व्रत लिएँ । तर असमयमै मेरा पतिको निधन हुँदा भने मलाई ईश्वरप्रति अनास्था हुन खोजेको हो । तर के गर्नु र ? भगवान्लाई सम्झनुबाहेक हामी मानिससँग केही हुँदैन रहेछ । तीजको व्रतबाहेक ठूली एकादशी, कृष्णाष्टमी, महाशिवरात्रिजस्ता मौसमअनुसार आउने व्रतहरू पनि मैले लिने गरेकी थिएँ । मैले धेरै वर्षसम्म मङ्गलबारका दिन गणेशजीको व्रत लिएकी थिएँ । साङ्गे गरेर विसर्जन गरेँ ।

मैले लघुरुद्री र सप्ताह पुराण, आफ्नो दसदान र वैतरणी गरेँ । लघुरुद्रीका बेला पण्डित दण्डपाणी पोखरेल मूल पुरोहित हुनुहुन्थ्यो । मेरा दिवङ्गत पतिको मुक्तिका लागि मैले श्रीमद्भागवत् सप्ताह पुराण लगाएकी थिएँ । पण्डित कृष्णप्रसाद वस्तीले उक्त सप्ताह पुराणवाचन गर्नुभएको थियो । यसबाहेक जतुवा कठकुप्पाको चोकमा

बरपीपल रोपेर पाँच वर्षको भएपछि विधिविधानपूर्व बरपीपलको बिहे गरेँ । त्यस बरपीपलमा चौतारा बनाएर मेरा पतिको नाउँको शिलालेख बनाएकी छु । त्यही चौतारामा केही पटक अक्षयतृतीयामा सातुसर्बत र मेरा पतिको जन्मदिनमा मिठाई बाँडेकी छु । मेरा घरमा चौध वर्षसम्म गृहसहायकको भूमिकामा रहेकी रञ्जु कटुवालको विवाह मैले नै गरिदिएँ । उनको गोडा धोएर कन्यादान पनि मैले नै गरेँ । मेरी छोरी कल्पनाको घरबाट सो कार्य सम्पन्न भएको हो । उनले समेत रञ्जुको कन्यादान गरेकी हुन् ।

लोग्नेस्वास्नीको आचरणले एकअर्कालाई प्रभावित पार्छ भनेको कुरामा मलाई विश्वास लाग्छ । मेरा पतिका पुर्खा र स्वयम् उहाँले नै पनि वर्षौंसम्म पुरोहित्याइँकै काम गर्नुभएको थियो । तर त्यसो हुँदा पनि मेरा पति दिनरात घण्ट हल्लाएर भजन गरेर बस्ने कुरालाई मात्र धर्म ठान्नुहुन्नथ्यो । उहाँलाई कर्ममा डटेका र परोपकारी मानिसहरू धर्मात्मा लाग्थे । उहाँ आफू पनि सकेसम्म अर्काको हित गर्नुहुन्थ्यो । गरिब मानिसहरूप्रति उहाँको सधैँ उपकारी भावना रहन्थ्यो । मलाई लाग्छ मेरा पतिको यस भावनाले मलाई पनि आफूमा थप उपकारको भावना बढाउन मद्दत गरेको हुनुपर्छ ।

हाम्रो परिवारसँग गाँसिएकी एक जना महिलाको पनि मैले मेरो यस जीवनकथामा उल्लेख गर्नै पर्छ, उनी हुन्– चन्द्रीमाई । झन्डै छ फुट उचाइकी उनको वास्तविक नाउँ के हो भन्ने कुरा हामी कसैलाई पनि थाहा छैन । उनकी जेठी छोरीको नाउँ चन्द्री र कान्छी छोरीको नाउँ लीला हो । जेठी छोरीकी आमा भनेर उनलाई उनका घरकाले बोलाउँदाबोलाउँदै सबैले उनलाई चन्द्रीकी माई भनेका हुन् । मेरो जेठो छोरो जन्मेका ताका २०३० सालमा मैले उनलाई चिनेको हो । चन्द्रीकी माई मोरङ जिल्लाकै आदिवासी चमार जातिकी महिला हुन् । पहाडमा कामी, दमाईं, सार्कीहरू अछूत वा दलित जातमा गनिएजस्तै तराईमा चमार जाति पनि अछूत हुने रहेछन् । मैले

उनलाई देखेको बेला उनी र उनका पति दैनिक ज्यालादारीमा मजदुरी गर्थे । त्यसरी मजदुरी गर्ने चन्द्रीकी माईलाई सर्वप्रथम हाम्रा पाञ्चालीका छिमेकी माधवराज आचार्यका घरमा भाँडामाझ्ने काममा लगाइएको थियो । चमार्नीलाई उपाध्याय ब्राह्मण आचार्यहरूले भाँडामाझ्ने काममा लगाएपछि हामीले किन नलगाउने भनेर चन्द्रीमाईलाई हाम्रा घरमा पनि भाँडामाझ्ने काम लगाइयो । पाञ्चाली गाउँको पश्चिमतर्फ नहर छ । त्यसै नहरको पारीपट्टि चन्द्रीमाईहरूको चमारटोल छ । उनीहरूले दैनिक रोजगारीको मजदुरीको काम नजिकै र सधैँ पाउँदैनथे । त्यस बेला उनीहरूका जातिका पुरुषहरूले दसैँमा घरघरमा गएर ढोलक बजाएर खुसीयाली मनाउँदै गृहस्थहरूसँग खर्च माग्ने पनि गर्थे । शिक्षामा निकै पछाडि परेका उनीहरूले त्यस बेला अरू केही काम पाउँदैन थिए । तर हिँजोआज त चन्द्री र लीलाका छोरा र जुवाईंहरू पनि पढेलेखेका छन् । उनीहरूमा पनि पढ्ने र पढाउने चेतना आएको छ ।

पाञ्चालीका घरहरूमै त्यसरी भाँडामाझ्ने काम पाउँदा ती चमार महिलाहरूलाई घरपाइक नै काम पाइएकाले सजिलो भएको थियो । फेरि भाँडामाझ्नु भनेको शारीरिक रूपले कठिन काम पनि थिएन । जसले गर्दा भाँडामाझ्ने काम पाएपछि उनीहरूको सजिलो रोजगारीको बन्दोबस्त भएको थियो । बिस्तारैबिस्तारै चन्द्रीमाई र उनका गाउँका अरू पनि एकदुई जना गाउँले महिलाहरूलाई हाम्रो पाञ्चालीका सबै घरहरूमा भाँडा माझ्ने काममा भ्याइनभ्याई हुन थाल्यो । हाम्रो मिनिहोस्टल बनेपछि त्यसमा बसेका विद्यार्थीहरूको भाँडा माझ्न थालेपछि त सबैले चन्द्रीमाईलाई नै तानातान गर्न थालेका थिए । किनभने त्यस बेला चन्द्रीमाई जस्तो लगनशील, इमानदार र कर्मठ रूपले भाँडा माझ्ने अरू महिला थिएनन् । जसले गर्दा हाम्रा सबै छिमेकीहरू चन्द्रीमाईलाई मात्रै काम लगाउन खोज्थे ।

चन्द्रीमाईको अर्को विशेष सीप पनि थियो । उनी शरीरमा तेल लगाउने काम पनि राम्ररी गर्थिन् । खास गरेर सुत्केरी आमा र बच्चालाई तेल लगाउने, सुत्केरीका र बच्चाका थाङ्ना धुने, बच्चालाई सेकताप गर्ने काम पनि उनी कुशलतापूर्वक गर्थिन् । उनैले सर्वप्रथम मेरो जेठो छोरो जन्मिएपछि मलाई र शोभनलाई तेल लगाइदिएकी हुन् । उनको कुशल कार्यशैली र इमानदारिताबाट प्रभावित मैले त्यसपछि उनलाई परिवारको सदस्यसरहको व्यवहार गरेँ । मेरा छोराहरूका साथै सबै नातिनतिनालाई पनि उनैले तेल लगाएकी हुन् । छोरीबुहारीलाई पनि सुत्केरीमा तेल लगाउने उनै हुन् । अहिले उनी वृद्ध र अशक्त भइसकेकी छिन् । तर अहिले पनि उनकी छोरी चन्द्रीले उनकी आमाको बिडो थामेकी छन् । मेरा पछिल्ला नातिनतिनालाई चन्द्रीले नै तेल लगाएकी हुन् । मेरी छोरी कल्पनाले चन्द्रीलाई आफ्नी बहिनीजस्तै माया गर्छिन् र चन्द्रीमा पनि कल्पनाप्रति सोही भावना छ । मेरी जेठी छोरी इन्दिरा विराटनगरमा बसेका बेला उनको तिनटोलियाको घरमा चन्द्रीकी बहिनी लीलाले धेरै वर्ष उनलाई सघाएकी थिइन् ।

चन्द्रीमाईको काठमाडौँ हेर्ने र पशुपतिनाथको दर्शन गर्ने इच्छा थाहा पाएपछि मेरी माइली छोरी कल्पनाले चन्द्रीमाईलाई काठमाडौँ पुऱ्याएर पशुपतिनाथको दर्शन पनि गराइदिएकी हुन् । अहिले चन्द्रीले उनकी आमाको सेवा गरेकी छन् । लीलाको घर अलि टाढा भएकाले बेलाबखतमा मात्र लीलाले पनि आमाको खोजीनिधी गर्छिन् । चन्द्रीमाईले हाम्रो परिवारको धेरै सेवा गरेकी छिन् । त्यसैले मैले उनलाई काम गर्न नसकेको अवस्थामा पनि मासिक भत्ताका रूपमा केही रुपियाँ उनको घरैमा पठाइदिने गरेकी छु । यसबाहेक चाडपर्वमा चामल, दाल, मीठोमसिनो खानेकुरा पठाइदिन्छु । उनैले सिकाई सधाई गरेकी उनकी दिदीकी छोरी मीनाले हाम्रो पाञ्चालीको घरमा अहिले पनि घरेलु काममा सघाइरहेकी छिन् ।

विराट वृद्धाश्रममा मेरा पतिको र मेरो नाउँमा मुष्ठिदान स्वरूपको रकम दान गरेकी छु । सरकारले दिने गरेको वृद्धभत्ता लिएर मैले समाजमै परोपकारका लागि खर्च गर्ने गरेकी छु । मेरा पतिको हरेक वर्षको जन्मजयन्ती वैशाख ८ गतेका दिन म मेरा छोराछोरी, बुहारी एवम् नातिहरूसमेत भएर विराटनगरको उक्त वृद्धाश्रममा भोजन र लत्ताकपडा समर्पण गर्छौं ।

यसबाहेक मैले स्वस्थानीको व्रत पनि लिने गरेकी थिएँ । २०१३ सालको कुरा हो, मैले त्यस बेलासम्म स्वस्थानीको व्रत गरेकी थिइनँ । त्यस बेला मेरा पतिसँग मेरो एक वर्षदेखि भेट भएको थिएन । स्वस्थानीको व्रत बस्यो भने इच्छा पूर्ण हुन्छ भनेको सुनेकी थिएँ । पहिलो पटक स्वस्थानीको व्रत बस्दा आमासँग अथवा सासूसँग बस्नुपर्छ भन्ने मान्यता थियो । सोही मान्यताको कदर गर्दै मेरी कान्छी सासू मनकुमारी नेपालसँग पहिलो पटक स्वस्थानीको व्रत म पनि बसेँ । हामी सासूबुहारी पन्ध्र दिनसम्म स्वस्थानीको व्रत बस्यौँ । बिहानको छाक हामी चोखो गरेर आफैँ पकाएर भात खान्थ्यौँ । बेलुकीचाहिँ फापरको रोटी टिनको पातोमा पकाएर खान्थ्यौँ । त्यसैबीच हामी सासूबुहारी एकै दिन पर सऱ्यौँ । त्यसरी पर सरेपछि हाम्रो नाउँको व्रत लिइदिने मानिस चाहिन्थ्यो । नत्र व्रत भङ्ग हुन्थ्यो । मेरा ससुराले हामी दुइटीकै प्रतिनिधित्व गरेर पाँच दिनसम्म व्रत बसिदिनुभयो । हामीलाई स्वस्थानीको कथा पनि सुनाउनुभयो । त्यसपछि पनि हामीसँगै चोखो खाएर मेरा ससुरा पनि साङ्गेसम्मै व्रत बस्नुभयो । यसरी मेरा ससुराको सहयोगले त्यस बेला हाम्रो व्रत भङ्ग हुनबाट जोगिएको थियो । स्वस्थानीको साङ्गे गर्दा वरदान माग्नुपर्छ भन्छन् । त्यस बेला मैले 'मेरा पतिसँग छिट्टै भेट होस्' भनेर स्वस्थानी परमेश्वरीसँग मागेकी थिएँ । साङ्गे गरेको सात दिनसम्म पतिको भागको प्रसाद राख्ने नियम थियो । सात दिनमा पनि पति नआए त्यो भाग खोलामा बगाउनुपर्ने थियो । साङ्गे भएको छ दिनमा नै मेरा पति अचानक

घरमा आइपुग्नुभएको थियो । यसरी अप्रत्याशित रूपले कुनै खबरै नगरी मेरा पति आइपुग्दा म निकै आश्चर्यमा परेकी थिएँ । स्वस्थानी परमेश्वरीको व्रतको प्रभावले नै मेरा पति त्यसरी प्रसाद खानका लागि आइपुग्नुभएको मलाई विश्वास भयो । हुन त त्यस बेला मेरा पति कुनै कामविशेषले नै दार्जिलिङबाट धरान आउनुभएको रहेछ । मेरा ससुरासँग उहाँको भेट भएछ । मेरा ससुराले आफ्नो अन्तरे छोरो देवीप्रसादको बिहे छिनेकाले बिहेका लागि चाहिने लुगाफाटा चुङवाङको घरमा भएकाले मेरा पतिलाई ती लुगाफाटा लिनका लागि पठाउनुभएको रहेछ । यसरी आफ्ना पिताको आज्ञा शिरोपर गरेर मेरा पति चुङवाङ आउनुहुँदा मसँग भेट भएको रहेछ । तर यो सबै व्यवस्था स्वस्थानी परमेश्वरीले नै मेरो इच्छा पूर्ण गराउनका लागि गरेकी हुन् भन्ने मलाई विश्वास भएको थियो । त्यसपछि मैले सधैँभरि स्वस्थानी माताको आराधना गरिरहेँ ।

मेरा पुरोहितका रूपमा धेरै वर्षसम्म वाणीराज पोखरेल थिए । अहिले मेरा पुरोहित काका पण्डित दण्डपाणी पोखरेल हुनुहुन्छ ।

# मलाई आक्रमण गर्ने रोगव्याधिहरू

'तरकारी वा फलफूल किनेका बेला फोसामा वा फाउमा मागेको फलफूल वा तरकारीजस्तै होस् तँ पनि । तेरी आमाले चौध सन्तान जन्माइसकेपछि तँलाई फोसा वा फाउमा ईश्वरले तेरी आमालाई दिएका हुन् । जसरी फाउमा दिइने फलफूल पनि गतिलो हुँदैन, त्यस्तै तँलाई पनि ईश्वरले फाउमा दिएकाले तँ रोगी भएकी होस् ।' मेरा पतिले म बिरामी परिरहँदा मलाई भन्नुहुन्थ्यो ।

सेतो दुबी, ग्ल्यान्ड टिबी, एनिमियाजस्ता बिमारीहरूबाहेक सेक्सन सिजरिन बेबी, देब्रे किड्नीबाट शल्यक्रिया गरेर पत्थर झिकेको, पाइल्स, नाकको मासु पलाएको शल्यक्रिया, पित्तथैलीबाट पत्थर झिकेको, दायाँ किड्नीबाट शल्यक्रिया गरेर पत्थर झिकेको, त्यसै बेला इनसिजनल हर्नियाँ भएको, आँखाको मोतीबिन्दुको शल्यक्रिया गरिएको लगायत दसभन्दा बढी मेरा शल्यक्रिया गरिएका छन् ।

म सधैँजसो बिरामी परिरहन्थेँ । म आठ-नौ वर्षकी हुँदा मेरो शरीरमा सेतो दुबीले उपस्थिति देखाएको थियो । मेरो बिहे हुनुअघि नै मेरो निधारको मास्तिरपट्टि र देब्रे आँखाको परेला मास्तिर सानो सेतो दाग देखिएको थियो । 'यसलाई के निस्क्यो के ? यसको त बिहे पनि हुँदैन कि क्या हो अब ?' भनेर मेरी आमाले पीर गर्नुभएको थियो । त्यसै बेला मेरी आमाले खोटो लगाएर तान्दै त्यो दाग हटाउनुभयो र दिदीहरूले कुनै झारको हरियो पात माडेर त्यसमा लगाइदिनुभएको

थियो । त्यसपछि त्यो दाग हराएको थियो । मेरो बिहे भएर मैताल‌ु पठाएपछि त्यस्तै दाग कपालको भित्रभित्र निस्केको थियो । तर टाउकोमा केशले छोपिने र मजेत्रोसमेतले ढाकिने भएकाले त्यो दाग कसैले देखेनन् ।

त्यसरी सूक्ष्म रूपमा भएका कारण पनि हामीले दुबीलाई खासै महत्त्व दिएका थिएनौँ । कलकत्तामा तीन वर्ष बस्ता छायामा बसेकै कारण हुनुपर्छ मेरो कपालभित्र भएको दुबी पनि हराएको थियो । हामी विराटनगरमा बसोबास गर्न थालेपछि दुई महिनाभित्रैमा मेरो दुबीले बिस्तारै आफ्नो फैलावट बढाउन थालेको थियो । म बिरामी परेर कलकत्ताको पी.जी.अस्पतालमा पाँच महिना बस्ता पनि मेरो दुबी हराएको थियो । तर विराटनगरमा फर्केपछि फेरि दुबी क्रमिक रूपमा आउन थालेको थियो । मेरा पतिले त्यो दुबीको उपचार गर्नका लागि कलकत्तामा पनि निकै डाक्टरहरूसँग सल्लाह गर्नुभयो । तर मेडिकल साइन्समै यस रोगको खास उपचार हुन नसक्ने थाहा पाएपछि हामीले वैद्यको उपचार पनि गराएका थियौँ । तर उक्त उपचारले पनि खासै फाइदा हुन नसकेपछि भने मेरो दुबीको उपचार गर्न हामीले छोडिदियौँ । क्रमिक रूपले मेरो निजी छालालाई दुबीले प्रतिस्थापित गरिदियो । त्यसपछि म पूरै सेतो रङकी भएँ । पतिको जीवनकालमा सदुवा लुगाफाटा, रातो टीका र लिपिस्टिकसमेत लगाउँदा म निकै उज्याली देखिन्थेँ । कतिपयले त मलाई अमेरिकन वा बेलायती आइमाई भन्ने पनि ठान्थे । म अमेरिका भ्रमणमा हुँदा पनि मलाई त्यहाँका मानिसहरू अमेरिकन नै हो कि जस्तो गर्थे ।

कतिपयले दुबीलाई ‘लच्छिन हो’ पनि भन्दा रहेछन् । सामान्य आर्थिक अवस्थाबाट मेरा पतिले गर्नुभएको आर्थिक समृद्धिका पछिल्तिर मेरो यही दुबीको लच्छिन रहेको कुरा पनि कतिपयले अड्कल काटेका थिए । मेरा पतिले पनि मेरो दुबीलाई कहिल्यै नकारात्मक रूपले हेर्नुभएन । ‘यस दुबीले तँलाई खान मागेको छैन, केही दुक्ख

दिएको पनि छैन, छोड्दे न, आउन दे, मलाई मन परेकै छस्, किन पीर गर्छेस् । मलाई दार्जिलिङमा हुँदा सेता अमेरिकन आइमाईहरूले रातो लिपिस्टिक लगाएको मन पर्थ्यो । भगवान्ले मलाई मन पर्ने भनेरै तँलाई सेती बनाइदिनुभएको हुनुपर्छ' भनेर जिस्क्याउनुहुन्थ्यो । हेर्दा निकै सेती देखिए पनि यो रोगका कारण छाला पातलो हुने भएकाले मलाई छिट्टै मौसमी चिसो र तातोले भने असर गर्छ । त्यसो त, मेरा पति सामान्य आर्थिक अवस्थाबाट निकै समृद्धशाली अवस्थामा पुग्नुका पछाडि उहाँको सबैको भलो चिताउने, भलो गर्ने विचार र काम हुनुपर्छ जस्तो मलाई लाग्छ । सकारात्मक सोच राखेर अनुशासित र मर्यादित भएर उहाँले काम गर्नुभएको थियो । सोही कुराको प्रतिफल उहाँले आफ्नै जीवनकालमा र जीवनपर्यन्त पनि पाइरहनुभएको हुनुपर्छ भन्ने मलाई लाग्छ ।

हुन त जिन्दगीको त कसैको पनि ठेगान हुँदैन । पानीको फोकोजस्तो जीवन कुन बेला फुट्छ र सकिन्छ, के थाहा ? अझ मलाई मेरो जीवन झनै धरापमा थापेजस्तो लाग्छ । 'म रोगी छु, मर्छु होला' भन्ने कुरा म मेरा पतिसँग गर्थें । 'हेर् बूढिया ! मर्नेबाँच्ने भन्ने कुराको टुङ्गो तैँलेमैले गर्ने छैन । अस्पतालमा घिटिकघिटिक परेको बिरामी बाँच्न सक्छ, बलियोबाङ्गो मुस्तण्ड मानिस मर्न सक्छ । तिमीहरूजस्तो दीर्घ रोगी बाँचिरहन सक्छौ र मजस्तो निरोगी मानिस फ्याट्ट जान बेर छैन ।' मेरा पतिको जवाफ हुने गर्थ्यो । हुन पनि सद्धे लोग्नेलाई अनायासै गुमाएर रोगकी पिण्ड म बाँचिरहेकी छु । दसथरी भन्दा धेरै अपरेसन खेपेर अहिले पनि कुनै पनि बेला अपरेसन गराउनुपर्ने इनसिजनल हर्नियाँ मैले बोकेकी छु । डा. अशोक राणाले मेरो मृगौलाको शल्यक्रिया गर्दा बिगारी दिएका कारण म झन्डै मरेकी थिएँ । धन्न त्यस बेला उनले बिगारेको शल्यक्रियालाई शिक्षण अस्पतालका युरोलोजिस्ट प्रा.डा.भोलाराज जोशीले सच्याइदिनुभएको थियो । तर अहिले पनि मैले चौबीसै घण्टा पटुका कसेर त्यस

हर्नियाँलाई व्यवस्थापन गरेर निकै कष्टका साथ जीवन बिताइरहेकी छु । मेरो पाचनशैली पनि ठीक छैन । त्यसैले मैले के खाँदा कति पच्छ भन्ने कुराको पनि ठेगान हुँदैन । आज त्यही चिज खाँदा केही हुँदैन, भोलि त्यही चिज खायो भने पच्दैन । त्यसले गर्दा खानपिनमा पनि मैले अति सावधान हुनुपर्छ । बाल्यकालमा धेरै मीठोमीठो खाएर हुर्किएकी मलाई नमीठो खान मन लाग्दैन । तर आफ्नो शरीरलाई ठीक हुँदैन भनेपछि मैले यही नै खानुपर्छ भन्ने मान्यता पनि म राख्दिनँ । तर कहिलेकाहीँ चाहिँ पूर्ववत् स्वादले खान खोज्छु । त्यस्तो कुनै बेला शरीरले पचाइ पनि दिन्छ । कहिलेकाहीँ चाहिँ पचिदिँदैन ।

आँखाको रेटिनाको समस्याले गर्दा दृष्टि प्रस्ट हुन छोडेको छ । मेरा उमेरका आममहिलालाई हुने घुँडाको हड्डी खिइने (ओस्टोपोराइसिस) समस्याले पनि मलाई छोडेको छैन । त्यसैले म राम्रोसँग हिँडडुल गर्न पनि सक्दिनँ । पाँच वर्षअघिदेखि मैले लट्ठीको सहारा लिन थालिसकेकी छु । विधाताले मलाई यति धेरै समस्या दिएका छन् तर पनि यो मानवचोला दिने विधाताप्रति म धन्यवाद नै भन्छु ।

मलाई विराटनगरमा आफू र आफ्ना पतिले भएर सृजना गरेको घरबार धेरै प्यारो छ । त्यस घरमा बस्दा मलाई मेरा पति पनि मसँगै हुनुहुन्छ जस्तो लाग्छ । तर मेरो स्वास्थ्यका कारणले गर्दा मेरो विशेष जाँच गर्ने डाक्टरहरू काठमाडौँमै हुनुभएकाले मलाई काठमाडौँ आइरहनुपर्छ । खास गरेर मेरो जेठो दाजुको छोरो नेपालका प्रख्यात रेडियोलोजिस्ट प्रा.डा.रामकुमार घिमिरेले मलाई सधैँ सहयोग गर्छन् । उनले प्रत्येक छ छ महिनामा मेरो भिडियो एक्सरे गरिदिन्छन् । मेरा पतिका सहकर्मी एवम् कुनै बेला मलाई रक्तदान गर्नुभएकाले मैले दाजु मानेका विश्वराज पाण्डेका भान्जा मलाई माया गरेर उपचार गर्ने युरोलोजिस्ट प्रा.डा.भोलाराज जोशीले मलाई हरेक वर्षजसो जाँच्नुहुन्छ र उपयुक्त सल्लाह दिनुहुन्छ ।

त्यसै गरी मलाई अत्यन्त माया गरेर जाँच गर्ने मुटुरोग विशेषज्ञ डा. हिमांशुप्रसाद नेपालसँग पनि म हरेक वर्ष जँचाउँछु । मेरो आँखाको जाँच गर्ने मेरा पतिका पुराना मित्र भाइ डा. नवीनचन्द्र राई (एन.सी. राई) को स्वर्गारोहण भएको कारण हिजोआज मेरो आँखाको उपचार बी.पी. कोइराला आँखा अस्पतालका डाक्टर सगुन जोशीसँग गराउने गरेका छौँ । विराटनगरमा भएका हाम्रा छिमेकी डिल्लीराम तिम्सिनाका छोरा आँखाका विशेषज्ञ डा. रुद्र तिम्सिना धेरै असल थिए । उनीसँग मेरो आँखाको जाँच गराउन मलाई धेरै सजिलो थियो । तर उनको असमयमा नै देहावसान भएका कारण हिजोआज मलाई विराटनगरमा आँखाको उपचारमा कठिनाइ भएको छ । मेरो घुँडाको हड्डी खिइने बिमारीका लागि डा. सरजु प्रधानसँग ब्लु बर्ड इन्टरनेसनल क्लिनिकमा जँचाउने गरेको छु । पाठेघरको नियमित जाँच गर्न म डा. सुधा थापासँग सम्पर्क राख्छु ।

जीवनप्रति मानिसको मोह हुँदो रहेछ । म रोगी छु, अब त वृद्ध पनि भइसकेको छु तर पनि मलाई सकेसम्म स्वस्थ भएर बाँच्न नै मन लाग्छ । आफ्ना छोराछोरी, नातिनतिना, पनातिपनातिनाले उन्नतिप्रगति गरेको हेर्न मलाई मन लाग्छ । त्यसैले पनि समयसमयमा डाक्टर वैद्यकोमा म गइरहन्छु र सल्लाह लिन्छु । म डाक्टरलाई जँचाउने मात्र होइन, उनीहरूले दिएको औषधी खान्छु र सल्लाह पनि मान्छु । मानिसको जीवन भनेको ईश्वरले दिएको वरदान हो । यो जीवनको सदुपयोग गर्नुपर्छ । मानिसले सबैभन्दा पहिले आफूलाई माया गर्नुपर्छ । आफू भयो भने संसार हुन्छ । हरेक मानिसले संयमित जीवनशैली अपनाएर सकेसम्म आफूलाई स्वस्थ राख्ने प्रयत्न गर्नुपर्छ । बाँचुन्जेल स्वस्थ भएर बाँच्नुपर्छ भन्ने मलाई लाग्छ ।

धेरै बिरामी परिरहने र अस्पतालमा पनि पटकपटक भर्ना भइसकेकाले पनि मलाई कतिपय सामान्य बिरामी र तिनका लागि

प्रयोग गर्नुपर्ने औषधीको नाउँ पनि कण्ठस्थ छ । विराटनगरको कोशीअञ्चल अस्पतालमा म कैयौँपटक भर्ना भएकी छु । कलकत्ताका तीनओटा अस्पटालमा, दार्जिलिङको अस्पतालमा, काठमाडौँका अस्पतालमा र भारत मद्रासका अस्पतालमा पनि म भर्ना भएरै उपचार गराएकी छु । मेरा छोराछोरी र कतिपय आफन्तलाई पनि साधारण बिमारमा म नै औषधीको र परहेजका बारेमा सल्लाह दिन्छु । उनीहरू मलाई जिस्क्याएर पौने डाक्टर पनि भन्छन् । मेरो नाति ढुङ्ग्रुले मलाई एबिसिडी डाक्टर भन्छन् ।

उच्च रक्तचाप, कोलेस्ट्रोल, थाइराइड, पिसाबसम्बन्धी खराबी, भिटामिन डीको न्यूनताका लागि नियमित रूपमा मैले औषधी सेवन गरिरहेकी छु । यी औषधीबाहेक म अत्यधिक पानी पिउँछु ।

मेरो आँखा ठीक हुन्जेल मलाई अखबार पढ्न टिभीमा समाचार वा हिन्दी सिरियल र सिनेमा पनि हेर्न मन पर्थ्यो । आस्था च्यानलमा देखाउने रामदेव बाबाका योगका कुरा मलाई मन पर्थे । तर आँखाले गर्दा अहिले म पढ्ने र हेर्नेभन्दा रेडियोमा समाचार सुन्ने गर्छु ।

बिहान म सधैँ नियमित रूपले प्राणायाम र शारीरिक व्यायाम गर्छु । घुँडाको हड्डी खिइएको हुनाले मैले नियमित रूपमा फिजियोथेरापिस्टले सिकाएका घुँडाको व्यायाम गर्ने गरेकी छु । पहिलेपहिले म नियमित रूपमा पूजापाठ गर्थें । तर अब नियमपूर्वकको पूजापाठमा मलाई अप्ठ्यारो हुने हुँदा म आत्माभित्रको ईश्वरको नियमित आराधना गर्छु । मेरो आँखाको रेटिनाको खराबीका कारण मलाई अहिले लेखपढ गर्न पनि कठिन भएको छ । त्यसैले स्मरणमा आउने ईश्वरको पाठ, जप गर्छु । अहिले मेरो आँखाको खराबीका कारण म टेलिभिजन हेर्दिनँ । पहिलेपहिले आँखा ठीक हुँदा म प्रायजसो आस्था च्यानलमा आउने योगगुरु रामदेव बाबाको योग र प्राणायामको शिविर हेर्थें । त्यसबाट पनि मैले निकै कुराहरू सिकेकी

छु । त्यसरी सिकेका कुराहरू मैले मेरो जीवनमा लागू पनि गरेकी छु । लाग्छ, मलाई ती कुराहरूबाट निकै फाइदा पनि भएको छ । प्राकृतिक रूपले स्वस्थ हुनका लागि नेपालका विशिष्ट प्राकृतिक चिकित्सक डा. हरिप्रसाद पोखरेलद्वारा लेखिएका पुस्तकहरू पनि मैले पढेकी छु । उहाँ स्वयम्ले पनि मलाई भेट दिनुभएर मेरो स्वास्थ्य रक्षाका लागि सुझावहरू दिनुभएको छ । त्यसबाहेक मलाई हाम्रै भान्साघरमा हुने जडीबुटीहरूबारे पनि विश्वास लाग्छ । ज्वानो, मेथी, बेसार, तेल, नुन, अदुवा, लसुन, मह इत्यादि कुराहरूलाई आवश्यकताअनुसार प्रयोग गर्दा ती हाम्रा कतिपय सामान्य रोग निको पार्ने खालका औषधी पनि हुन्छन् । म नित्य तुलसीलाई जल चढाउँछु । तुलसीको तीन ओटा पात, बाह्रमासे फूलको तीन ओटा पात पनि म नित्य रूपले खाने गरेकी छु । तितेपातीका मुन्टा पनि म कहिलेकाहीँ खाने गर्छु ।

मेरो जीवनमा बिहान उठेर खाली पेटमा पिउने गरेको पानीको ज्यादै महत्त्व छ । मेरो मृगौलामा पत्थर जम्ने समस्या भएर मेरो दुवैपट्टिको मृगौलाको शल्यक्रिया गरेर पत्थर झिकिसकिएको छ । तर अहिले म बिहान खाली पेटमा झन्डै दुई लिटर पानी पिउँछु र मृगौलालाई पखाल्ने गर्छु । दिनभरि पनि म सम्झीसम्झी पानी पिउने गर्छु ।

सकारात्मक सोच राखेर नियमित रूपले प्राणायाम, केही आवश्यक व्यायाम, ध्यान र संयमित खानपिन गरेर मैले आफ्नो स्वास्थ्य व्यवस्थापन गरेकी छु ।

# म रोएर मात्र बसिनँ

मेरा पतिको स्वर्गारोहण भएपछि सुरुसुरुमा त मैले संसार नै केही देखिनँ । मैले पतिबिनाको मेरो संसारको कहिल्यै कल्पना पनि गरेकी थिइनँ । म दीर्घरोगी भएका कारण पतिको काखमा नै मरुँला भन्ने थियो । 'जिन्दगीको केही भरोसा हुँदैन बुढिया, तिमीहरूजस्ता रोगीहरू दीर्घजीवी हुन सक्छौ र मजस्तो निरोगी मानिस फ्याट्टै जान पनि सक्छौँ ।' मेरा पतिले भन्नुभएको कुरा नै सत्य होला भनेर त्यस बेला मैले पत्याएकी थिइनँ । मेरा पति जिस्किएर पनि केके भन्नुहुन्थ्यो । त्यस कुरालाई पनि मैले त्यस बेला खासै महत्त्व दिएकी थिइनँ । पतिका तुलनामा आफूलाई म धेरै कमजोर सम्झन्थेँ । त्यसैले म नै पतिभन्दा अघि मर्छु जस्तो मलाई लाग्थ्यो । त्यसैले पतिबिना म बाँच्न सक्छु जस्तो पनि मलाई लाग्दैनथ्यो । तर मेरो जीवनमा नसोचेको घटना घट्यो । मेरा पतिले भनेकै कुरा भएको थियो । अनायास मेरा पति मेरो जीवनबाट हराउनुभएको थियो । मेरा पतिको स्वर्गारोहणपछि जो मानिसहरू मलाई भेट्न आए पनि उनीहरूले मेरा पतिको कुरा गर्ने बित्तिकै मलाई रुन आइहाल्थ्यो ।

मेरी जेठी छोरी इन्दिराले आफ्नो सबै घरव्यवहार छोडेर मसँगै आएर बसेकी थिइन् । त्यस बेला उनैले बुबाको व्यवहार सबै थामिदिएकी थिइन् । मेरा दुइटी छोरीहरूले त्यस बेलासम्म व्यवहार गरेका थिएनन् । मेरो जेठो छोरो पन्ध्र वर्षको नाबालकै थियो ।

कान्छो त निकै सानो थियो । त्यसले गर्दा त्यस बेला सबै भर इन्दिराको मात्र थियो ।

मेरा पतिलाई अचानक रोग लागेर असामयिक निधन भएको र उहाँको निकै ठूलो आर्थिक कारोबार भएका कारण त्यस बेला हाम्रो व्यवहार लथालिङ्ग नै थियो । नौ महिनासम्म इन्दिराले बुबाको हिसाबकिताब खातापाता सबै जिम्मा लिएर काम गरिन् । केही समय मेरी दिदीको छोरो चिरञ्जीवीले पनि हामीलाई सहयोग गरे । इन्दिराले म सधैँजसो रोएर बसेको देखेपछि मलाई नै जग्गाजमिनको काम गर्न अघि सारिन् । उनैले गर्दा मैले मेरा पतिको व्यवहार बिस्तारै जिम्मा लिएँ । 'मैले जान्दिनँ होला, सक्तिनँ होला' जस्तो लागेको थियो । तर गर्दै जाँदा मैले पार लगाउँदै गएँ । मलाई विधाताले शक्ति पनि दिँदै गए । जसले गर्दा मैले मेरा पतिले अधुरै छोडेर जानुभएका कामहरू सम्पन्न गर्दै गएँ । कान्छी छोरी अल्पनाको पठनपाठन, बिहेदान, दुवै छोराहरूको पठनपाठन, अंशबन्डा र बिहे पनि गराएँ । अब मेरो जीवनमा मैले नगरिनहुने त्यस्ता अधुरा कामहरू पनि छैनन् । अहिले म सकेसम्म चिन्तारहित भएर ईश्वरको भजन गरेर समय बिताउँदै छु ।

मेरा स्वर्गवासी पतिका लागि नइ प्रकाशनले गरेका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका कार्यबाहेक मेरा पतिको स्मृति एवम् सम्मानमा विराटनगरकै तिनटोलियामा 'गणेश स्मृति पुस्तकालय' को स्थापना भएको छ । तिनटोलिया निवासी मेरा देवर खगेन्द्र आचार्यलगायत बुद्धिजीवीहरूको अनुरोधमा २०४८ सालमा मैले एक कट्ठा जग्गा उक्त पुस्तकालयका लागि समर्पण गरेकी थिएँ । उक्त पुस्तकालयमा यसबाहेक छोरो शोभनले पनि बेलाबखतमा भरथेग गरिआएका छन् । यसबाहेक मेरो जेठो छोरो शोभनद्वारा व्यावसायिक प्रयोजनका लागि विराटनगरकै अमरटोलमा बनाइएको पार्टी प्यालेसको नाम 'गणेशदुर्गा पार्टी प्यालेस' राखेका छन् ।

जेठी छोरी इन्दिराका प्रयत्नले २०५२ सालमा मेरा पतिलाई नजिकबाट चिन्ने साहित्यकारहरूद्वारा उहाँका बारेमा लेखिएको 'गणेश गुरु : साधनादेखि समाधिसम्म' (सम्पादक: नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई) नामक पुस्तक प्रकाशन भएको थियो । यसअघि नै 'गणेश स्मृति पुरस्कार'को स्थापना गरेर केही व्यक्तिहरूलाई पनि समर्पण गरिएको थियो । त्यसै गरी मेरा पतिले अधुरो रूपमा लेखेर छोड्नुभएको उहाँको आत्मकथा 'सुकेको पत्ता' पनि नइ प्रकाशनबाट २०५५ सालमा प्रकाशित भएको थियो । मेरा पतिको जीवनी र व्यक्तित्वमाथि त्रिभुवन विश्वविद्यालयका एम्.ए.का विद्यार्थी कुलचन्द्र पुरीबाट २०७० सालमा शोध पनि भइसकेको छ । २०७१ सालमा मैले पनि मेरा पतिको सम्झनामा 'उनैको माया' नामक काव्यको रचना गरें । नइ प्रकाशनबाटै यसको प्रकाशन भएको छ । यसका साथै नइ प्रकाशनले विदेशमा बसेर साहित्य साधना गर्ने स्रष्टालाई सम्मानित गर्न २०६८ सालदेखि 'गणेशदुर्गा पुरस्कार'को स्थापना गरेको छ । २०७२ सालमा नइ प्रकाशनले मेरा पतिको सम्मानमा उहाँको तस्बिरअङ्कित क्यालेन्डर पनि प्रकाशन गरेको छ ।

# मेरा भ्रमणहरू

मेरो जन्म नेपालको पूर्वी पहाडको पाँचथर जिल्लाको लिम्बाटार ७ नम्बर वडामा भएको हो । त्यसपछि मेरो बिहे धनकुटा जिल्लाको चुङवाङमा भयो । पहाडमा जन्मिएकी र हुर्केकी म मेरा पतिको शिक्षाका क्रममा दार्जिलिङ पुगेँ । दार्जिलिङपछि कलकत्ता पनि पुगेँ । त्यसपछि विराटनगरमा पुगेर हामीले हाम्रो स्थायी बासको निर्माण गऱ्यौँ । मेरा पतिको दिनरातको मिहेनतमा ईश्वरको समेत कृपा भइदिनाले हामीले क्रमश: आर्थिक दुक्खको दिन देख्नु परेन । देशभित्रका अन्य स्थान त मैले भ्रमण गर्न सकिनँ तर म पतिको जीवनकालमा पनि पटकपटक काठमाडौँ आउने गर्थें । त्यस बेला खास गरेर बिमारी परेको अवस्थामा विशेष उपचार गर्नुपरे हामीले काठमाडौँ आउनै पर्थ्यो । हुन त अझै पनि विशेष उपचारका लागि विराटनगरका बासिन्दाले काठमाडौँमा अथवा भारतका कुनै ठूला सहरमा नै पुग्नुपर्ने अवस्था छ ।

उपचारकै सन्दर्भको एउटा कुरा सम्झन्छु । मेरो जेठो छोरो शोभनलाई टाउको दुख्न थाल्यो । टाउको दुख्यो भनेर छोरो स्कुल जानै नमान्ने भयो । आफूले जानेजति घरेलु उपचार गर्दा पनि निको नभएपछि विराटनगरमा पनि डाक्टर देखाउने काम भयो । तर पार लागेन । मेरा पतिलाई व्यवहारले एकैछिन फुर्सद थिएन । हामी पतिपत्नीले सल्लाह गरेपछि म छोरो लिएर काठमाडौँ आएँ ।

चिनेजानेका आफन्तसँग सल्लाह गरेपछि शोभनलाई त्यस बेलाका नाउँ चलेका वीर अस्पतालका नाककान घाँटीका डाक्टर

जिष्णु रिजाललाई जँचाउने सल्लाह भयो । त्यसैअनुरूप जँचाए पनि । उनले शोभनको नाकको हड्डी खुर्कने अपरेसन गर्नुपर्छ भने । त्यसैअनुसार उनले अपरेसनका लागि मङ्गलबार बिहान ठीक नौ बजे वीर अस्पतालको अपरेसन थिएटरमा आइपुग्न निर्देशन दिए । उनको निर्देशनको पालना गरेर मङ्गलबारको बिहान हतारहतार अस्पताल आउने क्रममा ट्याक्सी नपाउँदाका कारणले म छोरो लिएर पन्ध्र मिनेट ढिलो अपरेसन कक्षको ढोकामा पुगेँ । डाक्टरलाई भेट्न खोज्दा बल्लबल्ल भेट भयो, 'किन ढिलो आएको, ल अब मैले अर्को बिरामी लिइसकेँ, तपाईं अर्को हप्ता आउनुस् ।' उनले मेरो केही कुरा, समस्या नसुनी मलाई हप्काएको शैलीमा भनेका थिए । अब पुन: अर्को एक हप्तासम्म पर्खिने अवस्थामा म थिइनँ । अर्काको घरमा पाहुना लागेर बसेको मानिसलाई कति सकस भएको हुन्छ ती डाक्टरले के बुझ्नु र ? मलाई बडो नरमाइलो लाग्यो । डाक्टरको व्यवहारले चित्त पनि दुख्यो, रिस पनि उठ्यो । त्यसै बेला त्यहीँ भएकी एक जना बूढी मानिसले मलाई बडो मायालु पाराले 'के भएर आएको ?' भनेर सोधिन् । मैले छोराको समस्याको सबै कुरा भनेँ । 'ए नानी बागबजारमा कृष्ण औषधालयमा लगेर यो नानीलाई जँचाउनू न । त्यहाँको वैद्य बाको औषधीले निको हुन्छ । यस्तो कलिलो बच्चालाई केको अपरेसन गर्नुपर्छ ?' उनले आफ्नो परिवारको पनि कसैको त्यस्तै समस्या त्यही औषधालयमा गएर समाधान भएको कुरा पनि सुनाइन् । त्यसपछि म पनि डाक्टरको व्यवहारले रन्थनिँदै बागबजार पुगेँ । ती वृद्धाले भनेजस्तै कृष्ण औषधालयमा भएका वृद्ध वैद्यबाले मेरो छोरालाई राम्ररी जाँच्नुभयो । 'नानी धन्दा मान्नु पर्दैन, बाबुको पिनासले टाउको दुखेको हो । यो औषधी नाकमा दुई थोपा गरेर हाल्नू । बिहान बिहान बासी पानी नाकमा हालेर पानी तान्नू । साता दिनदेखि टाउको दुख्न निको हुन्छ ।' 'षड्विन्दु तेल' नामको सानो सिसीमा औषधी बोकेर म भोलिपल्टै विराटनगर फर्केँ । वैद्य बाले भनेजस्तै गरेर शोभनको नाकमा औषधी हालेर पानीले तान्दा तेस्रो दिनदेखि नाकबाट पहेँलो

पीप रगतजस्तो सिँगानको लेदो निस्कन थाल्यो । केही दिनसम्म त्यसरी निस्केपछि उनलाई सन्चो पनि हुन थाल्यो । त्यसपछि उनको टाउको दुख्ने बिमारी निको भयो । अहिलेसम्म उनको नाकको अपरेसन गरिएको छैन । त्यस दिन म समयमा पुगेको भए डाक्टरले उनको अपरेसन गर्ने थिए, र त्यसपछि भने त्यस अपरेसनको प्रतिक्रिया मेरो छोराले केके खप्नुपर्ने थियो होला । यस घटनालाई सम्झँदा ईश्वरले काम बनाएर मात्र होइन; बिगारेर पनि हामीलाई सहयोग गरिरहेका हुन्छन् जस्तो मलाई लाग्छ ।

'मेरो आर्थिक व्यवहार अलि मिलाउँछु, त्यसपछि म सबै परिवारलाई लिएर भ्रमणमा जान्छु ।' मेरा पतिले बारम्बार भन्नुहुन्थ्यो । उहाँले कलेजमा पढाएकै ताका उहाँलाई अध्ययनका सन्दर्भमा नै अमेरिका जाने अवसर प्राप्त भएको थियो । 'म एक्लै गएर के गर्ने, अहिले तिमीहरूलाई लैजान सक्ने हैसियत मेरो छैन । पछि तँलाई समेत लिएर जाने मेरो इच्छा छ ।' उहाँले त्यस बेला पनि भन्नुभएको थियो ।

मेरा पतिलाई जन्डिसले ग्रस्त पारेपछि पनि म उहाँको उपचारका सन्दर्भमा काठमाडौँ गएकी थिएँ । उपचारकै सिलसिलामा मेरा पतिका साथमा कान्छी छोरी अल्पनालाई पनि लिएर हामी दक्षिण भारतस्थित भेलोर गएका थियौँ

आर्थिक समृद्धि गरिसकेर ढुक्क भएर मलाई र छोराछोरीलाई समेत लिएर राम्राराम्रा ठाउँमा भ्रमण गर्ने मेरो पतिको इच्छा थियो । तर विधिले उहाँको यो इच्छा पूरा गरेन । ५६ वर्षको उमेरमा नै उहाँको स्वर्गारोहण भयो । उहाँका सारा इच्छा, आकाङ्क्षाहरू अधुरै रहे ।

मेरा पतिको स्वर्गारोहणपछि मलाई कहीँ भ्रमण गर्ने इच्छा पनि भएन । तर स्वास्थ्य उपचारका सन्दर्भमा एक पटक छोरी

इन्दिरा र छोरा शोभनलाई साथ लिएर म दक्षिण भारतको चेन्नाईसम्म पुगेँ । त्यहाँ एपोलो अस्पतालमा मेरो नाकमा मासु पलाएको विषयमा शल्यक्रिया पनि गरियो । त्यसै बेला हामी संसारकै सबैभन्दा धनी मन्दिर तिरुपति बालाजी पनि पुग्यौँ । बङ्गलोरमा पनि घुम्यौँ र त्यहाँस्थित ह्वाइट फिल्डमा पुगेर सत्य साईबाबाको पनि दर्शन गरेका थियौँ । त्यसै बेला दिल्ली हुँदै फर्केका थियौँ । मेरा कान्छा दाजुका जेठा छोरा पारस र प्रवीणासँग बाहृखम्बास्थित नेपाली राजदूतावासको उनीहरूको आवासमा हामी बसेका थियौँ । त्यस बेला प्रवीणाले दिल्लीका केही रमणीय स्थलहरूको पनि हामीलाई अवलोकन भ्रमण गराएकी थिइन् । हामी हरिद्वारमा गएर बसेका थियौँ । त्यस नजिकका सबै तीर्थ पनि त्यस बेला हामीले गरेका थियौँ । हामीले हरिद्वारमा मेरा पतिका नाउँमा १५० गरिबहरूलाई भोजन गराएका थियौँ । हरिद्वारमै साँझको आरतीका समयमा लाखबत्ती पनि बालेका थियौँ । दिल्ली बसाइका बेला मेरा भदा, बुहारीहरूको अत्यन्त प्रेमपूर्णको आतिथ्यले हाम्रो त्यस बेलाको दिल्ली बसाइ स्मरणीय बनेको थियो ।

नेपाल र भारतका केही स्थानको भ्रमणपछि मैले अमेरिकाको पनि भ्रमण गर्ने अवसर पाएँ ।

# खोलो अमेरिका पुग्यो

मेरा छोराछोरीहरूले मात्र नभएर मेरा नातिनतिनाले पनि मलाई धेरै माया गर्छन् । उनीहरूले आफ्ना आमाहरूलाई ममी भन्छन् र मलाई आमा नै भन्छन् । मेरी जेठी नातिनी गीताञ्जली अमेरिकामा बसोबास गर्न थालेकी थिइन् । उनी नेपाल आएको बेला मैले अमेरिकाबारे चासो राख्दा उनी मलाई 'म आमालाई अमेरिका घुमाउँछु नि' भन्थिन् । नभन्दै मलाई मेरी नातिनीले अमेरिकामा बोलाइन् । हुन त अमेरिका जान्छु भनेर मात्र जान नपाइने रहेछ । त्यसको प्रक्रिया पूरा गर्न निकै कठिन रहेछ । त्यस बेला मेरा छोराछोरीहरू र जुवाइँ एवम् परराष्ट्र मन्त्रालयका उच्च तहका अधिकृत दुबसु क्षेत्री अनि तत्कालीन अध्यागमन विभागका प्रमुख मेरा भदा नवीन घिमिरेको सहयोग नभएको भए मैले अमेरिका देख्न पाउँथें जस्तो मलाई लाग्दैन । जे होस्, मैले अमेरिका जाने भिसा पाएकी थिएँ ।

त्यसैले म २०६४ सालमा अमेरिका गएँ ।

जिउँदा मानिसहरूको स्वर्ग भनिने अमेरिकाको मेरो यात्रा २०६४ साल भदौ २२ गते सुरु भएको थियो । त्यसो त म मेरो घर पाञ्चाली, विराटनगरबाट १८ गते नै म काठमाडौँ आएकी थिएँ ।

म जीवनमा नै पहिलो पटक जेट विमानमा चढ्न लागेकी थिएँ । मलाई डरडर पनि लागिरहेको थियो । म घरबाट एक्लै जाँदै थिएँ । मेरी जेठी छोरी इन्दिराकी जेठी छोरी गीताञ्जलीले मलाई

अमेरिका घुमाउन बोलाएकी थिई । गीताञ्जली र खगेन्द्र जुवाइँले अमेरिकामै स्थायी बसोबास गरेका हुनाले उनीहरूले मलाई आफ्नो घरबार हेर्न पनि बोलाएका थिए । मेरो पनाति इसास पनि मलाई अमेरिका आउनू भनेर रहर गरिरहेका थिए । अमेरिकाको यात्रा महँगो हुनुका साथसाथै त्यहाँ जान अमेरिकी सरकारको भिसा चाहिने कारणले पनि मेरा लागि कोही साथी लान सम्भव थिएन । म काठमाडौँ-विराटनगर त हवाईजहाजमा एक्लै ओहोरदोहोर गरिरहेकै थिएँ तर अमेरिका त निकै टाढाको यात्रा थियो । तर एकातिर मलाई नातिनतिनाको माया थियो र अर्कातिर ‘कस्तो होला त अमेरिका ? जिउँदा मानिसको स्वर्ग जाने अवसर पाउँदापाउँदै मैले किन हिम्मत नगर्ने ?’ भन्ने मनमा आएकाले मैले अमेरिका भ्रमण गर्ने निर्णय गरेकी थिएँ । छोरीहरू, जुवाइँहरू, छोराहरू र बुहारी तथा नातिनतिनाले पनि मेरो यो इच्छा पूरा गराउन मद्दत गरेका थिए ।

मेरी नातिनी गीताञ्जलीले मेरा लागि उतैबाट हवाईटिकट पनि पठाएकी थिइन् । हुन त मलाई कति दिनदेखि सन्चो पनि थिएन । मेरो पिसाबमा सङ्क्रमण भएकाले मैले एन्टिबायोटिक औषधी खाइरहेकी थिएँ । औषधीका कारणले मेरो पेट पनि ठीक थिएन । पन्ध्र दिनदेखि मैले जाउलो मात्र खाएकी थिएँ । नातागत भएका कारण मेरो शरीर लुगलुग कामिरहेको पनि थियो । आफ्नो ज्यानकै माया मारेर भए पनि त्यस बेला मैले अमेरिका यात्रा गर्ने नै अडान लिएर म एयरपोर्ट पुगेकी थिएँ । मेरो जेठो छोरो शोभन मलाई बिदा गर्न भनेर चार दिनदेखि विराटनगरबाट काठमाडौँमै आएर बसेका थिए । धन कमाएर मलाई समेत लिएर विदेश भ्रमण गर्ने मेरा पतिको इच्छासमेत म अमेरिका गएँ भने पूरा हुन्छ जस्तो मलाई लागेको थियो ।

मलाई इन्दिराको घरबाट भदौ २० गते मेरी सम्धिनी नब्बे वर्षीया भागीरथा प्रसाईंले आशिष् दिएर साइतको बिदा गर्नुभएको

थियो । २० र २१ गते मेरी कान्छी छोरी अल्पनाका घरमा आएर म बसेँ । अल्पनाको घर एयरपोर्टको नजिकै छ । अहिलेको नेपालको केही भर छैन, केही गरी बन्दहडताल भयो भने हिँडेरै पनि एयरपोर्ट पुग्न सकिन्छ भनेर पनि म अल्पनाको घरमा आएकी थिएँ । तर त्यस बेला बन्दहडताल भएन । त्यसैले गाडीमै मैले एयरपोर्ट जान पाएँ । २२ गते अल्पनाको घरबाट बिदा भएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा म पुगेकी थिएँ । विमानस्थलमा मलाई बिदाइ गर्न इन्दिरा, जुवाइँ नरेन्द्रराज प्रसाई र नातिनी तान्तु (अनुकृतिका) पनि आएकी थिइन् ।

त्यस बेला मेरो बिदाइका लागि अल्पना र उनको छोरो साइरस मसँगै विमानस्थलमा आएका थिए । विमानस्थलमा चाहिँ मेरो जेठो छोरो शोभन नेपाल, मेरी दिदीको छोरो चिरञ्जीवी शर्मा, उनकी पत्नी निर्मला शर्मा, नाति सुलक्षण र बुहारी रञ्जनासमेत आएका थिए । मेरी अर्की दिदीको छोरो शम्भु आचार्य, उनकी पत्नी सरस्वती र उनीहरूका दुई जना छोराहरू पनि त्यहाँ आएका थिए । टाढा जान लागेको बेला यसरी सबै आफ्ना सन्तानहरूले बिदा गर्न आउँदा मलाई निकै खुसी लागेको थियो । मलाई पनि माया गर्ने मानिस रहेछन् भनेर निकै सान्त्वना भएको थियो ।

अब म विमानस्थलको प्रस्थानमार्गबाट भित्र पस्नुपर्ने बेला भएको थियो । 'कसरी जानुहोला ? एक्लै हुनुहुन्छ ?' जस्ता कुराले मेरा छोरी, जुवाइँ र छोरालाई पनि चिन्ता थियो ।

मेरो छोरो शोभनले 'मलाई ह्विलचेयर चाहिन्छ', 'म शौचालय जान चाहन्छु', 'धन्यवाद', 'भोक लाग्यो', 'म नेपाली हुँ, पानी पिउँछु', 'म बिरामी छु' जस्ता वाक्यहरू अङ्ग्रेजीमा लेखेर कम्प्युटरबाट ठूलाठूला अक्षरमा निकालिदिएका थिए । जसले गर्दा मलाई बाटोमा केही आवश्यकता परेको बेला मैले नबोलीकन त्यो कागज देखाएर मेरो आवश्यकता पूरा गर्न मद्दत पुगोस् भन्ने थियो । वृद्ध मात्र

होइन; बिरामीसमेत भएकाले मलाई अमेरिकाको यात्रामा एक्लै पठाउँदा पनि परिवारमा सबैलाई चिन्ता नै थियो ।

त्यसै बेला नरेन्द्र जुवाइँले आफ्नी भान्जीबुहारी हेमा पाण्डेको खोजी गर्नुभयो । उनी त्यही विमानस्थलमा कार्यरत रहिछिन् । उनलाई भेटेपछि 'लौ भान्जी आमालाई राम्रोसँग विमानमा चढाउने व्यवस्था गरिदेऊ' भनेर जिम्मा लाउनुभयो । त्यसपछि मेरो छोरो शोभन पनि मसँगसँगै मेरो व्यवस्थापनका लागि भित्र पस्यो । भित्र सामान र टिकटको व्यवस्थापन सकेपछि म हेमा भान्जी र शोभनका साथमा बाहिर आएँ र सबै आफन्तजनसँग फेरि एक पटक भेटेँ, अँगालो हालेँ । छोरीहरूका आँखामा आँसु आएको देखेँ मेरो पनि आँखा रसाएर आयो । समय भइसकेकाले म भान्जीसँगै भित्र पसेँ ।

हेमा भान्जीले भित्र पसेपछि ह्विलचेयरवाला मानिससँग कुराकानी गरेर मलाई उसको जिम्मा लगाइन् र उनी बिदा भइन् । ह्विलचियरवालाले मसँग पाँच डलर मागे । मैले दिएँ । उनले मलाई भित्रतिर गुडाउँदै लगे र एक ठाउँमा पुऱ्याएर राखे । 'म एकछिन घुमेर आउँछु है !' भनेर उनी गए । म उनले राखेकै ठाउँमा बसेर कोही नेपाली देख्छु कि, भेट्छु कि भनेर आँखाले यताउति खोजिरहेँ । तर कसैलाई देखिनँ । 'मलाई अमेरिकाको यात्रा एक्लै गर्न लेखेको रहेछ' भनेर चित्त बुझाएँ ।

ह्विलचेयरवाला मानिस आए र मलाई हवाईजहाजको भऱ्याङसम्म ह्विलचेयरमा पुऱ्याए र भऱ्याङमा पनि तिनैले हातमा समातेर चढाइदिए । त्यसपछि विमान परिचारिकाले मलाई लगेर मेरो सिटमा बसाली दिइन् । मेरो स्वास्थ्य पनि त्यति राम्रो थिएन ।

हवाईजहाजभित्र पसेपछि र सिटमा बसिसकेपछि अचम्म लाग्यो । विराटनगर-काठमाडौँ र काठमाडौँ-विराटनगर त कैयौँ पटक एक्लै यात्रा गरेकी हुँ– मैले । तर त्यसरी एक्लै हुँदा पनि त्यस विमानमा

नेपालीहरू हुन्थे । अझ राम्ररी कुराकानी गर्दा कोही न कोही आफ्नै नातेदार अथवा साथीसँगी पनि हुने गर्थे । तर यस विमानमा त सबै परचक्री मात्र छन् । एक किसिम अपरिचितहरूसँग मात्र त्यसरी बस्दा कहाली पनि लागेर आयो । 'कोही चिनेका नभएर के भो र मेरा सहाय भगवान् छन् ।' भगवान्को स्मरण गर्नासाथ मलाई ठूलो आडभरोसा भयो । हवाईजहाजमा मानिसहरू आइरहेका थिए । कोही त नेपाली पनि हवाईजहाजमा कसो नचढ्लान् ? म मानिसहरू आउन्जेल नै आशावादी भएर आउने मानिसहरू नेपाली हुन् कि भनेर बाटो हेरिरहेकै थिएँ । तर अन्तिम समयसम्म पनि मैले निराशा मात्र पाएँ ।

यसैबीच मेरो सँगैको सिटको यात्री पनि आएर आफ्नो सिटमा बसेका थिए । म झ्यालपट्टि थिएँ । ती केटाको सबै कुरा विचार गर्दा भारतीय जस्ता थिए । गर्मी महिना थियो । तिनको शरीरको पसिना खपिनसक्नु गन्हाएको थियो । मैले तिनी सँगसँगै लामो यात्रा गर्नु थियो । मलाई हुनसम्म गाह्रो भयो । घिन लाग्यो, दिगमिग लाग्यो । तर मैले मनमनै सोचेँ, 'यस केटालाई पराई सोचेर मलाई यति धेरै गन्हाएको होला । मेरो छोरानातिको पसिना पनि त यसरी नै गन्हाउन सक्छ । यी युवक मेरै छोरो वा नाति पनि त हुन सक्थे ?' मैले यस्तो सोचेपछि मलाई ती युवकको पसिनाको दुर्गन्धले दिने पीडाबाट केही हदसम्म राहत भएको थियो ।

उनी दुबई जाने रहेछन् । हाम्रा सिट पनि साँगुरा थिए । मलाई एकैछिन त गाह्रो भयो । 'उफ, यस्तो गन्हाउने केटोसँग पनि यात्रा गर्नू !' मलाई त्यस्तो लागेको थियो । तर केही उपाय थिएन । त्यसपछि मैले आफ्नो मनलाई सम्झाएँ, मेरा छोराहरू पनि त कसैसँग यसरी नै बसेको बेला मलाई जस्तै अरूलाई पनि त त्यस्तै हुन सक्छ नि । आफ्ना छोराको पसिना मलाई गन्हाउँदैन तर अरूलाई त गन्हाउँछ नि ! अब यिनलाई पनि म आफ्नै छोरा सम्झिदिन्छु । मैले मनमनै यही

निर्णय गरेँ । त्यसपछि मलाई उनको पसिनाको दुर्गन्ध सहन सहज पनि भयो ।

बहराइनमा हवाईजहाज बदल्नुपर्ने रहेछ । तिनै सहयात्रीसँग मैले हिन्दीमा कुराकानी गरेर थाहा पाएँ । कुन बेला पुगिन्छ भनेर मैले उनीसँग हिन्दीमै सोधेँ । विराटनगरमा बसेकाले गर्दा मलाई हिन्दीमा बोल्न र हिन्दी भाषामा कुरा गरेको बुझ्न पनि गाह्रो थिएन । उनैले भनेर राति एक बजे पुगिन्छ भन्ने थाहा पाएँ । बहराइनबाट उनी दुबई जाने रहेछन् र मचाहिँ फ्रेङ्कफर्ट जाने रहेछु । मेरो छोराले त अढाई घण्टामा हवाईजहाज बदल्नुपर्छ भनेको थियो भनेर मैले सम्झिएँ ।

म ऊसँग बात मारिरहेकै बेलामा एउटी विमान परिचारिका आइन् । 'मलाई ह्विलचेयर चाहिन्छ' मैले छोराले लेखिदिएको कागज उनलाई देखाएँ । 'तपाईं नेपाली हो ?' उनले मलाई नेपाली भाषामा सोधेकी थिइन् । ती विमान परिचारिकाले नेपालीमा मसँग त्यसरी कुरा गर्दा मलाई धुमधाम खुसी लागेको थियो । अनि मैले खुसीले गद्गद हुँदै 'हो' भनेँ । 'तपाईं एक्लै अमेरिका जाँदै हुनुहुन्छ ?' उनले मलाई सोधेकी थिइन् । त्यसमा पनि मैले सकारात्मक जबाफ फर्काएकी थिएँ । अनि उनीसँग मैले मेरो घुँडाको समस्या भएकाले ह्विलचेयर चाहिन्छ भनेँ । उनले 'हुन्छ म बोलाइदिन्छु, तर तपाईं सबै यात्री ओर्लिंदा पनि आफ्नै सिटमा बसिरहनु है !' भनिन् । मैले पनि 'हुन्छ' भनेँ । त्यसै बेला खाना लिएर आयो । मलाई त खानाको बास ह्वास्स गनायो । 'आमा खाना खानू है, तपाईंको लागि भेजिटेरियन खाना लेखाइदिएको छु' शोभनले हिँड्ने बेलामा भनेको पनि सम्झेँ । मलाई भोक लागिरहेको थियो । त्यसैले मैले पनि खाना लिएँ । रोटी र तरकारी खानुपर्‍यो भनेर खान खोजेको रोटी पनि चर्को र तीतो अनि सब्जी पनि त्यस्तै । मैले त खानै सकिनँ । त्यत्तिकै छोडिदिएँ । एक गिलास तातो पानी मागेर

खाएँ । जुस ल्याएको थियो । एक गिलास जुस पिएँ । त्यत्तिकैमा बहराइन आइपुगेको थियो ।

हामी चढेको हवाईजहाज ल्यान्ड गर्न लागेको थियो । सबै यात्रीहरू सलबलाउन लागेका थिए । मेरो छेउमा बसेको केटो पनि उठेर गयो । त्यतिबेर सँगै बसेको, बात पनि मारेको मानिस जाने बेलामा जान्छु पनि भनेन । आआफ्नो संस्कार हो भन्ठानेँ ।

'आमा ! तपाईं ढोकानिर गएर बस्नोस् त, मैले ह्विलचेयर बोलाइदिएको छु ।' ती नेपाली विमान परिचारिकाले भनेकी थिइन् । मैले पनि उनले भनेजस्तै गरेँ । म विमानको ढोकामा पुग्दानपुग्दै मेरो लागि ह्विलचेयर आइसकेको रहेछ । मलाई ह्विलचेयरवाला मानिसले ह्विलचेयरमा बसाले र गुडाउन थाले । मैले शोभनले मलाई लेखेर दिएको फ्रेङ्कफर्ट भएर डालस जाने भनेर लेखेको कागज ती मानिसलाई देखाएँ । उनले हाँस्तै ह्विलचेयर कुदाए ।

उनले मलाई मानिसहरू फ्रेङ्कफर्टको हवाईजहाज पर्खिरहेको ठाउँमा पुऱ्याए । मैले मसँग भएको 'शौचालय जान चाहन्छु' लेखेको कागज ती मानिसलाई देखाएँ । अनि उनले मलाई शौचालयको अघिल्तिर पुऱ्याइदिए । म शौचालय गएँ । उनी बाहिर मलाई पर्खेर बसे । शौचालयभित्र पसेर मैले शौचादि गरेर हातमुख धोएर आएँ । ती मानिस त्यहीँ मलाई पर्खेर बसिरहेका रहेछन् । मलाई पुन: ह्विलचेयरमा बसालेर अघिकै ठाउँमा पुऱ्याए । त्यहाँ बेन्चीहरू पनि थिए । उनले मलाई इसारा गरेर त्यहाँ आराम गर्नु भने । अनि हवाईजहाज उड्ने समयमा आउँछु भनेर उनी गए । केहीबेरमा उनी आए । उनलाई देखेपछि मैले 'म पानी खान्छु' भनेर हातले इसारा गरेँ । अनि पाँच डलर दिएँ । उनले पानी किनेर ल्याइदिए । पानी खाएर म फेरि ह्विलचेयरमा बसेँ । उनले मलाई कुदाएर फ्रेङ्कफर्ट जाने हवाईजहाजको ढोकामा पुऱ्याइदिए । मसँगसँगै अरू दुई ओटा ह्विलचेयरहरूमा पनि एउटामा बूढो मानिस र अर्कोमा बूढी मानिस हालेर कुदाउँदै थिए ।

हवाईजहाजभित्र पस्ने बेलामा मैले ती मानिसका हातमा पाँच डलर हालिदिएँ । उनले पनि 'थ्याङ्क यू' भने र बिदा भए । त्यसपछि मलाई विमान परिचारिकाले सिटमा लगेर राखिदिइन् ।

मसँगैको सिटमा फेरि पनि एउटा केटा आएर बसे । मसँग खानेकुरा पनि केही थिएन । बोल्ने साथी पनि कोही थिएन । एक मुठी जति चिउरा ह्यान्ड ब्यागमा राखेको मलाई सम्झना आयो । अनि हवाईजहाजमै दिएको एउटा सानो प्याकेट आलुचिप्स पनि मैले राखेकी थिएँ । त्यही चिप्सलाई मसिनो टुक्रा पारेर चिउरामा मिसाएर मुखमा लिएर धेरैबेरसम्म चपाएर आठ-नौ घण्टाको यात्रा पूरा भयो । फ्रेङ्कफर्ट आइपुगिएको थियो । सबै यात्रुहरू ओर्लिन थाले । म हवाईजहाजको ढोकानेर आएर ह्विलचेयर पर्खेर बसेँ । ह्विलचेयरवाला पनि आयो र ह्विलचेयरमा बस भनेर अङ्ग्रेजीमा भन्यो । अर्को पनि ह्विलचेयर आएको थियो । अर्की पनि एउटी मजस्तै अशक्त वृद्धा रहिछन् । पछि थाहा भयो तिनी पाकिस्तानी रहिछिन् । ह्विलचेयरवालाहरूले उनलाई र मलाई गेट पास बनाउने र बोर्डिङ कार्ड बनाउने ठाउँमा पुऱ्याए । त्यहाँ पुग्नुअघि नै एक जना अमेरिकी मानिसले नमस्कार गरेर मसँग नेपाली भाषामा कुराकानी गरे । तिनले नेपाली भाषा बोल्न पनि जानेका र हामीले बोलेको पनि बुझ्दा रहेछन् ।

नेपाली भाषामा पराई भूमिमा पराई मानिससँग कुरा गर्दा म त छक्क परेँ र मलाई धेरै खुसी पनि लाग्यो । 'तपाईं कहाँबाट आउनुभएको ?' उनले सोधेका थिए । 'म नेपालबाट आएकी' मैले भनेकी थिएँ । 'कहाँ जाने ?' उनले सोधेका थिए । 'टेक्सासको डालसमा जाने हो, त्यहाँ मेरी नातिनी बस्छे, पढ्छे, काम पनि गर्छे ।' मैले जबाफ दिएकी थिएँ । उनले मेरो टिकट, पासपोर्ट मागे । मैले दिएँ । 'तपाईंको सामान कति ओटा छ ?' उनले सोधेका थिए । 'दुई ओटा छ ।' मैले भनेकी थिएँ । ' तपाईंले सामानमा छुरी, नेलकटर हालेको

छ कि छैन ?' उनले सोधे । 'छैन' मैले जबाफ दिएँ । 'सामान जाँच गर्दा को को बसेर जाँच गराएको हो ?' उनले सोधेका थिए । 'मेरो छोरो र म भएर जाँच गराएको हो ।' मैले जबाफ दिएँ । 'बाकसमा अरू केके सामानहरू छ ?' उनले फेरि पनि प्रश्न गरे । 'मेरो लाउने लुगा छ र केटाकेटीको लुगा छ' मैले भनेकी थिएँ ।

उनले त्यसपछि 'ठीक छ' भने, यसबीच मैले दुईओटा बोर्डिङ कार्ड पाएँ, एउटा फ्रेन्कफर्टबाट छिर्ने र अर्को डालसका लागि । उनीहरूले मसँग लिएको टिकट र पासपोर्ट पनि फिर्ता दिए । मैले उनीहरूलाई आफूले भन्न जानेको 'थ्याङ्क यू' भनें । उनीहरूले पनि 'ओके' भने । त्यसपछि म बाथरुम गएँ र तरोताजा हुने कोसिसमा लागें । बाथरुमबाट निस्केर एकैछिन आराम पनि गरें । केहीबेरमा ह्विलचेयर लिएर एक जना महिला आइन् र 'टाइम भयो' भनिन् । तिनी गोरी आइमाई थिइन् । मैले तिनलाई पानीका लागि इसारा गरेर भनें । उनले युरो मागिन् । मेरी सहयात्री पाकिस्तानी पनि त्यहीँ थिइन्, उनले 'यहाँ युरो चलेगा' भनिन् । मैले 'मसँग छैन' भनें ।

त्यसपछि ती ह्विलचेयरवाली महिलाले मलाई ह्विलचेयरमा राखेर गुडाउन थालिन् । कति टाढाटाढासम्म पुऱ्याइन् । तीन ठाउँमा त लिफ्ट नै चढाइन् । रेलमा पनि चढाउँदै बल्लतल्ल हवाईजहाजमा चढाएर छोडिदिइन् । मैले उनलाई पैसा दिन ब्याग खोल्न थालें । उनी 'नो नो' भन्दै हिँडिन् । मैले 'थ्याङ्क यू' भनें ।

हामीलाई डालसको लागि लिएर हामी चढेको हवाईजहाज फ्रेङ्कफर्टबाट उडेको थियो ।

अब त नातिनी, नातिनीजुवाइँ र पनातिसँग भेट हुने भयो भनेर म मक्ख परेकी थिएँ । तर मेरो पेट भोकै थियो । मलाई निद्रा पनि लाग्दैनथ्यो । धन्न हवाईजहाजमा एक प्लेट अङ्गुर दियो । त्यो खाएपछि मलाई अलि आनन्द आयो । अलि सास पनि आएजस्तो भयो । मेरो

छेउको सिट खाली थियो । त्यसैले म ढुक्कले खुट्टा तन्काएर बसेँ । मेरो एक सिट पर्तिर तिनै अघिका पाकिस्तानी आइमाई र उनकी नातिनी थिए । उनीहरू मेरा लागि हिन्दीमा अलिअलि बोल्ने साथी पनि भएका थिए । तर उनीहरू निदाएको निदायै थिए । म चढेको हवाईजहाज पन्ध्र घण्टासम्म एकनास आकाशमा उडेको उड्यै थियो । झ्यालबाट हेर्दा पनि समुद्रमाथि उडेको हवाईजहाजबाट वल्लोछेउ र पल्लोकिनार केही देखिँदैनथ्यो । बेलाबेलामा मेरो मन आत्तिन्थ्यो । तर त्यस्तो बेला म भगवान्लाई सम्झन्थेँ ।

त्यत्तिकैमा डालस आइपुगेको थियो । हवाईजहाज ल्यान्ड गर्न लागेको थियो । यात्रुहरू सलबलाउन थालेका थिए । ती पाकिस्तानी हजुरआमा र नातिनी पनि निद्रा पुऱ्याएर बिउँझेका थिए । नातिनीले मसँग मेरो फोन नम्बर मागिन् । मैले 'मेरो फोन नम्बर थाहा छैन, यता डायरीमा खोज्नुपर्छ' भनेँ । मैले 'मेरो डायरीमा तिम्रो फोन नम्बर लेख न' भनेँ । उनले लेखिदिइन् ।

हवाईजहाज अडिइसकेको थियो । सबै यात्रुहरू अघि लागेपछि हामी तीन जना पनि पछिपछि लागेर हवाईजहाजको मुख्य ढोकामा पुग्यौँ । हाम्रा लागि ह्विलचेयर आयो । हामी दुई जना वृद्धाहरू ह्विलचेयरमा बस्यौँ र नातिनी हाम्रो ह्विलचेयरको पछिपछि लागिन् । हवाईजहाजबाट गोरी आइमाईले हाम्रो ह्विलचेयर गुडाएर ल्याएकी थिइन् । तल आएपछि एक जना काला रङका मानिसले मेरो ह्विलचेयर गुडाउन थाले । उनले मसँग मेरो बोर्डिङ पास, टिकट, पासपोर्ट मागे । मैले दिएँ । उनले त्यो सब चेक गराएर मेरो सामान खोजिदिए । सामानका साथमा मलाई उनले मुख्य गेटबाहिर लिएर गए ।

बाहिर मेरो नातिनी जुवाइँ खगेन्द्र (शम्भु) र पनाति इसास मलाई पर्खेर बसेका रहेछन् । मैले पनातिलाई अँगालो हालेँ र चुम्मा खाएँ । जुवाइँलाई पनि आशीर्वाद दिएँ । जुवाइँले गाडीमा चढाएर मलाई आफ्नो घरमा पुऱ्याउनुभयो । घरमा पनि मेरी नातिनी गीताञ्जली

नदेखेर मैले उनको खोजी गरेँ । 'उनी काम गर्न गएकी छन्, आमाका लागि मैले जाउलो पकाइराखेको छु । आमा खाएर आराम गर्दै गर्नुस् । म गीताञ्जलीलाई लिएर आउँछु ।' जुवाइँले भन्नुभएको थियो ।

म पनि भोकाएर हुरुक्कै भएकी थिएँ । घरबाट हिँडेदेखि पेटभरि खानेकुरा परेको थिएन । कतिखेर पेटभरि खानुजस्तो भएको थियो । त्यसैले जाउलो खाएँ । त्यो जाउलो मलाई साह्रै मीठो लागेको थियो ।

पेट भरिएपछि पनातिसँग गफ गर्दै आराम गर्दै बसेँ । त्यसै बेला जुवाइँले गीताञ्जलीलाई लिएर आउनुभएको थियो । गीताञ्जली मेरी जेठी नातिनी । मलाई आफ्ना घरमा देखेर उनी धेरै खुसी भइन् । उनलाई मैले अँगालो मारेँ । मेरा आँखामा आँसु आयो, उनको पनि आँखा रसायो । उनले मलाई धेरै माया गर्थिन् । यिनीहरू साना हुँदादेखि नै धेरैजसो मसँगै बसेर हुर्केका हुनाले पनि मलाई पनि धेरै माया लाग्छ । मायाकै कारण नै हो म सात समुद्रपारि पनि एक्लै, वृद्धावस्था, बिमारी अवस्था केही पनि विचार नगरी आइपुगेकी थिएँ ।

गीताञ्जलीले राम्रो घर किनेको रहेछ । उनीहरूको परिवारबाहेक उनीहरूका साथीहरू अनुप खत्री र प्रिन्स पाण्डे पनि त्यस घरमा बस्दा रहेछन् । घरमा खाना पकाउनेलगायत सबै काम सबै जनाले मिलिजुली गर्दा रहेछन् । आफ्नो घरमा काम गर्ने, पढ्न जाने, इसास नातिलाई स्कुल पुऱ्याउने, इसासलाई घरमा पढाउने, मलाई घुमाउन लैजानेलगायतका सबै काम नै उनीहरू चार जनाले मिलिजुली गर्थे । मलाई पनि ती दुई अनुप र प्रिन्सले आफ्नै आमा हजुरआमाजस्तो गरेर माया गरे ।

मलाई अमेरिकामा गीताञ्जलीको घरमा बस्दा माइतमा बसेजस्तै थियो । उनीहरूले मलाई कहिल्यै केही कुराको कमी हुन दिएनन् । गीताञ्जलीले धेरै काम गरेको देख्दा मलाई नरमाइलो लाग्थ्यो । हाम्रा नेपालमा त कुनै छोरीबुहारीले पनि यत्ति धेरै काम गरेको

मलाई थाहा छैन । अमेरिकामा सबै थोक राम्रो रहेछ तर त्यहाँ हाम्रो नेपालमा जस्तो घरमा काम गर्ने मानिस नपाइने रहेछ । त्यसैले त्यहाँ गीताञ्जलीजस्ता महिलाहरूले बाहिरको काम पनि गर्नुपर्ने अनि घरमा आएर पनि सबै काम गर्नुपर्दा हुरुक्क हुने रहेछ । अझ म पनि थपिएकी थिएँ । मेरो खुट्टा कटकट खान्थ्यो र म सुत्न सक्तिनथेँ । गीताञ्जलीलाई मेरो यो बिमारी थाहा थियो । त्यसैले उनी सधैँ मलाई तेल नलगाई छोड्दिन थिइन् । उनलाई जति नै थाकेको बेला पनि मेरो सेवा नगरी हुँदैनथ्यो । 'नातिनीले यसरी मलाई तेल लगाउनु हुँदैन, मलाई पाप लाग्छ' मैले भन्थेँ । 'आमा त्यस्तो कुरा नगर्नु, अशक्तलाई सक्नेले सेवा गर्दा पाप लाग्दैन ।'

नातिनी भए पनि गीताञ्जली र म हँसीमजाक साथीजस्तै गर्थ्यौँ । मलाई जसरी पनि खुसी पार्न उनीहरू सबै जना जुनसुकै बेला पनि तयार हुन्थे । म नै बरु कहिले के भन्थेँ, कहिले के भन्थेँ । मलाई नेपालमा छोडेर गएका छोराबुहारी, छोरीजुवाइँ र नातिनतिनाको सम्झना आउँथ्यो । उनीहरू मलाई नेपालमा फोन मिलाइदिन्थे । म फोनमा कुरा गरिरहन्थेँ । फोनमा कुरा गरिरहन पाएका कारण पनि मेरो मन केही शान्त हुन्थ्यो । मलाई धेरैजसो मेरो नाति बारोसको सम्झना आउँथ्यो । ऊ परिवारमा सबैभन्दा सानो पनि थियो । त्यसैले उसको विषयमा मलाई धेरै चिन्ता लागिरहन्थ्यो ।

# अमेरिकामा दु:खद् खबर सुन्दा

म अमेरिका पुगेपछि मैले तीन जना मेरा नातेदार आफन्तहरूको स्वर्गारोहणको दु:खद् खबर सुन्नुपऱ्यो । मेरी जेठी जेठानी दिदी देवी नेपाल २०६४ साल कात्तिक १२ गते कात्तिक कृष्णपक्ष चौथी तिथिमा खस्नुभएको खबरले मलाई निकै दु:खी बनायो । मलाई सहोदर बहिनीजस्तो माया गर्ने मेरी जेठानीसँग अब सशरीर भेट हुँदैन भन्ने कुराले मलाई असाध्यै विचलित बनाएको थियो । त्यसै वर्षको पुस महिनामा म जेठो छोरो शोभनका साथ लागेर मेरी जेठानी दिदीलाई भेट्न सिलिगुडीस्थित उहाँको निवासमा गएकी थिएँ । मैले दुई दिन उहाँसँग बिताएकी थिएँ । राति पनि हामी दुई दिदीबहिनी एउटै बिछ्यौनामा ढल्केर आधा रातसम्म गन्थन गरेका थियौँ । जेठानी दिदी खसेको नौ दिनका दिन मात्र मलाई छोराछोरीले जानकारी दिएका थिए । मैले छिट्टै थाहा पाए जुठो बार्दा बिरामी मानिस परदेशका ठाउँमा मलाई दुक्ख हुन्छ भनेर खबर लुकाएका रहेछन् । मैले थाहा पाएपछि नुन छोडेँ र जल चढाएँ । आफैँ चोखो पकाएर खाएँ । मेरी प्रिय जेठानी दिदीको आत्माको शान्तिको कामना गरेँ ।

त्यसको केही समयअघि अर्थात् २०६४ साल असोज ६ गते मेरी अन्तरी देउरानी रेनुकादेवीको पनि स्वर्गारोहण भएको खबर पाएँ । नि:सन्तान अन्तरी देउरानीले जीवनभरि दुक्ख मात्रै गरिन् । 'बिचरीको वैकुण्ठवास होस्' भनेर जल तर्पण गरेँ । के गर्नु र ?

जानेका लागि यस धराधाममा भएका हामीले प्रार्थनाबाहेक केही गर्न सक्तैनौँ ।

मेरै उमेरका मेरा जेठानी र देउरानीको निधन हुँदा पनि म दु:खी भएँ । तर त्यसभन्दा पनि केशवचरण श्रेष्ठको निधनको खबरले मलाई मर्माहत नै पारेको थियो । २०६४ साल कात्तिक २० गते केशव खसेको खबर मैले पाएँ । नाताले उनी हाम्रा कुटुम्बेली थिए । गीताञ्जलीका पति शम्भु जुवाइँका जेठा दाजु केशवसँग गीताञ्जलीले बिहे गर्नुअघिदेखि नै चिनजान थियो । मेरी कान्छी छोरी अल्पनाका सहपाठी भएका कारण केशव मेरा घरमा आउनेजाने गर्थे । उनी मलाई आमा भन्थे र म पनि उनलाई छोरासरहको व्यवहार र स्नेह गर्थें । पछि गीताञ्जलीको नाता गाँसिएपछि मैले उनलाई सम्मानजनक सम्बोधन गरेकी थिएँ । 'आमा, मलाई पहिले जे भनेर जसरी सम्बोधन गर्नुहुन्थ्यो, त्यसरी नै व्यवहार गर्नुहोस्, नत्र म रिसाउँछु ।' उनले मलाई भनेका थिए । त्यसपछि मैले पनि उनलाई नयाँ नातामा सम्बोधन गरिनँ । उनको बोलीवचन अत्यन्तै मायालु थियो । 'आमा, पक्कु मासु पकाइराख्नुस् है ! म आज आमाले पकाएको पक्कु खान आइपुग्छु ।' काठमाडौँबाट विराटनगर आउने दिन उनले फोन गरेर मलाई भन्थे । म पनि उनले खबर गरेपछि उनले भनेअनुसार नै खानेकुरा पकाएर राख्थेँ । उनी आएर मीठो मानेर खान्थे । 'आमा, कतै जानु छ भने मलाई भन्नुस् है ! म गाडी पठाइदिन्छु ।' उनी मलाई भन्थे । त्यस बेला हाम्रो गाडी थिएन । त्यसैले मलाई आवश्यकता भएका बेलामा कैयौँ पटक मैले उनको सहयोगमा गाडी पनि चढेकी छु । मलाई रुपियाँपैसा पनि खनखाँचो परेको बेला उनले धेरै पटक काम चलाएका छन् । समग्रमा उनको सहयोगी व्यवहारले मलाई उनीसँग धेरै नजिक पुऱ्याएको थियो ।

उनलाई फोक्सोसम्बन्धी निकै जटिल रोग लागेको थियो । उनीहरूकी आमाको पनि सोही रोगले २०५१ सालमा नै स्वर्गारोहण

भएको थियो । चारपाँच वर्षदेखि उनी यस रोगसँग लड्दै थिए । म अमेरिका आउनुअघि अल्पनाका साथमा उनलाई भेट्न गएकी थिएँ । 'आमा धेरै दिन बसेर राम्ररी घुमेर आउनुस् है !' उनले भनेका थिए । 'हुन्छ, म राम्ररी घुमेर आउँछु, तिमी पनि सुतीसुती भए पनि प्राणायाम गर, अनुलोमविलोमले तिमीलाई फाइदा हुन्छ ।' मैले भनेकी थिएँ । 'अब त्यसै गर्छु आमा ।' उनले भनेका थिए ।

उनको ४५ वर्षकै उमेरमा स्वर्गारोहणको समाचारले मलाई उनीसँग बिताएका ती सबै समयको सम्झना गराएको थियो । आफ्ना सन्तानसरहका खाउँखाउँ लाउँलाउँ उमेरका युवकको निधनले मलाई शोकमा पुऱ्याएको थियो । केशवकी पत्नी बिज्जु र उनीहरूको एक मात्र छोरो बिक्कीको घर इनरुवामा छ । बिक्कीको स्वभाव पनि केशवको जस्तै छ । बिक्की व्यवसाय गर्छन् । उनले आफ्नी आमाको राम्रो सेवा गरेका छन् ।

# मलाई क्यासिनो पुऱ्याए

'आमा ! भोलि तपाईंलाई अमेरिकाको जुवाघर देखाउन लान्छौँ ।' शुक्रबारको बेलुकी गीताञ्जलीले भनेकी थिइन् । केटाकेटीलाई त्यहाँ लान नपाइने रहेछ । त्यसैले इसासलाई एक जना उनीहरूकी चिनाजाना महिलाको जिम्मामा छोडेर जुवाइँ, गीताञ्जली, प्रिन्स, अनुप र म गरेर हामी पाँच जनाचाहिँ गाडीमा थियौँ ।

जुवाइँले गाडी हाँक्नुभएको थियो । हाम्रो घरबाट जाँदा दुई घण्टा र आउँदा दुई घण्टा टाढा थियो, त्यो जुवाघर । वकला भन्ने त्यस ठाउँको रमिता शब्दमा बयान गर्न नसकिने खालको हुँदो रहेछ । जवान मानिसहरूभन्दा पनि बूढाबूढी जति त्यहीँ हुँदा रहेछन् ।

हामी सबैले जुवा खेल्यौँ । सबैले हाऱ्यौँ । पच्चिस रुपियाँ, तीस रुपियाँ, पैँतीस रुपियाँ, चालिस रुपियाँ, पचास रुपियाँ गर्दै निकै डलर त्यहाँ हामीले हारेका थियौँ । त्यहाँको रमझम हेर्दा त त्यहीँ बसिरहनुजस्तो लाग्दो रहेछ । तर ढिलो भइसकेका कारण पनि हामी फर्कियौँ । हामी घरमा आइपुग्दा रातिको एक बजिसकेको थियो । बाटोबाट इसासलाई लिँदै फर्कियौँ । उनी मज्जाले गेम खेलेर बसिरहेका रहेछन् ।

राति खानपिन गरेर सुत्दा २ बजिसकेको थियो । भोलिपल्ट आइतबार भएकाले बिहान सबै जना ढिलोसम्म सुतेका थिए ।

# अमेरिकामा सत्यनारायणको पूजा

'आमा ! हाम्रो घरमा पनि सत्यनारायणको पूजा लगाउनुपर्‍यो ।' एक दिन गीताञ्जलीले मसँग सल्लाह गरिन् । 'हो नि सत्यनारायणको पूजा, वास्तुपूजा र रुद्री पनि लगाउनुपर्छ । बाहुन पाइन्छन् त ?' मैले भनेकी थिएँ ।

'पाइन्छन् आमा !' उनले भनिन् र पूजाका लागि तयारी गर्न थालिन् ।

'सबैभन्दा जरुरी कुरा तिमीहरू व्यस्त मानिस फुर्सत निकालेर बस्नुपर्छ । कर्ता त तिमीहरू पतिपत्नी नै हुनुपर्छ ।' मैले भनेकी थिएँ । 'तिमी र जुवाइँले समय निकाल्नुपर्छ ।' मेरो कुरालाई सकारेर उनीहरू दुवै जनाले साइत र समय निकाले ।

मैले जानेअनुसारका सबै सामग्री किनेर हामीले जोहो गर्‍यौँ । त्यसपछि निश्चित समयमा पूजाका लागि पण्डितजी आउनुभयो । जुवाइँ पनि चोखोनितो भएर धोती फेरेर कर्ताको आसनमा बस्नुभयो । गीताञ्जली पनि पकाउँदै तुल्याउँदै बेलाबेला पूजामा पनि बस्दै गरिन् र पनाति इसास पनि पूजामा सहभागी भए ।

गीताञ्जलीको घर भएको ठाउँमा नेपालीहरूको बाक्लै बस्ती छ । नेपालीहरू प्रायजसो सबैको एकअर्कासँग राम्रै सम्बन्ध रहेछ । गीताञ्जलीका घरमा पनि प्रायजसो छिमेकीहरू आउनेजाने भइरहने

रहेछ । पूजामा पनि उनले छिमेकीहरूलाई प्रसाद खाने निम्ता दिएकी थिइन् । सोहीअनुरूप निम्त्याइएका सबै छिमेकीहरू आएर प्रसाद खाएका थिए ।

म अमेरिका आएको कुरा थाहा पाएर एक दिन पाञ्चालीका हाम्रा इष्टमित्र उर्मिला गौतमका छोरा राजकुमार गौतमले फोन गरेका थिए । उनीहरूको घर पनि डालसमै रहेछ । उनीहरूले पनि सत्यनारायणको पूजा लगाउने भएका रहेछन् । राजकुमारले हामी सबै परिवारलाई नै सोही पूजामा सहभागी भई प्रसाद खाने निम्तो गरेका थिए । उनीहरूको ठेगाना सोधेर जुवाइँ, गीताञ्जली, इसास र म हामी चारै जना राजकुमारका घरमा पुग्यौँ ।

हामी राजकुमारका घरमा पुग्दा सबै जना प्रसाद खान लागेका रहेछन् । उनीहरूका इष्टमित्रहरूले उनीहरूको घर भरिएको रहेछ । सेल, पुरी, तरकारी, मिठाईहरू किसिमकिसिमका खानेकुरा पकाएका रहेछन् । सबै मानिसहरू खाइरहेका थिए । 'दिदी, लसुनप्याज खानु हुन्न कि भनेर चोखो पनि पकाएको छ ।' उर्मिला बहिनीले मलाई बडो स्नेहका साथ भित्र लगेर तरकारी र सेल खान दिइन् । उनीसँग गफ गर्दै मैले दुइटा सेल र तरकारी खाएँ । उनले मिठाई पनि खानु न भनिन् तर मैले खाइनँ । म बाहिर निस्कँदा बाहिर गीताञ्जलीहरू खाँदै रहेछन् । बाहिर त झन् बफे गरेको रहेछ । पुलाउ पनि पकाएको रहेछ । त्यहीँ बुनुसँग पनि भेट भयो । चिरञ्जीवी दाहालकी कान्छी बहिनी बुनुको घर पनि त्यहीँ नजिकै रहेछ । 'आमा ! मेरो घर पनि जाऊँ न' उनले धेरै जिद्दी गरेकी थिइन् । 'अर्को दिन आउँछु, छोरी' भनेर त्यस दिन बल्लबल्ल उनीसँग बिदा मागेँ । त्यसको केही दिनपछि बुनुले उनको छोराको जन्मदिनमा उनका घरमा बोलाएकी थिइन् । त्यस बेला भने हामी उनका घरमा गयौँ । बुनुको पनि त्यहाँ राम्रो व्यवस्था रहेछ ।

हाम्रो हिन्दू धर्मअनुसारको पूजापाठ अमेरिकामा गएर पनि गर्न पाउँदा र त्यस्ता पूजामा सहभागी हुन पाउँदा मलाई असाध्यै खुसी लागेको थियो । मानिसले जहाँसुकै गए पनि आफ्नो संस्कार छोड्नु हुँदैन । आफ्नो संस्कारले नै मानिसको रक्षा गर्छ, मानिसलाई खुसी दिन्छ जस्तो लाग्छ, मलाई ।

# खोलो अमेरिकाबाट फर्क्यो

मलाई उमेरका कारण र रोगव्याधिले पनि सताइएकी हुनाले आफ्नो घरबाहेक अन्यत्र बस्न निकै कष्ट हुन्छ । मलाई त कष्ट हुन्छ तर मलाई आफ्नो घरमा राख्ने मानिसलाई पनि सजिलो हुँदैन । त्यसैले विराटनगर पाञ्चालीको मेरो घर छोडेर अन्यत्र बस्न मलाई सहज हुँदैन ।

जिउँदा मानिसहरूको स्वर्ग भनिने अमेरिकामा म मेरी नातिनी र जुवाइँका कारण पुगेकी थिएँ । मलाई उनीहरूले मेरो आफ्नो घरमा भन्दा पनि धेरै स्याहारसुसार गरेर राखे । त्यहाँ मैले कहिल्यै पनि कुनै किसिमको असुविधा भोग्नु परेन । मेरो सुखसुविधाका लागि उनीहरूका साथीहरू प्रिन्स र अनुपले पनि सकेसम्म सहयोग गरेका थिए । मेरो पनाति इसास पनि मेरो सुखसुविधाका लागि सधैँ सजग रहन्थे । जसरी पनि मलाई खुसी पार्ने, सुखी पार्ने काममा उनीहरू सबै जना लागेका हुन्थे । मलाई के मीठो लाग्छ, मैले के खानुपर्छ, मलाई कता घुमाउन लाने हो, यस्ता कुरामा उनीहरू सधैँ विचार पुऱ्याउँथे । तर मैले जति नै सुख पाए पनि म सधैँ अमेरिकामा बस्न सक्दिनथेँ । फेरि मेरा सबै छोराछोरी नातिनतिना नेपालमा भएका कारण पनि मलाई अमेरिका घुम्न पुगिसकेको थियो । मैले अमेरिका कस्तो हुँदो रहेछ भन्ने कुरा देखिसकेकी थिएँ । अब मलाई चाँडै नेपाल पुग्न पाए हुने थियो भन्ने लागेको थियो । त्यसैले म अमेरिकामा तीन महिना बसेर फर्किन लागेकी थिएँ ।

आफूलाई त्यति धेरै माया गर्ने नातिनी, जुवाइँ र पनातिलाई छोडेर जानुपर्दा पनि मलाई नरमाइलो लागेको थियो । तर म अमेरिकामा उनीहरूसँग सधैँ बस्न आएकी पनि थिइनँ । अर्को कुरा म उनीहरूसँग बस्दा मैले उनीहरूलाई काममा सहयोग होइन; उनीहरूको काम बढाइरहेकी थिएँ । मेरो वृद्धावस्थाका कारण उनीहरूले मेरा लागि धेरै सेवा गर्नुपरेको थियो । अर्को कुरा म रोगी मानिस, धेरै थरीका अपरेसन गरेको छ । कुनै बेला केही पर्‍यो भने त्यहाँ उनीहरूलाई अप्ठ्यारो पर्ला भन्ने पनि मलाई डर लाग्थ्यो । उनीहरूको व्यस्त जीवनमा मैले उनीहरूलाई धेरै दुक्ख दिँदै छु भन्ने पनि मलाई लाग्थ्यो ।

नोभेम्बर २९ तारिख म नेपाल फर्किने दिन थियो । गीताञ्जली, जुवाइँ, प्रिन्स र अनुप मलाई पुर्‍याउन एयरपोर्ट आएका थिए । मेरो पनाति इसास त्यस दिन स्कुल जान मानेनन् । मेरो र उनको निकै घनिष्ठता भएको थियो । उनी जतिखेर पनि मेरो अनुहारमा हेरिरहन्थे । अनि आँखाभरि आँसु पार्थे । उनको आँखामा आँसु देखेपछि मेरो पनि आँखा भरिन्थ्यो । त्यसबेला मैले उनलाई अँगालो हालेर चुम्मा खाएँ अनि म निर्दयीजस्तो भएर उनलाई रुँदै छोडेर एयरपोर्टभित्र पसेँ । मलाई एयरपोर्टभित्र छिराएर उनीहरू पनि ओझेल परे ।

मलाई ह्विलचेयरमा राखिएर हवाईजहाज चढ्ने ढोकामा पुर्‍याइएको थियो । त्यहाँबाट मलाई एयरहोस्टेसले समातेर हवाईजहाजको सिटमा लगेर राखिदिइन् । मसँगैको सिटमा भारत, केरलाकी केटी थिइन् । उनी हिन्दी बोल्ने भएकाले मलाई बात मार्ने साथी भइन् । उनैले खानेकुरा खोलेर भेजिटेबल खानेकुरा हो भनेपछि मैले पनि वन पाउरोटी, मखन, दही र जुस पनि मागेर खाएँ । हट वाटर पनि मागेर खाएँ ।

म चढेको त्यस हवाईजहाजले भोलिपल्ट मलाई लन्डनको हिथ्रो विमानस्थलमा पुर्‍याएको थियो । लन्डनको विमानस्थलमा ट्रान्जिट धेरै लामो थियो । समय जसो गर्दा पनि बितिरहेको थिएन । कुरा गर्ने

पनि कोही साथी थिएनन् । मैले मेरो यही किताब 'बगेको खोला' लेख्दै थिएँ । कापी र कलम लिएर लेख्न थालें । केहीबेर लेखेपछि औँला दुख्न थाल्यो । त्यसैले लेख्न छोडेर यताउति हेर्न थालें ।

त्यसै बेला एउटी महिला आएर मसँग कुरा गर्न थालिन् । 'आप कहाँ से आई हैं ?' भन्दै हिन्दीमा सोधिन् । मैले आफ्नो कुरा पनि हिन्दीमै जबाफ दिएँ । एक्लै यात्रा गर्दै छु भन्ने कुरा थाहा पाएर ती पाकिस्तानी महिलाले मप्रति निकै सहानुभूति देखाइन् । 'के खाइस् ?' भनेर बडो आत्मीय भएर पनि सोधीखोजी गरिन् । मैले 'केही खाएको छैनँ' भनें । 'एक बोतल कागती पानी र एक बोतल फ्यान्टा खाएको छु' भनें । उनले वन पाउरोटी र एउटा फ्रुटी बोकेकी रहिछिन् । मलाई खाऊ भनेर जिद्दी गरेर खुवाइन् । उनले कर गरेपछि मैले खाएँ । त्यो खाएपछि मलाई अलि सास पनि आयो । उनले मलाई बोर्डिङ पास लिन पनि मद्दत गरिन् । बाथरुम जान पनि मसँगै साथी गइदिइन् । तिनीहरू एकै परिवारका तीन छोरीका साथमा अमेरिका घुमेर फर्किएका रहेछन् ।

चौध घण्टा हिथ्रो विमानस्थलमा बसेपछि राति १० बजे हाम्रो हवाईजहाज बहराइनका लागि उडेको थियो ।

हवाईजहाजभित्र पसेपछि अघि मद्दत गर्ने साथीहरू खोजेको कोही देखिनँ । कता पुगे कता । मसँगैको सिटमा एउटा दारी पालेको मुसलमानजस्तो मानिस थिए । उनी पनि मसँग बोलेनन् । उनी रातैभरि मस्त निदाइरहे । मेरा आँखा त रुपक्क पनि भएन । मचाहिँ रातभरि छटपटिएर नै बाटो काटिरहें । बल्लतल्ल बहराइन आइपुगेको थियो ।

बहराइनको विमानस्थलमा त नेपालीको धुइरो थियो । साउदी र कतारबाट आउने मानिसहरू हुनुपर्छ । हिजोआज नेपालबाट धेरै युवाहरू रोजगारीका लागि विदेश जान्छन् भनेको अखबारमा पढेको कुरा त्यस विमानस्थलमा नेपाली युवाहरूलाई देखेपछि चाहिँ पत्यार

लाग्यो । मलाई एउटा ह्विलचेयरले विमानबाट विमानस्थलमा पुऱ्याएर छोडिदियो । मलाई धुमधाम प्यास लागेको थियो । अनि म पानी खोज्दै गएँ । त्यस बेला नेपालीहरूको हूलै भेटेँ । उनीहरूले नै पानी देखाइदिए । त्यसपछि मज्जाले पानी खाएँ । मुख सुकेर च्याप्प भएको थियो । पानी खाइसकेपछि सुटकेस गुडाउँदै बाथरुम गएँ । नित्यकर्म सकेँ । लुगा फेरेँ । दुई डलरमा एक कप चिया किनेँ । गीताञ्जलीले बिस्कुट हालिदिएकी थिइन् । चियासँग त्यही बिस्कुट खाएँ । एक जना नेपाली भाइ सँगै थिए । बिस्कुट खाऊ भनेर दिएकी थिएँ । 'आमा खानुस् न ! हामीले त भातै खायौँ' भने ।

अब हामी काठमाडौँका लागि उड्ने बेला भएको थियो । एउटा पुलिसजस्तै मानिसलाई 'ह्विलचेयर बुला दिजिए न भैया' भनेँ । 'ठीक है बुला देंगे' उनले भने र बोलाइदिए । त्यसपछि ह्विलचेयरवालाले मलाई ह्विलचेयरमा गुडाएर प्लेनको ढोकामा पुऱ्याइदिए । उनलाई मैले दुई डलर दिएँ । विमान परिचारिकाले मलाई मेरो सिटमा पुऱ्याइदिइन् । मेरो सिटसँगैको सिटमा एउटा नेपाली केटो पहिलेदेखि नै बसिरहेका थिए । म त्यहाँ बस्नासाथ रक्सी गन्हाएर बस्नै सकिनँ । अलिक पर्तिरको एउटा सिट खाली रहेछ । 'भाइ ! मलाई ट्वाइलेट नजिक भयो भने सजिलो हुन्छ, पटकपटक ट्वाइलेट गइरहनुपर्छ' भनेर म सरेँ । तर ट्वाइलेट नजिकैको सिटमा त ट्वाइलेट गन्हाएर बसिनसक्नु रहेछ । अब के गर्ने ? आपत् पऱ्यो । तर अब जे भए पनि सहनै पऱ्यो भनेर अर्को खाली सिटमा बसेँ र पाँच घण्टा हो भनेर मन बुझाएँ ।

हवाईजहाज उडेपछि 'अब त छिट्टै आफ्नो देश पुगिन्छ' भनेर ढुक्क लाग्यो । खुट्टा कटकटी खाएकाले खाली सिटमा गएर खुट्टा तन्काएर भिक्स दलेर बसेकी थिएँ । 'के भयो आमा ?' त्यसै बेला एक जना नेपाली युवकले माया गरेर सोधेका थिए । 'तीन दिनदेखि खुट्टा खुम्च्याएर बसेको हुनाले गाह्रो भयो बाबू, त्यसैले खुट्टा तन्काएको ।'

मैले जबाफ दिएकी थिएँ । "हामी 'आधा घण्टा लाग्छ' साउदीबाट बहराइन र ता हामीलाई कति गाह्रो हुन्छ । धन्न ! तपाईं बूढाबूढी मान्छे, यति लामो यात्रा गर्नुभयो, आमै !" उनले भनेका थिए । हामी कुरा गर्दागर्दै हवाईजहाजले पनि ल्यान्ड गर्न लागिसकेको थियो । 'आमै ! तपाईंलाई लिन को आउँछ ?' उनै युवकले सोधेका थिए । 'मलाई लिन मेरा छोरीजुवाइँहरू, नातिनतिनाहरू आउँछन् बाबू !' मैले भनेकी थिएँ । हवाईजहाज ल्यान्ड भइसकेको थियो । मलाई लिन ह्विलचेयर आइसकेको थियो । 'बाबु ! जान्छु ल ।' मैले उनलाई भनेकी थिएँ । 'ल आमै' उनले भनेका थिए । 'दाइ ! हजुरआमालाई राम्ररी लगिदिनुहोस् है !' उनले ह्विलचेयरवालालाई भनेका थिए । 'कति राम्रो संस्कार भएका नेपाली केटा रहेछन्' ती युवकको बोलीचालीले प्रभावित भएकी मलाई त्यसो लागेको थियो । ह्विलचेयरवालाले मलाई बाहिरसम्म पुऱ्याएर मेरा आफन्तको जिम्मा लगाएको थियो ।

# खोलो काठमाडौं-विराटनगर-काठमाडौं

मलाई लिन छोरी इन्दिरा, जुवाइँ नरेन्द्र, नातिनी अनुकृतिका, छोरा चिरञ्जीवी, बुहारी निर्मला, छोरी अल्पना, नातिनी परिधि, नाति साइरस आएका थिए । एकै पटक आफ्ना परिवारका धेरै जनालाई जनालाई एक्कासि आफ्ना अधिल्तिर देख्न पाउँदा मेरो त खुसीको सीमा नै थिएन । मलाई कतिबेरसम्म त सपनाजस्तो पनि लागिरह्यो । त्यति टाढाको यात्रा पूरा गरेर म कसरी आइपुगेँ भन्नेजस्तो पनि लाग्यो मलाई । चिरञ्जीवीले उनको गाडीमा मलाई राखेर अल्पनाको घरमा पुऱ्याइदिए । उनीहरू फर्के । म त्यस दिन अल्पनाकै घरमा बसेँ । सबै केटाकेटी खुसी थिए । 'हाम्री आमा बहादुर हो ! एक्लै अमेरिका पुगेर आउनुभयो ।' कान्छो जुवाइँ प्रमेदराज शर्माले भन्नुभएको थियो । सबैले त्यसै भने । अमेरिकाबाट गीताञ्जलीले किनिदिएका सबैका उपहारहरू दिएँ । सबै खुसी भए ।

भोलिपल्ट जेठी छोरी इन्दिराका घरमा गएँ । त्यहाँ पनि सबैले हर्षबढाइँ गरे । सबैभन्दा खुसी त मेरी नब्बेवर्षीय सम्धिनी भागीरथा प्रसाई हुनुभयो । नाति कञ्चनजङ्घा र नातिनी बुहारी प्रिया, नातिनी अनुकृतिका पनि धेरै खुसी भए । सबैलाई दर्जाअनुसारका उपहारहरू जिम्मा लगाएँ ।

दुई दिन काठमाडौँमा आराम गरेपछि म विराटनगर गएँ । विराटनगरमा माइली छोरी कल्पना, जुवाइँ शैलेन्द्र, नाति अर्णव, जेठो छोरो शोभन, बुहारी नीतु, नाति बारोस, कान्छो छोरो स्वस्तिक

पनि धेरै खुसी भए । उनीहरूलाई पनि उनीहरूका लागि ल्याइएका उपहारहरू दिएँ । म त्यति टाढाको यात्रा सम्पन्न गरेर आएको कुराले उनीहरू धेरै खुसी भएका थिए । मेरा कान्छा दाजु राधाप्रसाद घिमिरे र भाउजू सुभद्रासँग पनि भेटेँ । यत्तिको वृद्ध उमेर र रोगी शरीर लिएर पनि मैले यत्ति लामो यात्रा एक्लै तय गरेको कुराले सबैलाई आश्चर्य र खुसी लागेको थियो । सबैले त्यसो भनेको कुरा सुनेपछि मलाई पनि मैले निकै कठिन काम गरेको रहेछु जस्तो लागेको थियो । मेरा परिवारका धेरै कम मानिसहरूले देखेको अमेरिका मैले देख्न पाएँ भनेर मलाई निकै खुसी लागेको थियो । यस कार्यका लागि मैले मेरी जेठी नातिनी गीताञ्जलीको गुन कहिल्यै बिर्सन सक्दिनँ ।